१२५ वर्षमा

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः । gorkhapatraonline.com






राष्ट्रिय संस्करण | विवेचना | ताजा जनादेश उपयुक्त मौका | अलैंची निर्यातमा राजस्व ठगी १४



वर्ष १२५ | अङ्क १९२ | २०८२ साल मङ्सिर ७ गते आइतबार | मार्ग शुक्ल तृतीया | नेपाल संवत् ११४६ थिंलाथ्व ३ | 2025 November 23 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ




तस्बिर : रासस

**नेपाल र चीनबिचको सीमानाका रसुवागढीस्थित मितेरी पुल पुनर्निर्माण गरिँदै । गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले मितेरी पुल बगाएपछि चीन सरकारको सहयोगमा बेलीब्रिज निर्माण कार्य भइरहेको छ ।**

# आठ लाख मतदाता थपिए

- आठ लाख ३७ हजार ९४ जना थप मतदाताले नामावली दर्ता गराएका छन् ।
- मतदाताको सङ्ख्या एक करोड ९० लाख पाँच हजार ३२४ पुगेका छन् ।
- मतदाता नामावली अद्यावधिक भएपछि वास्तविक तथ्याङ्क आउने छ ।




**इश्वरचन्द्र झा**
*काठमाडौँ, मङ्सिर ६ गते*

प्रतिनिधि सभा सदस्य निर्वाचनको घोषणा भएपछि सुरु भएको मतदाता नामावली दर्ता प्रक्रियामा उत्साह देखिएको छ। निर्वाचन आयोगका अनुसार आठ लाख ३७ हजार ९४ जना मतदाताले नामावली दर्ताका लागि निवेदन दिएका छन्।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले सरकारले अध्यादेशबाट नामावली दर्ता प्रक्रिया सुरु गर्ने घोषणा गरेयता आठ लाख ३७ हजार ९४ जना मतदाताले नामावली दर्ता गराएका छन्।

भदौ २७ गते निर्वाचन घोषणा भएलगत्तै गृह मन्त्रालयले मतदाता नामावली दर्ता खुलाउन निर्वाचन आयोगसँग आग्रह गर्दै कानुन संशोधनको तयारी गऱ्यो। आयोगको सुझावमा सरकारले अध्यादेशमार्फत कानुन संशोधन गऱ्यो। अध्यादेशले 'प्रतिनिधि सभाको कार्यकाल पुरा हुनुअगावै प्रतिनिधि सभा विघटन भई निर्वाचनको मिति घोषणा भएको अवस्थामा त्यस्तो निर्वाचनको प्रयोजनका लागि अवधि तोकी मतदाता नामावली सङ्कलन, दर्ता तथा त्यसको अद्यावधिक गर्न सक्ने व्यवस्था गरेको थियो। सुरुमा कात्तिक ३० गतेसम्म नामावली दर्ता गर्ने समयसीमा राखेको आयोगले सरकारको आग्रहमा सो म्याद मङ्सिर ५ गतेसम्म थप गरेको थियो।

आयोगको वेबपोर्टलमार्फत अनलाइन प्रविधिबाट तीन लाख ४४ हजार ९१४ जनाले नामावली दर्ता गराएका छन्, जसमध्ये एक लाख ९२ हजार ८९० जना पुरुष, एक लाख ५१ हजार ९८० जना महिला तथा ४४ जना अन्य मतदाताले नामावली दर्ता गराएका छन्।

आयोगका अनुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट चार लाख ९२ हजार १८० जनाले नामावली दर्ता गराएका छन्, जसमध्ये दुई लाख ८० हजार ३६५ पुरुष, दुई लाख ११ हजार ७९८ महिला र १७ अन्य छन्।

आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले प्रविधिको उपयोगले मतदाता नामावली दर्ता प्रक्रिया थप सहज र सरल बनाएको बताउनुभयो। उहाँले भन्नुभयो, "आयोग र पञ्जीकरण विभागसँगको समन्वयमा नाम दर्ताका लागि प्राप्त भएको छुट्टाछुट्टै निवेदनले नागरिकको निर्वाचनप्रतिको उत्साहलाई दर्साएको छ।"

राष्ट्रिय परिचयपत्र वाहक नागरिकले राष्ट्रिय पञ्जीकरण विभागबाट दर्ता गराउँदा बायोमेट्रिक दिन नपर्ने हुँदा नामावली दर्तामा थप उत्साह देखियो। आयोगको पोर्टलबाट करिब ५५ दिनमा दर्ता भएको सङ्ख्याभन्दा करिब एक लाख ५० हजारभन्दा बढी नागरिकले पञ्जीकरण विभागबाट सुरु भएको एक सातामै नामावली दर्ता गराएका छन् ।

आयोगको कात्तिक १८ गतेसम्म अद्यावधिक विवरण अनुसार मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३० जना रहेकोमा मङ्सिर ५ गतेसम्म आयोगको प्रणालीमा प्रविष्ट भएको आधारमा मतदाताको सङ्ख्या एक करोड ९० लाख पाँच हजार ३२४ पुगेका छन्। अन्यतर्फ यसअघि १८७ मतदाता रहेकोमा सो सङ्ख्या २४८ पुगेको छ।

आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले हाल दर्ता भएका नामावलीमा दोहोरिएका नामसमेत पर्ने सम्भावना रहेकाले मतदाता नामावली अद्यावधिक भएपछि वास्तविक तथ्याङ्क आउने बताउनुभयो। उहाँले भन्नुभयो, "दोहोरिएको नाम थुप्रै हुन सक्छन्। आयोगले अद्यावधिक गरेपछि वास्तविक मतदाताको सङ्ख्या यकिन हुन्छ।"

आयोगले मङ्सिर २१ गतेदेखि २७ गतेभित्र अद्यावधिकका लागि निवेदन दिन आग्रह गरेको छ। सो अवधिभित्र परेको दाबीविरोध, दोहोरिएको नाम हटाउने, मृत्यु भएका, नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन निवेदन परेपछि आयोगले सोमाथि छानबिन गरी पुस १५ गते अन्तिम मतदाता नामावली प्रकाशन गर्ने छ।

## अन्तर्राष्ट्रिय

### अमेरिकाले गऱ्यो जी–२० शिखर सम्मेलन बहिष्कार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

अफ्रिकी भूमिमा पहिलो पटक आयोजना भएको समूह–२० (जी–२०) शिखर सम्मेलन शनिबार अत्यन्तै महत्त्वाकाङ्क्षी र दीर्घकालीन चुनौतीहरूमा केन्द्रित एजेन्डासहित आरम्भ भएको छ।

विश्वका धनी राष्ट्रहरू र प्रमुख उदीयमान अर्थतन्त्रका शीर्ष नेताहरू दक्षिण अफ्रिकाको ऐतिहासिक सेबेटो टाउनसिपनजिकको प्रदर्शनी केन्द्रमा भेला हुँदै गरिब तथा संवेदनशील राष्ट्रहरूलाई दसौँ वर्षदेखि पिरोलिरहेका समस्यामा ठोस प्रगति गर्ने

बाँकी पृष्ठ २ मा

## अग्रलेख



### निर्वाचन सफल पार्न गोलमेच

विसं २०३१ देखिको राजनीतिक आन्दोलनलाई नियालेर हेर्दा २०८२ को आन्दोलन एक प्रकारको विद्रोह जस्तो देखिन्छ। हुन त विद्रोह एक्लैले पनि गर्न सकिन्छ। विद्रोही एक्लै पनि हुन्छन्। सङ्गठित विद्रोह पनि हुन्छ।

• **रामनारायण विडारी**

विचार पृष्ठ ४

# निर्वाचनमा कांग्रेस सहभागी हुने

**अशोक अधिकारी**
*ललितपुर, मङ्सिर ६ गते*

नेपाली कांग्रेसले फागुन २१ गतेका लागि सरकारले तय गरेको प्रतिनिधि सभा निर्वाचनमा सहभागी हुने निर्णय गरेको छ। केन्द्रीय कार्यालय सानेपामा असोज २८ गतेदेखि जारी बैठकले माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचन र फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णय गरेको हो।

शनिबारको बैठकपछि महामन्त्री गगनकुमार थापाले राजनीतिक निकास निर्वाचन नै हो भन्ने निष्कर्षसहित नेपाली कांग्रेसले निर्वाचनमा भाग लिने निर्णय गरेको बताउनुभयो। उहाँले निर्वाचनमार्फत संविधानको रक्षा तथा जेनजी पुस्ताको प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिने र देशलाई अघि बढाउन सकिने पार्टीको निष्कर्ष रहेको बताउनुभयो।

कांग्रेस बैठकले निर्वाचन आयोगमा दल दर्ता गर्नेसहित कानुनी प्रक्रिया पूरा गर्न कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेललाई जिम्मेवारी दिएको छ। महामन्त्री थापाले भन्नुभयो, "फागुन २१ गतेको निर्वाचनभन्दा अर्को कुनै पनि निकास संवैधानिक जटिलताले पाउन सक्दैन भन्ने हाम्रो निष्कर्ष हो।"

कांग्रेसले सङ्घीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण तथा संस्थागत विकास साझा जिम्मेवारी रहेको बताउँदै यसका लागि फागुन २१ गते हुने प्रतिनिधि सभा

> निर्वाचनमार्फत संविधानको रक्षा तथा जेनजी पुस्ताको प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिने र देशलाई अघि बढाउन सकिने कांग्रेसको निष्कर्ष रहेको छ ।

निर्वाचनमा सबै राजनीतिक दलले उत्साहपूर्वक सहभागिता जनाउन आवश्यक रहेको प्रस्ट पारेको छ। कांग्रेसले निर्वाचनलाई निष्पक्ष, विश्वसनीय र भयरहित बनाउनका लागि निर्वाचन आयोग, सरकार एवं सम्बद्ध पक्षलाई आवश्यक वातावरण निर्माण गर्न माग गरेको छ।

कांग्रेस बैठकले हजारौँ कैदीबन्दी फरार रहनु, ठुलो परिमाणमा हातहतियार हराइरहनु, राजनीतिक दलहरूले निर्वाध रूपमा आफ्ना कार्यक्रम सञ्चालन गर्न नपाउनु र निर्वाचनका लागि आवश्यक न्यूनतम अवस्था पनि स्थापित हुन नसक्नु अत्यन्त गम्भीर रहेको प्रस्ट पारेको छ।

### उत्तेजक गतिविधिप्रति चिन्ता

कांग्रेसले शान्ति सुरक्षाको अवस्था र पछिल्ला दिनमा बढिरहेका उत्तेजक तथा अराजक गतिविधिप्रति चिन्ता व्यक्त गरेको छ। महामन्त्री थापाले संवेदनशील अवस्थामा कुनै पनि राजनीतिक दल, समूह वा पक्षबाट कुनै पनि नाममा हिंसा भड्काउने, सद्भाव खलबल्याउने, उत्तेजना वा घृणा फैलाउने कार्य वाञ्छनीय हुन नसक्ने बताउनुभयो।

उहाँले लोकतान्त्रिक व्यवस्था र विधिको शासनमा लहड वा आवेगमा कसैलाई निषेध गर्नु, शान्तिपूर्ण प्रदर्शन तथा विचार अभिव्यक्तिमा बन्देज लगाउने प्रयास गर्नु स्वाभाविक वा स्वीकार्य मान्न नसकिने निर्णय भएको बताउनुभयो। बैठकले विश्वास र समझदारी आवश्यक भएकाले कुनै पनि हिंसा वा उत्तेजनाको बाटो नअपनाउन, निषेधको राजनीति नगर्न तथा संयमता अपनाएर संवादमार्फत समाधान खोज्न आह्वान गरेको छ।

### माग सम्बोधन र दोषीलाई कारबाही

महामन्त्री थापाले जेनजी पुस्ताले प्रदर्शनमार्फत उठाएका 'भ्रष्टाचारको अन्त्य, सुशासन, पारदर्शिता र सूचनाको हक सुनिश्चितता' जस्ता प्रमुख विषय स्वाभाविक, वैध र आमनागरिकको आवाज भएको बताउनुभयो। उहाँका अनुसार बैठकले प्रदर्शनमार्फत उठाइएका सुशासनका मागलाई सदैव सकारात्मक ढङ्गले लिने गरेको स्मरण गराउँदै माग पूरा गराउने प्रतिबद्धता व्यक्त गरेको छ।

कांग्रेसले भदौ २४ गतेको आक्रमण, लुटपाट र आगजनीसहितका विध्वंशकारी घटनाको सत्य–तथ्य र निष्पक्ष छानबिन गरी कानुनबमोजिम कारबाही गर्न तथा पीडितलाई उचित क्षतिपूर्तिसहित न्याय उपलब्ध गराउन पुनः सरकारसँग माग गरेको छ। कांग्रेसले सुरक्षाकर्मीका लुटिएका हातहतियार र कैदीबन्दीलाई पुनः नियन्त्रणमा ल्याउन र सबै सरकारी संरचनाको पुनर्निर्माण गरी समाजमा

बाँकी पृष्ठ २ मा

# पहिरो छल्न राजमार्गमा छानो



**राजमार्गमा निर्माण गरिएको 'रक सेड' नमुना ।**

**भउचप्रसाद यादव**
*काठमाडौँ, मङ्सिर ६ गते*

मुलुकको सडक पूर्वाधारको इतिहासमा पहिलो पटक सिद्धार्थ राजमार्ग अन्तर्गत 'रक सेड' निर्माण गर्न लागिएको छ। सिद्धार्थ राजमार्ग अन्तर्गतको बुटवल–तानसेन सडक खण्डको सिद्धबाबामा निर्माणाधीन सुरुङमार्गको दुवै 'पोर्टल' सँगै निर्माण हुन लागेको 'रक सेड' को डिजाइन तयार भइसकेको छ।

सवारी र सडकलाई पहिरोबाट सुरक्षित गर्ने प्रविधि हो 'रक सेड'। पहिरो जाने स्थानमा सडकमाथि आरसिसी ढलान वा स्टिलको भिरालो आकारको बलियो छाना बनाएर 'रक सेड' निर्माण गरिन्छ। यसरी निर्माण गरिएको 'रक सेड' मा खसेका पहिरो छाना हुँदै खोला वा भिरमा पुग्छन्। सडकलाई कुनै असर पर्दैन। छानामुनिबाट निर्वाध रूपमा सवारीसाधन आवागमन भइरहन्छ। सिद्धार्थ राजमार्गको सो खण्डमा प्रायः गइरहने पहिरोबाट सवारीसाधन र राजमार्गलाई बचाउन 'रक सेड' निर्माण गर्न लागिएको सिद्धबाबा सुरुङमार्ग योजनाका प्रमुख ई. नवराज बाँस्तोलाले जानकारी दिनुभयो।

उहाँले सुरुङमार्गको दुवै पोर्टलसँग नै धेरै पहिरो जाने भएकाले सुरुमा पोर्टलसँगै 'रक सेड' निर्माण गर्न लागिएको स्पष्ट पार्नुभयो। उहाँका अनुसार ७८० मिटर लामो 'रक सेड' निर्माण हुन लागेको हो। धेरै पहिरो गई बर्सेनि मानवीय क्षति हुँदै आएकाले राजमार्गको यस खण्डलाई 'मृत्यु मार्ग' को रूपमा समेत चिनिन्छ। गएको एक दशकमा सिद्धबाबा खण्डमा पहिरो खस्दा ७० जनाको ज्यान गएको तथ्याङ्क छ। सुरुङमार्ग योजना अन्तर्गत नै 'रक सेड' हुन लागेको बताउँदै योजना प्रमुख बाँस्तोलाले भन्नुभयो, "रक सेडको डिजाइन तयार भई स्वीकृत समेत भइसकेको छ। सुरुङमार्गको काम सम्पन्न भएसँगै 'रक सेड' को निर्माण सुरु हुन्छ।

बाँकी पृष्ठ २ मा

# जलवायु परिवर्तनको असर भान्सासम्मै

> बाढीले कुलो बगाइदियो । धान उत्पादन हुनै छाड्यो, जसले चुलो बाल्नै कठिन भयो । आजकल त पहिलेको जस्तो पानी पर्दैन । परिहाले पनि ठुलो बाढी आएर बस्ती नै बगाउला झैँ हुन्छ । कहिले त खडेरी नै पर्छ ।

**राधा लुइटेल**
*फिदिम, मङ्सिर ६ गते*

जलवायु परिवर्तनको असर हेवाँ खोला र तमोर नदी सङ्गमस्थल वारिपारि बसोबास गर्ने माझी समुदायका भान्सासम्म नै परेको छ।

पाँचथरको फिदिम नगरपालिका र हिलिहाङ गाउँपालिकामा यी माझी समुदायका बस्ती छन्। केही वर्षयता यहाँका बालीनाली, बस्तुभाउ र मानिसमा फरक फरक समस्या देखिएको स्थानीयवासीले बताएका छन्। छत्तिस घरधुरी रहेको माझी बस्तीमा बाढी, पहिरो, अनियमित वर्षा र खडेरीले जीवनयापन नै प्रभावित भएको छ।

माझीटारकी मिना माझी पहिले धान, मकै, गहुँ, आलु राम्रै फल्ने यो ठाउँमा अहिले बालीनालीमा रोग लाग्ने गरेको बताउनुहुन्छ। खोलामा पनि माछा देखिनै छाडेको उहाँले सुनाउनुभयो। स्थानीयवासी ममिता माझीले भन्नुभयो, "पहिले पुरुषहरू डुङ्गा खियाएर माछा मार्थे। पुल बनेपछि यो पेसा हरायो।



तस्बिर : राधा लुइटेल

**तमोर नदी (बायाँ) र हेवाँ खोलाको सङ्गमस्थल र आसपासका माझी बस्ती ।**

बाढीले कुलो बगाइदियो। धान उत्पादन हुनै छाड्यो, जसले चुलो बाल्नै कठिन भयो।" उहाँले थप्नुभयो, "आजकल त पहिलेको जस्तो पानी पर्दैन। परिहाले पनि ठुलो बाढी आएर बस्ती नै बगाउला झैँ हुन्छ। कहिले त खडेरी नै पर्छ।"

माझी उत्थान सङ्घ पाँचथरका अध्यक्ष राम माझी खोलामा माछा मार्सिँदै जाँदा माझी समुदायको रोजीरोटी नै सङ्कटमा परेको सुनाउनुहुन्छ। 'पन्ध्र वर्षअघिसम्म तमोर र हेवाँ खोला माछाका खानी जस्तै थिए, जाल बोकेर एक डेढ घण्टा निस्कँदा चार/पाँच किलोसम्म माछा मारेर ल्याइन्थ्यो। पछिल्ला वर्ष दिनभरि खोलामा जाल हान्दा पनि एक किलो माछा मार्न मुस्किल पर्छ', अध्यक्ष माझीले भन्नुभयो।

हिलिहाङ–७ का ७१ वर्षीय जसबहादुर माझीका अनुसार करिब १५ वर्षअघि जेठ महिनामा एकै रात ताप्लेजुङका विभिन्न स्थानमा पहिरो गयो। उक्त पहिरोपछि बगेको लेदो तमोरमा मिसिँदा आएको बाढीले ठुलो परिमाणमा त्यहाँका माछा बगायो। त्यो बेला बाढीले बगाउँदै ल्याएका माछा स्थानीयले टिपेर बेचे पनि। त्यसपछि झन्डै १० वर्ष माछाको सङ्ख्यामा ह्रास आयो। २०८० असार २ गते अचानक हेवाँ खोलामा आएको बाढीले हेवाँ खोलासँगै तमोर नदीका माछा सत्यानाश गऱ्यो। २०८१ असोज १२ गते पुनः बाढी आएर रहलपहल माछा सबै बगाइदियो। यसरी आकस्मिक रूपमा आएका बाढीबाट मानिस र जनावरसहित जलचरको पनि अस्तित्व सङ्कटमा परेको जसबहादुरले भन्नुभयो। यस स्थानमा पहिलेको तुलनामा ढेडु–बाँदर जस्ता जङ्गली जनावरको सङ्ख्या पनि वृद्धि भएको छ। तिनले बालीनाली पाक्न दिँदैनन्। उत्पादन नभएपछि बजारबाट किन्नुपर्ने बाध्यता छ। बजारका खाद्य पदार्थले स्वास्थ्यमा पनि असर पर्न थाल्यो," अर्की स्थानीयवासी कुमारी माझीले भन्नुभयो।

जागृति आधारभूत विद्यालयकी शिक्षिका शोभा माझी वर्षा हुने र हिमालमा हिउँ पर्ने 'सिजन' गडबढ भएकाले स्थानीयको दैनिकी नराम्ररी प्रभावित हुन थालेको बताउनुहुन्छ। पशुचौपायामा ज्वरो, खुर फाट्ने, गिर्खा आउने समस्या बढेपछि दुध उत्पादन घटेको छ। पहिले लामखुट्टे वैशाखदेखि भदौसम्म मात्र देखिन्थे, अहिले त जाडोमा पनि देखिन्छन्। अनि हैजा, झाडाबान्ता, डेङ्गुले बर्सैभरि सताउँछन्।

रैथाने बिउ किराले खाइदिन थालेपछि परनिर्भरता बढेको स्थानीयवासीको अनुभव छ। "खर्च बढ्दै छ, आम्दानी झन् घट्दै छ," ६० वर्षीय मिना माझी गुनासो गर्नुहुन्छ। जलवायु परिवर्तनको

बाँकी पृष्ठ २ मा

# विद्युतीय राहदानी आपूर्ति अब सहज

**चाँदनी हमाल**
*काठमाडौँ, मङ्सिर ६ गते*

विद्युतीय राहदानी आपूर्ति अब सहज हुने भएको छ। पुरानै आपूर्तिकर्ता फ्रान्सको आइडिमिया आइडेन्टिटी एन्ड सेक्युरिटीसँग राहदानी विभागले सम्झौता गरेसँगै हाल कायम राहदानीको अभाव पूर्ति हुने भएको हो।

प्रधानमन्त्री सुशीला कार्कीको विशेष पहलमा राहदानी सङ्कट समाधान गर्न सफल भएको प्रधानमन्त्री कार्यालयले प्रस्ट पारको छ। प्रधानमन्त्री कार्कीले नेपालका लागि जर्मनीका राजदूत तथा सम्बन्धित कम्पनीका अधिकारीहरूलाई पनि बोलाएर समस्या सुल्झाउनका लागि पहल गर्नुभएको थियो।

साबिकको फ्रान्सेली आपूर्तिकर्ता कम्पनीसँगै पुरानै मूल्यमा नबढ्ने गरी नयाँ सात लाख विद्युतीय राहदानी खरिदको सम्झौता भएको हो। राहदानी विभागले राहदानी उत्पादन कटौती हटाउँदै पुरानै लयमा राहदानी वितरण गर्ने विभागका महानिर्देशक तीर्थराज अर्यालले जानकारी दिनुभयो। यसअघि मौज्दात सकिँदै गएको र वैकल्पिक व्यवस्थापन गर्न नसकेका कारण राहदानी विभागले दैनिक एक हजारमा सीमित गरी उपलब्ध गराउँदै आएको थियो। नवीकरण गर्नुपर्ने र नयाँ लिनुपर्ने गरी दैनिक करिब छ हजार राहदानीको माग भए पनि सरकारले एक चौथाइ पनि उपलब्ध गराउन नसक्दा सेवाग्राही मर्कामा परेका थिए। उक्त समस्या झेल्न विभागलाई हम्मेहम्मे परेको बेला उक्त कम्पनीसँग तत्कालका लागि सात लाख राहदानी तथा सोका लागि आवश्यक अनलाइन भेरिफिकेसनसहित सम्झौता भएको महानिर्देशक अर्यालले जानकारी दिनुभयो। राहदानी विभागले लामो प्रयासपछि अन्तरिम अवधिका लागि उक्त कम्पनीसँग वार्तामार्फत सहमति गरी थप सात लाख राहदानीका लागि सम्झौता गरेर छपाइको काम अघि बढाएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "सम्झौता अनुसार आगामी तीन हप्ताभित्रै राहदानीको पहिलो किस्ता आउने र त्यसपछि क्रमशः थप राहदानी आपूर्ति हुने छ, यसले अब छिट्टै राहदानी उपलब्धतामा देखिएको समस्या हट्ने छ।"

आइतबारदेखि राहदानी विभागले पहिले उपलब्ध गराउँदै आएको छ हजार पाँच सय थान हाराहारीमै उपलब्ध गराउने प्रस्ट पारेको छ। यसका लागि विभागमा उपलब्ध जनशक्तिलाई आवश्यकता अनुसार अतिरिक्त समय काममा लगाएर भए पनि राहदानी आपूर्ति सहज तुल्याइने विभागले जनाएको छ।

विदेशस्थित नेपाली नियोगमा राहदानीका लागि आवेदन दिएका आवेदकको राहदानी साबिककै हिसाबमा करिब दुई हप्ताभित्रमा छपाई गरी पठाइने व्यवस्था मिलाइने भएको छ। त्यसै गरी जिल्ला/इलाका प्रशासन कार्यालयबाट आवेदन दिने आवेदकहरूको हकमा गत कात्तिक १५ गतेसम्म आवेदन दिएकाहरूलाई आगामी दुई हप्ताभित्र र त्यसपछि आवेदन दिने आवेदकहरूको राहदानी साबिकबमोजिम वितरण गरिने भएको छ।



*तस्बिर : रासस*

**लुम्बिनीमा रहेको ४१.५ मिटर अग्लो विश्व शान्ति स्तूप। आधार स्तम्भ ५९ मिटर र गोलाइ २० मिटर रहेको यो स्तूप विश्वमा शान्ति, मैत्री र सद्भाव फैलाउने उद्देश्यसहित स्थापना गरिएको स्तूपमा गौतम बुद्धको अस्तुधातु स्थापना गरिएको छ।**

# प्रसाईंको आन्दोलन फिर्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

दुर्गा प्रसाईंको नेतृत्वमा हुन लागेको नेपाल बन्द तथा अनिश्चितकालीन आमहड्तालका कार्यक्रम फिर्ता गरिएको छ। सरकार र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका प्रतिनिधिबिच शनिबार भएको वार्तामा यस्तो सहमति भएको हो।

महाअभियानका नाममा प्रसाईंले आइतबारदेखि आन्दोलन गर्ने बताउँदै आएका थिए। वार्तामा महाअभियानले उठाएका २७ बुँदे मागका सन्दर्भमा विस्तृत छलफल भएको बताइएको छ। वार्तामा महाअभियानका तर्फबाट सचिव प्रेमदीप लिम्बू नेतृत्वको टोली सहभागी थियो। साथमा अधिवक्ताद्वय विनोदमणि भट्टराई, लवण न्यौपाने र डा. निराजन प्रसाईं हुनुहुन्थ्यो।

सरकारका तर्फबाट गृहमन्त्री ओमप्रकाश अर्याल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार अजयभद्र खनाल र सल्लाहकार गोविन्दनारायण तिमिल्सिनालगायतको उपस्थिति थियो। वार्ता प्रधानमन्त्रीको निवास बालुवाटारमा सम्पन्न भएको हो।

अर्को चरणको वार्ता महाअभियानको नेतृत्वसहित यथाशीघ्र गर्ने समझदारी भएको छ।

छलफलका क्रममा वर्तमान शान्ति सुरक्षाको अवस्थासमेतलाई ध्यानमा राखी नागरिक बचाउ महाभियानले उठाएका मुद्दाहरूको सम्बोधनका लागि सरकारले निरन्तर छलफल, वार्ता र सहजीकरण गर्दै जाने सहमति भएको छ।

# गिद्दे प्रेस फर्काइयो गोरखापत्रमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

नेपालको पहिलो ऐतिहासिक प्रिन्टिङ प्रेस 'गिद्दे प्रेस' शनिबार राष्ट्रिय सङ्ग्रहालय छाउनीबाट गोरखापत्र संस्थानमा फिर्ता ल्याइएको छ।

तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्कंदा विक्रम संवत् १९०८ मा सो प्रेस नेपाल ल्याइएको थियो। राष्ट्रिय सङ्ग्रहालय छाउनीका प्रमुख अरुण नकर्मीले उक्त प्रेस गोरखापत्रका नायब कार्यकारी सम्पादक रामप्रसाद हुमागाईंलाई हस्तान्तरण गर्नुभयो।

२०३६ असोज १ गते यो प्रेस सङ्ग्रहालयमा पठाउने निर्णय भएको थियो। बेलायतबाट नेपाल ल्याइएपछि तत्कालीन श्री ३ जङ्गबहादुरको थापाथली दरबारमा राखिए पनि पछि गोरखापत्रमा पठाइएको थियो। विगतमा संरक्षणका लागि सो प्रेस राष्ट्रिय सङ्ग्रहालयमा पठाइएको भए पनि स्थान अभाव र जडानसम्बन्धी दक्ष जनशक्ति नहुँदा कतिपय पाटपुर्जा खुला आकाशमुनि चउरमै रहेका थिए भने केही स्टोरमा थन्किएका थिए।

# वैकल्पिक चिकित्सा बलियो बनाउनुपर्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

सभामुख देवराज घिमिरेले अकुपन्चरले नेपालको वैकल्पिक स्वास्थ्य क्षेत्रलाई बलियो बनाएको बताउनुभएको छ।

विश्व अकुपन्चर दिवसका अवसरमा नेपाल अकुपन्चर मोक्सब्युसन एन्ड एकुप्रेसर एसोसिएसन र चाइनिज मेडिसिन डक्टर सोसाइटी अफ नेपालले आयोजना गरेको कार्यक्रममा सभाभुख घिमिरेले नेपालमा वैकल्पिक चिकित्सा, प्राकृतिक उपचार तथा अकुपन्चर सेवाको उन्नति र जनस्तरमा विस्तारका लागि लाग्नुपर्ने बताउनुभयो।

उहाँले अकुपन्चर कुनै वैकल्पिक वा पूरक उपचार मात्र नभई विश्व स्वास्थ्य सङ्गठनद्वारा प्रमाणित र मान्यताप्राप्त चिकित्सा विज्ञान भएको बताउनुभयो। सभामुख घिमिरेले नेपालमा अकुपन्चर सेवा निजी क्षेत्रमार्फत धेरै अगाडि बढेको उल्लेख गर्दै सरकारी तहबाट प्रोत्साहन र संरचनागत विकासका लागि प्रयास सुरु गरिएको बताउनुभयो।

सरकारी स्तरमा प्रवर्धन अझै अपर्याप्त रहेको भन्दै उहाँले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा सहायक जनशक्तिबाट सेवा सञ्चालन भएको, केही सरकारी आयुर्वेद अस्पतालमा सेवा विस्तार भएको जस्ता विषयले भविष्यमा यस क्षेत्रलाई राज्य संरचनाभित्र समेट्ने आशा जगाएको बताउनुभयो।

निजी क्षेत्रबाट १५ वर्षभन्दा बढी समयदेखि विशेषज्ञ सेवा प्रदान भइरहेकै अवस्थामा सरकारी तहमार्फत सेवा विस्तार गर्न ढिलाइ गर्न नहुने बताउनुभयो। अकुपन्चर विशेष गरी नसासम्बन्धी समस्या, दुखाइ, बाथरोग, महिनावारीको पीडा, माइग्रेन, अनिद्रा, नसाका कारण उत्पन्न पिसाबका समस्या तथा प्यारालाइसिस जस्ता समस्यामा अत्यन्त प्रभावकारी विधि मानिने गरिएको बताउनुभयो।

विश्व अकुपन्चर दिवस कार्यक्रमका संयोजक सुदर्शन बस्नेतले नेपालमा अकुपन्चरसम्बन्धी जनशक्ति बढ्दै गएको बताउनुभयो। कार्यक्रममा चीनबाट आएका अकुपन्चरसम्बन्धी चिकित्सकलाई सम्मान गरिएको थियो। सभामुख घिमिरेले विश्व अकुपन्चर दिवसका अवसरमा स्मारिका पनि विमोचन गर्नुभयो।

उहाँले सरकारीस्तरबाट अकुपन्चरका दरबन्दी थप गर्नुपर्नेमा जोड दिनुभयो। विश्वभरका वैज्ञानिक, चिकित्सक र शोधकर्ताले ब्राजिलमा सन् २०११ मा आयोजना भएको महत्त्वपूर्ण सम्मेलनमार्फत नोभेम्बर २२ लाई विश्व अकुपन्चर दिवसका रूपमा मनाउने निर्णय गरे अनुसार बर्सेनि यो दिवस मनाउने गरिएको छ।

# महिना दिनमै काम सक्न निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

सहरी विकासमन्त्री कुलमान घिसिङले बागमती नदी कोरिडोर अन्तर्गत गुहेश्वरी–गोकर्णखण्डमा पर्ने गोकर्णेश्वर नगरपालिका जम्बुडाँडा क्षेत्रको ढल व्यवस्थापन, सडक स्तरोन्नति र सरसफाइ एक महिनाभित्र सम्पन्न गर्न निर्देशन दिनुभएको छ।

शनिबार उक्त क्षेत्रको अनुगमन गर्ने क्रममा सो निर्देशन दिनुभएको उहाँको सचिवालयले जनाएको छ। उहाँले जनशक्ति थप गरेर भए पनि एक महिनाभित्र काम गर्न निर्माण व्यवसायीलाई निर्देशन दिनुभयो।

जम्बुडाँडा क्षेत्रमा ढल जाम हुँदा नदीमा मिसिएको छ। ढल मर्मत हुन नसक्दा त्यस क्षेत्रको सडक पनि बिग्रिएको छ। मर्मतका लागि ठेक्का लगाइएको भए पनि काम सन्तोषजनक नभएको मन्त्री घिसिङको भनाइ थियो। नदी सफा भए मात्र सहर सफा हुने धारणा व्यक्त गर्दै उहाँले बागमती सफा बनाउन ढल व्यवस्थापन, कोरिडोरका सडक मर्मत र नदीमा फालिएको फोहोर हटाउने काम उच्च प्राथमिकतामा राखी सोहीबमोजिम काम अगाडि बढाइएको बताउनुभयो। गुहेश्वरी–गोकर्णखण्डका नदी कोरिडोर किनारमा बेवारिसे अवस्थामा रहेका सवारीसाधन हटाइएको छ।

नदीमा फालिएको फोहोर र त्यहाँ रहेको लेदो हटाउन सुरु गरिएको छ। सबै फोहोर हटाएर त्यस क्षेत्रमा रहेको 'चेक' बाँध सञ्चालन गरी स–साना तलाउ बनाएर पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने गरी काम भइरहेको मन्त्री घिसिङले उल्लेख गर्नुभयो।

## दुई पार्टी एक हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

निर्वाचन मिति नजिकिन थालेपछि स–साना पार्टीसमेत एकता गरेर बलियो हुने प्रयास गर्न थालेका छन्। नवराज सुवेदी नेतृत्वको नवयुग पार्टी र हरिचरण साह नेतृत्वको नेपाली जनता दलबिच एकता हुने निर्णय भएको छ।

दुई पार्टीका अध्यक्षले आठबुँदे हस्ताक्षर गरेर बुधबार एकता गर्ने निर्णय भएको हो। एकतापछि पार्टीको नाम नेपाली जनता दल कायम हुनुका साथै नेतृत्वमा सुवेदी र साह दुवै जना रहनुहुने भएको छ।

# एमाले लोकतन्त्रप्रति प्रतिबद्ध

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) बागमती प्रदेश कमिटीले शनिबार काठमाडौँको भृकुटीमण्डपमा बागमती प्रदेशस्तरीय विरोध सभा आयोजना गरेको छ। सभाअघि एमालेले रत्नपार्कलगायतका ठाउँबाट जुलुस निकालेको थियो। बागमती प्रदेशका उपत्यकावरिपरिका जिल्लाबाट समेत एमाले कार्यकर्ता सहभागी भएर प्रदर्शन गरिएको हो।

प्रदर्शनपछि भृकुटीमण्डपमा आयोजित सभालाई सम्बोधन गर्दै एमाले अध्यक्ष केपी शर्मा ओलीले एमाले लोकतन्त्रप्रति प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो। उहाँले जनताबाट चुनिएकाबाट मात्र सरकार सञ्चालन गर्ने लोकतान्त्रिक परिपाटी सुदृढीकरण आजको आवश्यकता रहेको औँल्याउनुभयो।

उहाँले भन्नुभयो, "हामी सुशासनको पक्षमा, भ्रष्टाचारविरुद्धमा लडिरहेका छौँ।" उहाँले जेनजी आन्दोलनपछि गठित सरकारले गरेको प्रतिनिधि सभा विघटन सिफारिस संविधानको भावना अनुसार नभएको उल्लेख गर्नुभयो। संसद् पुनर्स्थापनाबाट सर्वदलीय सहमतिमार्फत जेनजीको माग पूरा गरेर मुलुकलाई संवैधानिक बाटोमा हिँडाउनुपर्नेमा अध्यक्ष ओलीले जोड दिनुभयो।

एमाले महासचिव शङ्कर पोखरेलले संविधानको रक्षा र लोकतन्त्र सुदृढीकरणका लागि एमाले सदैव क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्नुभयो। लोकतन्त्रमा निर्वाचन अनिवार्य हुने भए पनि सरकारले त्यसका लागि आवश्यक वातावरण बनाउन नचाहेको उहाँको दाबी थियो। महासचिव पोखरेलले सरकारले सुरक्षा निकायको मनोबल बढाउने कुनै काम गर्न नसकेको आरोपसमेत लगाउनुभयो।

# जेनजीसँग सहकार्य जरुरी : प्रचण्ड

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

नेपाली कम्युनिस्ट पार्टीले भ्रष्टाचार अन्त्य र सुशासनलगायतका माग उठाएकोमा जेनजी युवालाई धन्यवाद दिएको छ। पार्टीले शनिबार एक कार्यक्रम गरी जेनजीलाई पार्टी प्रवेश गराएर उनीहरूका मुद्दा सम्बोधनका लागि प्रतिबद्धता गरेको छ। वाइसिएल नेपालद्वारा पेरिसडाँडामा आयोजित जेनजीसँग नेपाली कम्युनिस्ट पार्टी विषयक कार्यक्रममा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले जेनजीका माग र मुद्दा जायज भएकाले जेनजीसँग एकता र सहकार्य जरुरी रहेको बताउनुभयो। संयोजक प्रचण्डले भन्नुभयो, "देशमा थुप्रै समस्या देखिएका छन्, समाधान गर्न सुनुवाइ नभएपछि युवा सडकमा आएपछि मात्र सबैले सुन्न बाध्य भए, त्यही मुद्दा हामीले उठाउँदै आएका छौँ।" जेनजी र नेकपाको मुद्दा मिल्ने भएकाले एकसाथ काम गर्न पनि उहाँले आग्रह गर्नुभयो।

राष्ट्रिय एकता र समृद्धिका लागि जेनजी पुस्ता अगाडि आउन आवश्यक रहेको चर्चा गर्दै संयोजक प्रचण्डले देशमा भ्रष्टाचार विकराल रूपमा फैलिएको दाबी गर्नुभयो। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका पक्षमा नयाँ ऊर्जा दिएको उहाँले बताउनुभयो। जेनजी आन्दोलनपछि आफूहरूलाई ऊर्जा आएको चर्चा गर्दै संयोजक प्रचण्डले भन्नुभयो, "भ्रष्टाचारविरुद्ध, सुशासनका पक्षमा र स्वतन्त्रताका पक्षमा जसरी २३ र २४ मा आवाज उठाइदिनुभयो, तपाईंहरूको आवाजले हामीलाई राम्रै ऊर्जा प्रदान गर्‍यो।"

## निर्वाचनमा...

शान्ति सुरक्षाको प्रत्याभूति प्रदान गर्न सरकारसँग माग गरेको छ। यसै गरी व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान एवं अन्य साना व्यवसायीलाई उचित क्षतिपूर्तिको व्यवस्था गरी पुनः व्यवसाय सञ्चालन गर्न सक्ने सुरक्षित वातावरण निर्माण गर्न र लगानीकर्ताको मनोबल उठाउन पनि सो पार्टीले माग गरेको छ।

बैठकले जेनजी प्रदर्शनमार्फत परिवर्तनका लागि मुखरित आवाजको सम्बोधन गर्न बहुपक्षीय राष्ट्रिय संवाद अत्यावश्यक रहेको निष्कर्ष निकालेको छ। महामन्त्री थापाले विघटित प्रतिनिधि सभाका दल, प्रदर्शनपछि उदाएका दल, जेनजी पुस्तासहित सरोकारवालासँग बहुपक्षीय संवाद र साझा राष्ट्रिय समझदारी निर्माण गर्न आह्वान गरेको बताउनुभयो।

कांग्रेसले जेनजी प्रदर्शन तथा पछिल्ला घटनाक्रमको सूक्ष्म विश्लेषण गरी पार्टीभित्र र बाहिरका विभिन्न पक्षसँग संवाद तथा छलफल गर्न पार्टीका तर्फबाट यससम्बन्धी अध्ययन, अनुसन्धान गरी दस्ताबेजीकरण गर्ने निर्णय गरेको छ।

कांग्रेस बैठक मङ्सिर ११ गते पुनः बस्ने छ।

# मिर्गौला प्रत्यारोपित आत्मनिर्भर

**सरोज ढुङ्गेल**
*काठमाडौँ, मङ्सिर ६ गते*

मिर्गौला प्रत्यारोपण गरेपछि पनि आत्मनिर्भर भएर परिवार पाल्न सकिन्छ भन्ने उदाहरण बन्नुभएको छ– गजेन्द्र मुडभरी। कैलालीका मुडभरीले मिर्गौला प्रत्यारोपणपछि पनि व्यवसाय गर्दै परिवारको सम्पूर्ण जिम्मेवारी समाल्दै आउनुभएको छ।

स्थायी घर कैलालीको लम्कीचुहा नगरपालिकानिवासी उहाँले हाल धरानमा फलफूल व्यवसाय गर्दै आउनुभएको छ। मुडभरी सुरुमा सशस्त्र प्रहरीमा प्रहरी सहायक निरीक्षकका रूपमा कार्यरत हुनुहुन्थ्यो। जागिर खाएको सात वर्षपछि उहाँले उपदान लिएर जागिर छाड्नुभयो। त्यो बेला उहाँको रोजगारी धरानमा थियो। जागिर छाडेपछि उहाँ वैदेशिक रोजगारीका लागि मलेसिया जानुभयो र चार वर्ष बसेर नेपाल फर्कनुभयो। मलेसियाको कमाइले धरानमा छ धुर घडेरी पनि जोड्नुभयो। घर बनाउने दृढ अठोटले उहाँ पुनः रोजगारीका लागि २०६७ सालमा दुबई जानुभयो। नेपालबाट स्वास्थ्य परीक्षण गरेर जाँदा स्वास्थ्य ठिक थियो। दुबई गएको एक वर्षपछि उहाँलाई गाह्रो हुन थाल्यो। कम्पनीसँग बिदा मागेर ४५ दिनका लागि नेपाल फर्कनुभयो। धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराउँदा थाहा भयो कि उहाँको दुवै मिर्गौला फेल भइसकेको रहेछ। मिर्गौला फेल भएको थाहा भएपछि उहाँलाई बिपी प्रतिष्ठानले भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा पठायो।

काठमाडौँमा २०६९ माघदेखि डाइलासिस सुरु भयो। पाँच महिना डाइलासिस गरेपछि उहाँको २०७० साल जेठ २९ गते मिर्गौला प्रत्यारोपण भयो। मुडभरीले झन्डै एक वर्ष भक्तपुरको सल्लाघारीमा कोठा लिएर उपचार गरेको अनुभव सुनाउनुभयो।

अहिलेसम्म मुडभरीको स्वास्थ्य स्थिति एकदम ठिक छ। मासिक नौ हजार रुपियाँको औषधीले पुगिरहेको छ। २० वर्षदेखि धरानमै बसिरहनुभएका मुडभरी पत्नीसँगै ठेलागाडामा राखेर फलफूलको व्यापार गर्नुहुन्छ। यसबाट उहाँले छोरालाई पढाउनदेखि कोठाभाडा तिर्ने, घर खर्च चलाउने काम गर्दै आउनुभएको छ। "दुवै जना सडकमा फलफूल बेच्छौँ," मुडभरीले भन्नुभयो, "सिजनमा ६० हजारसम्म कमाइ हुन्छ, अफसिजनमा २० हजारमा चित्त बुझाउनु पर्छ।"

ठेलामा फलफूल बेच्दा गाह्रो हुन्छ, राजमार्ग भएकाले फलफूलबाटै जिन्दगी चलिरहेको छ। उहाँको छोरा स्नातक पढ्ने भइसक्नुभयो। अहिले होटल म्यानेजमेन्ट अध्ययनरत हुनुहुन्छ। मुडभरीले भन्नुभयो, "अहिले छोराको पढाइ शुल्क वार्षिक दुई लाख तिर्नु पर्छ, त्यही पसलले छोराको पढाइदेखि सबै खर्च धानेको छु।"

यसै गरी हेडौँडा–८, कमानेकी सर्मिला अधिकारी मकवानपुर बहुमुखी क्याम्पसमा स्नातक तह प्रथम वर्षमा अध्ययन गर्दै हुनुहुन्थ्यो। कलेज जाउआउ गर्ने क्रममा एक्कासि सर्मिलालाई गाह्रो भयो र हेटौँडा अस्पतालमा उपचारका लागि जानुभयो। हेटौँडाबाट थप उपचारका लागि चितवन मेडिकल कलेज, काठमाडौँस्थित आर्मी अस्पताल हुँदै भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा पुग्नुभयो। त्यहीँ २०६९ फागुन १९ गते डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा उहाँको मिर्गौला प्रत्यारोपण भयो। सर्मिलालाई आमा सीतामाया अधिकारीले मिर्गौला दिनुभएको थियो। "स्नातक पहिलो वर्षमा अध्ययन गर्दागर्दै मिर्गौला फेल भयो, त्यो बेला मैले पढ्न पाइनँ," सर्मिलाले भन्नुभयो, "मेरो एक वर्ष ग्याप भयो तर पछि स्नातक उत्तीर्ण भएँ।"

मिर्गौला प्रत्यारोपण गरिएकी सर्मिला आठ वर्षदेखि रोजगारी गर्दै आउनुभएको छ। नक्सालमा एउटा अडिट फर्ममा कार्यरत हुनुहुन्छ। "म मेरो रोजगारीप्रति एकदम सन्तुष्ट छु," सर्मिलाले भन्नुभयो, "केही समस्या भइहाल्यो भने फलोअपका लागि धर्मभक्त प्रत्यारोपण केन्द्रमा जाने गरेकी छु।"

सर्मिलाले मिर्गौला प्रत्यारोपण गरिसकेपछि विवाह गर्नुभयो। अहिले उहाँको एक छोरा र एक छोरी छन्। विद्यालयमा पढ्छन्। श्रीमान् रोजगारी गर्नुहुन्छ। सर्मिला भन्नुहुन्छ, "मेरो मिर्गौला प्रत्यारोपण गरेको १३ वर्ष भइसक्यो। अझै मासिक १६ हजारको औषधी खाइरहनु पर्छ।"

१५ वर्षअघिसम्म मिर्गौलाको उपचार गर्न विदेश जानुपर्ने नेपालमा अहिले यसको उपचार यहीँ सहज बन्दै गएको छ भने उपचार पाएकाहरू आफ्नै खुट्टामा उभिएर जीविकोपार्जन गरिरहेका छन्। वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा. पुकारचन्द्र श्रेष्ठले १५ वर्षअघिसम्म मिर्गौला उपचार गर्न नेपालबाट विदेश जाने गरेकोमा हाल नेपालमै प्रत्यारोपण हुन थालेको जानकारी दिँदै भन्नुहुन्छ, "विगतमा भन्दा अहिले मिर्गौला उपचारमा धेरै प्रगति भएको छ। नेपालमा विदेशीसमेत प्रत्यारोपणका लागि आउनु नेपालले स्वास्थ्यमा गरेको ठुलो प्रगति हो।"

नेपालमा हाल वार्षिक तीन हजार जनाको मिर्गौला फेल हुने गरेको अनुमान छ। वार्षिक २५० जनाको मात्र मिर्गौला प्रत्यारोपण हुने गरेको छ। नेपालमा वीर अस्पतालबाट सन् १९९८ बाट पहिलो पटक हेमोडाइलासिस सेवा सुरु भएको थियो भने त्रिवि शिक्षण अस्पतालबाट सन् २००८ अगस्ट ८ मा पहिलो पटक मिर्गौला प्रत्यारोपण सुरु गरिएको थियो। त्यसको तीन महिनापछि वीर अस्पतालबाट पनि मिर्गौला प्रत्यारोपण गर्न सुरु गरिएको थियो।

## पहिरो...

रेखदेख, जनशक्ति र स्रोत साधनका कारण दुवैतिर काम नगरी अहिले सुरुङमार्गको मात्र काम भइरहेको छ।"

सिद्धबाबा सुरुङमार्ग योजनाका पूर्वप्रमुख ई. कृष्णराज अधिकारीले सिद्धार्थ राजमार्ग अन्तर्गत पहिरो नियन्त्रणका लागि 'रक सेड' सँगै पहाडहरूको 'स्लोप स्टेपलाइजेसन' गर्न लागिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पहिरोको अति जोखिम भएको ठाउँमा सुरुङमार्ग निर्माण भइरहेको छ। अलि कम जोखिम भएको ठाउँमा 'स्लोप स्टेपलाइजेसन' गर्न लागिएको हो। त्यसै गरी माथिबाट झर्ने ससाना ढुङ्गालाई रोक्न 'रक ब्यारियर' निर्माण गर्न लागिएको हो। माथिबाट झर्ने ढुङ्गालाई रोक्न जाली लगाएर 'रक ब्यारियर' निर्माण गरिन्छ। यस प्रविधिको माध्यमबाट ढुङ्गा सिधै सवारीसाधन, व्यक्तिमाथि वा सडकमा झर्न सक्दैन।"

योजना प्रमुख ई. बाँस्तोलाले इन्जिनियरिङ प्रोक्युरमेन्ट कन्स्ट्रक्सन (इपिसी) मोडलमा उक्त 'रक सेड' निर्माण हुन लागेको जानकारी दिनुभयो। यस मोडेल अनुसार निर्माण छनोट भएका कम्पनीले 'रक सेड' को निर्माणको डिजाइन र कमिसनिङ स्वयं आफैँले गर्नुपर्ने हुन्छ। यस्तो मोडलमा निर्माण कम्पनीले डिजाइन, खरिददेखि कन्स्ट्रक्सनसम्मको काम आफैँले गर्नुपर्ने हुन्छ।

### यस्तो बन्दै छ सुरुङमार्ग

निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको पोर्टल बुटवल–तानसेन सडक खण्डमा रहेको सिद्धबाबाको मन्दिरस्थित चिडियाखोलानजिकै छ। दुई लेनको हुने यस सुरुङमार्गको कुल लम्बाइ १.१२६ किलोमिटर छ। सुरुङमार्गको निर्माण 'एसियन हाइवे स्ट्यान्डर्ड' मा भइरहेको आयोजना प्रमुख बाँस्तोलाले जानकारी दिनुभयो। सिद्धबाबाको अति जोखिम झन्डै पाँच किलोमिटर क्षेत्रमध्ये उपल्लो सिद्धबाबादेखि रामापिथेकस पार्कसम्म सो सुरुङमार्ग निर्माण भइरहेको छ।

सिद्धबाबा सडक तराईबाट पश्चिम पहाड जोड्ने मुख्य मार्ग हो। यहाँबाट गुल्मी, अर्घाखाँची, स्याङ्जा, बागलुङलगायत जिल्ला पुग्न सकिन्छ। बुटवललाई पोखरा र पश्चिम नेपालका विभिन्न गन्तव्यसँग जोड्ने सिद्धार्थ राजमार्गमा सुरुङमार्ग र रक सेड निर्माणको काम सम्पन्नपछि पहिरोको जोखिम हट्ने र आवागमन सहज हुने अपेक्षा गरिएको छ। यो आयोजना सात अर्ब ३४ करोड रुपियाँ लागतमा निर्माण हुँदै छ।

## जलवायु...

प्रत्यक्ष र अप्रत्यक्ष प्रभावसँग झेलिरहेका माझीटारका नागरिकले हावापानी सुहाउने र वन्यजन्तुले धेरै क्षति नपुर्‍याउने खेती गर्न चाहेका छन् तर स्थानीय सरकार तथा सङ्घसंस्था कसैले सघाएका छैनन्। त्यसैले यो ठाउँका लागि अनुकूल हुने गरी अध्ययन गरेर स्थानीय सरकार र प्राविधिकले आफूहरूलाई सहयोग गर्नुपर्ने माग उनीहरूको छ।

माझीटारका महिलाले जलवायु परिवर्तन र महिला विषयक एक अन्तरक्रिया कार्यक्रममा यस्तो बताएका हुन्।

## अमेरिकाले...

प्रयासमा जुटेका छन्। तर दक्षिण अफ्रिकाद्वारा अगाडि सारिएका धेरै प्राथमिकता–विशेष गरी जलवायु परिवर्तन र विकासशील राष्ट्रमाथि यसको गहिरो प्रभाव, अमेरिकी प्रतिरोधका कारण कूटनीतिक तनावको केन्द्रविन्दु बनेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अफ्रिकाले 'श्वेत–विरोधी नश्लवादी नीति अवलम्बन गरिरहेको' भनिएको दाबी गर्दै शिखर सम्मेलन बहिष्कार गर्ने आदेश दिएपछि समूहमा अमेरिकाको अनुपस्थिति औपचारिक रूपमा पुष्टि भएको अन्तर्राष्ट्रिय समाचार संस्था एपीले जनाएको छ।

यस वर्षको घुम्ती अध्यक्ष राष्ट्रका रूपमा दक्षिण अफ्रिकाले शिखर सम्मेलनको एजेन्डालाई गरिब मुलुकहरूलाई जलवायुसम्बन्धी प्रकोपबाट पुनः उद्धार, विदेशी ऋणको बोझ घटाउने, हरित ऊर्जा सङ्क्रमणमा सहजता ल्याउने तथा आफ्नै महत्त्वपूर्ण खनिज भण्डारलाई प्रभावकारी रूपमा उपयोग गर्न सहयोग प्रवाह गर्ने दिशामा केन्द्रित गरेको छ।

यी सबै विषयहरू संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसका शब्दमा 'विकासशील विश्वका मुख्य आवश्यकता स्पष्ट रूपमा टेबलमा राख्ने दक्षिण अफ्रिकाको ठुलो योगदान' हुन्।

तर अमेरिकी बहिष्कारले वातावरणलाई थप जटिल बनाएको छ। राष्ट्रपति ट्रम्प प्रशासनले बर्सैभरि दक्षिण अफ्रिकाले अघि सारेका विविधता, समानता, समावेशीकरण र जलवायु–केन्द्रित नीतिप्रति असन्तुष्टि व्यक्त गर्दै आएको थियो। यही असन्तुष्टिका क्रममा अमेरिकी विदेशमन्त्री मार्को रुबियोले फेब्रुअरीमा भएको विदेशमन्त्रीस्तरीय बैठकसमेत बहिष्कार गर्नुभएको थियो र 'यी विषयमा अमेरिकी करदाताको पैसा बर्बाद गर्न नदिने' टिप्पणी पनि गर्नुभएको थियो।

यसले दुई देशबिच महिनौँदेखि रहँदै आएको कूटनीतिक दरारलाई यस सप्ताहान्त चरममा पुर्‍यायो।

वास्तविक रूपमा २१ सदस्यीय समूह जी–२० १९ वटा राष्ट्र, युरोपेली सङ्घ र अफ्रिकी सङ्घ मिलेर बनेको छ। सन् १९९९ मा धनी र गरिब राष्ट्रबिचको आर्थिक खाडल घटाउने तथा वित्तीय सङ्कट व्यवस्थापन गर्नका लागि स्थापित यो समूहले विश्व अर्थतन्त्रको ८५ प्रतिशत, अन्तर्राष्ट्रिय व्यापारको ७५ प्रतिशत तथा विश्व जनसङ्ख्याको आधाभन्दा बढी प्रतिनिधित्व गर्छ। तर यसका निर्णय बाध्यकारी नभई सहमतिमै आधारित हुने भएकाले अमेरिका, चीन, रुस, भारत, जापान, पश्चिमी युरोपेली राष्ट्रहरू तथा अन्य प्रमुख सदस्यका फरक फरक चासोलाई एउटै निष्कर्षमा उतार्नु अक्सर चुनौतीपूर्ण हुन्छ।

महासचिव गुटेर्रेसले धनी राष्ट्रहरूले जलवायु तथा वित्तीय सुधारका क्षेत्रमा आवश्यक सहुलियत दिन अनिच्छुक देखिनु चिन्ताजनक भएको उल्लेख गर्नुभयो।

दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले भन्नुभयो, "हामीलाई धम्की दिएर रोकिन्न; उपस्थित सबै सदस्यको सहभागितासहित वा अमेरिकी योगदान (इनपुट) बिना पनि घोषणा जारी गर्ने छौँ।"

# नौकाविहारका नयाँ रुट

**नारायणगढ** (गोरखापत्र), मङ्सिर ६ गते । पर्यटकीय नगरी सौराहा आउने पर्यटकलक्षित राप्ती नदीमा नौकाविहारका लागि नयाँ रुट सञ्चालनमा ल्याइएको छ । निकुञ्जको पूर्वी क्षेत्रमा पर्ने जिन्दगानीघाटदेखि भीमपुरघाटसम्मको राप्ती नदीमा नयाँ रुट सञ्चालनमा ल्याइएको हो । सञ्चालक वासु ढुङ्गानाले चितवन राष्ट्रिय निकुञ्जले आह्वान गरेको ठेक्का स्वीकार गरेर नौकाविहार सञ्चालनमा ल्याएको जानकारी दिनुभयो ।

ढुङ्गानाले भन्नुभयो, "एकातिर निकुञ्ज अर्कातर्फ कुमरोज मध्यवर्ती सामुदायिक वनको घनघोर वनक्षेत्र यसको बिचमा शान्त रूपमा बगेको विशाल राप्ती नदीमा नौकाविहार गर्नुको आनन्द नै अद्भुत हुन्छ ।" यो करिब पाँच किलोमिटर दुरीको छ । यहाँ नौकाविहार गर्न एक घण्टा लाग्छ । यो क्षेत्र सौराहाभन्दा करिब १० किलोमिटर पूर्वमा पर्छ । नौकाविहारका लागि यो क्षेत्र पुग्न कुमरोज मध्यवर्ती वन पार गरेर जानु पर्छ । यहाँ जाँदाआउँदा जङ्गल सफारीको समेत आनन्द लिन सकिने उहाँले जनाउनुभयो ।

"वनमा रहेका बाघ, गैँडा जस्ता जनावर हेर्दै राप्ती नदीको किनार पुग्ने हो," उहाँले भन्नुभयो, "यहाँबाट पनि विभिन्न जलचर र वन्यजन्तु अवलोकन गर्दै जल सफारी गर्ने हो । यो नौकाविहारमा अन्य स्थानमा भन्दा जङ्गल सफारी जोडिएकाले थप आनन्द महसुस गर्न सकिन्छ ।" यो नौकाविहार गराइने क्षेत्र निकुञ्जबाट मानवबस्ती हटाइएको पदमपुर क्षेत्र पर्छ । यस क्रममा यहाँको इतिहाससमेत पर्यटकलाई जानकारी दिन सकिन्छ । यहाँबाट बस्ती सारेर नयाँ पदमपुर स्थानान्तरण गरिएको थियो । यहाँ अहिले १० वटा डुङ्गा सञ्चालनमा ल्याइएको छ ।

सौराहामा अहिले वार्षिक दुई लाखको हाराहारीमा पर्यटक आउने गर्छन् । यसरी आउनेमध्ये ७० प्रतिशतले नौकाविहार गर्ने गर्छन् । यसअघि सौराहामा राप्ती नदीमै सौराहाबाट दुधौराघाटसम्म, बुढी राप्ती नदीमा बाघमारादेखि खोरसोरसम्म र ढुङ्ग्रेखोलामा जनकौलीदेखि सौराहा हात्तीसारसम्म नौकाविहार गराउने गरिन्छ । सौराहासँगै चितवन राष्ट्रिय निकुञ्ज भएर वहने विभिन्न नदीका नौ स्थानमा जलविहार गराउने गरिन्छ । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्त जिन्दगानीघाटदेखि भीमपुरघाटसम्मको नौकाविहार क्षेत्रलाई नयाँ क्षेत्रभन्दा पनि सुन्दर र राम्रो क्षेत्र मान्न सकिने बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "यो क्षेत्रमा हामीले अघिल्ला वर्षदेखि नै ठेक्का आह्वान गरेका हौं । अहिलेसम्म कसैले पनि सञ्चालन गर्न इच्छा प्रकट गर्नुभएको थिएन । यस वर्षदेखि सञ्चालनमा आएको छ ।" निकुञ्ज भएर वहने विभिन्न क्षेत्रमा अझैँ धेरै स्थानमा जलविहारको सम्भावना रहेको उहाँले बताउनुभयो ।

# अतिक्रमित संरचना हटाउन आग्रह




तस्बिर : अनिल पराजुली

**हेटौँडाको मुख्य बजार क्षेत्र ।**

**अनिल पराजुली**
*हेटौँडा, मङ्सिर ६ गते*

बागमती प्रदेशको राजधानी हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडकसीमा केन्द्र रेखादेखि २५/२५ गजभित्र बनेका स्थायी तथा अस्थायी प्रकृतिका घरटहरा, संरचना हटाउन १५ दिने अल्टिमेटम दिइएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सडक डिभिजन कार्यालय हेटौँडाले मङ्सिर ५ गते सार्वजनिक सूचना जारी गर्दै अतिक्रमित संरचना हटाउन भनेको हो । डिभिजनले जारी गरेको सूचना अनुसार १५ दिनभित्र सडकको केन्द्र रेखादेखि दायाँबायाँ २५/२५ गज (साढे २२, साढे २२ मिटर अर्थात् जम्मा ४५ मिटर) सम्मको क्षेत्रलाई सडकसीमा मानेको छ । हेटौँडा उपमहानगरपालिका रातोमाटेदेखि बुद्ध चोक हुँदै राप्ती पुलसम्म तथा बुद्ध चोकबाट सामरी पुलसम्म पर्ने क्षेत्रमा बर्सौंदेखि बनेका स्थायी तथा अस्थायी संरचनाले महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको क्षमता र सुरक्षामा असर परिरहेको भन्दै सरकारले संरचना हटाउन आग्रह गरेको सूचनामा उल्लेख छ ।

सडक डिभिजन कार्यालय हेटौँडा मकवानपुरका डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले सडकसीमा खाली गराउन आवश्यक साधनस्रोत र मेसिनरी औजार सरकारले उपलब्ध गराएकाले यो पटक कार्यान्वयनमा जाने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडकसीमा २५/२५ गजभित्र बनेका संरचना खाली गरेर सडक विस्तार गरी यातायात सहजीकरण र सुरक्षित गर्न सरोकारवालालाई सूचना जारी गरेर अनुरोध गरेका छौँ । १५ दिनभित्र स्वेच्छिक रूपमा आफ्नो संरचना हटाएर सडकसीमा संरक्षण गर्ने कार्यलाई सहयोग गरिदिने अपेक्षा गरेका छौँ ।"

हेटौँडा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाले उपमहानगरपालिकाको नगर सभाबाट नै सडक विस्तार गरेर अगाडि बढ्ने निर्णय भएको जानकारी दिदैँ नगरपालिका सहजीकरणका लागि तयार रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सडक विस्तारको विषय सधैँ अनिर्णयको बन्दी बनाइनु हुँदैन, सडक विस्तार हुनु पर्छ, सहयोगका लागि उपमहानगरपालिका तयार छ, सडक विस्तारका क्रममा घरबारविहीन हुन सक्ने नागरिकका लागि अभिभावकत्व प्रदान गर्न उपमहानगरपालिका तयार छ ।"

मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले सरकारको जग्गा स्वस्फूर्त खाली गरिदिन आग्रह गर्नुभएको छ । उहाँले भन्नुभयो, "विरोधका नाममा विरोध गर्नु हुँदैन, विकासलाई कसैले रोक्नु हुँदैन, छिमेकी जिल्ला चितवनमा जस्तै आमनागरिकले नै सहयोग गरेर सडकको जग्गा खाली हुनु पर्छ ।" सडक विस्तारको कार्य अगाडि बढाउन सहयोग गर्न उहाँले आग्रहसमेत गर्नुभएको छ ।

उद्योग वाणिज्य सङ्घ मकवानपुरका अध्यक्ष प्रमोद सिंह रानाभाटले भन्नुभयो, "विरोधी होइनौँ, सडक विस्तार हुनु पर्छ, धेरै व्यवसायी विस्थापित हुने अवस्था आउने भएकाले उहाँहरूको उचित व्यवस्थापन गर्ने बाटो खोज्नु आवश्यक छ ।" २५ गजको सट्टा १६ मिटर वा बाइपास सडकमा जानुपर्ने उहाँको प्रस्ताव छ । सडक डिभिजन हेटौँडा अन्तर्गत पर्ने रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म सडक केन्द्रबाट २५/२५ गजको क्षेत्रमा क्षतिपूर्ति नपाइने फैसला सर्वोच्चबाट भएको सूचनामा उल्लेख छ ।

"२०८०/०३/१० मा यस डिभिजनबाट सडकसीमा अतिक्रमण हटाउन प्रकाशित सूचनाविरुद्ध परेको रिट निवेदनसमेत सर्वोच्च अदालतबाट खारेज भएको सूचनामा उल्लेख गरिएको छ । रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म सडकसीमा २५/२५ गज (७५/७५ फिट) भित्र बनेका स्थायी तथा अस्थायी घरटहरा र अन्य संरचना यो सूचना प्रकाशित भएका मितिले १५ दिनभित्र हटाई सडकसीमा खाली गरिदिन पुनः यो सूचना प्रकाशित गरिएको छ," सडक डिभिजन कार्यालयले भनेको छ ।

महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको अतिक्रमित सीमा खाली गराउन विगतमा पटक पटक सूचना जारी गरिँदै आएको थियो ।

सूचनामा तोकिएको १५ दिनभित्र स्वेच्छिक अतिक्रमण हटाएर सडकसीमा खाली नगरे सडक डिभिजनले संरचना हटाउने र सो क्रममा पर्ने सबै खर्च सार्वजनिक सडक ऐन, २०३१ तथा प्रचलित कानुन अनुसार सम्बन्धित व्यक्तिबाट असुलउपर गरिने चेतावनीसमेत दिइएको छ । कार्यालयले सूचनामा सडक विस्तार, मर्मतसम्भार, आपत्कालीन सेवा सञ्चालन र सवारी आवागमनको सुरक्षित व्यवस्थाका लागि सडकसीमा कायम राख्नु बाध्यकारी भएको उल्लेख गरेको छ । डिभिजनले स्थानीय तह, सुरक्षाकर्मी, उपभोक्ता तथा सरोकारवालासँग समन्वय गरी सडकसीमा संरक्षण अभियानलाई प्रभावकारी रूपमा अघि बढाइने जनाएको छ ।

# थपिए चौध हजार नयाँ मतदाता

**मकवानपुर समाचारदाता**
*मकवानपुर, मङ्सिर ६ गते*

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि मतदाता नामावली दर्ता गर्ने समय सकिएको छ । निर्वाचन प्रयोजनका लागि जिल्लामा करिब १४ हजार जनाले नयाँ मतदाता नामावलीमा नाम दर्ता गराएका छन् । प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेश हेटौँडाका अनुसार पछिल्लो पटक तोकिएको नामावली दर्ता गर्ने अन्तिम दिन शुक्रबारसम्म थपिएका नयाँ मतदातामा अधिकांश युवापुस्ता रहेका छन् ।

सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्यको निर्वाचन गर्ने गरी मिति तोकेपछि गत असोज १० गतेदेखि फोटोसहितको मतदाता नामावली दर्ता गर्न सुरु गरिएको हो । मतदाता नामावली दर्ताका लागि सुरुमा कात्तिक मसान्तसम्म रहेकोमा प्रधानमन्त्री सुशीला कार्कीको आग्रहपछि मङ्सिर ५ गते शुक्रबारसम्म पाँच दिन म्याद थप गरिएको थियो । प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेशका निर्वाचन अधिकारी हरिप्रसाद ढकालले गत असोज १० गतेदेखि शुक्रबारसम्म मकवानपुरमा भौतिक उपस्थिति भएर (बायोमेट्रिक) उक्त अवधिमा मकवानपुरमा छ हजार ९७० जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको जानकारी दिनुभयो । उहाँका अनुसार यो अवधिमा राष्ट्रिय परिचयपत्रमार्फत बिहीबारसम्ममा छ हजार ८६० जनाले नयाँ नाम दर्ता गराएका छन् ।

उहाँले आइतबार राष्ट्रिय परिचयपत्रमार्फत शुक्रबारसम्म नयाँ मतदाताका लागि मतदाता नामावलीमा शुक्रबारसम्म नाम दर्ता गराएका सबैको विवरण प्राप्त हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गराउनेको सङ्ख्या बढ्ने बताउनुभयो । बायोमेट्रिकमार्फत गत असोज १० गतेदेखि ३१ गतेसम्म ५०६ महिलासहित एक हजार २७० जनाले र कात्तिक महिनाभर दुई हजार ९९ महिलासहित चार हजार ९४३ जनाले नाम दर्ता गराएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

मङ्सिरमा थप गरिएको पाँच दिनको अवधिमा बायोमेट्रिकमार्फत महिला ३४८ सहित ७५७ जनाले नाम दर्ता गराएको तथ्याङ्क छ । उहाँका अनुसार विगतको तुलनामा यस पटक नाम दर्ता गर्नेमा युवापुस्ताको उत्साह देखिएको थियो । यसैबिच जिल्लाको मतदान स्थलको नाम संशोधन र परिवर्तनका लागि मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले निर्वाचन आयोगमा सिफारिस गरी पठाइएको छ । मकवानपुर जिल्लामा १६७ मतदान स्थल रहेका छन् ।

दुई वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेको जिल्लामा गत असोज मसान्तमा सार्वजनिक मतदाता नामावली अनुसार तीन लाख दुई हजार २४३ मतदाता थिए ।

# पच्चिस मतदान स्थल अति संवेदनशील सूचीमा

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, मङ्सिर ६ गते*

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी सिन्धुलीमा तीव्र हुँदै गएको छ । निर्वाचनको तयारीस्वरूप मतदाता नामावलीमा नाम दर्ता गराउने, नामावली अद्यावधिक कार्यसँगै सुरक्षाको तयारी भइरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले मतदान स्थललाई तीन भागमा वर्गीकरण गरी निर्वाचन आयोगसमक्ष सिफारिस गरेको प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त निर्वाचनका लागि १५१ वटा मतदान स्थल र २६७ वटा मतदान केन्द्र प्रस्ताव गरी केन्द्रसमक्ष सिफारिस गरिएको छ । जिल्लाभरिका मतदान स्थललाई सुरक्षाका दृष्टिले अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन भागमा वर्गीकरण गरिएको छ । जस अनुसार अति संवेदनशील २५ वटा, संवेदनशील ६५ वटा र सामान्य ६१ वटा मतदान स्थल सूचीमा रहेका छन् ।

यसअघि २०७९ मङ्सिरमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा पनि सिन्धुली जिल्लामा कुल १५१ मतदान स्थल कायम गरिएको थियो । तीमध्ये २५ वटालाई अति संवेदनशील, ६४ वटालाई संवेदनशील र ६२ वटा सामान्य सूचीमा मतदान स्थल रहेका थिए ।

"अहिले कुल मतदान स्थल त्यसैलाई कायम गरी निर्णय गरेर पठाएका छौँ," प्रमुख जिल्ला अधिकारी श्रेष्ठले भन्नुभयो, "त्यसमा हेरफेर र थपघट गर्नुपर्ने भए पालिकालाई जानकारी गराउँदा पहिलाको जे छ, त्यही ठिक छ भन्ने राय आएको छ ।" जिल्ला निर्वाचन कार्यालयका अनुसार प्रतिनिधि सभाका दुई वटा निर्वाचन क्षेत्र रहेको सिन्धुली जिल्लामा नौ वटा स्थानीय तहमा ७९ वटा वडा छन् । सिन्धुलीमा २०७९ मङ्सिरमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा दुई लाख आठ हजार ३६९ मतदाता रहेका थिए ।

आयोगले पछिल्लो पटक असोज ८ गते सार्वजनिक गरेको मतदाता नामावली विवरण अनुसार सिन्धुलीमा हाल दुई लाख आठ हजार ४१५ जना मतदाता कायम भएका छन् । यही मङ्सिर ५ गतेसम्म नयाँ मतदाता नामावली सङ्कलनको काम भइरहेकाले केही मतदाता बढ्ने कार्यालय प्रमुख ईश्वरनाथ मिश्रले बताउनुभयो । उहाँका अनुसार हाल दुई हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन् ।

# कागजमै सीमित आयोजना बैङ्क

**हेटौँडा समाचारदाता**
*हेटौँडा, मङ्सिर ६ गते*

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ल्याएको ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपियाँको बजेट कार्यान्वयन गरिरहेको छ ।

यो बजेटमा चितवनका ज्ञानहरि अर्यालको घरदेखि वागेश्वर शिव मन्दिरसम्मको सडकका लागि बजेट छुट्याइएको छ । त्यसै गरी धर्म परियारको घरदेखि लामा राइस मिलसम्म र हस्तबहादुर थापाको घर हुँदै सामुदायिक भवनसम्म सडक स्तरोन्नतिका लागि पनि रकम विनियोजन गरिएको छ । प्रदेश सरकारले यो वर्ष बजेट छुट्याइएका आयोजना केही सीमित व्यक्तिका लागि लाभ पुऱ्याउने आयोजना हुन् । यी आयोजना प्रतिनिधिमूलक उदाहरण मात्र हुन् । यस्ता सयौँ आयोजना चालु आवमा प्रदेश सरकारले कार्यान्वयन गर्दै छ तर यी आयोजना प्रदेश सरकारले निर्माण गरेको 'आयोजना बैङ्क' मा प्रविष्ट भएका आयोजना होइनन् । कुनै परियोजनामा बजेट विनियोजन गर्दा ती परियोजना आयोजना बैङ्कमा प्रविष्ट भएको हुनुपर्ने कुरा पनि बेला बेला प्रदेश सरकारले भन्दै आएको छ ।

बागमती प्रदेश सरकारले हचुवाका भरमा बजेट विनियोजन गर्ने प्रवृत्तिलाई रोक्न आयोजना बैङ्कको अवधारणा अघि सारेको थियो । योजना तर्जुमा र छनोट प्रणालीलाई तथ्यगत र औचित्यमूलक बनाउने उद्देश्यसहित आयोजना बैङ्क स्थापना गरेको प्रदेश सरकारको भनाइ छ तर जुन उद्देश्यले आयोजना बैङ्क सुरु गरिएको थियो, सो अनुसार कार्यान्वयन भने भएको छैन । बजेट विनियोजनमा दलीय भागबन्डा, दलका नेताको तजबिजी, प्रभाव र पहुँच हाबी हुँदा आयोजना बैङ्कका पानाभित्र समेटिएका योजना प्रदेश सरकारको आँखामा पर्न नसकेका हुन् ।

सात महिनाअघि आयोजना बैङ्क सञ्चालनका लागि सुरु गरिएको प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली व्यवहारमा लागु हुन नसक्दा आयोजना बैङ्क कागजमै सीमित बन्न पुगेको छ । बजेट कार्यान्वयनका क्रममा प्रादेशिक विषयगत मन्त्रालयले बजेट प्रविष्टि प्रणालीमार्फत मात्र योजना र बजेट प्रविष्ट गर्ने प्रचलन कायम रहँदा आयोजना बैङ्कको सो प्रणाली प्रयोगमा आउन सकेको छैन ।

बागमती प्रदेश नीति तथा योजना आयोगका प्रवक्ता अच्युतप्रसाद उपाध्यायका अनुसार आयोजना बैङ्क र मन्त्रालयको सफ्टवेयरबिच कुनै समन्वय नै छैन । उहाँले भन्नुभयो, "दुवैतिर योजना प्रविष्ट हुन्छ तर बजेट कार्यान्वयनका चरणमा आयोजना बैङ्कमा प्रविष्ट भएको योजनालाई हेरेर निर्णय नहुने अवस्था अझै कायम छ, त्यसैले आयोजना बैङ्कको प्रणाली बने पनि कार्यान्वयनमा पुग्न सकेको छैन ।"

प्रदेश सरकारले आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सञ्चालन दिग्दर्शन २०८० जारी गरेर पूर्वाधार विकासका नयाँ आयोजनाको हकमा ५० लाख रुपियाँभन्दा माथि लागत भएका र पूर्वाधारबाहेकका कार्यक्रमको हकमा २५ लाख रुपियाँभन्दा माथिका योजना मात्र समावेश गर्ने व्यवस्था गरेको थियो तर व्यवहारमा प्रदेश सरकारले साना, टुक्रे र व्यक्तिको नामै तोकेर बजेट विनियोजन गरेको पाइएको छ ।

ललितपुर, काभ्रेपलाञ्चोक र काठमाडौँका विभिन्न पूर्वाधार विकास कार्यालयबाट कार्यान्वयन हुने योजनामा पनि व्यक्तिको नाम र घर ठेगाना तोकेर बजेट विनियोजन गरेको पाइएको छ । जसमा अधिकांश १० लाख रुपियाँका आयोजना छन् । प्रदेश सरकारले २०७५ र २०७९ सालमा गरी दुई पटक आयोजना बैङ्क निर्माण गरे पनि २०८१ चैतबाट तेस्रो चरणबाट कार्यान्वयनमा गएको आयोजना बैङ्कको मुख्य उद्देश्य बजेट प्रणालीलाई व्यवस्थित बनाउने र योजना छनोटलाई पारदर्शी र प्रभावकारी बनाउने भए पनि राजनीतिक हस्तक्षेप र तजबिजी प्रवृत्तिले यसको कार्यान्वयन चुनौतीपूर्ण बनेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्याङ्क अनुसार बागमती प्रदेशमा १० लाखसम्मका १३ हजार ९८१ वटा योजना छन् । यी योजना वडा कार्यालयलाई पनि अपुग हुने स्तरका साना हुन् । साना योजनालाई निरुत्साहित गर्नुपर्ने अवस्था रहे पनि प्रदेश सरकारले निरन्तर प्रश्रय दिइरहेको छ ।

चालु आवको बजेटमध्ये सबैभन्दा धेरै आयोजना भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत छन् । उक्त मन्त्रालय अन्तर्गत चार हजार ५७६ वटा योजना समेटिएका छन् । त्यसै गरी खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय अन्तर्गत चार हजार ५३६ वटा योजना छन् । यी दुई मन्त्रालयमा मात्र प्रदेशका करिब आधा योजना केन्द्रित भएको देखिन्छ । सबैभन्दा कम योजना सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत १०६ वटा छन् ।

प्रदेशमा आयोजना बैङ्कको कार्यान्वयन कमजोर छ । प्रदेश गौरवको आयोजना निर्माण गरेर प्रदेशको औचित्य पुष्टि गर्ने गरी काम हुन सकेको छैन, आयोजना बैङ्कभन्दा बाहिरका बिनाअध्ययन फरक बाटोबाट योजना हाल्ने प्रवृत्ति कायमै रहेको खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयका प्रदेश सचिव इन्द्रदेव भट्टको बुझाइ छ ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**
बबरमहल, काठमाडौँ ।
(आर्थिक प्रशासन शाखा)

फोन नं. : ०१-५३२०५६७
: ०१-५३२०३११/४३३
Email: account@feb.gov.np

**मुद्दती निक्षेपमा लगानी गर्न सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना ।**

मिति : २०८२।०८।०७

यस सचिवालयको वैदेशिक रोजगार कल्याणकारी कोषको निक्षेप रकम रु. ६७ करोड १ वर्षका लागि मुद्दती निक्षेपमा पुनः लगानी गरिने भएकाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' वर्गका वाणिज्य बैङ्कहरू आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गर्ने ब्याज दर लगायत अन्य विवरण सहितको अधिकतम निक्षेप लगानी पूरा नभएका बैङ्कहरूले यस सचिवालयको वेबसाइट **www.feb.gov.np** मा रहेको कल्याणकारी कोषको रकम (वाणिज्य बैङ्क) मा निक्षेप रकम लगानी गर्ने कार्यविधि २०७५ को अनुसूची-२ बमोजिमको दरभाउपत्र फाराम डाउनलोड गरी मिति २०८२।०८।१४ गते दिनको १२:०० बजेभित्र यस सचिवालयमा सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै वाणिज्य बैङ्कहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । पेश हुन आएका सिलबन्दी प्रस्तावहरू सोही दिनको १७:०० बजे यस सचिवालयमा खोलिनेछ । ३० (तीस) दिनभन्दा कम मान्य अवधि भएको दरभाउपत्र उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।



Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Agriculture
**Center for Agricultural Infrastructure Development and Mechanization Promotion**
Harihar Bhawan, Lalitpur
Tel: 01-5422439/5424228, Email: campid2075@gmail.com

**Invitation for Bids**

Date of Publication: 23 November, 2025 (2082/08/07)

Center for Agricultural Infrastructure Development and Mechanization Promotion Harihar Bhawan, Lalitpur invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information from above office or may visit PPMO website **www.bolpatra.gov.np/egp**.

| S. N. | Detail of the Works | Estimated Amount with VAT & PS (NPR) | Bid Document Fee (NPR) | Bid Security Amount (NPR) | Bid Submission Deadline |
|---|---|---|---|---|---|
| 1. | Construction of RBPR Lab and Canteen in Agricultural Wholesale Market, Attariya, Kailali Contract ID: CAIDMP/WORKS/NCB-2/2082/83 | 69,53,183.92 | 3,000.00 | 2,00,000.00 | Date: 23 December, 2025 Time: 12:00 PM |

**Chief of the Office**



Government of Nepal (GoN)
**Kathmandu Valley Water Supply Management Board (KVWSMB)**
LMC-18, Saibu, Lalitpur, Nepal

**Invitation for Re-Bid**

Date of Publication : 2082/08/07 (23 Nov., 2025)

Kathmandu Valley Water Supply Management Board(KVWSMB) invites Electronic Bids for the **Operation, Maintenance, Management & Security of Automatic Water Dispensers at various location of Kathmandu Valley** from eligible bidders for the procurement of following:

| S.N. | IFB No. | Contract Identification No. | Name of the Project | Date of Publication | Bid Security Amount (NRs.) | Date of Pre-Bid Meeting | Bid Document Amount (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | KVWSMB/ Services/ NCB-02/082/83 | KVWSMB/ Services/NCB-02/082/83 | Operation, Maintenance, Management & Security of Automatic Water Dispensers at various location of Kathmandu Valley | 2082/08/07 (23-11-2025 00:00) | 5,30,000.00 | 2082/08/14 (30-11-2025) 13:00 | 5,000.00 |


Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of KVWSMB, Sainbu, Lalitpur, 01-5591937 / 01-5591737, Email: *info@kvwsmb.org.np* or may visit e-GP system: *www.bolpatra.gov.np/egp*. Bidding documents is available online and can be downloaded from e-GP system: *www.bolpatra.gov.np/egp*. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Name of the Bank** : Nabil Bank
**Name of the Office** : Kathmandu Valley Water Supply Management Board
**Office Account No** : 1901017500565

Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp on or before 09-12-2025 12:00. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 09-12-2025 13:00 PM at the office of KVWSMB, Sainbu, Lalitpur. Bids must be valid for a period of 90 days. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

गोरखापत्र
gorkhapatraonline.com

मेहनत यसरी गर्नु कि भाग्य पनि तिमीलाई साथ दिन बाध्य होस् ।
*-एपिजे अब्दुल कलाम*



## सम्पादकीय

# न्याय र परिपूरणमा ढिलाइ

**न्याय दिन ढिलो गर्नु न्याय नदिनु हो भनिन्छ । तत्कालीन विद्रोही नेकपा (माओवादी) को विद्रोहबाट पीडित पक्षले अहिलेसम्म न्याय पाउन सकेका छैनन् । माओवादीको सशस्त्र विद्रोह २०५२ साल फागुन १ गतेबाट सुरु भई २०६३ साल मङ्सिर ५ गते शान्ति सम्झौतासँगै अन्त्य भएको थियो । १० बर्से विद्रोहलाई राजनीतिक अवतरण गराएको यो विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष पूरा भएको छ । यस अवधिमा सम्झौता अनुसारका काम भने हुन सकेनन् । माओवादीका लडाकु व्यवस्थापनमा देखिने प्रगति भए पनि शान्ति सम्झौताले ६० दिनभित्र सम्पन्न गर्ने भनिएका काम अझै पूरा भएका छैनन् । पीडितले अपेक्षा गरेको न्याय र परिपूरणका काम धेरै बाँकी छन् । राज्यको प्राथमिकतामा द्वन्द्वपीडितको न्याय प्राथमिकतामा पर्न छाडिसकेको छ । बेपत्ताको अवस्था सार्वजनिक गर्नेलगायतका काममा ठोस प्रगति हुन सकेन । सहमतिमा छ महिनाको अवधि तोकिएको भए पनि आयोग बन्न झन्डै दशक लाग्यो । ढिलै गरी सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भए । २०७१ माघ २८ मा ती आयोग गठन भएका थिए तर आयोग आफ्नै भौतिक पूर्वाधार, कानुनी संरचना र जनशक्तिमै लामो समय रुमल्लिए । सत्ता राजनीति परिवर्तनले गर्दा यसअघि दुई पटकसम्म पदाधिकारीले आफ्नो कार्यकाल पूरा गरे तर मूल दायित्वको कार्यसम्पादन गर्न सकेनन् ।**


**राजनीतिक र न्यायिक चक्रबिच पछिल्लो पटक गठित आयोगले चार महिना अवधि पूरा गरेका छन् तर कानुनी, व्यवस्थापकीय र जनशक्तिको सीमाबिच काम अघि बढाउन आयोगलाई सकस परिरहेको छ । जेनजी आन्दोलनपछि सङ्क्रमणकालीन न्यायको प्राथमिकतासमेत फेरिएको छ । सरकारले आयोगको कोष परिचालनलगायतका नीतिगत प्रबन्ध गरे पनि नियमावली तर्जुमा, जनशक्ति व्यवस्थापनलगायतका काम हुन सकेका छैनन् । पछिल्लो पटक दुवै आयोगले संशोधित कानुनी व्यवस्था अनुसार उजुरी सङ्कलन, नियमावली मसौदा, कोष परिचालनको कार्यविधि निर्माण, चारबर्से रणनीतिक योजना तर्जुमा, पीडितसँग छलफललगायतका काम गरिरहेका छन् । प्राप्त उजुरीको छानबिन, सत्य अन्वेषणलगायतका कामलाई आयोगले अपेक्षित रूपमा अघि बढाउन सकेका छैनन् । सत्य निरूपण तथा मेलमिलाप आयोगले नियमावली, जनशक्ति व्यवस्थापनलगायतका कामलाई शीघ्र अघि बढाइदिन सरकारसँग आग्रह गरेको छ । अब सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐनको व्यवस्थाबमोजिम नियमावली चाहिएको छ । यसलाई सरकारले प्राथमिकता दिनु पर्छ । जनशक्ति व्यवस्थापनमा पनि सरकारले सहयोग गर्नुपर्ने अवस्था छ । आयोगले पछिल्लो समय छुट उजुरी लिने काम सकेको छ । छुट उजुरी १५ हजारभन्दा बढी दर्ता भएका छन् । पुरानोसमेत गरी ८० हजार हाराहारीमा उजुरी सत्य निरूपणमा मात्र परेका छन् । आयोगले काम सम्पन्न गर्ने गरी समयतालिकासहितको रणनीतिक योजना पनि बनाएको छ । तैपनि काम द्रुत गतिमा हुन सकेको छैन ।**

**जेनजी आन्दोलनपछि गठित सरकारको मूल दायित्व निर्वाचन भएसँगै आयोगका काममा केही प्राथमिकता फेरिएका छन् तर द्वन्द्वका पक्षधर नै सरकारमा रहेको अवस्थामा पनि पीडितलाई न्यायको सार्वजनिक प्रतिबद्धता कार्यान्वयन खरो रूपमा हुन सकेको थिएन । व्यावहारिक रूपमा सङ्क्रमणकालीन न्याय व्यवस्थापनमा राज्य र राजनीतिक दल उदासीन जस्तै बनेका थिए । यो १९ वर्षमा द्वन्द्वमा मारिएका र बेपत्ता पारिएकाहरूले मुद्दा दर्ता गर्ने र त्यसमा आयोगले प्रारम्भिक अनुसन्धान गर्नेबाहेकका केही काम हुन सकेनन् । विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष बितिसक्दा पनि द्वन्द्वपीडितका मुख्य समस्या जस्ताका तस्तै छन् । लडाकु समायोजनबाहेक बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्ने र मानव अधिकार उल्लङ्घन छानबिनका काम अझै अधुरै छन् । सरकार र आयोगहरू बारम्बार परिवर्तन भए पनि पीडितले न्याय र सत्यको प्रत्याभूति पाउन सकेका छैनन् । यसैबिच राष्ट्रिय मानव अधिकार आयोगले शान्ति प्रक्रियालाई शीघ्र टुङ्गोमा पुऱ्याउन आग्रह गरेको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका केही काम पूरा भए पनि द्वन्द्वपीडितलाई न्याय दिने काम पूरा नहुँदा पीडितको समयमै न्याय प्राप्त गर्ने अधिकार कुण्ठित बन्न पुगेको छ । बेपत्ता पारिएका तथा युद्धका क्रममा मारिएकाको अवस्थाबारे सूचना सार्वजनिक गरी परिवारलाई जानकारी गराउने व्यवस्था अहिलेसम्म हुन नसक्नु चिन्ताको विषय हो । सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन र अपराधमा संलग्नको सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न ढिलो भइसकेको छ । उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन कार्य नै ढिला भयो । तीन पटक आयोग गठन भए पनि न्याय निरूपणको विषय टुङ्गोमा पुग्न सकेन । अतः यो विद्रोहका दोषीलाई कानुनी कारबाही गर्न र द्वन्द्वपीडितलाई न्याय दिन ढिला गर्नु हुँदैन ।**

## १०० वर्ष अधिको

## गोर्खापत्र

१९८१ साल पौष ८ गते सोमबार


गोर्खापत्रको नियम ।
गोर्खापत्रको पेस्की वर्षदिनलाइ सदर मोफसल सर्वत्र ४ रुपैंया मात्र छ, ठेगाना बदल्नुपर्‍यो भने छाडेको ठाँकोर सरेको ठाममा ठेगानासमेत लेखिपठाउनु

### गोर्खापत्रको नियम ।

गोर्खापत्रको पेस्की वर्षदिनलाइ सदर
मोफसल सर्वत्र ४ रुपैंया मात्र छ,
ठेगाना बदल्नुपर्यो भने छाडेको
ठाँकोर सरेको ठाममा
ठेगानासेमेत लेखिपठाउनु

## चिन्तन

एक: स्वादु न भुञ्जीत:
एकस्चार्थान्न चिन्तयेत् ।
एको न गच्छेद्ध्वानं नैक: सुप्तेषु
जागृयात् ॥

**एक्लै स्वादिलो भोजन नगर्नू, एक्लै कुनै विषयको निर्णयमा नपुग्नू, एक्लै बाटो नहिँड्नू र धेरैजना सुतेको ठाउँमा आफू एक्लो जागा नबस्नू !**

– विदुर नीति

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# निर्वाचन सफल पार्न गोलमेच



रामनारायण विडारी




विसं २०३१ देखिको राजनीतिक आन्दोलनलाई नियालेर हेर्दा २०८२ को आन्दोलन एक प्रकारको विद्रोह जस्तो देखिन्छ । हुन त विद्रोह एक्लैले पनि गर्न सकिन्छ । विद्रोही एक्लै पनि हुन्छन् । सङ्गठित विद्रोह पनि हुन्छ । विद्रोहीले विद्रोह गर्दा नतिजा प्राप्त गर्न पनि सक्छन्, नगर्न पनि सक्छन् अर्थात् सफल वा असफल दुवै हुन सक्छन् । कलिला बालबालिकाबाट विद्रोहकारी परिवर्तन सम्भव छ । विद्रोह भनेको बेठिक भत्काइदिने र ठिक बनाइदिने हो । समाजको बेथिति भत्काइदिने र थिति बसालिदिने नीति नै विद्रोहको सार हो । संसारमा धेरै विद्रोही जन्मिए । बुद्ध पनि विद्रोही नै थिए । मार्क्स पनि विद्रोही नै हुन् । ग्यालिलियो, सुकरात, लक्ष्मीप्रसाद देवकोटा, रूपचन्द्र विष्ट, रविन्द्रनाथ टेगोर, वर्नाड रसल्स जस्ता पनि विद्रोही नै हुन् । आइन्सटाइन, न्युटन पनि समाजका विद्रोही नै हुन् । विद्रोह गर्न पाउनु व्यक्तिको जन्मसिद्ध अधिकार हो । विद्रोहीलाई सुन्ने बुझ्ने विद्वान्हरूले गर्छन् । मूर्खले विद्रोही सक्ने नीति बनाउँछन् । विद्रोही मास्न सकिँदैन, यो त रक्तबीज जस्तो गरी आउँछ । विद्रोहले नै समाजको विकास हुन्छ । बेठिक नास हुन्छ र ठिक सुरु हुन्छ । बेठिक भत्काउने र ठिक बनाउने ज्ञान नै थाहा हो । सत्य ज्ञानको नाम हो, ठिक कामको नाम हो । थाहा यी दुवैको नाम हो ।

सप्रेको समाज थाहा पाएर सप्रे भने बिग्रेको समाज भ्रममा परेर बिग्रे । यही द्वन्द्व नेपालमा चलिरहेको छ । लामो समय नेपालले राजनीतिक आधार समात्न सकेको थिएन । अहिले २०७२ बाट राजनीतिक आधार समाउन संविधानले सकेको छ तर संविधानको पालना गर्न पर्ने राज्यका निकाय वा पदाधिकारीले संविधान पालना गर्न सकिरहेका छैनन् । यो संविधान राजनीतिक स्थिरताका लागि आयो तर पदाधिकारीले स्थिर सरकार चलाउन सकेनन् । यो संविधान भ्रष्टाचार रोक्न आयो तर भ्रष्टाचारीलाई तह लगाउने निकाय सक्षम भएन । यो संविधान वाक् तथा प्रकाशन स्वतन्त्रताका निम्ति पूर्ण प्रेस स्वतन्त्रता लिएर आयो तर सरकारले त्यो पचाउन सकेन । संविधानले सबै धर्मको सम्मान र संरक्षण गर्ने कुरा गऱ्यो सरकार र राजनीतिक दलले सो पालना गर्न सकेनन् । संविधानले स्वतन्त्र तथा स्वच्छ न्यायालयको कल्पना गरेको थियो तर दलहरूले दलीयकरण गर्ने प्रयास तीव्र रूपमा गरे ।

भदौ २३ मा भएको युवा आन्दोलन र २४ को अपराधजन्य कार्य हुन पुग्यो । दुवै घटनालाई सूक्ष्म रूपमा अध्ययन र मूल्याङ्कन गर्न आवश्यक छ । २३ गते जेनजीको नामबाट घोषित आन्दोलन वैधानिक रूपमा थियो । आन्दोलनको उद्देश्य पनि पवित्र थियो । यसलाई सफल पार्न गरिएको आन्दोलन पनि सफा नियतका साथ गरिएको थियो । धेरैले लामो समय योगदान गरेर वा बलिदान गरेर प्राप्त गरेको वाक् तथा प्रकाशन स्वतन्त्रताको नतिजा सामाजिक सञ्जाल सञ्चालन थियो । यो हरेक व्यक्तिकहाँ पुग्ने सञ्चार साधन थियो । देश दुनियाँ थाहा पाउने माध्यम थियो । यसलाई तत्कालीन सरकारले बुद्धिहीनता कार्य गरेर बन्द नै गरिदियो । उक्त बन्द खुलाउने उद्देश्य यो आन्दोलनको थियो ।

अर्को देशमा व्याप्त भ्रष्टाचार थियो । सबै जसो पदाधिकारी भ्रष्टचारमा लिप्त थिए । नेता, दल, कार्यालय, निकाय सर्वत्र भ्रष्टाचार थियो । यसलाई हटाउने नारा यो आन्दोलनको थियो । यो दुवै माग जनतासँग सरोकारको थियो । यो माग सरकारले २२ गते नै पूरा गर्न सक्थ्यो । भ्रष्टाचारसम्बन्धी कुरा एक स्वतन्त्र संयन्त्र बनाएर अनुसन्धान गराउने कार्य गर्न पनि सक्थ्यो तर सरकारले यसलाई बेवास्ता गरेर बस्यो । २३ गते राति सामाजिक सञ्जाल खोल्न सक्ने सरकारले २२ गते नै खोल्न सक्थ्यो तर उसले सो कुरा मानेन, घमण्डी बन्यो । २३ गते उपत्यकाभित्रका सबै विद्यालय ९ बजे नै छुट्टी दिए परिणामतः सबै विद्यार्थी आन्दोलन स्थलमा आए । कलेजका विद्यार्थी आफ्ना मागप्रति विश्वस्त थिए । गोली चलाउने कुरा कल्पना पनि गर्दैनथे ढुक्कसँग आन्दोलनमा हौसिएर समावेश भए ।

आज पनि आन्दोलनको म्यान्डेट वा युवापुस्ताको माग पूरा हुन सकेको छैन । निर्दोष व्यक्तिको सम्पत्ति नोक्सान पुऱ्याएर उसलाई मानसिक पीडा दिइयो । भ्रष्टलाई खासै असर परेन । यस्तो अवस्थामा सबै राजनीतिक दलको गोलमेच सम्मेलन गरी विद्रोही पक्षसमेतलाई समेटेर संविधानका केही प्रावधान संशोधन गरेर तोकिएको मितिमै निर्वाचन सम्पन्न गर्ने दिशामा अघि बढ्नु पर्छ ।

नेतृत्वले घुसपैठको योजनातर्फ ध्यान दिन सकेन । आन्दोलन शान्तिपूर्ण नै थियो एक्कासि भड्काइयो, र अन्धाधुन्दा गोली चल्यो । ५ बजेसम्ममा त १९ जना सहिद भइसकेको विषय प्रचारमा आयो । सामाजिक सञ्जाल खुलेको घोषणा सरकारले गऱ्यो । यो कार्यले गर्दा आमजनतामा आक्रोश बढ्यो । रातभरमा षडयन्त्रकारीले अनेक योजना पनि बुन्ने/बनाउने गरे । गृहमन्त्रीले राजीनामा पनि गरे तर ती अबोध बालबालिका बिनाकारण मारिएकोमा सहन सक्ने धैर्यता सबैमा कहाँ थियो र ! रातभर रोए कराए । बिहान सरकारले चक्रपथभित्र कर्फ्य जारी गऱ्यो । जनता झन् आक्रोशित भए । यो सबै सरकारको दम्भको कारण भइरहेको थियो । बिस्तारै आक्रोशित जनताको भिड चक्रपथबाहिर एकत्रित भई शासनमा बसेका नेताको घरमा आक्रमण गर्न पुग्यो । यही मौकामा विभिन्न ठाउँमा रिसइबी साँध्ने, डाहा गर्नेहरूले पनि उपयुक्त मौका पाए । जसका कारण निर्दोष वा यो सत्तामा नभएका वा सत्ताका विरोधीको निजी घरमा पनि आक्रमण हुन पुग्यो । जनताको आक्रोशलाई घुसपैठ समूहले दुरुपयोग गर्दै राज्यको सम्पत्तिमाथि धावा बोल्न थाले । राणाकालमा बनेका दरबार यसभन्दा अगाडिका आन्दोलनले तहसनहस गरेन, संरक्षण गरेर राखेकाले नै आज ती दरबार राज्यले प्रयोग गर्न पाइरहेको छ । भदौ २४ को त्यो अपराधजन्य कार्यकै कारण ती राज्यका सम्पत्ति ध्वस्त सखाप भए । जसले नेपाली जनतामा ऋण अझै बढाउँदै लैजाने छ ।

देशमा संविधान सभाबाट जारी भएको संविधान पनि छ । यो संविधान विश्वको लोकतान्त्रिक संविधानमध्येकै हो । संविधानको प्रयोगकर्ता पदाधिकारी र निकायले नै गलत तरिकाले सञ्चालन गरेको कारण देश गरिब भयो र जनताको थाप्लोमा ऋण थप हुने कार्य भइरहेको छ । राजनीतिक दलले निश्चित राजनीतिक मार्गदर्शन अझै दिन सकेका छैनन् । आपसमा भिडन्तमा छन् । जेनजी समूह, राष्ट्रपति, प्रधान सेनापतिका बिचमा भदौ २५/२६ गते वार्ता हुँदा सम्झौता गरिनु पर्दथ्यो । पहिलो संविधान संशोधन गर्ने, यसका निम्ति भइरहेको संसद्लाई एक दिनका निम्ति बोलाउने र त्यसले संविधान संशोधन गर्ने अनि त्यही दिन संसद् भङ्ग गर्न सक्नुपर्थ्यो । दोस्रो, आन्दोलनलाई दमन गर्ने र फौजदारी अपराध गर्नेलाई कानुनबमोजिम दण्ड दिन आयोग गठन गर्ने र सोही दिनबाट दोषीलाई पक्राउ गरी म्याद थप गर्ने । तेस्रो, भ्रष्टाचारीलाई कारबाही गर्न उच्चस्तरीय सम्पत्ति छानबिन न्यायिक आयोग बनाउने । चौथो, १० जनाको मन्त्रीमण्डल चुनावका लागि गठन गर्ने । जसमा युवा पुस्ता र विज्ञ राख्ने । यो काम तत्काल गर्नुपर्ने थियो ।

माथि उल्लिखित कार्य त्यस बेला हुन सकेन । आज पनि आन्दोलनको म्यान्डेट वा युवापुस्ताको माग पूरा हुन सकेको छैन । विद्रोहीको मर्यादा भएन । राष्ट्रको ठुलो क्षति हुन पुग्यो । निर्दोष व्यक्तिको सम्पत्ति नोक्सान पुऱ्याएर उसलाई मानसिक पीडा दिइयो । युवापुस्ता र विद्रोही झन् पीडामा पुगे । भ्रष्टलाई खास असर परेन । राजनीतिमा उलटपुलट भएन । सरकार मात्र बदलियो । रीतिथिति बदलिएन । यस्तो अवस्थामा सबै राजनीतिक दलको गोलमेच सम्मेलन गरी विद्रोहीसमेत समेटेर संविधानका केही प्रावधान संशोधन गरेर तोकिएको मितिमै निर्वाचन सम्पन्न गर्ने दिशामा अघि बढ्नु पर्छ । यो सरकार र दल साथै विद्रोही युवाले सुझबुझको साथ काम गर्न एक दिनका लागि मात्र संसद् ब्युँताउने र संविधान संशोधन गर्ने, १६ वर्ष पुगेकाले भोट हाल्न पाउने व्यवस्था गर्ने, १८ वर्ष पुगेकाले प्रतिनिधि सभामा उठन पाउने, प्रत्यक्ष निर्वाचन हुने, विज्ञहरू मन्त्री हुनेलगायतका अन्य उपयुक्त संशोधन गर्ने । त्यसपछि संसद् विघटन हुने यो सरकारमा युवा मन्त्री थप गर्ने । निर्वाचन सबै मिलेर सम्पन्न गर्ने । यो नै अहिलेको मुख्य काम हो । यसो गर्दा संविधानले छेक्छ भन्ने कुरा आउँछ तर छेक्दैन । सबै बसेर बहस गर्न सकिन्छ । सरकारले त्यसको पहल गरोस् ।

# पहिचान जोगाउने मौलिक मार्ग



इन्द्रकुमार श्रेष्ठ

जब बिहानीको सूर्य हिमालको टाकुरामा ठोकिन्छ र पहिलो किरणले हाम्रो माटोलाई स्पर्श गर्छ, तब हामी नेपालीले एउटा शाश्वत प्रश्नको सामना गर्नु पर्छ– हाम्रो यात्राको दिशा कुन हो ? के हामीले आफ्नो मौलिक पहिचान बिर्सेर अरूको पदचाप पछ्याइरहनु पर्छ ? यो ज्ञानको द्रुत प्रवाह भएको युग हो, जहाँ विश्वका विचारहरूले हरेक मनलाई प्रभावित गर्न खोज्छन् । कसैले कार्ल मार्क्स र माओका कठोर दर्शनमा मुक्ति देख्छन्, कसैले गान्धीको अहिंसात्मक बाटोलाई पछ्याउँछन् । विश्वका यी महान् चिन्तकका विचारलाई अध्ययन गर्नु ज्ञानका लागि अवश्यै महत्त्वपूर्ण छ तर हाम्रो धरातलीय यथार्थ र हाम्रो गन्तव्यको मार्गचित्र कोर्न हामीले आफ्नै घरको दियो बाल्नु अपरिहार्य छ । हामीलाई थाहा हुनु पर्छ कि हाम्रो जीवनको गहिराइ, हाम्रो मानवीय भावनाको जग र हाम्रो सामाजिक सद्भावको मूल स्रोत हामीभित्रै, हाम्रो प्राचीन सभ्यतामा छ ।

हाम्रो गौरवशाली पूर्वीय दर्शनले हामीलाई दिएका अमूल्य सूत्रहरू विश्वका कुनै पनि आयातित दर्शनभन्दा कम छैनन्, बरु मानवीय भावनामा बढी उत्कृष्ट छन् । 'वसुधैव कुटुम्बकम्' को घोषणाले संसारलाई एउटै परिवार ठान्ने उच्चतम सहिष्णुताको पाठ पढाउँछ । यो कुनै भौगोलिक वा राजनीतिक सीमाले बाँधिएको सङ्कीर्ण विचार होइन, यो त विश्व भाइचारा र शान्तिपूर्ण सहअस्तित्वको आधारभूत दर्शन हो । त्यस्तै, जब हामी निष्काम भावले 'सर्वे भवन्तु सुखिनः' (सबै सुखी होऊन्) भनी कामना गर्छौं, तब त्यहाँ स्वार्थको कुनै स्थान बाँकी रहँदैन; यो सर्वव्यापी कल्याणको चाहना नै हाम्रो मानवीय भावनाको सर्वोच्च अभिव्यक्ति हो । भौतिक दर्शनहरूले वर्ग–सङ्घर्ष र द्वन्द्वको कुरा गर्दा, हाम्रा यी दर्शनले समन्वय, सद्भाव र सार्वभौम कल्याणको मार्ग देखाउँछन् । अझ 'असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय' को प्रार्थनाले हामीलाई अज्ञानताको अँध्यारोबाट सत्य र ज्ञानको उज्यालोतिर, तथा नश्वरताबाट चिरन्तनतातिरको यात्राका लागि प्रेरित गर्छ । यी सूत्रहरू हाम्रो जीवनशैलीका आधारभूत नैतिक मूल्यहरू हुन्, जसलाई हामीले पढ्नु, बुझ्नु र हृदयदेखि आत्मसात् गर्नु हाम्रो मौलिक कर्तव्य हो ।

राष्ट्रिय स्वाभिमानको भावनालाई जगाउन हामीले विदेशी क्रान्तिको इतिहास वा पराइका कथा खोतलिरहनु पर्दैन । हाम्रो आफ्नै माटोमा यस्ता गौरवशाली पदचाप छन्, जसले हामीलाई सच्चा देशभक्तिको अर्थ सिकाउँछन् र आत्मबल प्रदान गर्छन् । हामीले पृथ्वीनारायण शाहको दिव्य उपदेश र दूरदर्शितालाई पढ्नु पर्छ, जसले राष्ट्रिय एकताको जग बसाले । बलभद्र कुँवर, अमर सिंह थापा, भक्ति थापा जस्ता वीर योद्धाहरूको गाथाले हामीलाई आफ्नो देशको माटोको एक कण पनि जोगाउ प्राण आहुति दिनु पर्छ भन्ने देशभक्तिको सर्वोच्च प्रेरणा दिन्छ । उनीहरूको बहादुरीले हाम्रो राष्ट्रिय सार्वभौमसत्ताको सीमा कोरेको छ । यी नायकहरू हाम्रो इतिहासका ज्वलन्त उदाहरण हुन्, जसलाई पढ्नु भनेको कुनै अतीतको कथा पढ्नु मात्र होइन, बरु वर्तमानमा दृढताका साथ उभिने शक्ति प्राप्त गर्नु हो । यसका साथै सामाजिक सुधार र नैतिक उत्थानका लागि आजीवन समर्पित महागुरु फाल्गुनन्द जस्ता विभूतिको योगदानलाई पनि हामीले सम्मानका साथ पढ्नु पर्छ ।

इतिहासका गौरवशाली अध्यायहरूबाट प्रेरणा लिँदै, हामीले वर्तमानका कर्मवीरलाई पनि पढ्नु उत्तिकै आवश्यक छ । हाम्रो देशको माटोमा अहिले पनि त्यस्ता व्यक्तित्व छन्, जसले आयातित सिद्धान्तको सहारा नलिई, आफ्नै ज्ञान र विवेक प्रयोग गरेर देशको सेवामा जीवन समर्पित गरेका छन् । योगी नरहरिनाथको इतिहास, संस्कृति र राष्ट्रियताप्रतिको अटल समर्पण, दयावीरसिंह कंसाकारको समाजसेवा र परोपकारको भावना, खप्तड बाबाको आध्यात्मिकता र प्राकृतिक जीवनशैली, सन्दुक रुइतको मानवतावादी चिकित्सा सेवा, जसले हजारौँ विपन्नको जीवनमा उज्यालो भरिदियो, महावीर पुनको वैज्ञानिक सोच र ग्रामीण क्षेत्रको प्रविधि विकासका लागि गरेको त्याग, र भगवान् कोइरालाको स्वास्थ्य सेवामा पुऱ्याएको अतुलनीय योगदान– यी सबै व्यक्तित्व नेपाल आमाका असल सन्तान हुन् । उहाँहरूले आफ्नै धरातलका समस्या बुझेर, आफ्नै स्रोतसाधनको बलमा समाधानको बाटो पहिल्याउनुभएको छ । यी कर्मवीरलाई पढ्नु भनेको केवल जीवनी पढ्नु होइन, यो त कर्म, त्याग र सेवाको उच्च मानवीय भावनालाई पछ्याउनु हो, जसले हामीलाई सच्चा राष्ट्रप्रेम भनेको भव्य भाषणमा होइन, आफ्नै कर्मभूमिमा पसिना बगाउनुमा निहित छ भन्ने सिकाउँछ ।


राष्ट्रियताको मर्म केवल भूगोलमा सीमित हुँदैन, यो त देशको भाषा, संस्कृति, रीतिरिवाज र विविधतामा जीवित रहन्छ । नेपाल अनेकौँ जातजाति, भाषाभाषी, धर्म र संस्कारको एक सुन्दर बगैँचा हो । हाम्रा भाषा- नेपाली, मैथिली, भोजपुरी, नेवारी, लिम्बू, राई, तामाङ आदि केवल बोलीचालीका माध्यम मात्र होइनन्, यी त हाम्रा सभ्यता र इतिहासका अमूल्य निधि हुन् । यी भाषा जोगाउनु भनेको हाम्रो मौलिक ज्ञान र पहिचानलाई जोगाउनु हो ।

सत्य के हो भने, कुनै पनि राष्ट्रको वास्तविक दर्शन त्यहाँका जनताको जीवनमा झल्किन्छ । यसैले, हामीले विदेशी सिद्धान्तका सैद्धान्तिक बहसमा अल्झिनुभन्दा पहिले हाम्रै हिमाल, पहाड र तराईका दुःख सुखका कथा पढ्नु पर्छ । हिमालका गोरेटोमा चल्ने जीवनको कठोरता, पहाडका भिरपाखामा खेती गर्ने किसानको अदम्य साहस, र तराईको उर्वर भूमिमा पसिना बगाउने मजदुरको आशा र निराशा– यी सबै हाम्रा साझा कथा हुन् । यी कथामा अभाव छ तर त्योभन्दा ठुलो आशा र समस्या छ तर त्योभन्दा ठुलो सम्भावनाको बीज छ । हाम्रो पहिलो कर्तव्य यही हुनु पर्छ कि हामीले यी कथाहरूलाई केवल पढेर मात्र नछोडौँ, बरु तिनको मूल कारण पत्ता लगाऔँ र समाधानका लागि कम्मर कसौँ । हाम्रो शिक्षा, हाम्रो राजनीति, हाम्रो अर्थतन्त्र, सबै यही देशको माटो, यही देशका जनताको आवश्यकतामा आधारित हुनु पर्छ । हामीले हाम्रै स्रोत र साधनको पहिचान गरेर, हाम्रै सम्भावनालाई पहिल्याएर देशलाई समृद्धिको बाटोमा डोऱ्याउनु पर्छ ।

राष्ट्रियताको मर्म केवल भूगोलमा सीमित हुँदैन, यो त देशको भाषा, संस्कृति, रीतिरिवाज र विविधतामा जीवित रहन्छ । नेपाल अनेकौँ जातजाति, भाषाभाषी, धर्म र संस्कारको एक सुन्दर बगैँचा हो । हाम्रा भाषा नेपाली, मैथिली, भोजपुरी, नेवारी, लिम्बू, राई, तामाङ आदि केवल बोलीचालीका माध्यम मात्र होइनन्, यी त हाम्रा सभ्यता र इतिहासका अमूल्य निधि हुन् । यी भाषा जोगाउनु भनेको हाम्रो मौलिक ज्ञान र पहिचानलाई जोगाउनु हो । त्यस्तै यहाँका विभिन्न जातजाति, संस्कार, धर्म, रीतिरिवाज पढ्नु र बुझ्नु भनेको एकले अर्कालाई सम्मान गर्नु हो । यो सद्भाव नै हाम्रो राष्ट्रिय शक्तिको मूल आधार हो । हामीले संस्कार जोगाउनु पर्छ भन्नुको अर्थ पुरातनवादी बन्नु होइन, बरु हाम्रो नैतिक, सामाजिक र मानवीय मूल्यलाई समयसापेक्ष परिमार्जन गर्दै संरक्षण गर्नु हो । यो विविधता नै हाम्रो राष्ट्रिय पहिचानको मुकुट हो, जसले हामीलाई विश्वसामु एक विशिष्ट र मौलिक राष्ट्रको रूपमा स्थापित गर्छ ।

यसैले अब हामीले अन्यत्र आँखा दौडाउने होइन, आफ्नै धरातलमा खुट्टा टेकेर अघि बढ्नु पर्छ । हामीले संसारका सबै दर्शन पढ्यौँ भने पनि, जबसम्म हामी आफ्नै सहिदलाई पढ्दैनौँ– उनीहरूको त्यागलाई बुझ्दैनौँ, तबसम्म हाम्रो देशभक्ति अधुरा रहन्छ । उनीहरूको रगतले सिञ्चित यो माटोले हामीबाट आफ्नोपन, स्वाभिमान र निस्वार्थ सेवा मागेको छ । हामीले आयातित विचार र नक्कलबाट माथि उठेर, आफ्नै राष्ट्रिय विभूतिको त्यागबाट प्रेरणा लिई, आफ्नो भाषा, संस्कृति र विविधतालाई सम्मान गर्दै, देशका जनताको दुःख सुखमा साथ दिनु पर्छ । जब हामी यो मौलिक मार्गलाई आत्मसात् गर्छौं, तब मात्र हामीलाई कसैले सिकाउनु पर्दैन– हामी स्वयम् नै नेपाल आमाका योग्य, स्वाभिमानी र असल सन्तान बन्न सक्छौँ । हाम्रो भविष्य विश्वलाई नयाँ बाटो देखाउने मानवीय उत्कृष्टता र राष्ट्रिय स्वाभिमानको उज्यालोमा चम्किलो हुने छ ।

# ताजा जनादेश उपयुक्त मौका





यम विरही

आउँदो फागुन २१ गते प्रतिनिधि सभाको चुनाव हुँदै छ। मङ्सिर महिना लागेसँगै चुनावी माहोल पनि सुरु भएको छ । चुनावलाई लोकतन्त्रको आत्मा मानिन्छ । कतिपय विद्वान्‌ले चुनावलाई लोकतन्त्रको 'अक्सिजन' पनि भनेका छन् । चुनावलाई लोकतन्त्रको जग पनि भनिन्छ। स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनले ताजा जनअभिमतको सुनिश्चितता गरी राष्ट्रिय समस्याको निदान गर्न सहयोग पुऱ्याउने विश्वास गरिन्छ।

स्वतन्त्र, निष्पक्ष, स्वच्छ र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्नुपर्ने छ । जुन अन्तरिम सरकारको मुख्य प्राथमिकता र जिम्मेवारी नै हो । भदौ २३–२४ को जेनजी विद्रोहको आधार भूमिमा हुने आगामी प्रतिनिधि सभा निर्वाचनले खास गरी युवाको चाहना अनुरूप समृद्धिको गतिलाई अघि बढाउने छ। चुनावमार्फत निर्वाचित भएर आउने जनप्रतिनिधिले युवाका आकाङ्क्षा र नागरिकका पीरमर्कासँग घुलमिल हुँदै विकास र समृद्धितर्फ द्रुत रूपमा लाग्दा लोकतन्त्र थप बलियो भएर जानेमा सन्देह छैन । यो ऐतिहासिक महायज्ञलाई सफल पार्ने र अवसरमा बदल्ने गहन दायित्व मुलुकका राजनीतिक दलसँगै हामी सबैको काँधमा छ।

> फेरि पनि मुलुकलाई असफल हुनबाट जोगाउने दायित्व दलहरूकै हुन आउँछ । लोकतन्त्रका सारथि भनेका राजनीतिक दल नै हुन् । दलहरूलाई कुनै पनि बहानामा चुनावबाट भाग्ने छुट छैन । मुलुक हितमा त्यो बाटो जायज पनि होइन । बरु सरकारलाई भयरहित वातावरणमा तोकिएकै मितिमा चुनाव गराउन खबरदारी गरौँ । कोही पनि चुनावबाट भाग्न पाइँदैन । अन्यथा भविष्यमा उत्पन्न हुने अराजकता र द्वन्द्वको भागीदारको दोष दलमाथि नै लाग्छ ।

जेनजीले खनेको जगमा हुन गइरहेको यस चुनावमा प्राप्त हुने अमूल्य मत मुलुकको भाग्य र भविष्यको मार्गचित्र कोर्ने बलियो तागत हुन सक्छ। समय नजिकिँदै छ । जम्माजम्मी साढे दुई महिना मात्र समय छ। अब आरोपप्रत्यारोप, वादविवाद या कसैलाई शत्रु करार गरेर मुलुकको गति अघि बढ्न सम्भव छैन । कुनै शत्रु छ भने विगतको राज्यसत्ताबाट सिर्जित भोक, रोग, अशिक्षा, बेरोजगारी र पछ्यौटेपन नै हो। यो तथ्यलाई सबैले स्विकार्नु पर्छ।

मुलुकसामु उपस्थित तमाम समस्या समाधान गर्न पनि सामूहिक सङ्कल्पसहित चुनावका लागि युद्धस्तरमा जुट्नुपर्ने छ । यो चुनावलाई पुरानो पुस्ताको अनुभव र जेनजीको ऊर्जाको समिश्रणबाट मुलुकको भाग्य र भविष्य बदल्ने मौकाका रूपमा हेरिनु पर्छ । आगामी चुनाव राजनीतिलाई सही ढङ्गले लोकतन्त्रको बाटोमा डोहोऱ्याउने सुअवसर पनि हो । नागरिकले आफ्नो सार्वभौमिक अधिकार चुनावमार्फत आफ्ना प्रतिनिधिलाई सुम्पिने भएका कारण कोही पनि पन्छिन मिल्दैन। नागरिक आफ्ना जनप्रतिनिधिमार्फत मुलुकको शासन प्रक्रियामा सहभागी हुने भएकाले यो एउटा राष्ट्रिय उत्सवसमेत हो । यस कारण बाँकी दिनमा मुलुकलाई चुनावमय बनाएर महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति सबै क्षेत्रका जेनजी र नागरिकका चाहना पूरा गर्ने वाचा बन्धनसहित घरदैलोमा पुगेर मत माग्ने एक मात्र ध्येय बन्नु पर्छ।

चुनाव भने स्वतन्त्र, स्वच्छ, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न हुनु पर्छ। चुनावबिनाको लोकतन्त्र र लोकतान्त्रिक मूल्यमान्यता बिनाको चुनावको कुनै अर्थ हुँदैन। खर्चिलो र भड्किलो चुनावले भ्रष्टाचारलाई बढावा दिने र सही प्रतिनिधि नहुने भएकाले लोकतन्त्रको जगेर्ना गर्न उम्मेदवारको खर्च घटाउनेतर्फ कदम चाल्नुपर्ने छ। यी चिज अनिवार्य सर्त हुन्। यो सफलता सबै राजनीतिक दल, नागरिक समुदाय, बुद्धिजीवी, सञ्चार जगत्, सुरक्षा निकाय सबै क्षेत्रको खुला सहयोगमा निर्भर छ । दुनियाँको अभ्यासले चुनावबिनाको लोकतन्त्र र लोकतान्त्रिक मूल्यमान्यता बिनाको चुनावको कुनै अर्थ नहुने देखाइसकेको छ। चुनाव भएर मात्र लोकतन्त्रको स्तर नाप्न सकिँदैन । विश्वयुद्ध निम्त्याउने हिटलर पनि चुनावबाटै निर्वाचित भएर आएका थिए। स्वच्छ र स्वतन्त्र रूपमा हुने चुनावपछि आउने जननिर्वाचित प्रतिनिधिले जनइच्छाबमोजिमका कार्य गरेका छन् वा छैनन्, गर्छन् कि गर्दैनन्, भन्ने कुराले पनि महत्त्वपूर्ण अर्थ राख्छ। आमनागरिक बेलैमा सजग र सचेत हुनु पर्छ।

चाहेको राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारलाई जिताएर शासनको बागडोरसम्म पुऱ्याउने, चित्त नबुझेको राजनीतिक दल वा उम्मेदवारलाई पराजित गर्ने नागरिकको नैसर्गिक अधिकार नै हो। यस कारण लोकतन्त्र र चुनाव एकअर्काका पर्याय मानिएका हुन् । एकको अभावमा अर्कोको अस्तित्व रहँदैन।

### चुनाव नभए के हुन्छ ?

लोकतान्त्रिक संविधान बनेको एक दशक पूरा भएको छ । मुलुक अझैसम्म सङ्क्रमणकालकै चरणमा छ । लोकतन्त्र भर्खरै संस्थागत हुन लागेको परिस्थिति छ। मुलुकमा तोकिएको समयमा कथमकदाचित् चुनाव नभए जनप्रतिनिधिमूलक संस्था लामो समयसम्म प्रतिनिधिविहीन हुने छन्। नेतृत्वको विकास रोकिने छ । जनप्रतिनिधिको अभावमा सहभागितामूलक नीतिनिर्माण गर्न व्यवधान खडा हुने छन्। लोकतान्त्रिक अभ्यास ठप्प हुने छ। त्यस बखत फेरि निरङ्कुशताले प्रश्रय पाउने छ । अनि धमिलो पानीमा माछा मारेर मुलुकलाई थप अस्थिरताको भुमरीमा धकेल्ने अवाञ्छित गतिविधि व्यापक हुने छ। मानव अधिकार संरक्षण र प्रवर्धनमा गम्भीर सङ्कट आउने छ । राष्ट्र अन्योल र अस्थिरताको सुरुङमा फस्दा सर्वाङ्गीण विकास अवरुद्ध हुने मात्र होइन, अकल्पनीय अवस्था आउने छ। सरकार मात्र नभई सबै राजनीतिक दल, वर्ग, समुदाय, जेनजी पुस्ताले गम्भीर भएर सोच्ने बेला आएको छ।

अहिलेका लागि आमनागरिक, सबै दल, सङ्घ संस्थालगायतका सबै क्षेत्र र तप्काबाट चुनावमा होमिनुको विकल्प छैन। बिग्रेको राजनीतिलाई समालेर व्यवस्थित बनाउन पनि सबैले चुनावी अभियानमा होमिनु पर्छ । तब मात्र देशले सही निकास पाउन सक्छ । यस कारण, अब दायाबाया नहेरी जुँगाको लडाइँ र राजनीतिक स्वार्थका रोटी सेक्ने काम छाडेर अबको राजनीतिक बहसलाई चुनाव लक्षित बनाइनु पर्छ । संभवतः संवैधानिक निकासको बाटो पनि यही हो। लोकतन्त्रमा विश्वास गर्नेहरू कोही पनि चुनावबाट डराउने, भाग्ने, भाँड्ने या विथोल्ने खेलमा उत्रन सक्दैनन्। यो बाटोबाट जनअभिमतको सम्मान हुँदैन। मुलुक उल्टो थप अराजकता र द्वन्द्वको मार्गमा धकेलिने कुराको आजै हेक्का राख्नु बुद्धिमत्ता हुने छ।

चुनावको नयाँ परिस्थिति किन र कसरी बन्यो भन्ने सन्दर्भमा धेरै चर्चा गरिरहनुपर्ने आवश्यकता छैन । जेनजी विद्रोहपछि उत्पन्न राष्ट्रिय सङ्कट निदानका लागि राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको सहजीकरणमा अन्तरिम सरकार गठन गरेसँगै संसद् विघटन भएको तथ्यलाई कसैले बिर्सन मिल्दैन। अन्तरिम सरकार गठनसँगै फागुन २१ का लागि तोकिएको चुनाव मुलुकको सङ्कटमोचनका लागि चालिएको कदम थियो भनेर बुझ्न ढिलाइ गर्न हुँदैन। जेनजी विद्रोहपछि राष्ट्रपतिको २४ भदौको परिस्थिति निकटस्थबाट सुन्दा कठिन र बाध्यात्मक अवस्थाको उपज रहेको मान्न सकिन्छ । जेनजीका माग अनुरूप पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा गैरदलीय सरकार बनाउने र संसद् विघटन गरी चुनावमा जाने जुक्तिका कारण थप क्षति हुनबाट टरेको अवस्था सहजै बुझ्न सकिन्छ । सङ्कटमोचनका लागि चालिएको कदमको आलोचना गर्नेहरूले पनि आँधीबेहरीको बिचमा उभिएका राष्ट्रपतिले त्यो क्षण के गर्नु पर्थ्यो भनेर उपयुक्त विकल्प दिन सकेका छैनन्।

राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटन, नयाँ सरकारको गठन र चुनावको घोषणा नगरेको भए के थाहा लोकतन्त्र र संविधान नै खरानी हुन्थ्यो कि ? मौकामा आवश्यक सजगताले राष्ट्र नै ठुलो दुर्घटनाबाट जोगिएको भन्ने सन्दर्भमा यी कदमलाई हेरिनु पर्छ । पूर्वसावधानीले कम्तिमा लोकतन्त्र र संविधान जिउँदो रूपमा सग्लो पाएका छौँ । मूल कुरो त मुलुकको राष्ट्रिय एकता, सार्वभौमिकता, स्वाभिमान विशृङ्खल हुनबाट जोगिएको छ । जुन कदम कम क्षतिका विच मुलुकलाई संवैधानिक सङ्कटबाट बचाउने आकस्मिक उपायका रूपमा चालिएको भनेर हेरिनु पर्छ । राष्ट्रपति पौडेल स्वयम्‌ले पनि त्यो विषम र कठिन परिस्थितिबाट संविधान, लोकतन्त्र र मुलुकलाई जोगाउँदै फागुन २१ गतेका लागि प्रतिनिधि सभा निर्वाचनको मिति तय भएको सन्दर्भ दोहोऱ्याउँदै आउनुभएको छ । यसर्थ, फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधि सभा निर्वाचन र ताजा जनादेश जाने विषयलाई 'इमर्जेन्सी लाइट' को अवस्थाको रूपमा हेरिनु उपयुक्त होला।

फेरि पनि मुलुकलाई असफल हुनबाट जोगाउनुपर्ने प्रमुख दायित्व दलहरूकै हुन आउँछ। लोकतन्त्रका सारथि भनेका राजनीतिक दल नै हुन् । दलहरूलाई कुनै पनि बहानामा चुनावबाट भाग्ने छुट छैन। मुलुक हितमा त्यो बाटो जायज पनि होइन । बरु सरकारलाई भयरहित वातावरणमा तोकिएकै मितिमा चुनाव गराउन खबरदारी गरौँ । कोही पनि चुनावबाट भाग्न पाइँदैन । अन्यथा भविष्यमा उत्पन्न हुने अराजकता र द्वन्द्वको भागीदारको दोष दलहरूमाथि नै लाग्छ । भावी पुस्ताले अवश्य पनि इतिहासको हिसाब राख्ने नै छन्। यस कारण त्यो अवस्था आउन नदिनका लागि जेनजीहरूको असन्तुष्टि र आवेगलाई सकारात्मक मार्गमा लैजान समय नढल्कँदै अर्जुनदृष्टि लगाएर चुनावप्रति संवेदनशील बनौँ।

# अधिक तरलता समस्या



दुर्गाकुमारी कँडेल

लगानीको सेचुरेसन तथा सन्तृप्ति भन्नाले बैङ्क तथा वित्तीय संस्थाहरूका आफ्नो लगानी गर्ने क्षमता र स्रोतको सीमा सकिएको भन्ने बुझाउँछ। बैङ्क तथा वित्तीय संस्थामा आउने यस्तो अवस्था, जहाँ लगानी गर्न नियामकले तोकिदिएको सीमा पूरा हुनु, पुँजी वा तरलता अभाव हुनु, नयाँ लगानी गर्न बजारमा उपयुक्त वातावरण अनुकूल नभइरहनु, जोखिम उठाउने क्षमता सीमित रहनु तथा नहुनु जस्ता परिस्थितिलाई लगानीको सन्तृप्ति भनिन्छ । करिब विसं २०८० को पहिलो त्रैमासदेखि २०८२ को पहिलो त्रैमासपछिको केही समयसम्म लगानीको वातावरण उस्तै रहने हो कि भन्ने कौतूहलताले बजारमा लगानीको सन्तृप्तिको अवस्था सिर्जना भएकै हो त भन्ने प्रश्न उब्जाएको छ। लगानी सन्तृप्तिको सङ्केतलाई हेर्ने हो भने केही परिस्थिति आजको दिनमा मिल्दा–जुल्दा देखिएका छन्।

लगानी सेचुरेसनको सङ्केतसँगै वित्तीय बजारमा बैङ्क तथा वित्तीय संस्थाको लगानी सेचुरेसनको स्थिति हो होइन भन्ने सन्दर्भमा विगत १४ वर्षको तथ्याङ्कलाई विश्लेषण गरी हेर्न सकिन्छ।

### ऋणको सन्तृप्ति

लगानीका क्षेत्र व्यवसाय, आवास, व्यक्तिगत, पोल्ट्रिफर्म जस्ता क्षेत्र केही हदसम्म पूर्ण रूपमा वितरण भइसकेको र थप नयाँ सञ्चालन गर्ने अवस्था रहेको नदेखिनुलाई हेर्दा ऋण लिनु भनेको तिर्न सक्ने क्षमता भएकाहरूले लिने हो, तिर्ने क्षमता नहुनेले आवश्यक भए पनि लिन सकिने अवस्था रहँदैन । आवश्यक नहुनेले लिने कुरै भएन। जसले लिए तिनले नियमित गर्न नसक्दा निष्क्रिय कर्जा बढ्दै छ । नलिएकाहरूमा हरेक घरको कम्तीमा एउटा सदस्य कुनै न कुनै देशमा गएको अवस्था छ र घरमा हुनेले रेमिटबाट आएको पैसा उपयोग गरेर बस्ने गरेका छन् । यस्तो परिस्थितिले कतै लगानीको सन्तृप्ति भएकै त होइन भन्ने आभास गराउँछ। विगत २०६८ साल असार मसान्तदेखि २०८२ साल असार मसान्तसम्म आइपुग्दा करिब १४ वर्षको अवधिमा २०७७ साल असारदेखि २०७८ साल असारसम्म करिब २८ प्रतिशतको वृद्धि कर्जामा देखिन्छ । सोही अवधिमा निक्षेप वृद्धि भने करिब २० प्रतिशत छ। २०८९ सालमा कर्जा करिब १३ प्रतिशत वृद्धि हुँदा निक्षेप करिब नौ प्रतिशतले वृद्धि भएको छ।

### अधिक तरलता

बैङ्क तथा वित्तीय संस्थामा तरलता अधिक छ तर गुणस्तरीय लगानीको अवसर देखिँदैन। वित्तीय संस्थामा रहेको निक्षेपलाई छोटो अवधिका ऋणपत्रमा तथा सरकारी प्रतिभूतिमा लगानी गरिरहेको अवस्था छ । त्यो पनि नियमित रूपमा काम भइरहेको देखिँदैन। निक्षेप दिनानुदिन आइरहेको अवस्थाले अधिक तरलताको स्थिति बनेको छ । कर्जाको वृद्धिभन्दा निक्षेपको वृद्धि पछिल्ला वर्षमा जम्मा भएका कारण वित्तीय संस्थामा अधिक हुन पुगेको हो । जहाँ २०८० देखि २०८२ सालसम्म करिब १२ प्रतिशतका दरले निक्षेप वृद्धि भएकामा सोही अवधिमा कर्जामा भने करिब चार प्रतिशत, छ प्रतिशत र आठ प्रतिशतका दरले वृद्धि भएको अवस्थाले वित्तीय संस्थामा अधिक तरलता हुन पुगेको हो।

### जोखिम र प्रतिफलको असन्तुलन

अनुकूल वातावरण अभावमा लगानीको प्रतिफल र जोखिमबिचको सन्तुलनमा भिन्नता छ । लगानीको सिद्धान्तमा उच्च प्रतिफलका लागि उच्च जोखिम वहन गर्नु पर्छ भन्ने हुन्छ तर यो सिद्धान्तले काम गरिरहेको छैन । कर्जाको माग कम भइरहेको अवस्थामा न्यून लाभका लागि पनि उच्च जोखिम वहन गर्नुपर्ने हुन सक्छ । पछिल्लो समय जेनजीको आन्दोलन पछि त लगानी खरानीमा परिणत हुन समय नलाग्ने भन्ने त्रास पैदा भएको छ । निष्क्रिय कर्जा उकालो लागिरहेको छ भने नाफा वृद्धिमा स्थायित्व देखिँदैन । विगत १४ वर्षमा सबैभन्दा बढी खराब कर्जा रहेको आजको समय रहेको छ र नजिक रहेको भोलिको समयमा पनि खासै केही सुधारका सङ्केत देखिँदैनन्। नाफा वृद्धि कर्जाको गुणस्तरमा भरपर्ने हुँदा गुणस्तरको अवस्था सोचनीय बनेकाले लगानी अवसर त्यति सहज मानिँदैन।

### न्यून ब्याजदर

लगानीमा ब्याजदर महत्त्वपूर्ण पक्ष हो। सामान्यतया ब्याजदर बढेका बखत लगानी कम हुने र कम ब्याजदर भएका बेला वित्तीय संस्थाबाट कर्जा लिएर लगानी गर्ने भन्ने गरिन्छ । बजारमा ब्याजदर एकल अङ्कमा भएको पनि लामो समय व्यतीत भइसक्यो तर लगानीको माग भएको नदेखिँदा वास्तविकता के हो त ? सोचनीय छ। ब्याजदर न्यून भएका बेला लगानीकर्ता सेयरमा, व्यवसायमा, नयाँ उद्यममा, सुन तथा विभिन्न किसिमका ऋण पत्रहरूमा लगानी गर्ने देखिनुपर्नेमा त्यसो नभइरहेको अवस्थाले लगानीको सन्तृप्ति नै होकी भन्ने देखिन्छ। यो चार्टबाट ब्याजदर १४ वर्षकै अवधिमा न्यून रहँदा लगानी बढ्न नसक्नु भनेको लगानीको सन्तृप्ति हो वा अर्को पक्ष लगानीकर्तामा लगानी गर्ने ढुक्कको वातावरण नभएकाले पनि यस्तो स्थिति भएको मान्न सकिन्छ। यस्तो ब्याजदर रहेको अवस्थामा पनि लगानी एकल अङ्कमा खुम्चिनु परेको अवस्था छ। कोभिडको महामारीपछि २०७८ सालदेखि २०७९ सालसम्म ब्याजदर बढिरहेको अवस्थामा पनि कर्जा १२.८१ प्रतिशतले वृद्धि भएको थियो। लगानीमा ब्याजदरको कुनै प्रभाव पारेको देखिँदैन।

उल्लिखित विविध किसिमका सङ्केतको अवस्थालाई विश्लेषण गर्दा लगानी सन्तृप्तिको अवस्था हो भन्न सकिन्छ। लगानी सन्तृप्ति भयो भन्नुभन्दा पनि यो परिस्थितिबाट माथि उठ्ने उपायतर्फ लाग्नु पर्छ।

### ध्यान दिनुपर्ने विषय

**उद्यमशीलताको विकासतर्फ जोड :** बजारमा नव उद्यमशीलताको विकास हुन नसकेको कारणले पनि लगानी वितरण हुन सकिरहेको छैन। ग्राहक जो उद्यम गर्न चाहन्छन्, जोसँग नयाँ सोच र केही गरौँ भन्ने भावना छ, त्यस्ता लगानीकर्ताको पहिचान गरी लगानी गर्ने वातावरण सिर्जना गरी लगानी वृद्धि गर्न सकिन्छ।

**लगानीलाई विविधीकरणका आयामबाट हेर्नुपर्ने :** हाम्रो वित्तीय प्रणाली हिजोदेखि पुरानै शैलीमा धितोमुखी रहेर चल्दै आएको छ । लगानीका विकल्प पहिचान गर्ने क्रममा डेरिभेटिभ मार्केटको स्थापना, सम्पत्ति व्यवस्थापन कम्पनी सञ्चालन तथा सेयर बजारलाई व्यवस्थित बनाएर सरोकारवाला निकाय लाग्नुपर्ने देखिन्छ।

**जोखिम व्यवस्थापन रणनीति तर्जुमा र कार्यान्वयन :** जोखिम व्यवस्थापन रणनीति तर्जुमा गरी कार्यान्वयन गर्न सक्नु पर्छ, ताकी जोखिमका आधारमा ब्याज निर्धारण गर्ने, उच्च जोखिमयुक्त क्षेत्रमा जोखिम न्यूनीकरण नीति अवलम्बन गरी उच्च प्रतिफल कायम गर्नेतर्फ जोड दिनु पर्छ।

> लगानीको सिद्धान्तमा उच्च प्रतिफलका लागि उच्च जोखिम वहन गर्नै पर्छ भन्ने हुन्छ तर यो सिद्धान्तले काम गरिरहेको छैन । कर्जाको माग कम भइरहेको अवस्थामा न्यून लाभका लागि पनि उच्च जोखिम वहन गर्नैपर्ने हुन सक्छ ।

**कर्जा निक्षेप अनुपात न्यून :** कर्जा निक्षेप अनुपात न्यून रहेको अवस्थामा सरकारी प्रतिभूतिमा लगानी बढाएर भए पनि खर्च कम गर्ने रणनीति कार्यान्वयन गर्न सकिन्छ, ब्याज खर्चको केही भाग छोटो समयका लगानीबाट प्राप्त गर्न सकिन्छ । जसले नाफा बढाउन मद्दत गर्छ।

**समयको विश्लेषण गर्ने क्षमताको विस्तार :** बैङ्क तथा वित्तीय संस्थाहरूले समयको विश्लेषण गरी क्षमता विस्तार गर्न सक्नु पर्छ। वित्तीय संस्थामा बाह्य वातावरणमा आएको चुनौतीलाई संस्थाले सजग रहन तथा बच्न विकल्प पनि रहँदैन, यसबाट हुने जोखिम कम गर्ने मात्र हो। तसर्थ केही समय पर्ख र हेरको परिस्थितिलाई पनि स्वीकार गर्नुपर्ने हुन्छ लगानीका नाममा असुरक्षित लगानी गर्नु आत्मघाती गोल हुने हुनाले सजग हुनु पर्छ।

उल्लिखित अवस्था भनेका लगानी सन्तृप्तिको अवस्थालाई व्यवस्थापन गर्ने पाटो मान्न सकिन्छ, जसले वित्तीय संस्थालाई अप्ठ्यारो अवस्थामा अगाडि बढ्न सजग बनाउन सक्छ । अर्थतन्त्रको वित्तीय प्रणालीको विषयमा विश्लेषण गर्दा समस्या आजको देखिए पनि यसको सुरुवात हिजोका दिनदेखि नै भएको देखिन्छ। विगतमा वित्तीय संस्था खोल्ने नाममा जथाभाबी लाइसेन्स वितरण गरियो, जहाँ नियमकको बेहोसीपना देखिन्छ । अधिक मात्रामा वित्तीय संस्था खुलेकै कारण नियामकको नियमनको दायरा फराकिलो हुन नसक्दा विभिन्न समस्या आएका कारण मर्जरको नीति अघि सारियो। क्यापिटल दुई अर्बबाट आठ अर्ब तथा चार प्रतिशतले वृद्धि गरियो । लगानी कहाँ कति कसरी भयो भन्ने यकिन हुन नसक्दा लगानी घर जग्गा जस्तो अनुत्पादक क्षेत्रमा केन्द्रित हुन पुग्यो, यस्तै गरी होटल क्षेत्रमा पनि वित्तीय प्रणालीको ठुलो रकम लगानी भइसकेको छ।

हाइड्रो उद्योगमा पनि केही लगानी फुल फेजमा प्रोजेक्ट चल्दा पनि किस्ता तिर्न नपुग्नु भनेको लगानी विश्लेषण क्षमताबिनाको लगानी भएको भन्न सकिन्छ, अर्कोतिर साना तथा मझौला उद्योगमा वृद्धिको अवस्था छैन । यस्ता विविध विषयले आजको अर्थव्यवस्था सुस्ताएको पक्कै हो । यसर्थ समस्याभन्दा पनि समाधानका उपाय पत्ता लगाई कार्यान्वयनमा जानुको विकल्प रहँदैन। उस्तै तरिकाबाट काम गर्दा नतिजा पनि उस्तै आउने हो, त्यसैले भिन्न नतिजाका लागि काम गर्ने तौर, तरिका र सोचसमेत नयाँ बनाएर भिन्न नतिजा आउने गरी काम गर्नु आजको आवश्यकता हो।

## पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

### खेलकै माध्यमबाट नेतृत्व विकास

मानव सभ्यता ढुङ्गेयुग, कृषियुग हुँदै आज विज्ञान र प्रविधिसहितको औद्योगिक युगको चरणमा छ। ढुङ्गे युग तथा कृषि युगको सभ्यता मानिस आफ्नो जीवन र शरीरलाई उत्पादनमा जोड दिँदै गतिशील तुल्याएको पाइन्छ । जसले गर्दा स्वस्थ जीवन सहजै हुन्थ्यो । विज्ञान र प्रविधिको युगले मानिसलाई अल्छी बनाउँदा विभिन्न रोगको सिकार बनाइयो। मानिसहरू रोगबाट बच्न विभिन्न प्रकारका खेल अभ्यास गर्ने गराउने परिपाटीको विकास भयो। हुन त ढुङ्गे युगमा समेत मानिसहरू मनोरञ्जनका लागि विभिन्न प्रकारका खेल खेल्दै आएको पाइन्छ। खेलकै माध्यमबाट नेतृत्व लिई आफ्नो समुदायको विकास र समृद्धिका लागि नेता छान्ने परम्परा विश्वको मानव इतिहासमा अध्ययन गर्न सकिन्छ। यसले गर्दा खेलसमेत वर्ग अनुसार खेल्ने परम्परा विकास भएको छ। हक्की, गल्फ जस्ता सीमित घाँसेमैदानमा खेलिने खेल नेपालमा सम्भ्रान्त वर्गले खेल्ने गरिएको छ।

विज्ञान र प्रविधिको समयमा कृषि उत्पादनका लागि शारीरिक रूपमा श्रम गर्न नपर्ने अवस्था एकातिर छ भने अर्कोतिर श्रम नगरिँदा शरीरमा विभिन्न प्रकारका रोगले सताउने भएकाले खेल सबै वर्गका लागि आवश्यक हुन गएको छ। जसले गर्दा खेल स्वस्थ जीवन तथा मनोरञ्जनको आधार बन्यो । मानव सभ्यताको विकाससँगै स्थानीय रूपमा उपलब्ध सामग्रीको प्रयोगले हरेक खेलको विकास र नीति नियम स्थानीय स्तरबाटै हुन्छ । जसले खेललाई अन्तर्राष्ट्रिय रूपमा परिचित गराई राष्ट्रिय खेल हुँदै अन्तर्राष्ट्रिय खेलको रूपमा मान्यता दिलाउँछ । हुन त भक्तपुरलाई खुला विश्वविद्यालयको रूपमा हेर्ने गरिन्छ । यहाँको सम्पदा, कला संस्कृति र संस्कारले भक्तपुर विश्व समुदायमा मौलिक सभ्यता बोकेर ऐतिहासिक र सांस्कृतिक नगरको रूपमा परिचित छ।

आफ्नै पाठ्यक्रम लागु गर्ने देशकै पहिलो स्थानीय तहमध्ये भक्तपुर नगरपालिका रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ र संविधान सभा संविधानले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाले विसं २०७५ देखि नै कक्षा १ र ६ मा स्थानीय पाठ्यक्रम लागु गरेको थियो। पाठ्यक्रममा भक्तपुरको इतिहास, भूगोल, कला संस्कृति, रहनसहन तथा जीवनशैली, स्थानीय उपचार विधि र खेलहरूको जानकारी समावेश गरिएको छ। नैतिक सिप र शिक्षासहित परिमार्जित स्थानीय पाठ्यक्रम २०८२ पनि कार्यान्वयनमा रहेको छ।

गेम बल भनेर स्थानीय बोलीचालीमा प्रयोग गरिन्छ। खासमा यस खेलमा इँटाका टुक्रा एकमाथि अर्को राखेर देगः (मन्दिर) बनाइन्छ । त्यसलाई भत्काएर पुनः मन्दिर बनाउनु नै गेम बल कासा हो । यो खेल भक्तपुरमा आजभन्दा करिब २० वर्षअघिसम्म विद्यालयमा पढ्ने बालबालिका खेल्ने गरिन्थ्यो । यस खेलले शारीरिक रूपमा विकास गर्नुका साथै जितको लागि सावधानीसहित एकाग्रता आवश्यक हुन्छ। यस खेलका लागि स्थानीय रूपमा उपलब्ध हुने कागज तथा कपडाको झुत्रोलाई धागोले बेरिएर बलको आकृति दिइन्छ । ससाना इँटाका टुक्रा, चुङ्गी तथा कागज तथा कपडाको झुत्रोबाट बल बनाइन्छ।

सामान्यतया यो खेल जाडो याममा खेलिन्छ। जाडो याममा हुने लामो बिदाको सदुपयोगको रूपमा विद्यालयमा पढ्ने बालबालिका मोबाइल जस्ता प्रविधिको विकास नभएको बेला शरीरका लागि आवश्यक न्यानोपन तथा तातोपन पाउन यस्तो गेम बल खेल्ने गरिन्छ।

सामान्यतया परम्परागत यस खेल खेल्न कुनै पनि प्रकारको चौरको सीमित क्षेत्र थिएन। यो खेल झट्ट हेर्दा क्रिकेट झैँ जस्तो देखिन्छ। समयको विकाससँगै यस खेललाई नियममा रूपान्तरण गर्न जरुरी छ।

यो खेल स्थानीय रूपमा खेलिँदा सामान्य नियमभन्दा अरू कुनै मापदण्ड निर्धारण भएको पाइँदैन । भक्तपुर नगरपालिकाले संविधानले दिएको अधिकार प्रयोग गरी स्थानीय पाठ्यक्रम र त्यसका लागि आवश्यक सन्दर्भ सामग्री निर्माण गरिरहेको छ । भक्तपुरमा स्थानीय स्रोतसाधन प्रयोग गरी खेलिएका खेललाई पनि स्थानीय पाठ्यक्रम समावेश गरिँदै आएको छ। यहीँ क्रममा गेम बल कासा (देगः वा मन्दिर निर्माण खेल) लाई पनि स्थानीय खेलको रूपमा पाठ्य क्रममा समावेश गरिएको छ।

सामान्यतया नियम बनाउँदा १५ मिटरको लम्बाइ र १० मिटरको चौडाइ क्षेत्र भएको चौर वा कोर्ट भएमा खेल बढी रोमाञ्चक देखिन्थ्यो । कोर्टमा १० मिटरको ठिक बिचमा तथा १५ मिटरको तीन मिटरभित्र पारेर इँटाका टुक्रा माथि टुक्रा इँटा सातदेखि नौ वटा चाङ लगाएर वा जोडिएर देगः (मन्दिर) बनाउँदै सबैभन्दा माथि चुङ्गी तथा कागज तथा कपडाको झुत्रोबाट बनेको बल राख्नु पर्छ। देगः देखि पाँच मिटर दुरीमा विभिन्न पाँच वा सात खेलाडीमध्ये एक जनाले उक्त देगः बल वा इँटाको टुक्राद्वारा भत्काउनु पर्छ।

चुङ्गी तथा कागज तथा कपडाको झुत्रोको बल टिपेर देगःको आसपासमा एक जना डुम वा नेताले भत्किएको देगःलाई पुनः बनाउन दिँदैन । उक्त डुमले भत्काएको देगःलाई पुनः पहिलाकै स्थितिमा निर्माण गर्न खोज्ने खेलाडीलाई कागज तथा कपडाको झुत्रोबाट बनेको बल वा चुङ्गीले हानेर जित्न खोज्छ । डुमले सबै खेलाडीलाई देगः पुनः बनाउन नदिई चुङ्गीले हान सकेमा डुमको जित हुन्छ । भत्किएको देगः पाँच/सात खेलाडीमध्ये कुनै एक खेलाडीले बनाउन सकेमा उसको जित हुन्छ।

**सत्यराम कासिछ्वा**
भक्तपुर–९, सूर्यमढी

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

बझाङी भाषा पृष्ठ



# बझाङी बोलीका व्याकरणका कुणा



■ लोकबहादुर सिंह

बझाङी बोलीका कुणा अर्दा सबु है पैला व्याकरणका कुणा आउँदा छन। बोलीको जर्म लबजबाट हुन्या भ्यापन एकै जसो बनाउनाखि रे शुद्ध अशुद्ध भयो भनिपन्ट हेर्नाखि लेख्याको व्याकरण चाइँदो छ। पैली जयपृथ्वी बहादुर सिंहले नैपाल्या बोलीकी लागि प्राकृतिक ब्याकरण लेख्याको हो। तई प्राकृत ब्याकरणमी झिक्क जसो बझाङी बोलीका आखर मिस्स्याका छ्या। तसाले तइखि बझाङी बोलीको ब्याकरण भन्या पन हुन्या छयो। भ्यापन उनुले त्यो ब्याकरण नैपाल्या बोलीखि कामु लागला भनि लेख्याको हो। उनुले लेख्याका तइ ब्याकरणपछि अइलसम्म बझाङीको व्याकरण बनायाको आछिन।

बोलीको वर्णको आकार रे स्वरुपको सउँतै सँगालो वर्णमाला हो। बझाङी बोलीको पन नैपाल्याका जसो देवनागरी लिपिको वर्णमाला रयाको छ। बझाङी बोलीमी पन. अ, आ, इ, ई अरिपन्ट १३ स्वर वर्ण छन भन्या, क, ख, ग, घ अरि ३६ व्यञ्जन वर्ण रयाका छन। बझाङी बोलीमी एक चौथो खालका (स+ह) का फरक खालको आखर पन छन, जइको अक्षर भन्या अस्तित्वमी आछिन। माइसका जिउणामी उच्चारण जुदै छ।

मानक नैपाल्या बोली लेख्खिन्या देवनागरी लिपिमी ड पछि ढ व्यञ्जन वर्ण आउँदो छ। मानक नैपाल्या बोलीको उच्चारणमी ड, ढ, ण एकाउँणै ढ र ण को माजका वर्ण रयाको आछिन। उच्चारणमी भन्या जान्निदो छ। बझाङी बोलीमी यइ हरायाको वर्णको प्रत्यक्ष प्रयोग भयाका हुँदो छ। जसा किः_ घोडा (घोणा), गोडा (गोणा), किडा (किणा), खुँडी (खुँणी), गँयडो (गँयणा), चाखुडो (चाखुणो), गडुल (गणुल), खेडिनु (खेणिनु), घँड्याइलो (घँण्याइलो), कुइडो (कुइणो, कोदाडी (कोदाणी), खड गयो (खण गयो)।


मानक नैपाल्या बोलीमी नधेक्क्याको रे बझाङी बोलीको बोलीचालीमी रयोको स रे ह का माजमी भ्या जसो लाग्न्या वर्ण अस्तित्वमी रयाको छ। जसोकिः_सुल्पा, स्वापी, सगुन, साजो, असौज, असुरो, सराप, सान्ज्या, गोसी, साजी, सुपो (सुप्पो), सालनाल, सामल।

यस कार्यालयका लागि आवश्यक तपसिल बमोजिमका सामान/सेवा खरिद गर्ने सम्बन्धमा e-bid को माध्यमबाट बोलपत्र आह्वान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत विवरण तथा बोलपत्र सम्बन्धी सम्पूर्ण काम/कारबाहीका लागि PPMO को website www.bolpatra.gov.np/egp मा Login गर्नुहुन अनुरोध छ।

| S.No. | Description of Work |
| --- | --- |
| 1. | Annual Maintenance Contract of Transport Vehicle at TIACAO, NCB/14/PROSEC/2082/83 |
| 2. | Supply and Delivery of Security Sticker, NCB/15/PROSEC/2082/83 |

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**

**प्रकाशित मिति: २०८२।०८।०७** **मुद्दा शाखा, मुद्दा नं. ०८१-DR-०४९१**

वादी **ग्लोबल आइएमई बैंक लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।११।२२ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।०५।३१ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्नेछैन।

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागको कार्यालयमा, प्रा.फ.र.नं. १२६५१८/०७२/०७३ मिति २०७२/१२/१४ मा बागमती प्रदेश काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. २७ मा रजिस्टर्ड ठेगाना भएको ए.टि.एस ईलेक्ट्रोनिक्सका प्रोप्राइटर राम चरन साहको नाति, शोभित साहको छोरा, सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स. वडा नं. ६ नागरिकता तथा जमानत तमसुकको र परिवर्तित हाल मधेश प्रदेश, सर्लाही जिल्ला, ईश्वरपुर नगरपालिका वडा नं. ३ बस्ने वर्ष ५० का ऋणी **बज्र किशोर साह** (ना.प्र.नं. १९३०५१/७१५, जारी मिति २०६३/१०/११, जि.प्र.का., सर्लाही) (सम्पर्क नं.९८५११९६९४०) ... १

शोभित साहकी बुहारी, बज्र किशोर साहकी पत्नी, राज किशोर साह सोनारकी छोरी, धनुषा जिल्ला, जनकपुर नगरपालिका वडा नं. ८ नागरिकता तथा जमानत तमसुकको र परिवर्तित हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उपमहानगरपालिका वडा नं. ८ बस्ने वर्ष ४७ का जमानतकर्ता **सरोज देवी** (ना.प्र.नं. १७११०२/७३०९, जारी मिति २०६९/०४/०५, जि.प्र.का., धनुषा) ... १

**TRIBHUVAN UNIVERSITY**
**Gauradaha Agriculture Campus**
**Gauradaha, Jhapa**

**INVITATION FOR ELECTRONIC BIDS**

Date of publication: **2025-11-23 (2082-08-07)**

1. The **Gauradaha Agriculture Campus, Jhapa** invites electronic bids from eligible bidders for the procurerment of the items mentioned below under National Competitive Bidding (NCB) - **Single Stage TWO Envelope Procedure**

| IFB No: | Description of Works/Goods | Bid Security NRS.) | Fee (NRs.) | Bid Security Validity |
| --- | --- | --- | --- | --- |
| GAC/ G/NCB- 01/2082-83 | Supply, Delivery and Installation of Laboratory Equipment and Modular Laboratory Setup | 1,37,500.00 | 3,000.00 | 08-01-2083 BS (21-04-2026 AD) |

2. Pre-bid meeting: At Campus office on 2082-08-27 (12 Dec, 2025) at 13:00 PM
3. Submission: Online via www.bolpatra.gov.np/egp on or before **12:00 PM** on **2082-09-08 (23-12-2025 AD)**
4. **Opening: 1:00 PM on 23-12-2025 AD** at the Campus office
5. **Validity:** Bid security valid for 30 days beyond bid validity (**up to 22-04-2026 AD/ 09 Baisakh 2083**
6. Any amendment or informations will be posted on the office notice board/website https://gac.tu.edu.np
7. The Campus reserves the right to accept/reject any bids without assigning reasons.

**Campus Chief**

**भूमिसुधार तथा मालपोत कार्यालय भूमिसुधार फाँट भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भक्तपुर जिल्ला, साविक भ.न.पा. ५ बाट परिवर्तित भ.न.पा. ६ याछे बस्ने कृष्ण दुवालको नाममा सोही जनिएको भक्तपुर जिल्ला, साविक बागेश्वरी गा.वि.स. २ग हाल चाँ.न.पा. ७ स्थित साविक कि.नं. ५७० क्षेत्रफल ०-१४-२-० बाट कित्ताकाट भई कायम तपसिलका कित्ता जग्गाहरूको सन्दर्भमा निज मोही कृष्ण दुवालको मिति २०५४।२।१५ मा अविवाहित अवस्थामा मृत्यु भएको, निजको पिता गंगाराम दुवालको २०३० सालमै, निजकी माता पाण्थकु दुवालको मिति २०४६।१२।२० मै मृत्यु भएको र निज गंगारामकी एक छोरी लान्थकु दुवाल कुसुमा (मोही कृष्ण दुवालकी बहिनी) को समेत मिति २०३८।२।९ मा मृत्यु भएको र निजहरूको अन्य नजिकको हकदार नभई भ.पु.जि., भ.न.पा.६ बाट ७ बस्ने लान्थकु दुवाल कुसुमाको श्रीमान् पूर्ण गोपाल कुसुमाले निज कृष्ण दुवाल समेतको स्याहार सम्भार गरी जग्गा कमाउँदै आएको हुँदा उक्त कित्ता जग्गाहरू भूमि सम्बन्धी ऐन, २०२१ (आठौँ संशोधन, २०७६) को दफा २६ (१) तथा मुलुकी देवानी संहिता, २०७४ को दफा २३९, २४१ र २४३ समेतको आधारमा मेरो नाममा अपुताली मोही नामसारी गरिपाऊँ भनी निज पूर्ण गोपाल कुसुमाले निवेदन गरेको, सोही व्यहोरामा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको, सम्बन्धित जग्गाधनीहरू कार्यालयमा उपस्थित भई लिखित रूपमा मञ्जुरी गरी सनाखत समेत गरिदिएको, बाली बुझाएको भर्पाई पेश भएको, भूमिसुधार तथा मालपोत कार्यालयबाट स्रेस्ता उतार भई आएको, नापी कार्यालयबाट प्लट रजिस्टर र फिल्डबुक उतार प्राप्त भएको फिल्डबुकमा किसानको नाम, थर, वतनमा कृष्ण दुवाल भ.पु. याछेको हकमा सही गर्ने आमा पाण्थकु उल्लेख भएको, मोहीको १ नं. पारिवारिक लगतमा कृष्ण दुवाल याछेकी आमा पाण्थकु उल्लेख भएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशितं मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **जग्गाको विवरण**

| क्षेत्र | वडा नं. | साविक कि.नं. | हालको कि.नं. | क्षेत्रफल | ज.ध. | मोही |
| --- | --- | --- | --- | --- | --- | --- |
| बागेश्वरी | २ग | ५७० | १८९७ | ०-३-२-०.५ | सविता पोखरेल | कृष्ण दुवाल |
| | | | १८९८ | ०-३-२-२.५ | माया गुसाई | |
| | | | १८९९ | ०-३-२-२.५ | राधिका श्रेष्ठ | |
| | | | १९०० | ०-३-२-२.५ | इशान्त गौतम | |

# मिचाहा वनस्पति व्यवस्थापन अभियान

**शारदा समाचारदाता**
*शारदा (सल्यान), मङ्सिर ६ गते*

द्रुत गतिमा फैलिने मिचाहा वनस्पति व्यवस्थापन अभियान सल्यानमा पुनः सुरु भएको छ। केही हप्ता रोकिएको यो जिल्लास्तरीय अभियान शुक्रबार बिहान सदरमुकाम खलङ्गास्थित टुडिखेल क्षेत्रमा सरसफाइ र वनमारा व्यवस्थापन गरेर सुरु भएको हो।

शारदा नगरपालिका–२ को अगुवाइ, डिभिजन वन कार्यालय सल्यान र वनस्पति अनुसन्धान केन्द्र सल्यानको प्राविधिक सहयोग तथा जिल्ला प्रशासन कार्यालय सल्यानको समन्वयमा फेरि अभियानलाई निरन्तरता दिइएको वनस्पति अनुसन्धान केन्द्र सल्यानका प्रमुख डा. मित्र पाठकले बताउनुभयो। उहाँका अनुसार शुक्रबार बिहान वडा कार्यालयपरिसर र विशेष गरी टुडिखेल वरपर सरसफाइ तथा वनमारा झार व्यवस्थापन गरिएको छ।

मिचाहा वनस्पति वनमाराले सल्यानका धेरै जसो क्षेत्रमा पछिल्ला वर्षमा ठुलो समस्या निम्त्याएको छ। यस्ता वनस्पतिले जैविक विविधता खलबल्याउने, कृषि उत्पादनमा कमी ल्याउने र जमिन बाँझो बनाउने भएकाले यसको नियन्त्रणमा स्थानीयस्तरबाटै निरन्तर प्रयास आवश्यक पर्ने वनस्पति अनुसन्धान केन्द्रले जनाएको छ। केन्द्रका अनुसार नेपालमा रिपोर्ट गरिएका २९ प्रजातिका मिचाहा वनस्पतिमध्ये सल्यानमा काँडे वनमारा, जङ्गली सूर्यमुखी, कालो वनमारा र कनिके झार (पार्थेनियम) सबैभन्दा धेरै हानिकारक मानिएका छन्।

समस्या गम्भीर बन्दै गएपछि र यसलाई नियन्त्रण नगरेमा मौलिक जैविक विविधता नष्ट हुने, कृषि उत्पादन घट्ने एवं जनजीवन प्रभावित हुने स्थिति देखा परेपछि सल्यानमा सामूहिक अभियान थालिएको हो।

# आयोजनाको निरीक्षण

**हुम्ला समाचारदाता**
*हुम्ला, मङ्सिर ६ गते*

हुम्ला चङ्खेली गाउँपालिकाका युवाद्वारा गाउँपालिकास्तरका गौरवका आयोजनाको स्थलगत रूपमा निरीक्षण गरिएको छ। युवाले जनश्रमदानमार्फत सो निरीक्षण गरेका हुन्। सर्भे र डिपिआरमा धेरै बजेट खर्च भए पनि काम हुने/नहुने निश्चित भएका बेला स्थानीय युवाले यस्तो प्रयास गरेका छन्। चङ्खेली गाउँपालिका–२ को दार्मीजिउला सिँचाइका लागि आवश्यक पर्ने सिँचाइ व्यवस्थापनका लागि श्रमदानमा दुई दिन लगाएर गरिएको स्थलगत निरीक्षणको काम सम्पन्न भएको स्थानीय पारस शाहीले बताउनुभयो। उक्त निरीक्षणका लागि दुई जना प्राविधिकसहितका २० जना युवाले बास बस्ने गरी खोलाको मुहान पुगेका थिए। यो काम सम्पन्न भए सोही गाउँको रातापयाबाट सुरु भएर आठीको माथिल्लो चौरसम्म सिँचाइ ल्याउने काम हुने छ।

गाउँपालिकास्तरको गौरवका आयोजना सम्पन्न भए हुम्लाको सबैभन्दा बढी मार्सी धान फल्ने उक्त जिल्लामा धान र गहुँ उत्पादन अझै वृद्धि हुने उहाँले बताउनुभयो। त्यसै गरी आठीको माथिल्लो चौरबाट चौका क्षेत्रमा विद्युत् उत्पादनका लागि पावरहाउस निर्माण गर्ने दीर्घकालीन योजना समेत अघि बढाउन अर्को निरीक्षण पनि गरिएको छ। यसले गाउँको दिगो विकास, कृषिमा आधुनिकीकरण तथा ऊर्जामा आत्मनिर्भरता हासिल गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने सो कार्यमा संलग्न अर्का युवा पृथ्वी शाहीले बताउनुभयो।

सबैको एकता, सहयोग र सक्रिय श्रमदानबाट सामूहिक सहभागितामार्फत यो काममा लाग्ने उहाँले जनाउनुभयो। यी काम गर्न जाँदा लागेको खर्च युवाले व्यक्तिगत रूपमा बेहोरेका छन्। यो काम स्वस्फूर्त अगाडि बढाएकाले यसको आउने परिणामलाई गाउँपालिकाले गाउँपालिकास्तरको गौरवको योजनामा समेट्ने गाउँपालिका अध्यक्ष प्यारीलाल शाहीले बताउनुभयो।

अन्यायमै द्वन्द्वमा बलात्कृत

# घर र समाजमै डर

**राजु लामिछाने**
*रुकुमपश्चिम, मङ्सिर ६ गते*

१० बर्से सशस्त्र द्वन्द्वका बेला सामूहिक बलात्कारको सिकार भएकी रुकुमपश्चिमकी ४२ वर्षीय सम्झना (नाम परिवर्तित) लाई आफ्नो शारीरिक र मानसिक अवस्थाले जिउँदो बनेको जस्तो लाग्छ। सामूहिक बलात्कार अनि यौनाङ्गमा बन्दुकको नाल घुसारेर दिइएको यातनाले सम्झनालाई अहिले पनि बेहोसी अवस्थामा पुऱ्याउँछ।

नाम परिवर्तित ४० वर्षीय शर्मिलालाई पनि बाँच्न निकै सकस भइरहेको छ। तत्कालीन माओवादी खोज्न गाउँ पसेको प्रहरीले घरमा बसेका सोझा श्रीमान्‌लाई जङ्गलमा लगेर गोली हान्नुअघि “मेरो श्रीमान् निर्दोष हो, छोडिदिनुस्,” भनेर बिलौना गर्दै पछि लागेकी शर्मिलाले श्रीमान्‌को छातीमा तातो गोली छिरेको देख्नु पऱ्यो। मृत श्रीमान्‌को ढलेको शरीरअगाडि सामूहिक बलात्कारको सिकार हुनुभयो। गोली खान्छेस् कि चुप लाग्छेस् भनेर शरीर लुछेको त्यो पीडाले उहाँ अहिले पनि विक्षिप्त हुनुहुन्छ।

सम्झना र शर्मिला जस्तै सशस्त्र द्वन्द्वमा भएको बलात्कारको पीडाले अहिले पनि धेरै महिला पीडामा छटपटाइरहेका छन्। आफ्नो पीडा पोख्ने ठाउँसमेत नपाएको दुःखेसो छ। द्वन्द्वकालमा बलात्कृत महिलाका यी वास्तविकता द्वन्द्वकै जगमा बनेका सरकारले बेवास्ता गरेका प्रमाण हुन्। शारीरिक अस्वस्थता, आफू बलात्कृत भएको कुरा थाहा भएमा समाजमा हुने तिरस्कार र परिवारबाटै हुन सक्ने सम्भावित घृणाले बलात्कृतलाई अहिले पनि मर्नु न बाँच्नु भइरहेको छ। २०५२ फागुन १ गतेदेखि तत्कालीन द्वन्द्वरत पक्ष नेकपा (माओवादी) ले सुरु गरेको सशस्त्र जनयुद्धलाई पूर्णविराम दिँदै तत्कालीन सरकार र द्वन्द्वरत पक्षबिच विस्तृत शान्ति सम्झौता भएको मङ्सिर ५ गते १९ वर्ष पूरा भएर २० वर्षमा प्रवेश गरेको छ। २०६३ साल मङ्सिर ५ गते तत्कालीन सरकार र विद्रोही पक्षबिच शान्ति सम्झौता भएको थियो। विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष पूरा हुँदा पनि मृतकका परिवार, घाइते, विस्थापित परिवारले अझैसम्म पनि न्यायको अनुभूति गर्न पाएका छैनन्।

> विस्तृत शान्ति सम्झौता भएको उन्नाइस वर्ष पूरा हुँदा पनि मृतकका परिवार, घाइते, विस्थापित परिवारले अझैसम्म पनि न्यायको अनुभूति गर्न पाएका छैनन्। गम्भीर खालका समस्या सम्बोधन गर्न कुनै चासो नदिँदा पीडित झन् पीडामा छन्।

### तिरस्कारको डर

द्वन्द्वमा बलात्कृत भएकालाई झन् व्यथा पोख्ने समाजबाटै तिरस्कृत हुने डर छ। द्वन्द्वका बेला यौन हिंसामा परेका र बलात्कृत महिला घरबार बिग्रन्छ कि, घरबाट निकाल्छन् वा समाजले तिरस्कार गर्छ भन्ने तनावमा हुने गरेको मनोविमर्शकर्ता कमला खड्का बताउनुहुन्छ। हेलाको पात्र बन्छु भन्ने डरले अहिलेसम्म यो पीडा लुकाएर बस्न बाध्य भएको खड्काको भनाइ छ। उहाँका अनुसार न कहीं भन्ने वातावरण छ, न त राज्यले संरक्षण गर्न सक्छ। उनीहरूमा निन्द्रा नलाग्ने, रिँगटा लाग्ने, छटपटी हुने, टाउको दुख्ने, शरीरमा चिट चिट पसिना आउने जस्ता समस्या बल्झिरहेका छन्। शारीरिक र मानसिक रूपले गल्दै गएको मनोविमर्शकर्ता खड्काको भनाइ छ।

### सरकारसँग छैन तथ्याङ्क

द्वन्द्वकै उद्गमस्थल मानिएको रुकुमका स्थानीय सरकारले समेत द्वन्द्वका बेला भएका यस्ता गम्भीर खालका समस्या सम्बोधन गर्न कुनै चासो नदिँदा पीडित झन् पीडामा छन्। सानीभेरी गाउँपालिकाकी उपाध्यक्ष कमला रोकाले तिनै तहका सरकारले यौन हिंसापीडितका लागि कुनै ठोस योजना ल्याउन नसकेको स्वीकार गर्नुभयो। उहाँले द्वन्द्वका बेला बलात्कारमा परेकाहरूले खुलेर समस्या राख्न नसकेको, उहाँहरूमा गोपनीयता भङ्ग हुने डर रहेको र सामाजिक गलत मान्यताका कारण स्थानीय सरकारसमक्ष कसैले पनि बलात्कृत भएको र न्यायको माग गर्न नआएको बताउनुभयो। रोकाले यकिन विवरणको अभावमा प्रभावकारी कार्यक्रम तय गर्न नसकिएको बताउनुभयो।

जिल्लामा मानसिक स्वास्थ्यलक्षित कार्यक्रम सञ्चालन गरिरहेको नेपाल जनजागरण मञ्चका अध्यक्ष टेक कुसारीले सशस्त्र द्वन्द्वका क्रममा भएका यातना, यौन हिंसाका कारण सिर्जित मानसिक समस्या बढेको बताउनुभयो। यस्ता पीडितका लाागि राज्यले सुरक्षा दिने, सामाजिक रूपमा हेर्ने दृष्टिकोण बदल्ने, पीडितलाई प्याकेजका कार्यक्रम ल्याएर आत्मनिर्भर बनाउने, सिपमूलक कार्यक्रममा जोड्ने, हौसला दिनेलगायतका कार्यक्रम ल्याउन जरुरी रहेको उहाँको सुझाव छ।

# दुई सय वर्ष पुरानो पौवा दरबार जीर्ण




**जीर्ण अवस्थामा पौवा दरबार।** *तस्बिर : यामराज विष्ट*

**पञ्चकोशी समाचारदाता**
*पञ्चकोशी (दैलेख), मङ्सिर ६ गते*

दैलेखको दुल्लु नगरपालिका–८, पादुकास्थित रहेको पौवा दरबार संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ। झन्डै दुई सय वर्ष पुरानो (पौवा दरबार) दुल्लु सांस्कृतिक सङ्ग्रहालय लामो समयसम्म मर्मतसम्भार नभएपछि जीर्ण बन्दै गएको हो।

सम्बन्धित निकायले चासो नदिँदा पौवा दरबार सङ्ग्रहालय जीर्ण बन्दै गएको स्थानीय दुल्लु नगरपालिका–८ का डिलबहादुर खड्काले बताउनुभयो। विशाल नेपालको शक्तिशाली राज्यमध्येको एक सिँजा राज्यको शीतकालीन राजधानीका रूपमा रहेको दुल्लुले आफूसँग भएको ज्वाला सभ्यता र सिँजा सभ्यताको केन्द्रविन्दुका रूपमा रहेको तत्कालीन राजा राजेन्द्र वीरविक्रम शाहको पालामा निर्माण भएको पौवा दरबार संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ।

उहाँले सरोकारवाला निकायले यसलाई संरक्षणमा चासो दिएर ऐतिहासिक महत्त्व र पर्यटकीय सम्भावना बोकेको पौवा दरबारलाई पर्यटन विकासमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो। तिब्बती पठारको खसानदेखि जडानसम्मको कला, संस्कृति, साहित्य, लोकजीवन, लोकसंस्कारसँग सम्बन्धित मूर्त र अमूर्त सम्पदाको जगेर्ना गर्ने लोकसंस्कृतिलाई बचाइराख्न पौवा दरबारमा सङ्ग्रहालयको स्थापना गरिएको दुल्लु नगरपालिकाका नगरप्रमुख भरतप्रसाद रिजालले बताउनुभयो। उहाँले पौवा दरबार संरक्षणको अभावमा जीर्ण बन्दै गएकाले यसलाई संरक्षण गर्न स्थानीय सरकारले काम गर्ने जनाउनुभयो।

उहाँले भन्नुभयो, “ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्व बोकेको पौवा दरबारदेखि लिएर दरबारमा रहेका सामग्रीलाई संरक्षण गर्न नगरपालिकाले काम गरिरहेको छ।” उहाँले दरबारको संरक्षणका लागि प्रदेश सरकाले बजेट छुट्याएको र त्यसमा केही समयपछि नगरपालिकाले काम गर्ने बताउनुभयो। झन्डै दुई सय वर्षअघि अर्थात् विसं १८७६ जेठ १० गते निर्माण भएको दरबारमा विभिन्न परम्परागत लोकजीवनसँग रहेका ढिकी, जातो, घट्ट, कोल, महिलाले लगाउने गरगहना, पुराना पैसालगायतका विभिन्न १६२ किसिमका सामग्री सङ्कलित छन्। तत्कालीन समयमा उत्तरदक्षिण कोरिडोरका रूपमा रहेको जुम्लादेखि दुल्लु हुँदै आवतजावत गर्ने बटुवालाई राति बास बस्न समस्या हुने भएपछि काजी जसपाउ थापाले पौवा दरबार निर्माण गरेको जानकार बताउँछन्।

# तीन पालिकामा खटाइयो चिकित्सक

**हुम्ला समाचारदाता**
*हुम्ला, मङ्सिर ६ गते*



**खार्पुनाथ सामुदायिक अस्पतालमा बिरामी जाँच गर्दै डाक्टर।** *तस्बिर : राजन रावत*

कर्णाली प्रदेश सरकारले हुम्लाका तीन गाउँपालिकामा स्वास्थ्य सेवा प्रदानका लागि चिकित्सकको व्यवस्था गरेको छ। ग्रामीणस्तरमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले कर्णाली प्रदेश सरकारको सामाजिक विकास कार्यालयले चिकित्सकको व्यवस्था गरेको हो।

स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख चिकित्सक डा. उमाकान्त तिवारीले प्रदेश सरकारले व्यवस्था गरेका चिकित्सक खार्पुनाथ, सर्केगाड र अदानचुलीमा खटिएको बताउनुभयो। खार्पुनाथ गाउँपालिकाका लागि डा. डिजेल यादव, सर्केगाड गाउँपालिकाका लागि डा. ईश्वरी पौडेल र अदानचुली गाउँपालिकाका लागि डा. गणेश जैसीलाई खटाइएको छ। तीमध्ये डा. डिजेल यादव खार्पुनाथ गाउँपालिकामा हाजिर भई बिहीबारदेखि नै सेवा प्रदान सुरु गर्नुभएको छ। खार्पुनाथ गाउँपालिकामा सामुदायिक अस्पताल यसअघि नै स्थापना भएर एक वर्ष गाउँपालिकाले चिकित्सकको व्यवस्था गरेर सुचारु भएको थियो। पछि गाउँपालिकाले चिकित्सकको पारिश्रमिकको व्यवस्था गर्न कठिन भएपछि सो अस्पताल चिकित्सकविहीन भएको थियो। अदानचुली र सर्केगाड गाउँपालिकामा खटाइएका डाक्टर पौडेल र जैसीलाई हाल ती गाउँपालिकामा आवश्यक स्वास्थ्य संरचना तयार पार्ने कार्य भइरहेकाले जिल्ला अस्पताल हुम्लामा अस्थायी रूपमा कामकाजका लागि खटाइएको हुम्लाका स्वास्थ्य प्रमुख डा. तिवारीले बताउनुभयो।

गाउँपालिकामा संरचना तयार हुनेबित्तिकै उहाँहरूलाई जतिसक्दो चाँडो सम्बन्धित गाउँपालिकामा जाने व्यवस्था मिलाइने उहाँले बताउनुभयो। चिकित्सक खटिएका गाउँपालिका केन्द्रमा रहेको स्वास्थ्य चौकीबाट ती चिकित्सकले सेवा प्रदान गर्ने भए पनि आवश्यकता परेका बेला अन्य स्वास्थ्य संस्थामा पनि पुगेर सेवा प्रदान गर्नुपर्ने छ। दुर्गम र भौगोलिक विकटतालाई ध्यानमा राखी हुम्लाका स्थानीय तहमा चिकित्सकको व्यवस्था नभइरहेको अवस्थामा प्रदेश सरकारले स्वास्थ्य सेवा सहज बनाउने उद्देश्यले यो कदम अघि बढाएको कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले बताउनुभयो। अब चाँडै चङ्खेली गाउँपालिकामा पनि चिकित्सक खटाउने तयारी भइरहेको जानकारी उहाँले दिनुभयो। प्रदेश सरकारको यस कदमले गाउँपालिका तहमा आधारभूत स्वास्थ्य सेवा सहज र प्रभावकारी हुने विश्वास मन्त्रालयले गरेको छ। चिकित्सकसहित सेवा ग्रामीणस्तरमा पुऱ्याउने कार्य भइरहेको बताउँदै मन्त्री भण्डारीले अब बाँकी कर्णाली प्रदेशका स्थानीय तहमा पनि पुऱ्याइने बताउनुभयो। सदरमुकाम रहेको सिमकोट गाउँपालिकामा जिल्ला अस्पताल रहेको छ।

# प्रशासकीय अधिकृतको सरुवा

**खलङ्गा समाचारदाता**
*जाजरकोट, मङ्सिर ६ गते*

यहाँको भेरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको एक महिनामै सरुवा भएको छ। अधिकृतको सरुवा भएपछि सेवा प्रवाहमा समस्या भएको छ।

गत असोज ३० गते भेरी नगरपालिका प्रमुख प्रशासकीय अधिकृतका रूपमा आउनुभएका रोमबहादुर महतको कात्तिक अन्तिम सातामा सरुवा भएपछि सेवा ठप्प भएको छ। स्थानीय तहको कामकाज गर्न आएका प्रमुख प्रशासकीय अधिकृतलाई जनप्रतिनिधिले सहयोग नगरेपछि छिटै सरुवा हुने गरेको छ। भेरी नगरपालिकाको प्रशासनिक काम गर्न सरकारले खटाएको प्रमुखलाई जनप्रतिनिधिले दबाबमा राख्न थालेपछि समस्या आएको छ। स्थानीय तहको खाता सञ्चालन गरी नियम अनुसार काम गर्दै आएका प्रमुख प्रशासकीय अधिकृतको सरुवा भएपछि सेवा प्रभावित भएको छ। दुई वर्षअघि जाजरकोटको बारेकोट गाउँपालिका–१, रामीडाँडा केन्द्रविन्दु भई गएको भूकम्पबाट घरबारविहीन प्रभावित जनताले सरकारबाट पुनर्निर्माणका लागी पाउने रकम स्थानीय तहको लापर्बाहीले पाउन सकेका छैनन्।

स्थानीय तहले ठेक्का खोलेर काम गरेका ठेकेदारले काम अनुसारको भुक्तानीसमेत पाउन सकेका छैनन्। प्रमुख प्रशासकीय अधिकृत आएपछि समयमा काम गर्न पाउने आशा गरेका सर्वसाधारण निराश भएका छन्। असारदेखि निर्माण सामग्री बन्द गरेको स्थानीय तहले खुला नगरेपछि निजी घर, योजनाका काममा चाहिने आवश्यक सामग्री नपाएपछि मर्कामा परेका छन्। स्थानीय तहले समयमा काम नगर्दा मजदुरी गरी बिहानबेलुकाको छाक टारेका सर्वसाधारणलाई समस्या भएको छ।

# फोरजी सेवा विस्तार



**सर्केगाड गाउँपालिकामा रहेको फोरजी टावर।** *तस्बिर : नन्द सिंह*

**रलिङ समाचारदाता**
*रलिङ (हुम्ला), मङ्सिर ६ गते*

हुम्लाको सर्केगाड गाउँपालिकामा फोरजी सेवा सञ्चालनमा आएको छ। जिल्लाको मध्य क्षेत्रमा रहेको सर्केगाड गाउँपालिकाले फोरजी सेवा सञ्चालनमा ल्याएपछि खार्पुनाथ गाउँपालिकालाई समेत सहज भएको हो।

दूरदराजमा रहेका गाउँबस्तीका नागरिकलाई फोरजी सेवा प्रवाह भएपछि दुई वटा गाउँपालिकाका सेवाग्राही खुसी भएका छन्। सो सेवा सञ्चालन गर्दा सर्केगाड गाउँपालिकाको लगानी भए पनि उच्च क्षेत्रमा सो टावर राख्दा खार्पुनाथ गाउँपालिकाका नागरिकसमेत सेवाको पहुँचमा जोडिएका हुन्। लामो समयदेखि प्रतीक्षामा रहेको सर्केगाड गाउँपालिकामा नेपाल टेलिकमको फोरजी सेवा औपचारिक रूपमा सञ्चालनमा आएको छ। सर्केगाडको गौसा, जैर र छ्याँगी गरी तीन वटा टावर सञ्चालनमा आएसँगै स्थानीयवासी आधुनिक द्रुतगतिका इन्टरनेट सेवाबाट लाभान्वित बन्न थालेका छन्। गाउँपालिकामा सञ्चार पहुँच विस्तारका लागि पछिल्लो समय गरिएका प्रयास सफल बनेको गाउँपालिकाका उपाध्यक्ष देवकी तिमल्सिनाले बताउनुभयो। सर्केगाड गाउँपालिका क्षेत्रमा फोरजी सेवा विस्तारमा योगदान पुऱ्याएको भन्दै नेपाल टेलिकमका प्रबन्ध निर्देशक सविना मास्के, उपप्रबन्धक प्रेम क्षेत्री, निर्देशक प्रेम सिलवाल, फिल्ड प्राविधिक टोलीका सहायक प्राविधिक अधिकृत राकेश गिरी र रमेशप्रसाद घिमिरे, प्रादेशिक निर्देशनालय सुर्खेतका निर्देशक कमल लामिछानेलाई गाउँपालिकाले धन्यवाद व्यक्त गरेको छ।

टावर सञ्चालनमा आएपछि सर्केगाड मात्र नभई छिमेकी गाउँपालिकाका केही वडामा समेत फोरजी सेवा विस्तार भइरहेको नेपाल टेलिकमले जनाएको छ। यस्तै सेवा विस्तार हुन बाँकी रहेका क्षेत्रका लागि सर्केगाड–५ को भदालीस्थित भिसेटलाई पनि चाँडै फोरजीमा रूपान्तरण गर्ने तयारी भइरहेको नेपाल टेलिकम हुम्लाले जनाएको छ। सर्केगाडसँगै खार्पुनाथ गाउँपालिकाको लाली, प्युस, राया, थाली, गोप्कालगायतका गाउँबस्तीमा उक्त सेवा सञ्चालनमा आएको स्थानीय गणेश सिंहले बताउनुभयो।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**

प्रकाशित मितिः २०८२।०८।०७ — मुद्दा शाखा, मुद्दा नं. ०८१-DR-०४९५

वादी **लक्ष्मी सनराईज बैंक लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।११।२६ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।०२।३० मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्नेछैन।

प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा मिति २०७७।०८।१८ मा दर्ता नं. १६४५६/०७७/७८ अन्तर्गत दर्ता भएको सुनसरी जिल्ला, धरान उप म.न.पा. वडा नं.१४ स्थित होटल एस एस एण्ड लज (ऋणी फर्म) को प्रोप्राइटर राम बहादुर भुजेलको नाति, मुक्तिनाथ भुजेलको छोरा, सुनसरी जिल्ला, धरान उप म.न.पा. वडा नं. १६ बस्ने वर्ष २८ को ऋणी फर्मका प्रोप्राइटर/धितो जमानीकर्ता **रिग बहादुर भुजेल** (ना.प्र.नं. ०६-०२-७५-०३३९२, जारी मिति २०७५/११/२२, जि.प्र.का., सुनसरी) (सम्पर्क नं. ९८५२०६२३९१) ... १

मुन बहादुर भुजेलको नाति, राम बहादुर भुजेलको छोरा, धनकुटा जिल्ला, डाँडागाउँ गाउँपञ्चायत वडा नं. ७ को हाल परिवर्तित कोशी प्रदेश, धनकुटा जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ३ बस्ने वर्ष ६८ को व्यक्तिगत जमानतकर्ता **मुक्तिनाथ भुजेल** (ना.प्र.नं. २११९, जारी मिति २०४६/०२/२५, जि.प्र.का., धनकुटा) को नाउँमा जारी भएको १५ (पन्ध्र) दिने म्याद। (सम्पर्क नं. ९८५२०६२३९१) ... १

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**

प्रकाशित मितिः २०८२।०८।०७ — मुद्दा शाखा, मुद्दा नं. ०८१-DR-०५१३

वादी **ग्लोबल आइएमई बैंक लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।१२।०५ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।०२।०९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्नेछैन।

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागको कार्यालयमा, प्रा.फ.र.नं. १३६०२/०५८ मिति २०५८/०९/१५ मा पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४ हाल परिवर्तित गण्डकी प्रदेश पर्वत, जिल्ला, कुश्मा नगरपालिका वडा नं. ६ मा रजिस्टर्ड ठेगाना भएको शुभ सुबेदी फेन्सी स्टोरका प्रोप्राइटर रविलाल यपाध्याय सुबेदीको नाति, लिलाधर यपाध्याय सुबेदीको छोरा, पर्वत जिल्ला, देउराली गा.वि.स. वडा नं. ६ नागरिकता तथा जमानत तमसुकको र परिवर्तित हाल गण्डकी प्रदेश, पर्वत जिल्ला, मोदी गाउँपालिका वडा नं.५ बस्ने वर्ष ४४ को ऋणी **तुलसीराम सुबेदी** (ना.प्र.नं.२७४७३, जारी मिति २०५६/११/२७, जि.प्र.का., पर्वत) (सम्पर्क नं. ९८५७६२१४६४) ... १

लिलाधर यपाध्याय सुबेदीकी बुहारी, तुलसीराम सुबेदीकी पत्नी, रवि प्रसाद उपाध्यायकी छोरी, बागलुङ जिल्ला, बागलुङ नगरपालिका वडा नं. १ नागरिकता तथा जमानत तमसुकको र परिवर्तित गण्डकी प्रदेश, बागलुङ जिल्ला, बागलुङ नगरपालिका वडा नं. १ भई हाल गण्डकी प्रदेश, पर्वत जिल्ला, मोदी गाउँपालिका वडा नं. ५ बस्ने वर्ष ४३ को जमानतकर्ता **गंगा शर्मा** (ना.प्र.नं. ६३१३, जारी मिति २०५८/११/०२, जि.प्र.का., बागलुङ) ... १

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**

प्रकाशित मितिः २०८२।०८।०७ — मुद्दा शाखा, मुद्दा नं. ०८१-DR-०४९६

वादी **हिमालयन बैंक लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।११।२६ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।०७।२५ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्नेछैन।

नेपाल सरकार, कम्पनी रजिस्ट्रारको कार्यालयमा प्रा.लि.नं.८५०६४।०६८।०६९ अन्तर्गत मिति २०६८।०४।१५ मा दर्ता भएको गण्डकी प्रदेश कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं.८ हाल परिवर्तित कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.८ स्थित ऋणी **गोरखा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.** ... १

रनध्वज विश्वकर्माको नाति, ईन्द्र कुमार विश्वकर्माको छोरा, बागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. २२ बस्ने वर्ष ४५ को व्यक्तिगत जमानीकर्ता **शिव कुमार विश्वकर्मा** (ना.प्र.नं. २७, ९०६८/ ०५४।५५।११७७२, जारी मिति २०५४।०९।१६, जिल्ला काठमाडौँ) ... १

रनध्वज विश्वकर्माकी बुहारी, गंगाराम विश्वकर्माकी छोरी, ईन्द्र कुमार विश्वकर्माकी पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स. वडा नं. २ हाल परिवर्तित कोशी प्रदेश, झापा जिल्ला, अर्जुनधारा नगरपालिका वडा नं.२ बस्ने वर्ष ६८ की व्यक्तिगत जमानीकर्ता **विष्णुमाया विश्वकर्मा** (ना.प्र.नं. ६९७१३०२, जारी मिति २०४६।०३।२०, जिल्ला झापा) ... १

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**

प्रकाशित मितिः २०८२।०८।०७ — मुद्दा शाखा, मुद्दा नं. ०८१-DR-०५७१

वादी **ग्लोबल आइएमई बैंक लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०१।०३ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।०५।३१ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्नेछैन।

कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौँमा दर्ता नं.१०६३९४/०६९/०७० मिति २०६९/०६/१७ मा झापा जिल्ला, कन्काई नगरपालिका वडा नं. ०३ परिवर्तित हाल कोशी प्रदेश, झापा जिल्ला, कन्काई नगरपालिका वडा नं. ०३ मा रजिस्टर्ड ठेगाना भएको ऋणी **सप्तमाई सप्लायर्स प्रा.लि.** (मो.नं. ९८५१०११०१९४) ... १

सुदर्शन गौतमको नाति, लिलाधर गौतमको छोरा, इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. ०२ नागरिकता तथा जमानत तमसुकको र परिवर्तित हाल कोशी प्रदेश, इलाम जिल्ला, इलाम नगरपालिका, वडा नं. ०७ बस्ने, वर्ष ५३ का जमानतकर्ता **डिल्लीराम गौतम** (ना.प्र.नं. ३८४७२/१०९९ मिति २०४९/०५/१६ जि.प्र.का. इलाम) को नाउँमा जारी भएको १५ (पन्ध्र) दिने म्याद। (मो.नं. ९८५१०११०१९) ... १

लिलाधर गौतमकी बुहारी, डिल्लीराम गौतमकी पत्नी, नेत्र प्रसाद खनालकी छोरी, झापा जिल्ला, सुरुङ्गा गा.वि.स. वडा नं. ०३ नागरिकता तथा जमानत तमसुकको र परिवर्तित हाल कोशी प्रदेश, झापा जिल्ला, कन्काई नगरपालिका, वडा नं. ०३ बस्ने वर्ष ५३ की जमानतकर्ता **राधिका खनाल** (ना.प्र.नं.९१५२६१ मिति २०५१/०२/२७ जि.प्र.का. झापा) ... १


तस्बिर : टोपलाल अर्याल

**सालभन्डी–खर्ज्याङ–तम्घास सडकखण्ड अन्तर्गतको देउराली–रेसुङ्गा सडक । यो सडक कालोपत्रे गर्ने काम अन्तिम चरणमा पुगेको छ ।**

# क्षयरोगका सम्भावित बिरामीको खोजी

**परासी समाचारदाता**
*परासी, मङ्सिर ६ गते*

समुदायमा क्षयरोगका कीटाणु बोकेर बसेका सम्भावित बिरामीको खोजी कार्य पश्चिम नवलपरासीमा तीव्र पारिएको छ। क्षयरोगको लक्षण नदेखिएका तर शरीरभित्र कीटाणु रहेका व्यक्तिलाई लक्षित गरी एआई एक्सरे प्रविधिका माध्यमबाट विशेष स्वास्थ्य शिविर सञ्चालन गरिएको हो। स्वास्थ्य कार्यालय पश्चिम नवलपरासीका प्रमुख अङ्गदबहादुर शाहीका अनुसार समुदायस्तरमा लुकेर रहेको सङ्क्रमण पत्ता लगाउन र समयमै उपचार सुरु गर्न यो प्रविधि उपयोगी साबित भएको छ।

सञ्चालन गरिएको यो शिविर पाल्हीनन्दनस्थित गेर्मी र रामग्रामको अमरवन गरी दुई स्थानमा केन्द्रित गरिएको छ। स्वास्थ्य कार्यालयका अनुसार परीक्षण गरिएकामध्ये ठुलो सङ्ख्यामा शङ्कास्पद बिरामी भेटिएका छन्। शिविरमा कुल ४१९ जनाको परीक्षण गरिएकोमा एक सय जनामा क्षयरोगको शङ्का देखिएको छ। अब शङ्कास्पद व्यक्तिलाई थप परीक्षण गरी क्षयरोग पुष्टि भएमा तत्काल उपचारको प्रक्रियामा ल्याइने सो कार्यालयले जनाएको छ।

# अस्पताललाई उपकरण

**रामपुर समाचारदाता**
*रामपुर (पाल्पा), मङ्सिर ६ गते*

रामपुर अस्पताललाई लायन्स क्लबले ७० लाख बराबरका उपकरण सहयोग गरेको छ। अस्पतालको प्रयोगशाला सेवालाई छिटो र प्रभावकारी बनाउन चार वटा उपकरण प्रदान गरिएको हो। लायन्स क्लव अफ बुटवल स्टार र लायन्स क्लब अफ रामपुर पाल्पाको समन्वयमा उपकरण प्रदान गरिएको हो। पूर्ण स्वचालित हेमाटोलोजी विश्लेषक उपकरण, मूत्र परीक्षण मेसिन, इएसआर परीक्षण मेसिन र इलेक्ट्रोलाइट विश्लेषक मेसिन हस्तान्तरण गरिएको हो।

उपकरण हस्तान्तरण गर्दै रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले अस्पतालको सेवालाई थप प्रभावकारी बनाउन प्रदान गरिएको सामग्रीले कालीगण्डकी बेँसीका जनतालाई महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। अस्पताल विकास समिति अध्यक्ष युवराज खनालले प्राप्त सामग्रीले सहज र भरपर्दो सेवा प्रवाहमा थप टेवा पुग्ने बताउनुभयो। लायन्स क्लब अफ रामपुरका संस्थापक अध्यक्ष भोजेन्द्रप्रकाश ढकालले सेवालाई थप प्रभावकारी बनाउन अस्पतालको आवश्यकतालाई ध्यानमा राख्दै उपकरण प्रदान गरिएको जानकारी दिनुभयो।

# थपिएका मतदाता अधिकांश युवा



**गुलरिया समाचारदाता**
*गुलरिया (बर्दिया), मङ्सिर ६ गते*

जिल्ला निर्वाचन कार्यालय बर्दियामा नयाँ मतदाता थपिने क्रम जारी रहेको छ। जिल्लामा हालसम्म दुई हजार ४०८ मतदाताले मतदाता नामावलीमा नाम दर्ता गराएका छन्। हाल जिल्लामा थपिएका मतदाता अधिकांश युवापुस्ताका रहेका छन्। निर्वाचन आयोगले राष्ट्रिय परिचयपत्रबाट सिधै मतदाता नामावलीमा दर्ता गर्न सकिने व्यवस्था गरेपछि आवेदन दिनेको सङ्ख्या बढेर पाँच हजार ३४६ पुगेको छ।

गत असोज १० यता निर्वाचन कार्यालयमा गई मतदाता नामावलीमा तस्बिर खिचाउनेमा एक हजार ११७ महिला र एक हजार २९१ पुरुष रहेका छन्। निर्वाचन कार्यालय बर्दियाका सूचना अधिकारी अनुप ढकालले निर्वाचन कार्यालयमा आएर तस्बिर खिचाएका मतदाताको नामावलीमा नाम दर्ता भइसकेको र राष्ट्रिय परिचयपत्रबाट जोडिएका मतदाताको रुजु गर्न बाँकी रहेको बताउनुभयो। उहाँले रुजु गरेपछि वास्तविक तथ्याङ्क आउने पनि जानकारी दिनुभयो।

निर्वाचन कार्यालय बर्दियाका प्रमुख लालबहादुर मल्लले राष्ट्रिय परिचयपत्रसँग जोडिएर मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रविधि ल्याएपछि कार्यालयमा भिड कम हुँदै गएको बताउनुभयो। बर्दियामा असोज १० भन्दा अगाडि बर्दिया जिल्लामा पुरुष एक लाख ५६ हजार ९५, महिला एक लाख ६१ हजार २३३ र अन्य छ जना गरी तीन लाख १७ हजार ३३४ जना मतदाता थिए।

# निजी अस्पतालमा आमा सुरक्षा कार्यक्रम बन्द

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, मङ्सिर ६ गते*

बाँकेका प्रमुख निजी अस्पतालहरूबाट आमा सुरक्षा कार्यक्रम हटाइएपछि अहिले नेपालगन्जस्थित भेरी अस्पतालमा प्रसूतिका लागि आउने महिलाको चाप बढ्दै गएको छ। नेपालगन्ज मेडिकल कलेजको कोहलपुरस्थित शिक्षण अस्पताल र नेपालगन्जमा हालै मात्र सञ्चालनमा आएको सञ्जीवनी अस्पतालमा आमा सुरक्षा कार्यक्रम बन्द हुँदा भेरी अस्पतालमा प्रसूतिका लागि आउनेको चाप अत्यधिक बढेको हो।

आमा सुरक्षा कार्यक्रम अन्तर्गत शल्यक्रियादेखि अन्य सबै औषधी र उपचार निःशुल्क हुँदै आएकोमा चालु आर्थिक वर्षबाट सो कार्यक्रम यस क्षेत्रका दुई ठुला निजी अस्पतालमा बन्द हुँदा अधिकांशले प्रसूतिका लागि भेरी अस्पताललाई नै रोज्ने गरेका पाइएको छ। निजी अस्पतालमा प्रसूति सेवा निकै महँगो भएकाले अहिले अधिकांशले भेरी अस्पताल रोजेपछि शय्या र जनशक्ति अभावले ठुलो समस्या उत्पन्न भएको अस्पतालले जनाएको छ।

भेरी अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. नीराजन सुवेदीले प्रसूतिका लागि आउने बिरामीको चापलाई ध्यानमा राखेर १८ वटा शय्या थप गरिएको तथा केही पोस्टअप बेड थप्दासमेत धान्न नसकेको बताउनुभयो। उहाँले तीन सय शय्याको यो अस्पतालमा प्रसूतिका लागि ७५ वटा शय्या छुट्याइएको जनाउँदै हाल आएर त्योभन्दा दोब्बर बढी बिरामी आउने गरेकाले सेवा प्रवाहमा गम्भीर समस्या भएको बताउनुभयो।

भेरी अस्पतालको प्रसूति सेवा विभागका प्रमुख वरिष्ठ चिकित्सक डा. उर्मिला पराजुलीले केही समययता भेरी अस्पतालमा प्रसूति गराउने धेरै बढी आउन थालेकाले उपचारमा समस्या भएको बताउनुभयो। उहाँले बिरामीको सङ्ख्या अनुपातमा सामान्य बेड, पोस्टअप बेड र जनशक्ति निकै कम भएकाले त्यसतर्फ तत्काल ध्यान दिन आवश्यक रहेको बताउनुभयो। डा. पराजुलीले भन्नुभयो, "अहिले दिनमा १२ देखि २० जनाको शल्यक्रिया र २० देखि ३० जनाको सामान्य प्रसूति भइरहेको छ। सामान्य बेडदेखि पोस्टअप बेडको चरम अभाव छ। कुनै दिन सय जनाभन्दा बढी प्रसूति गराउनेहरू आउने गरेका छन्। सबैलाई उपचार दिन समस्या छ।"

उहाँले प्रसूति विभागमा चिकित्सक, अन्य जनशक्ति र बेड तत्काल थप्नुपर्ने बताउनुभयो। भेरी अस्पतालमा प्रसूति गराउन आउनेको सङ्ख्या जतिसुकै पुगे पनि कसैलाई पनि फिर्ता नगरी उपचार गरिएको अस्पतालले जनाएको छ।

नेपालगन्ज मेडिकल कलेजको कोहलपुर शिक्षण अस्पताल र नेपालगन्जस्थित सञ्जीवनी अस्पतालले सरकारले दिएमा आमा सुरक्षा कार्यक्रम चलाउन तयार रहेको बताउँदै आएका छन्।

# स्थानीय तहबिच सीमा विवाद

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, मङ्सिर ६ गते*

बाँकेका पाँच वटा स्थानीय तहबिच सीमा विवाद रहेको छ। जिल्ला समन्वय समिति बाँकेको समन्वयमा प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालले आयोजना गरेको जिल्लास्तरीय समन्वय तथा सल्लाहकार बैठकमा सो विवाद सार्वजनिक भएको हो।

जिल्ला समन्वय समिति बाँकेका प्रमुख ज्ञानेन्द्रकुमार चौधरीले डुडुवा गाउँपालिका–५ र राप्तीसोनारी गाउँपालिका–६, राप्ती नदीको बगरमा सीमा विवाद रहेको पाइएको बताउनुभयो। उहाँका अनुसार सीमा विवादका कारण राप्तीसोनारी–६ र डुडुवा–५ को सीमाक्षेत्रमा रहेको राप्तीमा नदीजन्य पदार्थ कसले उत्खनन गर्ने भन्ने विषयमा झन् विवाद हुँदै आएको छ। सीमा अतिक्रमणका विषयमा दुवै स्थानीय तहका आआफ्नै दाबी छ।

राप्तीसोनारी–६ का वडाध्यक्ष लवराज खरेलले दुई स्थानीय तहबिच सीमा विवाद कायम रहेकै बेला डुडुवा गाउँपालिकाले अहिले जबरजस्ती 'गाउँ प्रहरी' परिचालन गरेर नदीजन्य पदार्थ धमाधम उत्खनन गरेको आरोप लगाउनुभयो।

# तोडफोड र आगजनीमा संलग्न पक्राउ

**घोराही समाचारदाता**
*घोराही, मङ्सिर ६ गते*

दाङमा जेनजी आन्दोलनका क्रममा जिल्लाका विभिन्न संरचनामा आगजनी, तोडफोड र लुटपाटमा संलग्न २७ जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्लाको घोराही र तुलसीपुरमा रहेका अदालत कार्यालय तथा प्रहरी भवनमा तोडफोड, आगजनी र लुटपाटमा संलग्न २७ जना व्यक्तिलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय दाङको नियमित पत्रकार सम्मेलनका क्रममा प्रहरी उपरीक्षक दीपक श्रेष्ठले आपराधिक गतिविधिमा संलग्नको खोजीका क्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय घोराहीमा तोडफोड, आगजनी र लुटपाटमा संलग्न १२ जनालाई पक्राउ गरिएको जानकारी दिनुभएको छ।

प्रहरी उपरीक्षक श्रेष्ठका अनुसार दाङ जिल्ला अदालतको भवनमा तोडफोड, आगजनी र लुटपाटमा संलग्न तीन जना, इलाका प्रहरी कार्यालय नारायणपुर र जिल्ला सरकारी वकिल कार्यालयको भवनमा संलग्न दुई/दुई जना, घोराहीस्थित भानुचोकमा रहेको प्रहरी बिट तोडफोड, आगजनी र लुटपाटमा संलग्न एक जनालाई पक्राउ गरिएको बताउनुभयो। उच्च अदालत तुलसीपुर कार्यालय भवन र अस्थायी प्रहरी चौकी बसपार्कमा तोडफोड, आगजनी र लुटपाटमा संलग्न सात जनालाई पक्राउ गरी इलाका प्रहरी कार्यालय तुलसीपुरबाट मुद्दा दर्ता गरेर अनुसन्धान भइरहेको प्रहरी प्रमुख श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार पक्राउ पर्नेमा उच्च अदालत तुलसीपुर कार्यालय भवनमा संलग्न चार जना र अस्थायी प्रहरी चौकी बसपार्कमा संलग्न तीन जना रहेका छन्। उहाँले पक्राउ परेका २७ जनालाई अदालतबाट म्याद थप गरेर थप अनुसन्धान भइरहेको बताउनुभयो।

श्रेष्ठले जेनजी आन्दोलनका क्रममा सामाजिक सञ्जाल, विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक तथा सिसिटिभीमा कैद भएको भिडियोका आधारमा संलग्नको पहिचान गर्दै पक्राउ गरिएको बताउनुभयो। त्यस क्रममा कतिपय फरार रहेका र उनीहरूलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी निरीक्षकको कमान्डमा विशेष टोली गठन गरी खोजी भइरहेको बताउनुभयो। उहाँले जेनजी आन्दोलनका क्रममा सार्वजनिक सम्पत्तिसँगै निजी सम्पत्तिमा तोडफोड, आगजनी र लुटपाट भए पनि अहिलेसम्म कसैका तर्फबाट उजुरी भने नपरेको बताउनुभयो।

# घरघरै पुगेर गर्भवतीको भिडियो एक्सरे

**अर्घाखाँची समाचारदाता**
*अर्घाखाँची, मङ्सिर ६ गते*

अर्घाखाँचीको शीतगङ्गा नगरपालिकाले गाउँबस्तीमै पुगेर गर्भवतीका लागि पहिलो पटक भिडियो एक्सरेसहितको निःशुल्क स्वास्थ्य जाँच सेवा सुरु गरेको छ।

वार्षिक कार्ययोजना अनुसार चिकित्सकको टोली र आवश्यक उपकरणसहित टोलीले घरघरै पुगेर सेवा प्रदान गर्न थालेपछि दुर्गम क्षेत्रमा बसोबास गर्ने गर्भवती महिला तथा परिवार निकै हर्षित बनेका छन्। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाका अनुसार आर्थिक वर्ष २०८२/८३ अन्तर्गत सुरु गरिएको अभियान अन्तर्गत पहिलो चरणमा सीतापुर–२ स्थित स्वास्थ्य चौकीमा १४ गर्भवतीको भिडियो एक्सरेसहितको स्वास्थ्य परीक्षण गरिएको छ।

यहाँका धेरै वडामा पुग्न तीन घण्टादेखि पूरै दिनसम्म पैदलयात्रा गर्नुपर्ने अवस्था छ। यही कारण स्वास्थ्य संस्थासम्म पुग्न नसक्दा गर्भवती महिला तथा नवजात शिशुले ज्यान गुमाउनुपर्ने जोखिम बढिरहेको थियो। नगरप्रमुख छविलाल पौडेलले बजारसम्म आउन नसक्ने गर्भवती महिलाले अकालमै ज्यान गुमाउन नपरोस् भन्ने लक्ष्यसहित यो अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो।

**सैनिक सामग्री प्राप्ती निर्देशनालय,**
**संभाररथी विभाग, जंगी अड्डा**

**विभिन्न सामग्री खरिदको लागि बोलपत्र आव्हाको सूचना**

(प्रकाशित मिति २०८२।०८।०७ गते)

१. आ.ब. ०८२/८३ मा आवश्यक पर्ने निम्न अनुसारको सामानहरु **e–GP System** बाट खरिद गरिने हुँदा ईच्छुक योग्य बोलपत्रदाताको लागि यसै सूचनाद्वारा आव्हान गरिएको छ ।

| ठेक्का नं. | विवरण | परिमाण | बैंक जमानत ने.रु. | बोलपत्र दस्तुर ने.रु. | प्रि-बिड मिटिङ्ग | बोलपत्र दर्ता र खोलुवा |
|---|---|---|---|---|---|---|
| पहिलो पटक सूचना प्रकाशन | | | | | | |
| 038 | Radiology Equipment for DGMS (Pkg-1) | विभिन्न | ८८,०००।- | ३,०००।- | २०८२।०८।१७ गते १४०० बजे | २०८२।०९।०८ गते १२०० बजेसम्म दर्ता र सोही दिन १३०० बजे खोलुवा |
| 039 | Radiology Equipment for DGMS (Pkg-2) | विभिन्न | १,७५,०००।- | ३,०००।- | | |
| 040 | Radiology Equipment for DGMS (Pkg-3) | विभिन्न | १,२५,०००।- | ३,०००।- | | |
| 533 | Packaging Items (Su. Ja.Aa.Ka.Pkg-3) | विभिन्न | २,४०,०००।- | ३,०००।- | | |
| 534 | Steel Tools Rod (Su. Ja.Aa.Ka.Pkg-4) | विभिन्न | ४८,०००।- | ३,०००।- | | |
| 535 | Various Raw Materials for Ba.Bya.U. (Pkg-10) | विभिन्न | ४३,०००।- | ३,०००।- | | |

२. बोलपत्रदाताले **www.bolpatra.gov.np/egp** मार्फत बिड गर्नुहुन र उक्त सिष्टममा अपलोड भएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको राजश्व/धरौटी खातामा रकम जम्मा गरी भौचर पेश गर्नुहुन । साथै, थप जानकारीको लागि यस विभागको फोन नं.०१-५९७९१२६ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**AGRICULTURE AND FORESTRY UNIVERSITY**
**Central Office, Rampur, Chitwan**
**INVITATION FOR SEALED QUOTATION**
**Date of publication: 2082-08-07**

| S. N. | Name of Office | IFB No./ Notice No. | Contract Name | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Estimated Amount (NRs) without VAT |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture and Forestry University, Central Office, Rampur, Chitwan | SQ-01-Kitchen-AFU-2082/083 | Construction of Kitchen Counter | 30,000.00 | 1,000.00 | 11,85,000.00 |

For more details please visit PPMO website : www.bolpatra.gov.np/egp

**- Registrar**

**Kathmandu Metropolitan City**
**यें महानगरपालिका**
**Office of the Municipal Executive**
**Kathmandu Plaza, Kamaladi, Kathmandu**
**Notice for Opening of Financial Proposal**
**Date of Publication: 2082-08-07**
**नेपाल संवत् ११४६ थिंलाथ्व तृतिया**

This is to notify all the qualified bidder for the opening of financial proposal as per schedule mentioned below:

| IFB No. | Description of work | Financial Proposal Opening Date and Time | Qualified Bidders |
|---|---|---|---|
| 01-01-082-83-NCBW-KMC | Construction of Transfer station at different location under Kathmandu Metropolitan City | 2082-08-14 14:00 hours 2025-11-30 | 1. Rabina Construction Private Limited 2. Shrinkhala/Pashupatinath/Dayana JV 3. SAFE-KBK-KANDEL JV 4. Worldwide-P.R. JV 5. Sunkoshi Construction Nepal Pvt. Ltd. |

**Procurement Unit**

**Nepal Oil Corporation Limited**
**Babarmahal, Kathmandu**
**Notice to Open Financial Bids**
**Date of Publication: 2082/08/07**

1. Pursuant to Rule 31(ja), Sub Rule 5 of Public Procurement Regulation 2064 (including amendments), this is hereby notified to all concerned bidders who bided as per Contract ID.: NCB/Works/NOC/JHAPA/02/2081-82, Construction of compound wall, earthwork in filling and canal works of Jhapa Terminal published on Gorkhapatra on 2082/04/21 that the list of successful bidders in technical proposal have been listed below.

**List of Successful Bidders:**

| S.N. | Name of Bidder | Address |
|---|---|---|
| 1 | Lama Construction Company Pvt. Ltd. | Maharajgunj, Kathmandu |
| 2 | JV Name: Khadka Krishna–CM JV,Lead: C.M. Construction Private Limited., Sub: Khadka Krishna Construction Pvt. Ltd. | Jorpati-2, Kathmandu |
| 3 | JV Name: PS Mahadev Khimti JV, Lead: Mahadev Khimti Nirman Sewa Pvt. Ltd., Sub: P.S. Construction Company Pvt. Ltd. | Putalisadak-32, Kathmandu |
| 4 | JV Name: Roshan–Kalinchok JV, Lead: Roshan Construction Pvt. Ltd., Sub: Kalinchok Construction Pvt. Ltd. | Janakpur |
| 5 | JV Name: Diwa–Joshi JV, Lead: Joshi Nirman Sewa Pvt. Ltd., Sub: Diwa Nirman Sewa Pvt. Ltd. | Rajbiraj, Saptari |
| 6 | Apex Construction Company Pvt. Ltd. | Maitidevi, Kathmandu |
| 7 | Motidan Construction Sewa Pvt. Ltd. | Pani Pokhari, Maharajgunj, Kathmandu, |
| 8 | JV Name: Aarogya–Amar Joint Venture, Lead: Aarogya Construction Pvt. Ltd., Sub: Amar Construction Pvt. Ltd. | Maharajgunj |
| 9 | Kankai International Builders Pvt. Ltd. | Kanakai-3, Surunga, Jhapa |
| 10 | JV Name: Swachchhanda-M.A. Construction JV. Lead: M.A. Construction Pvt. Ltd. Sub: Swachchhanda Nirman Sewa Pvt. Ltd. | Kanti path |
| 11 | JV Name: Tundi-Jambudip Joint Venture. Lead: Tundi Construction Pvt. Ltd. Sub: Jambudip Construction Pvt. Ltd. | Sanepa, Lalitpur |
| 12 | JV Name: Mount Pumori-Rojan-Naya Bato JV. Lead: Mount Pumori Nirman Sewa. Sub: Nayabato Nirman Sewa Pvt. Ltd., Sub: Rojan Nirman Sewa Pvt. Ltd. | Bidur |

2. All the Qualified Bidders in technical Bids are therefore, notified to send their authorized representative for financial bid opening on Bids on 2082/08/15 at 14:00 Hrs in the Nepal Oil Corporation Limited, Babarmahal, Kathmandu.

# भयो सडक कालोपत्रे

**तम्घास समाचारदाता**
*तम्घास (गुल्मी), मङ्सिर ६ गते*

सडकमा खाल्टैखाल्टा भएका कारण ज्यानै जोखिममा राखी सवारी चलाउनुपर्ने अवस्था अन्त्य भएको छ। गत पुस २८ गते गोरखापत्र दैनिकमा 'खाडलका कारण आवागमनमा असहज' शीर्षकमा समाचार प्रकाशन भएपछि सरोकारवालाको ध्यान गएको थियो। उक्त समाचार प्रकाशन भएपश्चात् रेसुङ्गा नगरपालिका–९ को विद्युत्, नापी र मालपोत कार्यालय जाने सडक अहिले स्तरोन्नतिसँगै कालोपत्रे गरिएको हो।

वडा नं. ९ का वडाध्यक्ष कृष्णप्रसाद पाण्डेले कुल ५१२ मिटर सडक स्तरोन्नतिसँगै कालोपत्रे भएको जानकारी दिनुभयो। सहरी विकास मन्त्रालयबाट उक्त कार्यका लागि बजेट सुनिश्चितपश्चात् काम भएको उहाँको भनाइ छ। उक्त सडक नालीसहित छ मिटरको छ। सदरमुकाम तम्घासकै सडकमा लामो समयदेखि रहेका खाडल मर्मत नहुँदा सास्ती खेप्नु परेको र अहिले चिटिक्कको बाटो हुँदा यहाँका स्थानीय खुसी छन्।

**नेपाली सेना**
**श्री नेपाली सैनिक प्रतिष्ठान,**
**खरिपाटी ब्यारेक, भक्तपुर**

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं. 03/SQ/WORKS/NA-NMA/082/83**
**(प्रथम पटक प्रकाशित मिति २०८२/०८/०७ गते )**

चालु आर्थिक वर्ष ०८२/८३ मा यस प्रतिष्ठानको फायरिङ्ग रेञ्ज मर्मत तथा स्तरोन्नती गर्नुपर्ने भएकोले **e–GP System** को माध्यमबाट प्रथम पटक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक फर्महरुले बिस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट **http://www.bolpatra.gov.np/egp** हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | खोलुवा हुने मिति र समय | लागत अनुमान | दरभाउपत्र जमानत रकम | दरभाउपत्र मान्य हुने अवधि | दरभाउपत्र दस्तुर | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | फायरिङ्ग रेञ्ज मर्मत तथा स्तरोन्नती | २०८२/०८/२२ गतेको १२०० बजेसम्म | २०८२/०८/२२ गतेको १३०० बजे | ९,९९,९६९।६५ | २५,०००।०० | ४५ दिन | १०००।०० | |

## ध्वनि चिकित्सा सेवा

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, मङ्सिर ६ गते*

अर्जुनचौपारी गाउँपालिकाले ध्वनि चिकित्साको सेवा थालनी गरेको छ। गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले अहिलेको जटिल सामाजिक तथा आर्थिक अवस्थाले मानिस शारीरिक, मानसिक र आध्यात्मिक रूपमा थकित बन्न थालेको उल्लेख गर्दै ध्वनि चिकित्सा यस्तो असन्तुलन हटाउने प्रभावकारी विधि भएको बताउनुभयो।

सप्तधातुबाट बनेका उपकरण प्रयोग गरी शरीर, मन र आत्मालाई शुद्ध गर्दै 'सप्तचक्र' सक्रिय बनाउने र सकारात्मक ऊर्जा प्रदान गर्नु ध्वनि चिकित्साको प्रमुख उद्देश्य हो। गाउँपालिकाले ध्वनि चिकित्सा सेवा दैनिक रूपमा चलाउने र शनिबारबाहेक अन्य दिनमा अनकलका आधारमा समय व्यवस्थापन गरी व्यवस्थापन गरिने बताइएको छ।

सेवा लिन आउने भक्तजनका लागि छुट्टै ध्यान कक्ष, आवश्यक उपकरण तथा तालिमप्राप्त जनशक्ति परिचालन गरिएको जानकारी दिइएको छ। ध्वनि चिकित्सामा विशेष प्रकारका सिङ्गिङ बोल, घन्ट, घन्टी, तिब्बती कटौरी जस्ता उपकरण प्रयोग गरिएका छन् भने ती साधनबाट निस्किने कम्पनले शरीरका अवरोधित ऊर्जा विन्दु खुल्ने र तन्तुले आराम पाइने छ। ध्वनि चिकित्साले मानिसको मनोभाव, तनाव, निद्रा र ऊर्जामा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ।


## थपिए दुई सय सत्तरी मतदाता

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), मङ्सिर ६ गते*

आगामी फागुन २१ गतेका लागि प्रतिनिधि सभा सदस्यको निर्वाचन घोषणा गरेसँगै मुस्ताङमा २७० नयाँ मतदाता थपिएका छन्। जिल्ला निर्वाचन कार्यालय मुस्ताङका अनुसार मतदाता नामावली दर्ता गर्ने अन्तिम दिन शुक्रबारसम्ममा निर्वाचन कार्यालयमै पुगेर बायोमेट्रिक्स गरी १४३ जना र राष्ट्रिय परिचयपत्रमार्फत १२७ मतदाता थपिएका हुन्।

राष्ट्रिय परिचयपत्रबाट बाहेक जिल्लामै मतदाता नामावली दर्ता गर्नेमा पुरुष ७९ जना र महिला ६४ जना रहेको निर्वाचन अधिकृत लोकेन्द्र ज्ञवालीले बताउनुभयो। निर्वाचन अधिकृत ज्ञवालीका अनुसार राष्ट्रिय परिचयपत्र प्रयोग गरेर पनि मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्थाका कारण मुस्ताङका अनलाइनबाट नयाँ मतदाताको सङ्ख्या थपिएको थियो। मुस्ताङमा नाम दर्ता गराउनेमा अधिकांश २५ वर्षमुनिका धेरै भए पनि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले नयाँ मतदाता नामावली दर्ता गरेका छन्। मुस्ताङमा पुरानो एक हजार १२८ मतदाता रहेकामा हाल थपिएकासहित गरी एक हजार ३९८ जना मतदाता कायम भएको छ।

# गलेश्वरधामको जग्गा अतिक्रमण



**गलेश्वर मन्दिर क्षेत्र ।**

**म्याग्दी समाचारदाता**
*म्याग्दी, मङ्सिर ६ गते*

हिमाली जिल्ला म्याग्दीको सदरमुकामनजिकै बेनी नगरपालिकामा अवस्थित गलेश्वरमा नौ रोपनी क्षेत्रफलको एउटै चक्रशिलामाथि स्वयम् उत्पन्न ज्योतिर्लिङ्ग रहेको छ। गलेश्वर शिवालय क्षेत्र ऐतिहासिक धार्मिक तथा पर्यटकीय तवरले पनि सबैको मन लोभ्याउने गरेको छ।

नौ रोपनीको एउटै चट्टान र त्यो चट्टानको टुप्पोमा रहेको कहिल्यै नसुक्ने जलकुण्डले सबैलाई लोभ्याउने गर्छ। मन्दिरका मूल पुजारी चन्द्रमणि आचार्यले भन्नुभयो, "कहीँकतैबाट पानी जाने ठाउँ छैन तर पनि पानी कहिल्यै सुक्दैन, यो पनि निकै अनौठो दैवीय शक्ति हो।" बेनी नगरपालिका–९, जम्रेनीका पण्डित टीकानन्द सुवेदीले जस्तोसुकै खडेरीमा पनि कुण्डमा पानी नसुक्ने भन्दै वर्षामा भरिएर पानी कुण्ड बाहिर अहिलेसम्म नगएको बताउनुभयो।

बाइसेचौबिसे राज्यको पालामा पर्वत राज्यको समयमा पनि गलेश्वर अस्तित्वमा रहेको बताइन्छ। भर्तिबमको शिरच्छेदन गरेर कालीगण्डकीमा बगाउँदा उक्त शिर गलेश्वरतर्फ उल्टोतर्फ बगेको भन्ने तथ्यले गलेश्वर शिवालय पछिल्लो झन्डै चार सय वर्षभन्दा पहिलादेखि नै अस्तित्वमा रहेको मान्न सकिने पुजारी आचार्यले जानकारी दिनुभयो ।

**निरन्तर दीप प्रज्वलन**

गलेश्वर शिवालयमा पछिल्लो ३८ वर्षदेखि अखण्ड रूपमा दीप प्रज्वलन भइरहेको छ । मन्दिरको मूल पूजा स्थलमा २०४४ सालदेखि हालसम्म कहिल्यै ननिभ्ने मूल दीप बलिरहेको छ। गलेश्वर मन्दिरका मूल पुजारी आचार्यका अनुसार जलजला गाउँपालिका–७, धाइरिङका यामप्रसाद आचार्य गलेश्वर मन्दिरमा मूल पुजारीका रूपमा २०४४ मा आउनु भएपछि गलेश्वर मन्दिरमा मूल दियो बालिएको थियो। त्यतिबेलादेखि हालसम्म उक्त दियो निभेको छैन।

मन्दिरमा हरेक वर्ष करिब एक करोड रुपियाँ आम्दानी गर्ने गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा झन्डै एक करोड रुपियाँ भक्तजनबाट सङ्कलन भएको शिवालय क्षेत्र विकास कोषले जनाएको छ। कोषका अनुसार अहिलेको बालाचतुर्दशी पर्वका अवसरमा छ लाख ३८ हजार ४३८ रुपियाँ भेटी सङ्कलन भएको जनाएको छ।

**गलेश्वरको जग्गा गायब**

गलेश्वरधाम मन्दिरको नाउमा रहेको १६४ रोपनीमध्ये झन्डै १०८ रोपनी गुठीको जग्गा गायब भएको छ। मन्दिरको जग्गा अतिक्रमणमा परेपछि यहाँका सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्। जिल्ला मालपोत कार्यालयको रेकर्डमा जमिन देखिए पनि गलेश्वर शिवालय क्षेत्र विकास कोषसँग त्यसको जग्गाधनी पुर्जा तथा अन्य कुनै रेकर्ड देखिएको छैन।

गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीका अनुसार शिवालयको नाउँमा हाल करिब ५६ रोपनी जग्गाको लालपुर्जा रहेको छ। मालपोत कार्यालय म्याग्दीले दिएको जानकारी अनुसार गलेश्वर शिव गुठीका नाउँमा विभिन्न स्थानमा गरी १६४ रोपनीभन्दा धेरै जग्गा देखिएको छ।

मालपोत कार्यालयले दिएको जानकारी अनुसार गलेश्वर शिव गुठीका नाउँमा १६४ रोपनी ९ आना दुई दाम जग्गा देखिन्छ। उक्त तथ्य अनुसार बेनी नगरपालिका–५, पुला चौरमा नौ रोपनी आठ आना तीन पैसा दुई दाम, अर्थुङ्गेमा छ रोपनी १० आना तीन पैसा तीन दाम र बेनी नगरपालिका–९, घतान क्षेत्रमा १४९ रोपनी नौ पैसा दुई दाम गुठीको जग्गा भएको देखिन्छ। गलेश्वर शिवालय क्षेत्र विकास कोषसँग पुलाचौर तथा अर्थुङ्गेको तथ्याङ्क देखिँदैन भने घतान क्षेत्रको पनि मात्रै ५६ रोपनी हाराहारी जमिनको मात्र जग्गाधनी पुर्जा छ।

बेनी नगरपालिका आँगे बजारनजिकको क्षेत्रमा पनि गलेश्वरको शिव गुठीको जग्गा रहेकोमा तत्कालीन अवस्थामा स्थानीय चक्रबहादुर केसीले आफ्नो बनाएको उहाँको भनाइ छ।

# नदी नियन्त्रणका आयोजना सञ्चालनमा

नदी कटानका कारण बजार तथा बस्ती जोखिममा परेकाले समयमै आयोजना सम्पन्न गर्न कार्यालयका तर्फबाट अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाइएको

**ठाकुरप्रसाद आचार्य**
*म्याग्दी (बेनी), मङ्सिर ६ गते*

म्याग्दी र कालीगण्डकी नदी कटानका कारण जोखिममा परेका बजार तथा बस्ती संरक्षणका लागि म्याग्दी, पर्वत र मुस्ताङ गरेर छ वटा नदी नियन्त्रण तथा बस्ती संरक्षण आयोजना सञ्चालन गरिएको छ। ती आयोजना ठेक्का सम्झौता भई निर्माणका लागि निर्माण व्यवसायी कार्यस्थलमा परिचालन भइसकेका छन्। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत कार्यान्वयन हुने ती योजनाको कुल लागत अनुमान २० करोड २९ लाख ७६ हजार ८३९ रुपियाँ छ।

नदी संरक्षणका आयोजना कार्यान्वयन गर्न ठेक्का सम्झौता भई निर्माण व्यवसायी कार्य स्थलमा परिचालन भएको आयोजना कार्यालय पोखराका इन्जिनियर नरजङ्ग गुरुङले जानकारी दिनुभयो। नदी कटानका कारण बजार तथा बस्ती जोखिममा परेकाले समयमै आयोजना सम्पन्न गर्न कार्यालयका तर्फबाट अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाइएको उहाँले बताउनुभयो।

उहाँले दिएको जानकारी अनुसार बेनी नगरपालिका–७ स्थित जिल्ला प्रशासन कार्यालयको पछाडि म्याग्दी नदी किनारमा १६५ मिटर लामो कम्पोजिट पर्खाल निर्माणका लागि पाँच करोड ९७ लाख ५० हजार ६२४ रुपियाँ कुल लागत अनुमान गरिएकामा चार करोड २१ लाख ५९ हजार ६९९ रुपियाँमा ठेक्का सम्झौता भएको छ। उक्त आयोजना आगामी २०८३ असार २० गतेभित्र सम्पन्न गर्ने गरी रुपल सुप्रिम कन्स्ट्रक्सनसँग २०८२ वैशाख १० गते ठेक्का सम्झौता भएको आयोजनाका इन्जिनियर गुरुङले जानकारी दिनुभयो।

यसै गरी बेनी नगरपालिका–४, सिङ्गामा म्याग्दी नदी कटानबाट बस्ती संरक्षणका लागि तीन करोड ६८ लाख ८६ हजार ४८६ रुपियाँ लागतमा १०२ मिटर कम्पोजिट पर्खाल निर्माण गरिने भएको छ। उक्त आयोजना सम्पन्न गर्न आरआरसी जेमी जेभीसँग २०८३ असार २० गते सम्पन्न गर्ने गरी दुई करोड ७१ लाख ८४४ रुपियाँमा २०८२ वैशाख १० गते ठेक्का सम्झौता भएको आयोजनाका इन्जिनियर गुरुङले जानकारी दिनुभयो।

यस्तै म्याग्दीको रघुगङ्गा गाउँपालिका–३ स्थित गायत्री मन्दिर संरक्षणका लागि रघुगङ्गा र कालीगण्डकी नदीमा ५३ मिटर लामो कम्पोजिट पर्खाल निर्माण गरिने भएको छ। आयोजनाको दुई करोड १३ लाख ६६ हजार ८७८ कुल लागत भएकामा एक करोड ४२ लाख ५३ हजार ६४६ रुपियाँमा ठेक्का सम्झौता भएको छ। उक्त आयोजना आगामी २०८३ असार २५ गतेभित्र सम्पन्न गर्न गत भदौ ४ गते गुरुङ बाजे मण्डली जेभीसँग ठेक्का सम्झौता भएको आयोजनाले जनाएको छ।

यसै गरी पर्वतको जलजला गाउँपालिका–३, बौरस्थित कालीगण्डकी नदी किनारमा ८० मिटर कम्पोजिट पर्खाल निर्माण गर्न दुई करोड ६९ लाख ९३ हजार ६०६ रुपियाँ लागत अनुमान गरिएको योजना दुई करोड ९८ लाख नौ हजार ७१३ रुपियाँमा ठेक्का सम्झौता भएको छ। उक्त आयोजना २०८२ चैत ३० गतेभित्र सम्पन्न गर्न २०८२ वैशाख १० गते गोपी साहना जेभीसँग ठेक्का सम्झौता भई निर्माण व्यवसायी कार्यस्थलमा परिचालन भएको आयोजनाले जनाएको छ।

आयोजनाले पर्वतको कुस्मा नगरपालिका–४, अर्मादी र जलजला गाउँपालिकाको केन्द्र लामाखेत गरेर कालीगण्डकी नदीमा चार करोड ८३ लाख १० हजार ५६८ रुपियाँ लागतमा १२९ मिटर लामो कम्पोजिट पर्खाल निर्माण गर्ने भएको छ। उक्त आयोजना सम्पन्न गर्नका लागि दुई करोड ९६ लाख ३४ हजार ८३७ रुपियाँमा आगामी २०८३ असार २० गतेभित्र निर्माण सम्पन्न गर्ने गरी नकुल बिआरटी साय जेभीसँग ठेक्का सम्झौता भएको छ।

यसै गरी आयोजनाले मुस्ताङको थासाङ, घरपझोङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका विभिन्न बस्ती संरक्षणका लागि ग्याबिन झाली, सिमेन्टेट पर्खाल र लन्चिङ एप्रोन निर्माण गर्न ९६ लाख ६८ हजार ६७७ रुपियाँ लागत अनुमान गरिएको आयोजना ७४ लाख चार हजार ९६३ रुपियाँमा २०८२ असार २२ गते मनी कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता भएको छ। उक्त योजना आगामी २०८२ चैत २० गतेभित्र सम्पन्न गर्नुपर्ने आयोजना कार्यालय पोखराले जनाएको छ।

नदी कटानका कारण उच्च जोखिममा परेका बजार तथा बस्ती संरक्षणका लागि योजना माग भए अनुसार कार्यालयबाट ती आयोजना छनोट गरी कार्यान्वयनमा लगिएको कार्यालयका इन्जिनियर गुरुङले बताउनुभयो।

## स्वास्थ्य शिविर सञ्चालन

**वालिङ समाचारदाता**
*वालिङ (स्याङ्जा), मङ्सिर ६ गते*

स्याङ्जाको चापाकोट नगरपालिकामा सञ्चालन भएको बृहत् स्वास्थ्य शिविरबाट ७२७ जना लाभान्वित भएका छन्। गाउँमै विशेषज्ञसहितको स्वास्थ्य सेवा उपलब्ध हुने भएपछि चापाकोटसहित छिमेकी हरिनास र बिरुवा गाउँपालिकाबाट पनि नागरिक शिविरमा पुगेका थिए। मल्याङ्कोट स्वास्थ्य चौकी दार्सिङमा चापाकोट नगरपालिकाको समन्वय, गण्डकी मेडिकल कलेज पोखरा र नेपाल रेडक्रस सोसाइटी स्याङ्जाको प्राविधिक सहयोगमा बृहत् स्वास्थ्य शिविर सञ्चालन गरेको हो।

शिविरमा उपचार गराउन आएकामध्ये जटिल समस्या भएका बिरामीका लागि गण्डकी मेडिकल कलेज पोखरा रेफर गरिएको छ। रेफर गरिएका बिरामीका लागि औषधीमा पाँच प्रतिशत र सेवामा २० प्रतिशतसम्म छुट दिइने फाउन्डेसनका अध्यक्ष लेखनाथ शर्माको भनाइ छ।

शिविरमा महिलाको पाठेघरको क्यान्सरका लागि विशेषज्ञ परीक्षण एवं भिडियो एक्सरे, मुटुको भिडियो एक्सरे, इको, इसिजी तथा प्रयोगशाला सेवासमेत उपलब्ध रहेको थियो।

## लाप्राक पुग्यो केन्द्रीय प्रसारणको लाइन

**सुलीकोट समाचारदाता**
*सुलीकोट, मङ्सिर ६ गते*

उत्तरी गोरखाको धार्चे गाउँपालिकाको लाप्राकमा चार वर्षपछि केन्द्रीय प्रसारण लाइनको बिजुली बलेको छ। लामो प्रयासपछि लाप्राकमा विद्युत् सेवा उपलब्ध भएको नेपाल विद्युत् प्राधिकरण गोरखा शाखाका प्रमुख चिजबहादुर गुरुङले जानकारी दिनुभयो।

कार्यालय प्रमुख गुरुङले भन्नुभयो, "बिहीबारबाट लाप्राक–४ वडा कार्यालयबाट मिटर बक्स जडान गरी बिजुली पुगेको छ। नयाँ बस्तीका सबै घरधुरीमा मिटर जडानको काम भइरहेकाले अबका केही दिनमा सबै घरमा बिजुलीको उज्यालो पुग्ने छ।"

लाप्राकको ६० घरधुरीमा मिटर बक्स जडान गर्नका लागि दुई जना प्राविधिक खटाइएको कार्यालय प्रमुख गुरुङले बताउनुभयो। घर घरमा बिजुली बाल्नका लागि अहिलेसम्म ८० वटा निवेदन परेको र अन्य घरधुरीको निवेदन आउने क्रम जारी रहेको जानकारी उहाँले दिनुभयो।

लाप्राकमा भूकम्पपछि बनेका नमुना बस्ती र लाप्राकको पुरानो गाउँका सबै घरमा मिटर बक्स जडान गरी बत्ती बाल्ने काम निरन्तर




**गोरखाको धार्चे गाउँपालिकाको लाप्राकगाउँ ।**

भइरहेकाले लाप्राकवासीको बत्तीको उज्यालो देख्ने सपना पूरा हुने भएको छ।

लाप्राकमा चार वर्षअघि ११ केभी क्षमताको लाइन विस्तार भए पनि आवश्यक मर्मतको काम नहुँदा विद्युत् सेवा सञ्चालनमा आउन सकेको थिएन। सिरानचोक गाउँपालिका–२, थालाजुङस्थित ठुलोस्वाँरा सबस्टेसनबाट विद्युत् प्रवाह गरी लाप्राकमा तीन वटा ट्रान्सफर्मर राखी नमुना बस्तीको गुप्सीपाखामा एक सय केभीको क्षमता भएको एउटा र पुरानो बस्तीमा ५०/५० केभीको क्षमताका दुई वटा ट्रान्सफर्मर राखिएको विद्युत् वितरण केन्द्र गोरखाले जनाएको छ।



# पाँच दशकको भेडीगोठ यात्रा



**भेडाबाखासँग गोरे छन्त्याल ।**

**ठाकुरप्रसाद आचार्य**
*म्याग्दी (बेनी), मङ्सिर ६ गते*

धवलागिरि गाउँपालिका अन्तर्गत गुर्जाका ६७ वर्षीय गोरे छन्त्यालका पाँच दशकभन्दा बढी उमेर भेडीगोठमा बित्यो। १० वर्षकै उमेरदेखि नै भेडाबाखासँग हिँड्न थाल्नुभएको उहाँ अहिले पनि फुर्तिलो र सक्रिय हुनुहुन्छ।

भेडाबाखा लिएर छन्त्याल अहिले पनि हिमालको फेदीसम्म पुग्नुहुन्छ। अचेल उहाँको गोठघरनजिक आएको छ। घरदेखि तल ठुलो भेडीगोठ छ। बिहान झिसमिसे उज्यालोसँगै उहाँ भेडाबाखा र पाठाको स्यारसुसारका लागि गोठमा पुग्नुहुन्छ।

भेडापालनमा जीवन बिताउनुभएका छन्त्याल गाउँका लागि अनुभव र सिपको खुला किताब जस्तै व्यक्ति हुनुहुन्छ। छन्त्यालले गुर्जागाउँमा परिश्रमी र लगनशील किसानको पहिचान बनाउनुभएको छ। उमेरले डाँडा काट्न लाग्दा पनि गोठमा उस्तै जोसका साथ सक्रिय छन्त्याललाई देखेर गाउँले पनि दङ्ग पर्दछन्। गुर्जा गाउँमा सबैभन्दा धेरै भेडाबाखा व्यक्तिमा पर्नुहुन्छ।

उहाँले भन्नुभयो, "भेडापालनमा मैले कपाल फुलाए, हिउँद–बर्खा नभनी हिमालको फेदीसम्म पुग्नु पर्दछ। अझै दुई/चार वर्षसम्म त भेडीगोठ लगेर हिमालको फेदीमा पुग्न सक्छु भन्ने हिम्मत छ।" उहाँले भन्नुभयो, "जानेको यही पशुचौपायाको गोठाला गर्न हो। दुःख भए पनि गोठालोमै रमाइलो हुन्छ। गोठ नै मेरो सुखी जीवन हो।" छन्त्यालको गोठमा सानाठूला गरेर दुई सयभन्दा बढी भेडाबाखा छन्।

अहिले चिसो मौसम भएकाले उहाँ भेडाबाखासहित गुर्जागाउँमा आइपुग्नुभएको छ। असारदेखि भदौसम्म हिमालको फेदीस्थित बुकीमा गोठ पुग्ने गरेको बताउने उहाँले भेडाबाखा बिक्रीबाट आफ्नो जीवन गुजरा राम्ररी चलाइरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "गाउँमा पनि बिक्री हुन्छ नै, त्यसका अतिरिक्त पोखरा, काठमाडौँसम्म पनि भेडा, च्याङ्ग्रा बिक्री हुने गरेका छन्। हरेक वर्ष १० देखि १२ लाख रुपियाँका भेडाबाखा बिक्री गर्ने गरेको छु।"

भेडापालनबाट राम्रो आम्दानी हुने देखेर आफ्नो जेठो छोरा कतारबाट फर्किएर भेडा पाल्न थालेको उहाँले बताउनुभयो। भेडापालनमा धेरै परिश्रम र दुःख भएकाले भविष्यमा छोराले निरन्तरता नदिने हुन् कि भन्ने चिन्ता छन्त्यालको छ। बाउबाजेको पेसालाई अँगाल्दै आउनुभएका छन्त्याल अचेल परम्परागत पेसा हराउन थालेकोप्रति चिन्तित हुनुहुन्छ। आधा शताब्दीसम्म भेडा पाल्दासमेत कहीँकतैबाट आफूलाई अनुदान नदिएको उहाँले दुःखेसो पोख्नुभयो। छन्त्यालले भन्नुभयो, "मलाई सरकारी अनुदान भन्ने थाहा नै छैन। कहिलेकाहीँ सरकारी कर्मचारी जस्ता देखिने मानिस गोठमा आएर भेडाबाखालाई हेर्ने गरेका छन्। त्योबाहेक मैले अहिलेसम्म केही सहयोग पाएको छैन।"

पशुपालनका लागि गुर्जागाउँ उर्वर मानिने भए पनि पछिल्लो पुस्ताले पशुपालनप्रति चासो नदिँदा यो पेसा नै सङ्कटमा पर्न थालेको धवलागिरि गाउँपालिका–१, गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो। भेडाबाखाको माग धेरै आउने भए पनि उत्पादन कम हुने गरेको उहाँको भनाइ छ। गाउँमा अहिले करिब १५ घरपरिवारले मात्रै भेडापालन गरेको उहाँको भनाइ छ। भेडापालन पेसामा धेरै दुःख र परिश्रम गर्नुपर्ने भएकाले नयाँ पुस्ता यो पेसाप्रति आकर्षित नभएको उहाँले बताउनुभयो।

भेडापालन किसानलाई लक्षित गरेर गाउँपालिकाले भेडाबाखामा लाग्ने रोग नियन्त्रणका लागि पूर्ण खोप अभियान, औषधी उपचार, गोठाला बस्नका लागि त्रिपाल, मोबाइल चार्जका लागि सोलार र गोठ सुधारका कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका पशुसेवा शाखा प्रमुख चन्द्रकला दाहालले बताउनुभयो।

## कास्कीमा सवा तीन लाख मतदाता

**लेखनाथ समाचारदाता**
*लेखनाथ, मङ्सिर ६ गते*

आउँदो फागुन २१ गते हुने निर्वाचनमा कास्कीमा करिब सवा तीन लाख मतदाता कायम भएका छन्। निर्वाचन आयोगले ९ असोजदेखि ५ मङ्सिरसम्म खुला गरेको मतदाता नामावली सङ्कलनमा कास्कीमा १७ हजार ८९४ मतदाता थपिएका छन्। पछिल्लो क्रममा नयाँ मतदाता थपिएपछि कास्कीमा तीन लाख ११ हजार ७५६ मतदाता सङ्ख्या पुगेको छ। असोज ९ गते नामावली सङ्कलन सुरु हुनुअघि कास्कीमा महिला एक लाख ५३ हजार ४६८, पुरुष एक लाख ४० हजार ३९० र अन्य चार गरी दुई लाख ९३ हजार ८६२ मतदाता थिए।

प्रदेश निर्वाचन कार्यालय गण्डकीका सूचना अधिकारी रुद्र न्यौपानेले कार्यालयमा आएर नियमित प्रक्रियाबाट कास्कीमा पाँच हजार ४४८ पुरुष, चार हजार २४८ महिला र एक अन्यले मतदाता नामावलीमा नाम दर्ता गराएको जानकारी दिनुभयो।

त्यसै गरी राष्ट्रिय परिचयपत्रको बायोमेट्रिकबाट आठ हजार १९७ जना नयाँ मतदाता थपिएका छन्। कास्कीबाट यो अवधिमा मतदाता नामावली ठाउँसारी गर्ने ७०५ जना छन् भने ३५२ जनाले कार्यालयमा आएर नामावलीको त्रुटि सच्याएका छन्। मतदाताको यकिन विवरण आउन केही दिन लाग्ने बताइएको छ।

## तोकिएको भाडा लिने सहमति



*तस्बिर : नवीनराज कुइँकेल*

**यातायात जाँच गर्दै ट्राफिक प्रहरी ।**

**लमजुङ समाचारदाता**
*लमजुङ, मङ्सिर ६ गते*

लमजुङका यातायात व्यवसायीले तोकिएको भाडादर कायम गर्न प्रतिबद्धता जनाएका छन्। उनीहरू जिल्ला प्रशासन कार्यालय पुगेर तोकिएको भाडादर मात्र लिन प्रतिबद्धता जनाएका हुन्।

सर्वसाधारणबाट मनपरी भाडा लिएको गुनासो आएपछि जिल्ला प्रशासन कार्यालयले यातायात व्यवसायीलाई ७२ घन्टे स्पष्टीकरण सोधेको थियो। यातायात व्यवसायीका प्रतिनिधि प्रशासनमा आफैँ उपस्थित भएर तोकिएको भाडादर कायम गर्ने प्रतिबद्धता जनाएका हुन्। जिल्ला प्रशासन कार्यालयले यातायात व्यवसायीका प्रतिनिधिसहित नयाँ भाडादर कायम गरे पनि सर्वसाधारणले मनपरी भाडा लिएको गुनासो गरेपछि कारणसहित ७२ घण्टाभित्र जवाफ दिन प्रशासनले यातायात व्यवसायीलाई पत्राचार गरेको थियो।

७२ घन्टे अल्टिमेटम सकिनै लाग्दा यातायात व्यवसायीका प्रतिनिधिले भाडादर कायम गराउन प्रतिबद्धता रहेको भन्दै प्रशासनमा पुगेका थिए। उनीहरूले आफ्नामातहतका निकायलाई कडाइका साथ निर्देशन दिने, ट्राफिक प्रहरीसहितको सहयोगमा अनुगमन गर्ने, बढी भाडा लिनेलाई कारबाही गराउनेलगायतका प्रतिबद्धता जनाएको सहायक प्रमुख जिल्ला अधिकारी थमनसिंह गौतमले जानकारी दिनुभयो।

# लागुऔषध कारोबार नियन्त्रण गर्न निर्देशन



तस्बिर : जीवछ यादव

**सीमाक्षेत्रबाट भइरहेको तस्करी र लागुऔषधको कारोबार रोक्न सीमा सुरक्षा बल र भन्सार कार्यालयका प्रमुख र सञ्चारकर्मी साथमा छलफल गर्नुहुँदै युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता ।**

**लहान समाचारदाता**
*लहान, मङ्सिर ६ गते*

युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले नेपाल–भारत सीमा क्षेत्र ठाडी पुगेर सीमा क्षेत्रमा हुँदै आएको लागुऔषधको कारोबार नियन्त्रणका लागि कडाइका साथ लाग्न सीमा सुरक्षा बललाई निर्देशन दिनुभएको छ ।

ठाडी नाकाबाट लागुऔषध ओसारपसार भई युवा दुर्व्यसनीको सिकार भइरहेको जनगुनासो बढेकाले ठाडी नाकाबाट भइरहेको त्यस्तो गतिविधि तुरुन्त रोक्न निर्देशन दिनुभएको हो ।

प्रहरीकै मिलेमतोमा ठाडी बजारमा भारतीय नागरिक आएर मदिरा सेवन गर्ने र नेपालतर्फका युवा लागुऔषध लिन भारतीय बजार जाने गरेको आम नागरिकको गुनासो रहेको भन्दै यस्ता गतिविधि हुन नदिन कडाइका साथ लाग्न सुरक्षा बल र भन्सार कार्यालय ठाडीका प्रमुख मुकेश पाठकलाई निर्देशन दिनुभयो । यस नाकाबाट भइरहेको तस्करीका कारणसमेत अपराध बढेको हुन सक्ने र राजस्व सङ्कलन समेत प्रभावित भएको भन्दै मन्त्री गुप्ताले त्यसको नियन्त्रणमा कडाइ गर्न निर्देशन दिनुभएको हो ।

सीमा क्षेत्रमा रहेको सशस्त्र बलका सुरक्षाकर्मी र भन्सार कार्यालयका प्रमुख पाठकले तस्कर नियन्त्रण गर्न आवश्यक स्रोत साधन र जनशक्तिको अभाव रहेको र ठाडीदेखि लहानसम्म तस्कर र अपराधी कुनै गाउँ पसेपछि नियन्त्रणमा लिन निकै जोखिम भइरहेको समस्या मन्त्री गुप्तालाई जानकारी गराउनुभएको थियो । भन्सार कार्यालयका प्रमुख पाठकले सो ठाउँमा भोगिरहेको समस्याका बारेमा जानकारी गराउँदै भन्नुभयो, "मृत्यु भोज र विवाह संस्कारका लागि आयोजना गरिने भोज सामग्रीबिना भन्सार भारतीय बजारबाट ल्याउनेको सूची पनि दिनहुँ आउने गरेको छ तर त्यसलाई नियन्त्रण गर्न खोज्दा स्थानीय नै प्रहरी र भन्सार कर्मीचारीविरुद्ध जाइलाग्ने गरेका छन् । ठाडीमा तरकारी र पशु जाँच क्वारेन्टाइन नहुँदासमेत समस्या छ ।"

स्थानीय नागरिक, सशस्त्र प्रहरी बल र भन्सार कार्यालयले राखेको समस्यालाई दृष्टिगत गर्दै सरकारको स्तरबाट सबै समस्याका परिणाम दिइने गरी कार्य अगाडि बढाइने मन्त्री गुप्ताले प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "यो सरकार चुनावी सरकार भए पनि जेनजी आन्दोलनमा उठेका माग पूरा गराउने र सुशासनको प्रत्याभूति हुने गरी काम थालिसकेको दाबी पनि गर्नुभयो । उहाँले भन्नुभयो, "निर्धारित समयमा नै निर्वाचन सम्पन्न गर्नुको विकल्प नै छैन ।"

ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री र सहरी विकासमन्त्री कुलमान घिसिङसँगै कमला पुल निरीक्षणमा शनिबार आउनुभएको युवा तथा खेलकुदमन्त्री गुप्ता भारतीय सीमा क्षेत्र ठाडी र लहान नगरपालिका–४ स्थित क्रिकेट खेल मैदान निर्माण स्थलको निरीक्षण गरी काठमाडौँ फर्किनुभएको छ ।

# माल पोखरीको फेरियो मुहार

**सर्लाही समाचारदाता**
*सर्लाही, मङ्सिर ६ गते*

कुनै समय मालपोत र नापी कार्यालयमा सेवा लिन पुग्ने सेवाग्राही र बटुवाले शौच गर्ने ठाउँका रूपमा रहेको मलङ्गवास्थित माल पोखरीको मुहार यतिबेला भने फेरिएको छ ।

मलङ्गवा नगरपालिका–८ मा रहेको यो पोखरीमा पुग्ने जो कोही पनि अहिले यहाँको सफासुग्घर देखेर आश्चर्यमा पर्छन् । स्थानीयले माल पोखरीको नाम नै परिवर्तन गरेर सीताराम पोखरी राखेका छन् । सङ्घीय सरकारको बजेटबाट पोखरीमा सौन्दर्यीकरणसहित छठघाट निर्माण भएपछि पोखरीको मुहार नै फेरिएको हो । केही समयअघिसम्म शौच गर्ने ठाउँ रहेको माल पोखरी वरपर अहिले बिहान स्थानीय तथा कर्मचारी मर्निङवाक गर्नेदेखि घुमफिर गर्न जाने ठाउँ बनेको छ ।

पोखरीको संरक्षणका लागि स्थानीयले समिति गठन गरेका छन् । रन्जितकुमार साह (पप्पु) अध्यक्ष रहने गरी गठन गरिएको १३ सदस्यीय समितिले पोखरीको संरक्षण, सरसफाइ र रेखदेख गर्ने काम गर्दै आएको छ ।

सामूहिक रूपमा भेला गरेर पोखरीलाई अब निरन्तर संरक्षण गरी अझ सुन्दर र सफा बनाउँदै लैजाने निर्णय गरिएको पोखरी संरक्षण समितिका अध्यक्ष साहले बताउनुभयो । पोखरी किनारमा सौन्दर्यीकरणको काम जारी नै रहेको छ । स्थानीय आफैँ जागरुक भएर पोखरीको सरसफाइ र संरक्षणमा लागेपछि पहिले झैँ मालपोत र नापी कार्यालय पुग्दा पोखरीतर्फबाट दुर्गन्ध आउन बन्द भएको सेवाग्राहीले बताएका छन् । मलङ्गवा नगरपालिका–८ का वडाध्यक्ष मुकेशकुमार जयसवालले स्थानीय सबै लागि परेकाले पोखरीको संरक्षण र सौन्दर्यीकरणमा टेवा पुगेको बताउनुभयो ।

# कुटपिटबाट मृत्यु

**कल्याणपुर समाचारदाता**
*कल्याणपुर (सप्तरी), मङ्सिर ६ गते*

सप्तरीमा मोबाइल चोरी गरेको आरोपमा भएको कुटपिटबाट एक युवकको ज्यान गएपछि प्रहरीले एक महिलासहित चार जनालाई पक्राउ गरेको छ ।

राजगढ गाउँपालिका–६, फकिरा टोलका १९ वर्षीय मुकेशकुमार यादवको कुटपिटबाट मृत्यु भएपछि प्रहरीले विष्णुपुर गाउँपालिका वडा नम्बर ४ की ३५ वर्षीय सरोकुमारी साह, राजविराज नगरपालिका–१६, बोरियाका १७ वर्षीय दिनेश ठाकुर, १४ वर्षीय छोटु भन्ने रवीन्द्र ठाकुर र २५ वर्षीय सन्तोष राउतलाई पक्राउ गरेको हो ।

बुधबार सरोकुमारी साहले मोबाइल चोरीको आरोपमा यादवलाई लट्ठीले कुटपिट गर्दा उहाँको घाँटी तथा शरीरका विभिन्न भागमा चोट लागेर गम्भीर घाइते हुनुभएको थियो ।

घाइते यादवलाई उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज ल्याई त्यहाँबाट थप उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज पठाइएकोमा शुक्रबार साँझ उपचारका क्रममा मृत्युभएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले घटनाबारे अनुसन्धान सुरु गरेको छ ।

अनुसन्धानका क्रममा आरोपी कुमारी साहसहित थप तीन जनालाई पक्राउ गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो ।

मृतक यादव र साहसहित पक्राउ परेका चारै जना हाल राजविराज नगरपालिका–१६, बोरिया लवटोलीमा बस्दै आउनुभएको थियो ।

नेपालको पहिलो बैंक
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रधान कार्यालय**
**कर्जा असुली विभाग**

## नेपाल बैंक लिमिटेडको धितोमा रहेको सुरक्षण गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना ।

**(प्रकाशित मिति : २०८२।०८।०७)**

नेपाल बैंक लिमिटेडको तपसिलमा उल्लिखित शाखाहरूबाट कर्जा पार्टीहरूले उपभोग गरेका कर्जाहरूको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि पटक–पटक तरताकेता गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता नभएको हुँदा सुरक्षण बापत बैंकलाई लेखिदिएको तपसिलमा उल्लिखित चल–अचल सम्पत्ति जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो चल अचल सम्पत्ति खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के–कति मूल्य तिरी लिने हो, सोको मूल्य खोली सम्बन्धित शाखा वा यस विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/०८/२१ गते) भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन निम्नानुसारको शर्तनामा पालना गरी गोप्य सिलबन्दी बोलपत्र सम्बन्धित शाखा वा यस विभागमा पेश गर्नुहुन आह्वान गरिएको छ ।

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि सम्बन्धित शाखा वा प्रधान कार्यालय कर्जा असुली विभागबाट उपलब्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफूले लिन चाहेको "सम्बन्धित जग्गा, घर, टहरा, मिल मेसिनरी र सवारीसाधन खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।
बोलपत्र पेश गर्ने अन्तिम मिति (अर्थात् मिति २०८२/०८/२१ गते) को भोलिपल्ट (अर्थात् मिति २०८२/०८/२२ गते) वा लगत्तै अफिस खुलेको दिनको ११:०० बजे सम्बन्धित शाखा र प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्र दाताहरू वा निजका प्रतिनिधिहरूको उपस्थिति तथा अन्य प्रतिनिधिहरूको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस बैंकको सन्ड्री क्रेडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा कम्तीमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानत पत्र वा Managers Cheque/Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।
४. बोलपत्र स्वीकृत भएपछि सोको सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरू आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्र दातालाई दिइने छैन ।
६. जग्गा, घर टहरा, मिल मेसिनरी र सवारीसाधनसँग सम्बन्धित कागजात हेर्न चाहनेले सम्बन्धित शाखा वा प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रूपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।
७. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।
८. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयंले व्यहोर्नुपर्नेछ ।
९. निम्न उल्लिखित जग्गा, घर टहरा छुट्टाछुट्टै वा संयुक्त खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्ने भए सो फर्म/कम्पनी दर्ता/नवीकरण प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
११. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरू स्पष्ट रूपमा केरमेट नगरी लेख्नुपर्नेछ, अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
१२. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरू राखी पेश भएको बोलपत्रहरू उपर कुनै कारबाही हुनेछैन ।

### तपसिल

### हाँडीगाउँ शाखा

१. **ऋणीको नाम : नेक्सन ईलेक्ट्रोनिक्स प्रा.लि.**
**सञ्चालक : १. श्री सुरज लाल श्रेष्ठ २. श्री विकास कुमार शाह ठेगाना** : काठमाडौँ म.न.पा. ३२ तीनकुने

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (रोपनी) | | |
| ज्यास्मिन श्रेष्ठ | काठमाडौँ जिल्ला, साविक मच्छेगाँउ ९ग | ९३ | २–०–०–० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | ५,०००/– |
| | | ९९ | ०–७–२–० | | |
| | | ९८ | ०–१३–०–० | | |

२. **ऋणीको नामः– डिजिटेक ट्रेडर्स प्रा.लि.**
**सञ्चालक : राजेश प्रधान, ठेगाना** : काठमाडौँ महानगरपालिका–१ दरबार मार्ग

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (रोपनी) | | |
| राजेश प्रधान | सिन्धुली जिल्ला, साविक कुतौली ६क | ३९६ | ०–६–६–२ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | ५,०००/– |

**नोटः राजेश प्रधानको नाममा रहेको जग्गाको बोलपत्र फाराम ने.बैं.लि. दुधौली शाखामा पनि खरिद/बुझाउन सकिनेछ ।**

### भद्रपुर शाखा

१. **ऋणीको नामः– श्यामिला आइरन एण्ड स्टील इण्डष्ट्रिज प्रा.लि.,**
**सञ्चालक : १. भुपेन्द्र कुमार सिंह २. निलम सिंह, ठेगाना : भद्रपुर ७, झापा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| भुपेन्द्र कुमार सिंह | झापा जिल्ला, साविक महेशपुर ७ | ६४ | ३–१९–५ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |
| श्यामिला आइरन एण्ड स्टील इण्डष्ट्रिज प्रा.लि. | झापा जिल्ला, साविक महेशपुर ७ | ४८ | १–३–१०–० | | रु. ५,०००/– |

### बर्दिबास शाखा

१. **ऋणीको नामः– बर्दिबास घर संसार, प्रोप्राइटरः दानलाल गिरी, ठेगाना : बर्दिबास–१, महोत्तरी**

| जग्गाधनीको नाम | सुरक्षण विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| दानलाल गिरी | धनुषा जिल्ला, साविक बेगाडावर ९–ज | २१४ | ०–०–५–३ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |
| | | २१५ | ०–११–२–८ | | |
| | | ७०७ | ०–०–४–६ | | |
| | | ७०९ | ०–०–०–७ | | |

### चन्द्रनिगाहपुर शाखा

१. **ऋणीको नामः– दास किराना पसल, प्रोप्राइटरः अनिल कुमार दास, ठेगाना : चन्द्रपुर–१२, रौतहट**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| रामदुलारी देवी | रौतहट जिल्ला, साविक सन्तपुर(म)–१ | ५२५ | ०–२–११½ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | ५,०००/– |
| राम प्रसाद दास | रौतहट जिल्ला, साविक सन्तपुर(म)–५ | ८६८ | ०–०–१३½ | | ५,०००/– |

### मटिहानी शाखा

१. **ऋणीको नाम :– आर.के. ट्रेडर्स, प्रोप्राइटर : रोशन कुमार चौधरी, ठेगाना : वलवा न.पा.–११, महोत्तरी**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| रोशन कुमार चौधरी | महोत्तरी जिल्ला, साविक रामगोपालपुर–३(क) | ११५० | ०–०–१३–२ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | ५,०००/– |
| | | ११५१ | ०–०–१३–२ | | |
| | | ११५२ | ०–०–१३–२ | | |
| | | ९४६ | ०–०–१७.७५–० | | |
| बैजु चौधरी | महोत्तरी जिल्ला, साविक धमौरा–८(घ) | १८० | ०–०–७.५–० | | ३,०००/– |
| | महोत्तरी जिल्ला, साविक लक्ष्मीनिया बैरगिया ८(ख) | १०५१ | ०–०–९–० | | |

### कटहरिया शाखा

१. **ऋणीको नाम :– एजदी गल्ला भण्डार, प्रोप्राइटर : मो. समरुदीन एजदी, ठेगाना : लक्ष्मीपुर दो.–६, रौतहट**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| मो. समरुदिन एजदी | रौतहट जिल्ला, साविक रंगपुर–६क | ८४८ | ०–०–१५–० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | १,०००/– |
| | रौतहट जिल्ला, साविक गम्हरीया–५क | ३८७ | ०–१६–१३.५ | | ५,०००/– |
| माजदा खातुन | रौतहट जिल्ला, साविक रंगपुर–६ | ८३७ | ०–३–८ | | ५,०००/– |

### सि.अ. वीरगञ्ज शाखा

१. **ऋणीको नाम : मार्भेल ट्रेड लिंक, प्रोप्राइटर : किशोरी प्रसाद साह, ठेगाना : साविक वीरगञ्ज–१२, पर्सा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| राजकलीया तेलीन | पर्सा जिल्ला, साविक शंकरसरैया–७ | ४१ | १३४१०.०० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ३,०००/– |

### कलैया शाखा

१. **ऋणीको नाम :– प्रकाश राईस मिल, प्रोप्राइटरः प्रकाश चौधरी, ठेगाना : रम्पुर्वा ४, बारा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| लोकनाथ प्रसाद चौधरी | बारा जिल्ला, साविक रमपुर्वा–४ | ६०६ | ०–१–० | जग्गा र सोले चर्चेको लिगलगापात समेत । | ५,०००/– |
| | | ७७५ | ०–१–८ | | |
| | | ७७४ | ०–०–४ | | |
| | बारा जिल्ला, साविक अमाव–५ | २३ | ०–३–० | | |
| रिमा देवी चौधरी | बारा जिल्ला, साविक रमपुर्वा–४ | ७६१ | ०–०–९ | | १,०००/– |
| उषा कुमारी थरुनी | बारा जिल्ला, साविक रमपुर्वा–४ | ७५१ | ०–०–१० | | १,०००/– |
| प्रकाश चौधरी | बारा जिल्ला, साविक अमाव–४ | ५ | ०–६–५ | | १,०००/– |
| | | ३७गा | ०–१–१८ | | ५,०००/– |
| | | ७६ | ०–९–१८ | | |
| | बारा जिल्ला, साविक अमाव–५ | ८२ | २–५–० | | |
| | बारा जिल्ला, साविक रामपुर्वा–४ | ७६२ | ०–२–८ | | ३,०००/– |
| | | ७६३ | ०–०–२ | | |

### महाराजगञ्ज शाखा

१. **ऋणीको नाम :– सफल वस्त्रालय प्रा.लि, सञ्चालक : श्रीहरि थापा, ठेगाना : वडा नं. २४, वटु, काठमाडौँ**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| श्रीहरि थापा | काठमाडौँ जिल्ला, साविक गोठाटार–८ | १०६६ | २५४.४० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | ५,०००/– |

### बिर्तामोड शाखा

१. **ऋणीको नामः– महादेव ईन्टरप्राईजेज, साझेदारः १. भानु प्रसाद शिवाकोटी/खगेन्द्र खरेल,**
**ठेगाना** : बिर्तामोड–४, झापा

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| भानु प्रसाद शिवाकोटी | झापा जिल्ला, साविक चारपाने–१ | ११७६ | ०–०–१०–० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | ५,०००/– |
| | | १४६३ | ०–०–१८.७५–० | | |
| | | १४६४ | ०–०–१.२५–० | | |
| लिला शिवाकोटी | झापा जिल्ला, साविक चारपाने–१ | १४६१ | ०–१–०–० | | ५,०००/– |

२. **ऋणीको नाम : मनकामना हार्डवेयर, प्रोप्राइटरः विकी शाह रौनियार, ठेगाना : बिर्तामोड–४, झापा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| किरन साह रौनियार | झापा जिल्ला, साविक अनारमनी–४ | १२४ | ००१०१.५८ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |
| | | १२५ | ००३०४.७६ | | |
| | झापा जिल्ला, साविक गरामनी–८ | ३३२ | ३३८.६३ | | |
| | झापा जिल्ला, साविक अनारमनी–२ | २२०० | २३७.१० | | रु. १,०००/– |
| विकी शाह रौनियार | झापा जिल्ला, साविक भद्रपुर–८ | २८९ | २१५.८६ | | रु. १,०००/– |
| | झापा जिल्ला, सविक अनारमनी–४ | ४४४ | ३४०.०० | | रु. १,०००/– |

### गौशाला शाखा

**बोलपत्र फाराम खरिद/बुझाउने शाखाः प्र.का. कर्जा असुली विभाग वा गौशाला शाखा**

१. **ऋणीहरूको नाम :– क) सोनामाई फिक्स इट्टा उद्योग, प्रोप्राइटरः नितु कुमारी यादव, ठेगाना : सोनमा–५, महोत्तरी**
**ख) डि.फार्म हाउस प्रा.लि., सञ्चालकः देवेन्द्र कु. यादव/संगिता मल्ल, ठेगाना : सोनमा–२, महोत्तरी**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल | | |
| देबेन्द्र कुमार यादव | काठमाडौँ जिल्ला, साविक महाकाल–५ | ५८ | ७६३.५० व.मि. | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |
| | | १२७ | ११५.०० व.मि. | | |
| | | १४५ | १४३.२५ व.मि. | | |
| | सर्लाही जिल्ला, साविक हरिवन–६ज | २३६ | ०–१–० बिगाहा | | रु. ५,०००/– |
| | | १३१ | ०–०–७ बिगाहा | | |
| | | १६१ | ०–१–० बिगाहा | | |
| | | १३२ | ०–१–१३ बिगाहा | | |

२. **ऋणीको नाम :– कुशवाहा ट्रेडर्स, प्रोप्राइटरः रघुनाथ महतो, ठेगाना : गौशाला–५, महोत्तरी**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| रघुनाथ महतो | महोत्तरी जिल्ला, साविक ३ नं. बहादुरगञ्ज–९/ग | २७६<br>२७७<br>२७९<br>२८० | ०–१–०–०<br>०–१–०–०<br>०–०–९–०<br>०–०–९–० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |

### सिराहा शाखा

१. **ऋणीको नाम : महतो फ्यूल सेन्टर, प्रोप्राइटर : मनराज महतो, ठेगाना : लक्ष्मीपुर प्र.म.–३, सिराहा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| मनराज महतो | सिराहा जिल्ला, साविक लक्ष्मीपुर प्र.म.–३ | २९३ | ०–८–० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |
| रामपरी कोइरीन | सिराहा जिल्ला, साविक लक्ष्मीपुर प्र.म.–३ | ४८९ | ०–२–५–२ | | रु. ३,०००/– |
| | | ४९१ | ०–०–१–१४ | | |
| इन्द्रदेव महतो | सिराहा जिल्ला, साविक लक्ष्मीपुर प्र.म.–३ | ४९४ | ०–०–६–१० | | रु. १,०००/– |
| | | ४९७ | ०–०–२–११ | | |

### हरिवन शाखा

१. **ऋणीको नाम : मैनाली ब्रिक्स इन्डष्ट्रिज प्रा.लि. सञ्चालक हरि प्रसाद मैनाली, ठेगाना : हरिवन ७, सर्लाही**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| हरि प्रसाद मैनाली | सर्लाही जिल्ला, साविक हरिवन–९/ट | ९३१<br>९१५<br>१०७०<br>१०६६ | ०–४–०<br>०–२–०<br>०–१–०<br>०–१–० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |
| कृष्ण कुमारी प्रसाई | सर्लाही जिल्ला, साविक हरिवन–९/ट | १०६४<br>१०६७<br>१०७१ | ०–१–०<br>०–१–०<br>०–१–० | | रु. १,०००/– |
| | सर्लाही जिल्ला, साविक हरिवन–६/ठ | ७०१ | ०–१–० | | |
| समिक्षा मैनाली | सर्लाही जिल्ला, साविक हरिवन–९/ट | १०६५<br>१०६९<br>१०७२ | ०–१–०<br>०–१–०<br>०–१–० | | रु. १,०००/– |

### जितपुर शाखा

१. **ऋणीको नाम :– विकास घरेलु राइस मिल प्रोप्राइटरः अशोक साह, ठेगाना : साविक भवानीपुर जीतपुर–६, बारा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| अशोक साह | बारा जिल्ला, साविक भवानीपुर जीतपुर–२ गा | ११४ | ०–०–१.२५ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |
| | | ११६ | ०–०–१.२५ | | |
| | बारा जिल्ला, साविक भवानीपुर जीतपुर–६ गा | ३६ | ०–०–१२ | | |
| अशोक साह | बारा जिल्ला, साविक उत्तर झिटकैया–८ | २८०<br>२७८ | ०–२–६–१४<br>०–२–६–१४ | | रु. १,०००/– |
| अशोक साह | बारा जिल्ला, साविक उत्तर झिटकैया–९ क | ५०७ | ०–३–१५ | | रु. १,०००/– |

### माईस्थान शाखा

१. **ऋणीको नाम :– विणाजी महिला गृह उद्योग, प्रोप्राइटर : सपना देवी गुप्ता, ठेगाना : वीरगञ्ज–१३, पर्सा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| प्रभावती देवी कलवारीन | पर्सा जिल्ला, साविक वीरगञ्ज–१३, | ३१<br>३२ | ८४.८०<br>८४.८० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |

२. **ऋणीको नाम : सुपर ब्राइट फ्युचर कोल्ड स्टोर्स, प्रोप्राइटरः बृजकिशोर प्र. कुशवाहा ठेगाना : महागढीमाई–१, बारा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| लालमती देवी कोइरीन | बारा जिल्ला, साविक बरियारपुर–४ | १७३३ | ०–०–१०–१३ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १,०००/– |
| बृजकिशोर प्र. कुशवाहा | बारा जिल्ला, साविक बरियारपुर–४ | १७३० | ०–०–१३–५ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १,०००/– |
| शिव महतो | बारा जिल्ला, साविक बरियारपुर–४ | १०९३ | ०–०–७–८ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १,०००/– |
| सुनिल प्रसाद कुशवाहा | बारा जिल्ला, साविक बरियारपुर–४ | १७३१<br>१७३२ | ०–०–६–११<br>०–०–४–३ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १,०००/– |

बाँकी १३ पृष्ठमा...

# शिलान्यासको छ वर्षसम्म बनेन सडक

## चार करोड पेस्की बुझेका ठेकेदार सम्पर्कविहीन

**नवराज कट्टेल**
*विराटनगर, मङ्सिर ६ गते*



चार करोड रुपियाँ पेस्की लिएर ठेकेदार फरार भएपछि विराटनगर महानगरपालिकाको चार वटा वडालाई जोड्ने सडक छ वर्षदेखि अलपत्र छ। विराटनगर महानगरपालिका अन्तर्गत कोशी राजमार्ग पश्चिमको विकल्पका रूपमा विराटनगर–५, ६, ११ र १२ नम्बर वडालाई जोड्ने सडक शिलान्यास भएको छ वर्ष र निर्माण सम्पन्न हुनुपर्ने म्याद सकिएको तीन वर्ष बितिसक्दा समेत बन्न सकेको छैन।

प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालय मोरङसँग जनकपुरस्थित देव एन्ड सायर आइएसएनबी जेभीले २०७७ असार ४ गते निर्माण सम्झौता गरेको थियो। विराटनगर महानगरपालिका ५, ६, ११ र १२ नम्बर वडालाई जोड्दै सीमा क्षेत्र रानीसम्म ९.३८ किलोमिटर सडकको शिलान्यास २०७७ साल मङ्सिरमा गरिएको थियो। नेपाली कांग्रेसका नेता डाक्टर शेखर कोइराला, तत्कालीन विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुली र कोशी प्रदेश सभा सदस्य तथा पूर्वमुख्यमन्त्री केदार कार्कीले महत्त्वका साथ गर्नुभएको थियो।

पूर्वाधार विकास कार्यालय मोरङको २९ करोड ६३ लाख नौ हजार ५६६ रुपियाँ लागतमा सडक जनकपुर स्थित देव एन्ड सायर आइएसएनबी जेभीले निर्माण गर्ने गरी सम्झौता भएको थियो। सम्झौता अनुसार २०७९ असार ३ गते यसको काम सकिनुपर्ने म्याद थियो।

निर्माण म्याद गुज्रेको अहिले तीन वर्ष बितिसकेको छ। निर्माण कम्पनी देव एन्ड सायर आइएनएनबी जेभीका सन्तोष यादवले चार करोड पेस्की लिएर सम्कर्पविहीन बनेपछि पूर्वाधार विकास कार्यालयले यसबेला खोजी थालेको छ। पूर्वाधार विकास कार्यालयका प्रमुख षडानन्द कुसवाहका अनुसार अहिले स्थानीयले यस विषयमा अख्तियारको समेत ध्यानाकर्षण गराएका छन्। त्यसपछि पेस्की बुझेर फरार भएका यादवको खोजी गर्दा फेला पार्न नसकिएको उहाँले बताउनुभयो।

हामीले सम्बन्धित निर्माण व्यवसायीसँग सम्पर्क गर्न सकेनौँ। त्यसपछि अर्का पार्टनर निर्माण व्यवसायीसँग कुरा गरेर बोलाएका छौँ। कुसवाहले भन्नुभयो– "उहाँले आउँछु भन्नुभएको छ। देव एन्ड सायरका यादव फरार भएपछि आइएसएनबीका वासु उप्रेतीलाई कार्यालयले सम्पर्कमा आउन भनेको हो।" कार्यालय प्रमुख कुसवाहले जिल्ला प्रशासन कार्यालय मोरङले समेत जिल्ला प्रशासन कार्यालय धनुषामार्फत झिकाउन पत्राचार गरिसकेको जानकारी दिनुभयो।

निर्माणमा संयुक्त भएका दुई कम्पनीमध्ये एउटा भागेमा अर्कोले काम गर्नुपर्ने हुन्छ। स्थानीयले यस विषयलाई चासो दिँदै अख्तियार र स्थानीय प्रशासनसहित ठेक्का लगाउने कार्यालय समेतको ध्यानाकर्षण गराएका छन्।

विराटनगर महानगरपालिकाको पश्चिम क्षेत्र विकासमा ओझेल परेको भन्दै वडा नम्बर ५, ६, ११ र १२ को झङडाही (उराँव टोल) कारखाना टोल हुँदै ब्रम्हपुरसम्मको यो सडक निर्माण गर्ने योजना सारिएको थियो। सम्झौता २०७७ असारमा गरेर मङ्सिरमा शिलान्यास गरिएको सडक निर्माणका लागि छ करोड रुपियाँ विनियोजन गरिएको थियो। विनियोजनमध्ये चार करोड रुपियाँ पेस्की बुझेर ठेकेदारबेपत्ता भएका हुन्।

विराटनगर–४ का उत्तम दाहालका अनुसार अहिले राज्यका निकायलाई गुहार मागेपछि निर्माणको सुरुवात गर्ने आश्वासन आएको छ। दाहालसहित त्यस क्षेत्रका स्थानीयले यो सडक निर्माणसम्बन्धी आवाज उठाउनुभएको थियो। केन्द्र भागमा सात मिटर चौडाइ स्पाल्ट कालोपत्रे गर्ने योजनामा उल्लेख छ। त्यसपछि सुनसरी–मोरङ सिँचाइ आयोजनाको नहर सडकका रूपमा स्तरोन्नति गर्ने काम सुरु गरिएको थियो। अहिले नहरको धेरै क्षेत्र कालोपत्रे भइसकेको छ।

# थपिए ताप्लेजुङमा एक हजार ८५६ नयाँ मतदाता

मतदाता नामावली दर्ताका लागि सुरुमा कात्तिक मसान्तसम्म र पछि मङ्सिर ५ गते शुक्रबारसम्म पाँच दिन म्याद थप गरिएको थियो।

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, मङ्सिर ६ गते*

ताप्लेजुङमा करिब दुई हजार नयाँ मतदाता थपिएका छन्। जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङका अनुसार पछिल्लो पटक तोकिएको मतदाता नामावली दर्ता गर्ने अन्तिम दिन शुक्रबारसम्ममा उक्त मतदाता थपिएका हुन्।

सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्यको निर्वाचन गर्ने गरी मिति तोकेपछि गत असोज दोस्रो सातादेखि फोटोसहितको मतदाता नामावली दर्ता गर्न सुरु गरिएको हो। मतदाता नामावली दर्ताका लागि सुरुमा कात्तिक मसान्तसम्म र पछि मङ्सिर ५ गते शुक्रबारसम्म पाँच दिन म्याद थप गरिएको थियो।

उक्त अवधिमा ताप्लेजुङमा कुल एक हजार ८५६ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन्।

जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी एवं कम्प्युटर अपरेटर बान्दवराज दुलाल (विपिन) का अनुसार नयाँ दर्ता भएका मतदातामध्ये एक हजार २५ पुरुष र ८३१ जना महिला रहेका छन्। यसअघिको निर्वाचनपछि र नयाँ दर्ता भएको समेत ताप्लेजुङमा मतदाताको सङ्ख्या कुल ९५ हजार ८९ पुगेको दुलालले जानकारी दिनुभयो।

उहाँका अनुसार कुल मतदाता सङ्ख्यामध्ये ५१ हजार एक सय पुरुष र ४३ हजार ९८९ जना महिला रहेका छन्। पछिल्लो मतदाता नामावलीमा नाम दर्ता भएकामध्ये आगामी फागुन २१ हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदान गर्न योग्य मतदाताको विवरण छुटाउनलाई भने केही समय लाग्ने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

नयाँ नामावली दर्ता गर्नेमा करिब ९५ प्रतिशत किशोर (जेनजी) उमेर समूहका रहेका जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी दुलालले जानकारी दिनुभयो। उहाँका अनुसार विगतको तुलनामा यस पटक मतदाता नामावली दर्ता गर्नमा युवापुस्ताको उत्साह देखिएको थियो। ताप्लेजुङमा यसअघिको प्रतिनिधि सभा सदस्य निर्वाचनमा ८२ हजार २८५ मतदाताले मतदान गरेका थिए।

# समाचार सङ्क्षेप

## चवालिस हजारभन्दा बढीले गराए नाम दर्ता

**विराटनगर** (गोरखापत्र), मङ्सिर ६ गते। आगामी फागुन २१ मा हुने मतदाता नामावलीमा नाम दर्ता गराउन थपिएको अवधि शुक्रबार सकिएको छ। प्रदेश निर्वाचन कार्यालय मोरङका अनुसार असोज १० गतेदेखि सुरु भएको नाम दर्ता गराउने अभियानको अन्तिम दिन मङ्सिर ५ गते दिनको ४ बजेसम्म जिल्ला निर्वाचन कार्यालयमा कुल १६ हजार ४१३ जना नयाँ मतदाताले नाम दर्ता गराएका छन्।

सूचना अधिकारी तीर्थराज अधिकारीका अनुसार दर्ता गराउनेमध्ये महिला सात हजार ७१६ र पुरुष आठ हजार ६९६ जना रहेका छन्। अन्य एक जना रहेका छन्। यससँगै अनलाइन प्रणालीमार्फत २७ हजार ९८९ जनाले मतदाता नामावलीमा नाम दर्ता गरेका छन्। एक जिल्लाबाट अर्को जिल्लामा नाम सार्नका लागि दुई हजार ८६२ जनाले निवेदन दिएका छन् भने ५५१ जनाले नामावली सच्याउन अनुरोध गरेका छन् तर दर्ता भएकामध्ये सबै मतदाताचाहिँ हैनन्। किनकी नामावलीमा दर्ता हुन १६ वर्ष उमेरको हद तोकिए पनि मतदान गर्न भने निर्वाचनको अघिल्लो दिनसम्म १८ वर्ष उमेर पुगेको हुनुपर्ने छ। अधिकारीका अनुसार गत चुनावको तुलनामा यो पटक विशेष गरी जेनजी समूहका उल्लेखनीय सक्रियता देखिएको जिल्ला निर्वाचन आयोगले जनाएको छ।

## बेवारिसे अवस्थामा भेटियो ११ राउन्ड गोली

**दमक** (गोरखापत्र), मङ्सिर ६ गते। जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट लुटिएका ११ राउन्ड गोली बेवारिसे अवस्थामा फेला परेको छ। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार चार हजार राउन्ड गोली लुटिएको थियो। जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रबहादुर खड्काका अनुसार दमक वडा नं. ७ स्थित मानव सेवा आश्रमनजिकै भित्रि सडकमा शुक्रबार बेलुका बेवारिसे अवस्थामा गोली भेटिएको हो। एसएलआरका पाँच राउन्ड, इन्सासका तीन राउन्ड र ३०३ राइफलका तीन राउन्ड गोली फेला परेको खड्काले जनाउनुभयो।

आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट २० थान हतियार लुटिएकोमा अहिलेसम्म तीन थान मात्र फेला परेको छ। बाँकी १७ थान हतियार खोजी कार्य तीव्र बनाइएको खड्काले जनाउनुभएको छ। घटनामा संलग्नको पहिचान र खोजी तीव्र बनाएपछि हतियार र गोली भेटिन थालेको प्रहरीको भनाइ छ। यसै गरी जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट फरार भएका दुई थुनुवालाई प्रहरीले उनीहरूको घरबाट नै पक्राउ गरेको छ। लागुऔषध मुद्दाका आरोपी कनकाई–२ का ३३ वर्षीय रमेश मुखिया सुनुवार र कनकाई–३ का ४२ वर्षीय चन्द्र पौडेललाई प्रहरीले पक्राउ गरेको हो।

## धान काट्न र झार्न सहुलियत

**दमक** (गोरखापत्र), मङ्सिर ६ गते। झापाको कमल गाउँपालिका–१ वडा कार्यालयले किसानलाई सहुलियत दरमा धान काट्ने व्यवस्था मिलाएको छ। कोशी प्रदेश सरकारको सहयोगमा वडामा 'कस्टम हायरिङ सेन्टर' स्थापना भएपछि किसानले सहुलियतमा धान काट्न पाएका हुन्।

वडाध्यक्ष केदार कटवालका अनुसार दुई थान हार्भेस्टर र एक थान ट्याक्टरको व्यवस्था गरिएको छ। कात्तिकको अन्तिम सातादेखि सञ्चालनमा आएको यो सेवाले वडाका अधिकांश किसानलाई राहत मिलेको कट्वालको भनाइ छ। सर्वसुलभ रूपमा वडा कार्यालयभित्रै सेवा प्रदान हुने भएकाले किसानले धेरै समय हार्भेस्टर कुर्नुपर्ने अवस्था अन्त्य भएको छ।

वडा मातहतमा रहेको कस्टम हायरिङ सेन्टर सञ्चालनका लागि वडाले सार्वजनिक सूचना गरेपछि प्रतिघण्टा चार हजारका दरले उक्त हार्भेस्टर सञ्चालन गर्ने गरी एक कम्पनीले जिम्मा पाएको थियो। यसभन्दाअघि किसानले प्रतिघण्टा पाँचदेखि छ हजार तिर्नुपर्ने र भनेको समयमा हार्भेस्टर नआउने समस्या रहेको थियो। धान काट्न् तथा झार्ने दुई वटा हार्भेस्टरमध्ये ढ्याङी खोलापूर्व एक वटा र पश्चिम एक वटा गरी दुई भागमा विभाजन गरिएपछि किसानलाई सहज बनेको स्थानीय लोकबहादुर खड्काले बताउनुभयो। धान काट्न कृषि मजदुर नपाउने समस्या बढ्दै गएको अवस्थामा आधुनिक प्रविधि र यस प्रकारका मेसिन प्रयोग बढ्दो छ।

# पाथीभरामा हिमपात

**फुङलिङ समाचारदाता**
*फुङलिङ, मङ्सिर ६ गते*

प्रसिद्ध धार्मिकस्थल पाथीभरामा यस वर्ष पहिलो पटक हिमपात भएको छ। शुक्रबार दिउँसो सामान्य वर्षा भएपछि साँझबाट तीन हजार ६९४ मिटरको उचाइमा रहेको पाथीभरामा हिमपात सुरु भएको हो।

हिमपात भएपछि पाथीभरा क्षेत्रमा चिसो समेत बढेको छ। मन्दिर क्षेत्रमा कार्यरत पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार सामान्य मात्रामा हिमपात भएको हो। सामान्य हिमपातले समेत दर्शनार्थीलाई भने प्रभाव पारेको उहाँको भनाइ छ। गत असोजमा ताप्लेजुङको उच्च हिमाली भेगमा मात्रै हिमपात भएको थियो। जिल्लाको पर्यटकीय क्षेत्र तिम्बुङ पोखरी, लोदेन, सिङ्जेमा ताल, स्याम्दो काललगायतको क्षेत्रमा हिमपात हुँदा पाथीभरा भने भएको थिएन तर शुक्रबार यस वर्षको पहिलो पटक हिमपात भएको छ।



तस्बिर : साहारा लिम्बू

**पाथीभरा क्षेत्रमा भएको हिमपात।**

पाथीभरामा हिमपात भए पनि बिहानैदेखि मन्दिर दर्शन गर्ने भक्तजनको भने घुइँचो लागेको छ। भक्तजन लाइनबद्ध रूपमा उभिएर बिहानैबाट पूजा गरिरहेका छन्। साताको मङ्गलबार र शनिबार अन्य दिनको तुलनामा अत्यधिक मात्रामा तीर्थयात्री पाथीभरा पुग्ने गरेका छन्।

# सुनसरी बहुमुखी क्याम्पस चौथो सभा सम्पन्न

**इनरुवा समाचारदाता**
*इनरुवा, मङ्सिर ६ गते*

इनरुवामा रहेको पुरानो सामुदायिक क्याम्पस सुनसरी बहुमुखी क्याम्पस इनरुवाको चौथो क्याम्पस सभा शनिबार सम्पन्न भएको छ। सभालाई सम्बोधन गर्दै कोशी प्रदेश वन, वातावरण र पर्यटनमन्त्री सदानन्द मण्डलले क्याम्पसको विकास र शैक्षिक प्रगतिका लागि आफूले सक्दो सहयोग गर्ने बताउनुभयो।

कोशी प्रदेश सभा सदस्य इसराइल मन्सुरीले सभा सफलताको कामना गर्दै क्याम्पसको भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तरको सुधार गर्न आफ्नो ठाउँबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले विद्यार्थी ओसार्न बस र क्याम्पसको पवेशद्वार बाटोमा कालोपत्रका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। इनरुवा नगरपालिका प्रमुख केदार भण्डारीले नगरबाट आफ्नो कार्यकालमा ३३ लाख रुपियाँ सहयोग गरेको जानकारी दिनुभयो।

सभामा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै क्याम्पस सञ्चालक समितिका अध्यक्ष राजु ढकालले २०३७ सालमा स्थापना भएको क्याम्पसले पछिल्लो दुई वर्षमा निकै फड्को मारेको बताउनुभयो। उहाँले इनरुवाको इतिहास बोकेको क्याम्पसमा अहिले भौतिक विकासका साथै शैक्षिक गुणस्तरमा समेत सुधार भएको दाबी गर्नुभयो। सहायक क्याम्पस प्रमुख लीला अपागाईंले क्याम्पसको शैक्षिक गुणस्तरमा भएको प्रगतिको बारेमा जानकारी दिनुभयो।

टिएनके बहुमुखी क्याम्पसका अध्यक्ष गोपी ढकाल र स्मल हेभेनका सञ्चालक आशिष थापाले शैक्षिक गुणस्तरमा सुनसरी क्याम्पस निकै अगाडि रहेको चर्चा गर्नुभयो। सभामा पूर्वस्वतन्त्र विद्यार्थी युनियनका सभापतिहरूलाई सम्मान गरिएको थियो। पूर्वसभापति योगेन्द्र खड्काले क्याम्पसमा अहिले निकै परिवर्तन र प्रगति भएको चर्चा गर्दै यसलाई सुनसरीको सान बनाउनुपर्ने बताउनुभयो।

# कोशीटप्पुको संरक्षणमा चुनौती

**बाबुराम कार्की**
*वराहक्षेत्र, मङ्सिर ६ गते*

कोशीटप्पु वन्यजन्तु आरक्ष प्राकृतिक चुनौतीको सामना गर्दै आएको छ। सप्तकोशी नदी र नदी उकास क्षेत्रमा रहेको आरक्ष क्षेत्रको सबैजसो भूभागले कोशीको कटानको सामना गर्दै आउनु परेको छ।

सुनसरी, सप्तरी र उदयपुरलाई छोएको आरक्षको दुई तिहाई भाग नदी तटीय जङ्गल क्षेत्रमा रहेको छ। सबै भूभाग कोशीमै पर्ने हुँदा प्रत्येक वर्ष नदीमा आउने बाढी, डुबान र कटानको सामना आरक्षले गर्नु परेको कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयले जनाएको छ।

आरक्षका वरिष्ठ संरक्षण अधिकृत भुपेन्द्रप्रसाद यादवका अनुसार बर्खाको बाढीले संरक्षित जनावरको बासस्थान नै डुबान र कटानमा पर्दा जनवारको पारिस्थितिक पद्धतिमा ठुलो असर पुग्दै आएको छ। प्राकृतिक समस्यालाई समाधान गर्न कठिनाइ हुने हुँदा आरक्षले प्रत्येक वर्षा वन्यजन्तुदेखि सीमसार भूभाग, वनस्पतिसम्मको क्षति बेहोर्नु परेको उहाँको भनाइ छ।

कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्र चरा र वन्यजन्तु विचरणका लागि राम्रो गन्तव्य मानिन्छ। आरक्ष क्षेत्रमा स्थलीय, जलीय र नभीय जैविक विविधता विचरण गर्न आन्तरिक र वाह्य पर्यटक आउने गरेका छन्। नेपालकै पहिलो रामसार क्षेत्रमा सूचीकृत जैविक विविधताले भरिपूर्ण आरक्षमा बाढीको प्रकोपले वन्यजन्तु र चराको बास्थानमै असर पुग्दै आएको प्रमुख संरक्षक अधिकृत यादव बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "आरक्ष क्षेत्रमा प्राकृतिक चुनौतीका साथै मानवीय र नीतिगत कारणले पनि असर पुगेको छ" तर आरक्ष कार्यालयले क्षतिको तथ्याङ्क नराख्दा कति क्षति भयो भन्ने विवरण आरक्ष कार्यालयसँग छैन। संरक्षण गर्न बजेट अभाव हुँदै आएको छ।



तस्बिर : बाबुराम कार्की

**सप्तकोशी नदीको डुबान र कटानमा परेको आरक्षको नदी उकास क्षेत्रको जङ्गल।**

आरक्ष क्षेत्रका सीम क्षेत्र वर्षाको बाढीले पुरिँदै जादा सिम क्षेत्रमा पाइने जलचर सङ्कटमा पर्दै गएको चराविद् अनिश तिम्सिना बताउनुहुन्छ। उहाँ भन्नु हुन्छ, "सिमसारमा आश्रित जीव कछुवा, सरिसृप, उभयचर, घोडी, गङ्गटो र पन्छीका प्रजातिको बासस्थानमा कमी आउँदै गएको छ। पहिला धेरै देखिने जीव हराउँदै गएका छन्।"

त्यस्तै आरक्ष जङ्गलमा मिचाहा प्रजातिको अतिक्रमण बढ्नु, मानव र वन्यजन्तुबिच द्वन्द्व बढ्नु, नम्बरी जग्गा आरक्षमा पर्ने समस्या, आरक्षको नदीमा माछा मार्न पाउने कानुनी व्यवस्था, भार तसँगको खुला सिमानालगायतका समस्याले गर्दा आरक्षमा जैविक विविधताको संरक्षणमा चुनौती थपिएको संरक्षणकर्मी बताउँछन्।

प्र्यावरणमा आएको परिवर्तनको प्रभाव आरक्षमा पर्न नदिन र प्राकृतिक, नीतिगत र व्यवस्थापकीय समस्याको समाधान गरी आरक्ष क्षेत्रको संरक्षण, संवर्धन र प्रवर्धन गर्नुपर्ने संरक्षणकर्मीको भनाइ छ। आरक्षमा देखिएका नीतिगत र प्राकृतिक रूपमै भएका विविध समस्यालाई समाधान गर्न माथिल्लो निकायबाटै ऐन तथा नियमलाई सापेक्ष बनाई कार्यान्वयन गर्नुपर्ने चराविद् अनिश तिम्सिना बताउनुहुन्छ।

कोशीटप्पु वन्यजन्तु आरक्षमा लोपोन्मुख जङ्गली भैँसी (अर्ना), नेपालको पहाडी र हिमाली क्षेत्रदेखि हिमालपारिका देश साइबेरिया, रसिया, ताजकिस्तान, तान्जेनिया, चीन र तिब्बतलगायतका देशबाट बसाइ सरेर आउने चरा, विश्वमा नै दुर्लभ मानिएका चराचुरुङ्गीका लागि प्रसिद्ध मानिन्छ। आरक्ष क्षेत्रको सीम क्षेत्र र टप्पु क्षेत्रभित्र रहेका नदी, ताल, तलाउमा लोपोन्मुख रैथाने माछा, सङ्कटापन्न अवस्थामा रहेका सोंस (डल्फिन), विश्वमका थोरै मुलुकमा मात्रै पाइने मलाहा (पानी बिरालो) का लागि टापु क्षेत्र प्रसिद्ध रहेको छ।

१२ पृष्ठको बाँकी

### रत्ननगर शाखा

१. ऋणीको नाम :– चन्दा किराना पसल, प्रोप्राइटर : पिउर महतो, ठेगाना : कालिका नगरपालिका–५,चितवन

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| पिउर महतो | चितवन जिल्ला, साविक पदमपुर–६ | ४०८ | ०–१–० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १,०००/– |

### बालाजु शाखा

१. ऋणीको नाम :– बज्रयोगिनी कृषि कोल्ड स्टोर प्रा.लि., सञ्चालकः कोपीला पाण्डे, ठेगाना : काठमाडौँ जिल्ला, तारकेश्वर न.पा. वडा नं. ०४

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (वर्ग मिटर) | | |
| बज्रयोगिनी कृषि कोल्ड स्टोर प्रा.लि. | काठमाडौँ जिल्ला, साविक गोलढुङ्गा–१ ख | १५८०<br>१५७९<br>२२८<br>३४३५<br>३४२९<br>३४३२ | ९५.३९<br>१११.२९<br>७९.४९<br>९१.४१<br>४३.७२<br>५१.६७ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |

### सि.अ. हेटौंडा शाखा

१. ऋणीको नाम :– ओलिभिया इन्टरप्राइजेज एण्ड सप्लायर्स, प्रोप्राइटर : बर्मा कुमार श्रेष्ठ, ठेगाना : हेटौँडा–६, मकवानपुर

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| बर्मा कुमार श्रेष्ठ | मकवानपुर जिल्ला, साविक हेटौँडा–५ | ७५२४<br>७७५३<br>७७३८<br>६७२८ | ०–०–१०.७५<br>०–०–१.५<br>०–०–०.७५<br>०–१–९.५ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |
| बिमला श्रेष्ठ | मकवानपुर जिल्ला, साविक हेटौँडा–५ | ७७७२ | ०–०–८–० | | रु. १,०००/– |

### कृष्णनगर शाखा

१. ऋणीको नाम :– शिवम् हार्डवेयर, प्रोप्राइटर : अमरीका चाई, ठेगाना : साविक विजयनगर गा.पा.–२, कपिलवस्तु

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| शिवपुजन चाइ | कपिलवस्तु जिल्ला, साविक गुगौली–७, | ५०४ | ०–१०–१४ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १,०००/– |
| शिव कुमार चाइ | कपिलवस्तु जिल्ला, साविक गुगौली–७ | २२७,<br>२२६<br>७४८ | ०–४–१३<br>०–१–१६<br>०–८–१० | | रु. ५,०००/– |

### इलाम शाखा

ऋणीको नाम :– १. भगवती माता टायर रिसोलिङ्ग सेन्टर, प्रोप्राइटरः गोपाल पाठक, ठेगाना : इलाम न.पा.–९, इलाम
२. बन्दना थापा, ठेगाना : इलाम न.पा.–९, इलाम

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (रोपनी) | | |
| बन्दना थापा | इलाम जिल्ला, साविक इलाम–३क | २६०३<br>२५२५<br>२६६१ | ०–४–०–२<br>०–४–१–०<br>०–५–०–० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ३,०००/– |
| | इलाम जिल्ला, साविक इलाम–४ग | ५१९<br>५२१ | १–०–०–०<br>१५–५–१–२ | | रु. ३,०००/– |

### कलंकी शाखा

१. ऋणीको नाम :– बागमती केबल्स एण्ड इन्जीनियरिङ्ग प्रा.लि, सञ्चालकः शैलेन्द्र दाहाल
ठेगाना : ललितपुर म.न.पा.–१०, कुपण्डोल ललितपुर

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| शैलेन्द्र दाहाल | काठमाडौँ जिल्ला, साविक डाडापौवा–५क (रामकोट) | १७९४<br>१७९२<br>१७८७ | २१०.६५<br>१८२.८३<br>५१.६७ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |

### कालीमाटी शाखा

बोलपत्र फाराम खरिद/बुझाउने : कालीमाटी शाखा वा निजगढ शाखा

१. ऋणीको नाम :– सिद्धवावा इंक प्रा.लि.,
सञ्चालकः १. शर्मिला चौलागाई १. बोझ प्रसाद चौलागाई, ठेगाना : का.म.न.पा–२९, काठमाडौँ

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| नरलक्ष्मी गौतम | बारा जिल्ला, साविक निजगढ नगरपालिका–६ | २३६ | ०–१०–४–८ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ३,०००/– |
| बोझ प्रसाद चौलागाइ | बारा जिल्ला, साविक निजगढ नपरपालिका–५ब, | ४१६ | ०–९–०–० | | रु. ३,०००/– |
| शर्मिला चौलागाई | बारा जिल्ला, साविक निजगढ नगरपालिका–६ | २३२० | ०–१–८–० | | रु. ३,०००/– |

### सि.अ. नारायणगढ शाखा

१. ऋणीको नाम : क) प्रसान्त मेडी कन्सर्न, प्रोप्राइटरः परशुराम पौडेल, ठेगानाः भरतपुर म.न.पा.–१२, चितवन
ख) शान्ती बराल, ठेगानाः साविक पोखरा–५, कास्की

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| शान्ती बराल पौडेल | चितवन जिल्ला, साविक भरतपुर–६/क | ३०४ | ८२९.६३ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |

२. ऋणीको नाम : नवरत्न कन्स्ट्रक्सन एण्ड अमुन सप्लायर्स प्रा.लि.,
प्रोप्राइटरः अनन्त कुमार पराजुली, ठेगानाः भरतपुर म.न.पा.–१६, चितवन

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल | | |
| ऋषि राम पराजुली | चितवन जिल्ला, साविक मंगलपुर–८/ग | १४९२ | १३१६.४० व.मि. (०–३–१७.५०–० (बिगाहा)) | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००/– |
| | | १४८९ | १३७९.९२ व.मि. (०–४–१.५–० (बिगाहा)) | | |

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सुनचाँदी (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,४१,७०० ▼ |
| चाँदी | : | ३१०० ▼ |

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २५६०.२१ (-०.७१) ▼ |
| कारोबार रकम | : | ४,६८८,८६८२११ ▲ |
| कारोबार भएका सेयर | : | १०,४४१,२१६ |
| कारोबार सङ्ख्या | : | ६६,०७१ |
| कारोबार भएका कम्पनी | : | ३२८ |

# अलैंची निर्यातमा राजस्व ठगी

## वास्तविक मूल्यभन्दा आधा कमको बिल

**शशिधर पराजुली**
*विराटनगर, मङ्सिर ६ गते*



'कालो सुन' भनेर चिनिने अलैंचीको निर्यातबाट नेपालले ठुलो मात्रामा विदेशी मुद्रा आर्जन गरिरहेको छ तर यसको आडमा नजानिँदो ढङ्गबाट करोडौँ रुपियाँ राजस्व अपचलन हुने गरेको तथ्य फेला परेको छ।

किसानले प्रतिमन (४० किलो) एक लाख रुपियाँभन्दा बढी मूल्य पाइरहेको अलैंची निर्यात गर्दा व्यापारीले वास्तविक मूल्यभन्दा आधा कमको बिल (न्यून बीजकीकरण) बनाउने गरेको भन्सार विभागको तथ्यबाट फेला परेको छ । यसले गर्दा नाफामा लाग्ने करोडौँ रुपियाँको आयकर सिधै छली हुनुका साथै निर्यातबाट प्राप्त हुने अतिरिक्त मुद्रा अवैध मानिएको हुन्डीमार्फत ल्याइने गरेको समेत पाइएको छ। यसले अलैंची निर्यातसँगै अवैध कारोबारले पनि प्रश्रय पाइने गरेको देखिएको छ।

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिना (असोज मसान्तसम्म) को तथ्याङ्कले यो आर्थिक अपचलनको अवस्था देखिएको हो । यस अवधिमा नेपालबाट एक हजार ७२ टन अलैंची भारत निर्यात भएको छ, जसको भन्सार घोषणा मूल्य एक अर्ब ६७ करोड ९१ लाख ५७ हजार रुपियाँ उल्लेख गरिएको छ। यस हिसाबले प्रतिकिलो अलैंचीको निर्यात गर्दा एक हजार ५६६ रुपियाँको बिल जारी भएको देखिन्छ।

यही अवधिमा किसानले भने प्रतिमन न्यूनतम ९० हजार रुपियाँदेखि एक लाख सात हजार रुपियाँसम्म पाइरहेका छन् । जसको सरदर मूल्य दुई हजार पाँच सय रुपियाँभन्दा बढी हुन जान्छ तर निर्यातकर्ताले यस अवधिमा एक हजार ५६६ रुपियाँका दरले भारत निर्यात गरेका कारण आयकरमा प्रभाव पर्ने देखिएको हो । जानकार स्रोतका अनुसार यसले निर्यातकर्ताले गर्ने नाफाको झन्डै ३० प्रतिशत राजस्व छलि हुने गरेको छ।

त्यति मात्र होइन बिलभन्दा बढी हुने मूल्यबाट प्राप्त गर्नुपर्ने रकम हुन्डीबाटै ल्याउनुपर्ने अवस्थासमेत देखिएको छ । भारतीय भन्सारका कारण भारतीय व्यापारीले वास्तविक खरिद मूल्यको बिल लिन नमान्दा बाध्यतावश न्यून बीजकीकरण गर्नु परेको एक व्यवसायीले बताउनुभएको छ। भन्सारमा कम मूल्य देखाए पनि भारतीय व्यापारीले प्रतिमन एक लाख २० हजार रुपियाँभन्दा बढीमा अलैंची खरिद गर्ने गरेको उहाँको भनाइ छ।


राजस्व अनुसन्धान कार्यालय, इटहरीका एक कर्मचारीले भन्नुभयो, "आयकर छल्नकै लागि न्यून बीजकीकरण भएको हुन सक्छ नत्र धेरैमा किनेर थोरैमा बेच्नुपर्ने बाध्यता किन आउँछ।"

गत आव २०८१/८२ मा नेपालबाट सात अर्ब ६८ करोड ३७ लाख रुपियाँ बराबरको चार हजार तीन सय टन अलैंची निर्यात भएको थियो। उक्त समयमा किसानले पाएको मूल्य र निर्यात मूल्यमा तात्विक भिन्नता थिएन तर यस वर्ष किसानले राम्रो मूल्य पाएर खुसी भइरहेको भए पनि देशले भने राजस्व गुमाउन पुगेको छ। अर्कोतर्फ अलैंची खरिदकर्ताले अधिकांश किसानलाई नगदमै भुक्तानी दिने गरेका छन् । यसले पनि अलैंची कारोबारमा राजस्वको चलखेल हुने गरेको कुरालाई नै बल पुर्‍याउने गरेको छ । राजस्व अनुसन्धान कार्यालय इटहरीका प्रमुख अनुसन्धान अधिकृत अर्जुन राईले अलैंची निर्यातबाट आयकर छलिएको विषय आफ्ना लागि नयाँ कुरा भएको बताउनुभयो। उहाँले अवास्तविक मूल्यमा कारोबार हुनु गम्भीर विषय भएको पनि बताउनुभयो।

नेपालबाट अलैंची निर्यात हुने मुख्य नाका काँकडभिट्टा भन्सार कार्यालयले भने निर्यातकर्ताले घोषणा गर्ने मूल्यलाई नै कार्यालयले आधार मान्ने जनाएको छ । कार्यालयका प्रमुख हरिहर पौडेलले भन्नुभयो, "अलैंची वा अन्य जुनसुकै वस्तु निर्यात गर्दा निर्यातकर्ताले स्वघोषणा गर्ने मूल्य नै भन्सार कार्यालयले रेकर्डमा राख्ने गरेको छ ।" बजारमा बढी मूल्यमा कारोबार भएको सुनिए पनि स्वघोषित मूल्याङ्कनलाई नै आधिकारिक मान्ने गरेको उहाँले बताउनुभयो।

नेपालमा उत्पादित अलैंचीले विश्वको ६० प्रतिशत बजार ओगटेको छ । नेपालबाट ९५ प्रतिशतभन्दा बढी भारतमा निर्यात हुन्छ भने बाँकी तेस्रो मुलुकमा जाने गरेको छ।

# श्रम स्वीकृति लिने पन्ध्र प्रतिशतले बढे



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको सङ्ख्या बढेको छ । वैदेशिक रोजगार विभागका अनुसार गत आव २०८१/८२ को चार महिनाको तुलनामा चालु आवको सो अवधिमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको सङ्ख्या १५ प्रतिशतले बढेको हो।

विभागका अनुसार चालु आवको चार महिनामा वैदेशिक रोजगारीका लागि दुई लाख ८३ हजार ६१० जनाले श्रम स्वीकृति लिएका छन् । गत आवको सो अवधिमा दुई लाख ४१ हजार ५८३ जनाले श्रम स्वीकृति लिएका थिए । वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर विदेश जानेको सङ्ख्या गत आवको भन्दा यो आवको ४२ हजार २७ ले बढी हो।

चालु आवको सो अवधिमा सबैभन्दा बढी कात्तिकमा ७३ हजार ९४ जनाले श्रम स्वीकृति लिएका छन् । गत आवको कात्तिकमा ७० हजार ९९० जनाले श्रम स्वीकृति लिएका थिए।

विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले पछिल्लो समय श्रम गन्तव्यबाट माग बढी आएका कारण वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने बढेको जानकारी दिनुभयो । पछिल्लो समय करार रद्द गरेर आएका श्रमिक पनि स्वदेशमा केही विकल्प नदेखिएपछि नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दै गइरहेका कारण श्रम स्वीकृतिको सङ्ख्या वृद्धि भएको उहाँको बुझाइ छ। पछिल्लो समय विश्वव्यापी आर्थिक मन्दीका कारण श्रम गन्तव्य देशमा रोजगारीका क्षेत्रमा सङ्कुचन आए पनि रोजगारीका लागि जानेको सङ्ख्या बढेको देखिन्छ । चालु आवको साउनमा ६८ हजार ११०, भदौमा ६७ हजार ९७२ र असोजमा ६४ हजार ६३४ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ।

### युएई तेस्रो गन्तव्य

कात्तिकमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका ७३ हजार ९४ मध्ये सबैभन्दा धेरै साउदी अरबका लागि १५ हजार ७६९ युवाले लिएका छन्। यसअघिका महिनामा पहिलो श्रम गन्तव्य देश बन्दै आएको संयुक्त अरब इमिरेट्स (युएई) कात्तिकमा भने तेस्रो बनेको छ। नेपालमा गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि युएईले श्रमिक भिसामा कडाइ गरेसँगै युएई तेस्रो श्रम गन्तव्य हुन पुगेको छ। विभागका अनुसार गत कात्तिकमा युएईका लागि १३ हजार ३९९, कतारका लागि १३ हजार ७३२ र मलेसियाका लागि नौ हजार ८७२ जनाले श्रम स्वीकृति लिएका छन्। युवाले पछिल्ला महिना वैदेशिक रोजगारीमा जान १०६ देशका लागि श्रम स्वीकृति लिएका छन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका पूर्वअध्यक्ष राजेन्द्र भण्डारीले युएईमा श्रमिक भिसामा गर्दै आएको कडाइको असर कात्तिकमा थोरै देखिए पनि मङ्सिरमा अझै स्पष्ट रूपमा देखिने बताउनुभयो। पछिल्ला महिनामा युएईबाट नयाँ माग आउन छोडेको उहाँको भनाइ छ।

# 'दी क्लिफ' तेस्रो पटक उत्कृष्ट करदाता

**बागलुङ समाचारदाता**
*बागलुङ, मङ्सिर ६ गते*

विश्वकै दोस्रो अग्लो बन्जी सञ्चालन गरिरहेको 'दी क्लिफ' तेस्रो पटक उत्कृष्ट करदाता बनेको छ। आन्तरिक राजस्व कार्यालय बागलुङले राष्ट्रिय कर दिवस-२०८२ को अवसरमा 'दी क्लिफ' लाई सम्मान गरेको हो। यसअघि यो कम्पनीका विगतका दुई आर्थिक वर्षमा पनि उत्कृष्ट करदाताका रूपमा सम्मानित भएको थियो।

कर दिवसका अवसरमा कार्यालयका प्रमुख प्रमोदकुमार श्रीवास्तवले कम्पनीका निर्देशक राजनकुमार जोशीलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो । २०७७ सालमा स्थापना भई २०७८ बाट साहसिक खेलको क्षेत्रमा व्यावसायिक काम थालेको थियो। 'दी क्लिफ' मा दर्जन बढी साहसिक खेल र पर्यटक आकर्षण गर्ने क्रियाकलापहरू समावेश छन्।

कालीगण्डकीको गहिरो खोचमा २२८ मिटर अग्लो बन्जीजम्पसहित स्विङ, मेगा ट्रेललगायतका साहसिक खेल 'दी क्लिफ' मा समावेश छन्। 'दी क्लिफ' ले ३५ करोडभन्दा बढी लगानी गरिसकेको छ।

# पचास करोडको रोजगार बचतपत्र खुला

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

सरकारले ५० करोड रुपियाँ बराबरको 'वैदेशिक रोजगार बचतपत्र-२०८७' निष्कासन गरेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले पाँच वर्ष अवधिको बचतपत्र निष्कासन गरेको हो । बचतपत्र खरिदका लागि आगामी मङ्सिर २५ गतेसम्म आवेदन दिन सकिने छ । वैदेशिक रोजगार बचतपत्रमा ७.५ प्रतिशत वार्षिक ब्याजदर उपलब्ध हुने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।

बचतपत्रको ब्याज हरेक छ/छ महिनामा सम्बन्धित खरिदकर्ताको बैङ्क खातामा भुक्तानी हुने छ। बचतपत्रलाई धितो राखेर बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिन्छ । यो बचतपत्र मुलुकबाहिर रोजगारीमा संलग्न वा मुलुकबाहिरको रोजगारीबाट फर्केको छ महिना पुगेका नेपाली नागरिक, गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यको नाममा समेत गरिद गर्न सक्ने छन् । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सञ्चालन गर्ने डोम्स (डिओएमएस) प्रणाली र इन्भेस्टर पोर्टलमार्फत बचतपत्र खरिदका लागि आवेदन दिन सकिने छ।

बचतकर्ताका लागि प्रभावकारी रहे पनि वैदेशिक रोजगार बचतपत्रमा लगानीकर्ताको त्यति धेरै चासो देखिने गरेको छैन । लगानीकर्तालाई बचतपत्रबारे पर्याप्त जानकारी नहुँदा र यसबारेमा बुझाउन नसकिँदा विगतका वर्षमा निष्कासन गरिएको रकमभन्दा कम मात्रै खरिद हुने गरेको छ । पछिल्लो समय बैङ्कहरूले निक्षेपको ब्याजदर निरनतर घटाइरहेको बेलामा बचतका लागि राम्रो अवसर भए पनि बचतकर्ताको रोजाइमा वैदेशिक रोजगार बचतपत्र पर्ने गरेको छैन।

# राष्ट्र बैङ्कले निक्षेप राख्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा तीन अर्ब ७६ करोड रुपियाँ लगानी गर्ने भएको छ। उपदान तथा पेन्सन कोषमा रहेको सो रकम वाणिज्य बैङ्क, विकास बैङ्क र फाइनान्स कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न लागेको हो। राष्ट्र बैङ्कले वाणिज्य बैङ्कमा तीन अर्ब ८० लाख रुपियाँ, विकास बैङ्कमा ५६ करोड ४० लाख रुपियाँ र फाइनान्स कम्पनीमा १८ करोड ८० लाख रुपियाँ गरी कुल तीन अर्ब ७६ करोड २० हजार रुपियाँ मुद्दती निक्षेपमा राख्न लागेको हो।

एक वर्ष अवधिका लागि मुद्दती निक्षेप लिन राख्न चाहने बैङ्क तथा वित्तीय संस्थाहरूले आगामी सोमबारसम्म ब्याजदर प्रस्ताव गर्न सक्ने राष्ट्र बैङ्कले जनाएको छ । निक्षेप राख्न संस्था सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा गरेको हुनुपर्ने, न्यूनतम पुँजी कोष कायम गरेको हुनुपर्ने जस्ता सर्त राष्ट्र बैङ्कले राखेको छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**विद्युत विकास विभाग**
सानो गौचरण, काठमाडौँ, नेपाल

**म्याग्दी खोला-ए जलविद्युत आयोजना (३0 मेगावाट) सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०७ गते)

गण्डकी प्रदेश, म्याग्दी जिल्ला, धौलागिरी गाउँपालिकामा अवस्थित म्याग्दी खोलाको पानीलाई उपयोग गर्दै नदी प्रवाहमा आधारित (Run off River Type) ३० मेगावाट क्षमताको म्याग्दी खोला-ए जलविद्युत आयोजना निर्माण गर्न दोर्दीखोला जलविद्युत कम्पनी लिमिटेडले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि नेपाल सरकार, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट मिति २०८०/१२/०५ मा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट स्वीकृत भएको यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) प्रतिवेदन तथा आयोजनाको पछिल्लो सम्भाव्यता अध्ययन प्रतिवेदन, मार्च २०२३ (Updated Feasibility Study Report, March 2023) अनुसार आयोजनासम्बन्धी तपशिलका विवरणहरु खोली सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजनासम्बन्धी विवरणहरू**

१. दोर्दीखोला जलविद्युत कम्पनी लिमिटेड २०६६/११/१४ गते स्थापित विद्युत उत्पादन गर्ने संस्था हो। यो कम्पनी प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो।
२. म्याग्दी खोला-ए जलविद्युत आयोजनाको जडित क्षमता ३० मेगावाट हुनेछ र यस आयोजनाबाट वार्षिक सरदर १७७.०९८ गिगावाट घण्टा विद्युत उत्पादन हुनेछ।
३. आयोजना स्थलको भौगोलिक सिमाना निम्नानुसार कायम गरिएको छ।
अक्षांशः उत्तर २८$^{0}$ ४१' ००" N देखि दक्षिण २८$^{0}$ ३८' ०३" N सम्म
देशान्तरः पूर्व ८३ $^{0}$ २५' ४०" E देखि पश्चिम ८३ $^{0}$ २३' ४५" E सम्म
४. यस आयोजनाको सम्पूर्ण संरचनाहरु धौलागीरी गाउँपालिकामा म्याग्दी खोलाको दायाँ किनारमा रहनेछन्।
विद्युत उत्पादनको लागि म्याग्दी खोलाको पानी फर्काउन बनाइने बाँधको कूल लम्बाई १५ मी. र उचाई ८.० मी.को हुनेछ। बाँध रहने स्थानको Weir Crest Level समुन्द्री सतहबाट ३२२६.५० मी. उचाईमा रहनेछ। बाँधसँगै म्याग्दी खोलाको दाँया किनारमा २.८५ मी. चौडाइ र १.३ मी. उचाईको २ वटा Side Intake हुनेछ। Side Intake बाट आउने पानीलाई ६ मी. लामो Gravel Trap हुँदै Settling Basin सम्म पुऱ्याइनेछ। Settling Basin ५४ मी. लामो, ७.५ मी. चौडाई र २.९५ मी. गहिरो हुनेछ। त्यसपछी ३ मी.× ३ मी. D-Shaped र ४७६० मी. लम्बाइको हेडरेस सुरुङ्ग हुँदै पानीलाई ५ मी. व्यास र ३० मी. लम्बाई भएको सर्ज ट्यांकसम्म पुऱ्याइनेछ। उक्त Surge Tank बाट ७३२ मि. (सतही) र ३१९.२७ मि. (भूमिगत) लम्बाई र १.३ व्यास भएको Penstock Pipe मार्फत ३२ मि. लम्बाई, १४ मि. चौडाई र १७ मि. उचाई भएको भूमिगत विद्युतगृह (Powerhouse) मा पुऱ्याइनेछ।
विद्युत गृहमा जडित २ वटा Horizontal Axis Pelton Turbine (प्रत्येक युनिट १५ मेगावाट) र २ वटा Three Phase Generator मार्फत ३० मेगावाट विद्युत उत्पादन गरिनेछ। त्यहाँबाट निस्केको पानीलाई २४५ मि. लम्वाईको Tailrace Tunnel मार्फत् पुनः म्याग्दी खोलामा छाड्ने प्रबन्ध मिलाइनेछ। Tailwater level २५१५.८५ masl कायम गरिनेछ। विद्युत गृह नजिकै Outdoor Switchyard निर्माण गरिनेछ। यस आयोजनाबाट उत्पादन हुने विद्युत २५ कि.मि. लामो प्रसारण लाईनमार्फत् नेपाल विद्युत प्राधिकरणको डाँडाखेत सवस्टेशनबाट राष्ट्रिय प्रसारण लाईनमा प्रवाह गरिनेछ।
५. आयोजनाको बाँध स्थल भन्दा तल तथा विद्युत गृह भन्दा माथिको खण्डमा पाइने जीवजन्तु, जलचर तथा बोट बिरुवाहरुको लागि आवश्यक पर्ने न्यूनतम पानी नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण Initial Environmental Examination) प्रतिवेदनमा उल्लेख गरिएबमोजिम अविच्छिन्न रुपमा छोड्न तल्लो तटीय क्षेत्रमा दोर्दीखोला जलविद्युत कम्पनी लिमिटेडले प्रस्ताव गरेको छ।
६. यो आयोजना वि.सं. २०८४ जेठ २१ गते (तदनुसार जुन ०४, २०२७) सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ।
७. आयोजना निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लेखित प्रतिकूल असर नपर्ने गरी आयोजनाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) प्रतिवेदन अनुसार गर्न लगाइनेछ।

**आयोजनाको संरचनाहरुको अवस्थितिबारे विवरण देहायबमोजिम रहेको छ।**
**म्याग्दी खोला-ए जलविद्युत आयोजना (३० मे.वा) को संरचनाहरू रहने स्थान :**

| सि.नं. | संरचना | स्थान |
|---|---|---|
| १. | Headworks, Gravel Trap, Settling Basin, Headrace Tunnel, Surge Tank, Penstock Pipe, Powerhouse, Tailrace | धौलागीरी गाउँपालिका वडा नं. ४ म्याग्दी जिल्ला, गण्डकी प्रदेश, नेपाल। |

**आयोजनाको विस्तृत जानकारीका लागि सम्पर्क ठेगाना**

| श्री दोर्दीखोला जलविद्युत कम्पनी लिमिटेड | विद्युत विकास विभाग |
|---|---|
| का.म.न.पा-११, ब्लु स्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं | सानो गौचरण, काठमाडौं, पो.ब.नं.: २५००७ |
| फोन : ०१-५३३२७४९ | फोन नं.: ०१-४५३४११९, ४५११५३७, फ्याक्स : ०१-५२४४२५७ |
| Email: info@dordikhola.com.np | इमेलः poonampooh7@gmail.com, Website: www.doed.gov.np |

# कृषिमा बाइस अर्ब विदेशी लगानी प्रतिबद्धता

■ साना परियोजनामा लगानीकर्ताको चासो ■ पूर्वाधार क्षेत्रमा छैन लगानी प्रतिबद्धता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*




विदेशी लगानीकर्ताको धेरै आकर्षणको क्षेत्रमा नरहेको नेपालको कृषि क्षेत्रमा यस पटक भने उच्च लगानी प्रतिबद्धता प्राप्त भएको छ। उद्योग विभागका अनुसार आर्थिक वर्ष २०८२/८३ को चार महिनामा मात्रै नेपालको कृषिक्षेत्रमा करिब २२ अर्ब रुपियाँ बराबरको लगानी प्रतिबद्धता आएको छ। सो अवधिमा कृषि र वनका १३ वटा परियोजनाका लागि २१ अर्ब ८८ करोड रुपियाँको वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको विभागले जनाएको छ। सिन्धुलीमा मासु प्रशोधन उद्योग निर्माणका लागि प्राप्त प्रतिबद्धताका कारण कृषिमा उच्च लगानी प्रतिबद्धता देखिएको हो।

कृषिपछि पर्यटन क्षेत्रमा लगानीकर्ताको चासो देखिन्छ । विभागका अनुसार चार महिनामा पर्यटन क्षेत्रमा ११८ वटा परियोजनाका लागि आठ अर्ब ९४ करोड २० लाख ५० हजार रुपियाँको प्रतिबद्धता आएको छ। त्यस्तै सेवा क्षेत्रका २३ वटा परियोजनाका लागि तीन अर्ब नौ करोड ६० लाख रुपियाँ प्रतिबद्धता प्राप्त भएको विभागले जनाएको छ। उत्पादनमूलकतर्फ २१ वटा परियोजनामा एक अर्ब ६५ करोड २० लाख रुपियाँ प्रतिबद्धता आएको छ। सूचना प्रविधि क्षेत्रमा भने ८७ करोड ४३ लाख ८६ हजार रुपियाँ लगानी प्रतिबद्धता आएको छ । ऊर्जाका लागि १८ करोड ४२ लाख ५० हजार लगानी प्रतिबद्धता प्राप्त छ । खनिजतर्फ एउटा परियोजनाका लागि चार करोड ५० लाख रुपियाँको प्रतिबद्धता आएको छ। पूर्वाधार क्षेत्रमा भने कुनै पनि लगानी प्रतिबद्धता आएको छैन।

चार महिनामा स्वीकृत भएका ३८२ परियोजनामध्ये ३६९ वटा साना परियोजना छन् । लगानीकर्ता सबैभन्दा धेरै साना प्रकृतिका परियोजनामा आकर्षित भएका छन्। यस्तै मझौला छ र ठुलो परियोजनाको सङ्ख्या सात छ। विभागका अनुसार चालु आवको साउनदेखि कात्तिकसम्म ३८२ वटा परियोजनामार्फत ३६ अर्ब ६८ करोड १६ लाख ८६ हजार रुपियाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता स्वीकृत भएको छ।

गत आव २०८१/८२ मा सो अवधिमा १८ अर्ब ६६ करोड ५१ रुपियाँ बराबरको मात्र लगानी स्वीकृत भएको थियो। विभागका अनुसार साउनमा मात्रै २४ अर्ब १० करोड ४९ लाख रुपियाँ रकम बढीको लगानी प्रतिबद्धता प्राप्त भएको थियो। भदौमा आठ अर्ब ९४ करोड ७० लाख रुपियाँ, असोजमा दुई अर्ब ४५ करोड ७३ लाख रुपियाँ र कात्तिकमा एक अर्ब ५४ करोड ३९ लाख रुपियाँ बराबरको लगानी प्रतिबद्धता आएको विभागले जनाएको छ। विभागका अनुसार सुरुदेखि हालसम्म छ खर्ब ८६ अर्ब पाँच करोड रुपियाँ बराबर वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको छ।



*तस्बिर : रेखीराम राना*

**पाल्पाको बगनासकाली–१, गोर्सतका किसान थ्रेसरको प्रयोगमार्फत धान स्याहार्दै । यस वर्ष पाल्पामा करिब दुई प्रतिशतले धान उत्पादन बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।**

# चार अर्ब राजस्व उठ्ने अनुमान

**मुस्ताङ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), मङ्सिर ६ गते*

उपल्लो मुस्ताङको कोरला नाकाबाट मङ्सिरसम्म चार अर्ब रुपियाँभन्दा बढी राजस्व सङ्कलन हुने अनुमान गरिएको छ । मुस्ताङ भन्सार कार्यालय नेचुङका प्रमुख रमेश खड्काका अनुसार शुक्रबारसम्म तीन अर्ब ८३ करोड रुपियाँ राजस्व सङ्कलन भएकोमा यो महिनासम्म चार अर्ब रुपियाँभन्दा बढी राजस्व उठ्ने अनुमान छ ।

भदौको ३० गतेदेखि निकासीपैठारी सुरु भएको यो नाकाबाट अहिलेसम्म एक हजार ७३१ वटा विद्युतीय (इभी) गाडी भित्रिएका छन् । यसबाहेक एक हजार ३० मालवाहक, कन्टेनरमार्फत सामान आयात भएको छ । निकासीतर्फ यो नाकाबाट नेपालमा उत्पादन हुने हस्तकला सामग्री र कपडासहित ६२ वटा ट्रक चीनतर्फ प्रवेश गरेको कार्यालयले जनाएको छ ।

भन्सार प्रमुख खड्काका अनुसार अत्यधिक चिसोमा पनि आयातनिर्यात रोकिएको छैन । भन्सार कार्यालयमा जाँचपास भएका र रोकिएका सामान सक्दो चाँडो कोरला–जोमसोम–बेनी सडकखण्डबाट गन्तव्यतर्फ पठाउने प्रयास भइरहेको उहाँले बताउनुभयो ।




**मुस्ताङको ल्होमन्थाङ गाउँपालिकाको छोसेरमा रहेको मुस्ताङ भन्सार कार्यालय ।**

नाकाबाट भन्सार कार्यालयसम्मको १४ किलोमिटर सडक रहेको छ । नेपालमा उत्पादन भएका हस्तकला, कपडा, जुत्तालगायतका सामग्रीहरूको बजार चिनियाँले समेत रुचाउन थालेपछि पछिल्लो समय निकासीमा केही सुधार भएको छ । हालसम्म सात अर्ब ५० करोड रुपियाँभन्दा बढीको सामान आयात भएको छ भने आठ करोड ५० लाख रुपियाँभन्दा बढी मूल्यको सामान निर्यात गरिएको छ । भन्सार कार्यालयमा मङ्सिर १५ गतेसम्म आउने सामान चिनियाँ भन्सार कार्यालयमा आइपुगेको छ ।

भन्सार कार्यालयबाट जाँचपास भएका सवारीसाधनसमेत १८६ किलोमिटर दुरीको कोरला–जोमसोम–बेनी सडकखण्ड सुधार नहुँदा ठुला कन्टेनर सञ्चालनमा समस्या भइरहेको छ । समुद्री सतहदेखि चार हजार ६५० मिटर उचाइमा अवस्थित कोरला नाकाबाट आयात गरिएका विद्युतीय सवारीसाधनसहित अन्य सामान कोरलाबाट गण्डकी प्रदेशको राजधानी पोखरासम्म लैजान २५१ किलोमिटरको सडकमार्ग पार गर्नु पर्छ ।

सन् १९६० को दशकमा चीनमा तिब्बत गाभिएपछि तिब्बतका खम्पाहरू नेपाली भूमि प्रयोग गरेर विद्रोह गरेपछि रोकिएकोमा नेपाल सरकारको पहलमा २०८० कात्तिक २७ देखि यो नाकाको औपचारिक उद्घाटन भएको थियो ।

# धान बिक्री नहुँदा किसान समस्यामा



*तस्बिर : अविनाश चौधरी*

**व्यापारीलाई धान बिक्री गर्न लैजाँदै किसान ।**

**धनगढी समाचारदाता**
*धनगढी, मङ्सिर ६ गते*

- धान बेचेर गहुँको बिउ र मलको जोहो गर्दै आएका कृषक यस वर्ष धान बिक्री गर्न नपाएपछि समस्यामा
- केही व्यापारीले सरकारले तोकेको समर्थन मूल्यभन्दा एक हजार कम रुपियाँमा धान खरिद

धान बिक्री नभएपछि कैलालीका किसान समस्यामा परेका छन् । धान बेचेर गहुँको बिउ र मलको जोहो गर्दै आएका कृषक यस वर्ष धान बिक्री गर्न नपाएपछि समस्यामा परेका हुन् । खाद्य, व्यवस्था तथा व्यापारी कम्पनी लिमिटेड र व्यापारी दुवैले धान खरिद नगरेको किसानले जनाएका छन् । केही व्यापारीले सरकारले तोकेको समर्थन मूल्यभन्दा एक हजार कम रुपियाँमा धान खरिद गरेको उनीहरूको भनाइ छ ।

खाद्यले पहिलो चरणको कोटाभन्दा बढी धान खरिद गरिसकेको छ । दुई हप्ताभित्रै कोटाभन्दा बढी धान आएपछि सो कार्यालयले धान खरिद रोकेको छ । काम नचलेपछि कतिपय किसान बाध्य भएर फेरि सस्तोमा व्यापारीलाई धान बिक्री गर्न गइरहेका छन् ।

कैलारी गाउँपालिका–७ का कृषक फूलराज चौधरीले यस वर्ष धान नै बिक्री गर्न नपाएको गुनासो गर्नुभयो । उहाँले गहुँ छर्ने सिजन सकिनै लाग्दासम्म धान बिक्री गर्न नपाउँदा समस्या भएको बताउनुभयो । अर्का कृषक हरिराम चौधरीले व्यापारीले सस्तोमा पाएपछि मात्रै धान खरिद गरेको गुनासो गर्नुभयो । खाद्यले यस वर्ष कैलालीको छ वटा खरिद केन्द्रबाट धान खरिद गरेको थियो । असोज १२ गतेबाटै धान खरिद कार्य थालेको सो कार्यालयले दुई हप्तामै कोटाभन्दा बढी ३७ हजार ५५.९१ क्विन्टल धान खरिद गरेको छ । यस वर्ष कैलालीका लागि ३५ हजार क्विन्टल धान खरिद कोटा निर्धारण गरिएको थियो ।

कुपन वितरण गर्दा किसानले भनेको परिमाणभन्दा ल्याएको धान बढी भएपछि कोटाभन्दा बढी खरिद गर्नु परेको खाद्य तथा व्यापार कम्पनी लिमिटेड कैलालीका प्रमुख दीपक थापाले बताउनुभयो । उहाँले बजेट नरहेका कारण अहिलेलाई थप धान खरिद गर्न नसक्ने जनाउनुभयो । "दोस्रो चरणको खरिद कोटाका लागि गृहकार्य गरिरहेका छौँ । त्यो पनि आउने वा नआउने निश्चित छैन," उहाँले भन्नुभयो । यस वर्ष व्यापारी, सहकारी, मिलसँग गत वर्षकै धान अझै बाँकी रहेका कारण तिनीहरूले पनि खरिद गर्न नसकेको खाद्यले जनाएको छ ।

गत आवमा कैलालीका लागि ५५ हजार कोटा आउँदा खाद्यले माघसम्म ३४ हजार ५०१.८४ क्विन्टल मात्रै धान खरिद गर्न सकेको थियो । त्यसको अघिल्लो वर्ष पनि ५५ हजार कोटा आएकोमा १८ हजार क्विन्टल धान मात्रै खरिद भएको थियो ।

यस वर्ष खरिद कोटा कम भएपछि किसानले बिक्रीका लागि बढी धान ल्याएको खाद्यको भनाइ छ । धान बिक्री गरेका किसानलाई खाद्यले बैङ्कमार्फत भुक्तानी गरिरहेको छ ।

### धान उत्पादन घट्यो

कैलालीमा यस वर्ष धान उत्पादन घटेको छ । गत वर्षको तुलनामा यस वर्ष करिब सात प्रतिशतले धान उत्पादन घटेको हो । कृषि ज्ञान केन्द्रका अनुसार यस वर्ष करिब २२ हजार १८६ मेट्रिक टन धान घटेको छ ।

गत वर्ष प्रतिहेक्टरमा ४.७ प्रतिशतको दरले तीन लाख १६ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष दुई लाख ९४ हजार मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख टेक विष्टले बताउनुभयो । उहाँले पटके खडेरी, मल अभाव र सिँचाइमा विद्युत् आपूर्ति कमीका कारण गत वर्षको तुलनामा धान उत्पादनमा कमी आएको उल्लेख गर्नुभयो । कैलालीमा ६८ हजार हेक्टर जमिनमा धान खेती गरिएको थियो ।

## सस्तोमा धान बेच्दै किसान

**कमल खत्री**
*धम्बोझी, मङ्सिर ६ गते*

बाँकेमा किसानले उत्पादन गरेको धानमा कार्टेलिङ बढ्दै गएको छ । किसानले उत्पादन गरेका धान पर्याप्त मात्रामा सरकारले खरिद गर्न नसक्दा किसान सस्तो मूल्यमा बेच्न बाध्य छन् । उत्पादनको भन्दा खरिद प्रतिशत निकै कम भएका कारण बाँकेका किसानले उचित मूल्य पाउन सकेका छैनन् । प्रत्येक वर्ष उत्पादित धानको समर्थन मूल्य तोकिन्छ । त्यही समर्थन मूल्य अनुसार सरकारले किसानको धान खरिद गर्ने गर्छ तर सरकारले निकै कम क्षमतामा उत्पादित धान खरिद गर्ने गरेको छ । जसका कारण किसान व्यवसायीले तोकेको मूल्यमा बिक्री गर्न बाध्य भइरहेका छन् । क्षमताभन्दा कम धान सरकारले खरिद गर्दा उनीहरू सस्तो मूल्यमा धान बेच्न बाध्य हुने गरेका छन् ।

हाल बाँकेलगायतका जिल्लामा खाद्य व्यवस्थाले किसानको धान खरिद गर्ने कार्य गरिरहेको छ । जिल्लाका सबै किसानले खाद्यमा आफ्नो धान बेच्न भने पाउँदैनन् । कतिपय किसान खाद्यको खरिद कार्य नहुँदै व्यापारीलाई आफ्नो धान सस्तोमा बेचिसकेका छन् । समर्थन मूल्य तोकिएको भए पनि सबैले त्यसका कार्यान्वयन नगर्दा किसान मारमा परेका छन् ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जका प्रमुख रामशरण लामिछानेले धानको समर्थन मूल्यमा नै अन्य व्यापारीले समेत धान खरिद गर्नुपर्ने बताउनुभयो । 'सरकारले तोकेको समर्थन मूल्य कम्पनीलगायत सबै व्यापारीमा लागु हुनुपर्ने हो, प्रमुख लामिछानेले भन्नुभयो, तर कसैले सरकारले तोकेको मूल्यमा धान खरिद नगर्दा किसान मर्कामा परेका छन् ।

किसानले बाध्य भएर सस्तोमा धान बेच्ने कुरामा अनुगमन गर्ने निकाय मौन बसेको छ । अनुगमन गर्ने निकायको निष्क्रियताकै कारण धानमा व्यापारीको रजगज छ । समर्थन मूल्यमै धान खरिद भए नभएको कुरा अनुगमन गर्ने निकायले अनुगमन गर्नुपर्ने खाद्यका प्रमुख लामिछानेले बताउनुभयो ।

सरकारले आव २०८२/८३ का लागि मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ४६३ रुपियाँ ८१ पैसा र मध्यम धानको तीन हजार ६२८ रुपियाँ ३३ पैसा तोकेको छ । धान खरिद गर्ने व्यापारी भने मिलीजुली धानको समर्थन मूल्यलाई चुनौती दिँदै सस्तोमा खरिद गरिरहेका छन् ।

उनीहरूले दुई हजार पाँच सयदेखि दुई हजार छ सय रुपियाँ प्रतिक्विन्टल धान गरिरहेका छन् । बाँके डुडुवा–२ का किसान सफिक खाँले आफूले व्यापारीलाई दुई हजार पाँच सयमा धान बिक्री गरेको बताउनुभयो । यता व्यापारीले भने खाद्य व्यवस्थालाई तीन हजार एक सयमा धान खरिद गरिरहेको जनाएका छन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले एक जना किसानबाट ४० क्विन्टल मात्रै धान खरिद गरिरहेको छ । यो निर्धारित कोटाप्रति केही किसानले आपत्ति प्रकट गरेका छन् ।

# कार्गो रेल सम्झौताले पूर्वका उद्योगी उत्साही

**नवराज कट्टेल**
*विराटनगर, मङ्सिर ६ गते*

सुनसरी–मोरङ औद्योगिक कोरिडोरका उद्योगीले नेपाल–भारत द्विपक्षीय पारवहन सन्धि संशोधनले उद्योग–व्यापारमा सहजीकरणको बाटो खोलेको बताएका छन् ।

बल्क कार्गो रेलसेवा सञ्चालनका लागि संरचना तयार भए पनि पारवहन सन्धिका कारण भइरहेको अवरोध हटेपछि त्यसले सहज बनाएको उद्योगीले बताएका हुन् ।

सन्धि संशोधनसँगै तेस्रो मुलुकबाट आयात हुने सामानसमेत कार्गो रेलबाट विराटनगर–१८ स्थित नेपाल कस्टम यार्डसम्म ल्याउन सकिने छ । उद्योग व्यापार सङ्घका अध्यक्ष अनुपम राठीले पूर्वका उद्योगीले कार्गोरेलबाट सामान ढुवानी हुँदा उत्पादन लागत कम हुने बताउनुभयो । तेस्रो मुलुकबाट आइरन उद्योगका लागि आवश्यक पर्ने कच्चा सोझै भन्सारसम्म ल्याउन पाउँदा पनि धेरै खर्च जोगिने उहाँले बताउनुभयो । "आइरन इन्डस्ट्रिज अन्तर्गतका एचआर सिट, सिआर सिट, इनगट, एमएस वायर रड जस्ता कच्चा पदार्थ आयात गर्दा ढुवानीमा लाग्ने खर्च ४० प्रतिशत कम हुन जान्छ," उहाँले भन्नुभयो, नेपालकै भन्सारसम्म ल्याउन पाउनु त हरेक कुरामा सहजता हो ।

वीरगन्ज भन्सारसम्म भारतको कोलकाता र विशाखापट्टनम बन्दरगाहबाट मालवस्तु बोकेको बल्क कार्गो आउँदा पनि विराटनगरमा त्यस्तो सुविधा उपलब्ध थिएन । संशोधनपछि विराटनगर र भैरहवाका उद्योगीले पनि त्यही सुविधा पाउने आधार बनेको हो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य नवीन रिजालले नेपालका व्यवसायीले समुद्रपारका देशबाट समेत अब मालवस्तु ल्याउन सक्ने बताउनुभयो । सन्धिकै कारण सिमेन्ट, क्लिङ्कर, कोइला र रासायनिक मलबाहेकका अन्य बल्क कार्गो ल्याउने स्थिति नभएको अवस्थामा संशोधनले बाटो खोलेको उहाँले बताउनुभयो । अब प्राविधिक विषयमा समेत सरकारी पहल आवश्यक रहेको उहाँको भनाइ छ । प्राविधिक विषय भनेको बथनाहाबाट विराटनगरसम्म कार्गो रेल डाइभर्ट हुने, हेन्डिलिङ र अनलोड शुल्कमा परिमार्जन गर्ने तथा नेपाल रेल विभागले कस्टम यार्डमा कर्मचारी खटाउने हुन् ।

उद्योग सङ्गठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले सन्धि संशोधनसँगै कार्गो रेल विराटनगर–१८ स्थित नेपाल कस्टम यार्डसम्म आउने वातावरणसमेत बनाउनुपर्ने माग गर्नुभयो । उहाँले अहिले आइसिपीदेखि सात किलोमिटर दुरीमा रहेको भारतको बथनाहा रेलवे स्टेसनमा मालवस्तु ह्यान्डिलिङ र अनलोड हुने गरेको बताउँदै विराटनगरसम्म बल्क कार्गो आएमा ४० प्रतिशत ढुवानी खर्च बच्ने दाबी गर्नुभयो ।

**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Hydrology and Meteorology (DHM)**
**Babarmahal, Kathmandu**

**Invitation for Expression of Interest (EoI)**

**Date of Publication : 2082/08/07**

The DHM invites EOI (Electronic only) from eligible consulting firms under National Consulting Services as specified in Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 to provide the consulting services listed below. The interested bidders may obtain further information and inspect the bidding documents from www.bolpatra.gov.np/egp or Contact : 01-5315131.

1. Regular Monitoring, Maintenance and Field Verification (Calibration) of Automatic Weather Stations Installed at Airports for Providing Quality Aviation Weather Services. (DHM/MFD/C/EOI/03-2082/83)
2. Intensive Flow Measurement and Cross Section Survey at Snow Stations. (DHM/HD/C/EOI/04-2082/83)
3. Consultancy Service for the Annual Maintenance of DHM Database (DHM/CD/C/EOI/05-2082/83)

**नेपाल सरकार**
**नेपाल कृषि अनुसन्धान परिषद्**
**राष्ट्रिय कृषि इन्जिनियरिङ अनुसन्धान केन्द्र**
**खुमलटार, ललितपुर**

**तराई क्षेत्रका युवा उद्यमी कृषकहरूका लागि आवासीय कृषि यान्त्रीकरण तालिमका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०८२।८।७**

यस केन्द्रबाट आ.व. २०८२/८३ मा "**तराई क्षेत्रका युवा उद्यमी किसान र बेरोजगार युवाका लागि राष्ट्रिय स्तरको (७ दिने) आवासीय कृषि यान्त्रीकरण तालिम**" सञ्चालन गर्ने कार्यक्रम रहेकाले तालिममा सहभागी हुन चाहने कृषकहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस केन्द्रमा वा केन्द्रको इमेल ठेगाना thenaerc@gmail.com मा आइपुग्ने गरी रीतपूर्वक निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन फाराम www.narc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । नेपालको तराई क्षेत्रमा पर्ने जिल्लाका समतल भू–भागमा कृषि व्यवसाय गर्ने/गर्न चाहने कृषक/ट्र्याक्टर चालक/कृषि यन्त्र चालकलाई प्राथमिकता दिइनेछ । उद्यमी किसान र बेरोजगार युवाका लागि आवासीय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ बमोजिम छनोट भएका प्रशिक्षार्थीको नाम www.narc.gov.np वेबसाइटमा प्रकाशित गरिनेछ र तालिम फागुन महिनाको दोस्रो हप्तातिर तराई क्षेत्रमा रहेको नार्कको अनुसन्धान केन्द्रमा सञ्चालन गरिनेछ । विस्तृत जानकारीका लागि यस केन्द्रको टेलिफोन नं. ०१–५४२१३०७ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

**सुदूरपश्चिम विश्वविद्यालय**
**केन्द्रीय कार्यालय**
**महेन्द्रनगर, कञ्चनपुर**

**स्नातकोत्तर तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।**

**सूचना प्रकाशित मिति : २०८२।०८।०७**

सुदूरपश्चिम विश्वविद्यालय, व्यवस्थापन, मानविकी तथा सामाजिक शास्त्र, शिक्षा शास्त्र र विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत सञ्चालित स्नातकोत्तर तहका **MBA, MBS, M.A., One-year M.A. in Public Administration and Leadership, M.Ed., Professional B.Ed. (Blended mode)** र **M.Sc. CSIT** शैक्षिक कार्यक्रमहरूमा शैक्षिक वर्ष २०८२/०८३ का लागि नयाँ विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको व्यहोराको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम**

- **प्रवेश परीक्षा आवेदन फाराम पेश गर्ने : २०८२ मङ्सिर १० गतेदेखि पुस १५ गतेसम्म ।**
- **प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम : २०८२ पुस तेस्रो साता (सम्बन्धित डीन कार्यालयद्वारा प्रकाशन हुने सूचना अनुसार) ।**
- **पठनपाठन प्रारम्भ : २०८२ माघ दोस्रो सातादेखि ।**

अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिने छ ।

**रजिष्ट्रार**

**राष्ट्रिय बीमा कम्पनी लिमिटेड**
**(नेपाल सरकारको स्वामित्व प्राप्त)**
**रामशाह पथ, काठमाडौँ ।**
**मिति : २०८२।०८।०५**

**सिलबन्दी दरभाउ माग सम्बन्धी सूचना ।**

यस कम्पनीले गर्ने लगानीका लागि विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम नेपाल धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्विटी फन्ड र भेन्चर क्यापिटल फन्ड व्यवस्थापक कम्पनीहरूले यो सूचना पहिलो पटक प्रकाशित मितिले १० दिनभित्र कार्यालय समयमा गोप्य सिलबन्दी आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । थप जानकारीका लागि कम्पनीको वेबसाइट https://rbcl.gov.np वा लगानी व्यवस्थापन एकाइमा सम्पर्क गर्न सक्नुहुनेछ ।

**नेपाल धितोपत्र बोर्ड**
**व्यवस्थापन तथा कानून विभाग**
**खुमलटार, ललितपुर**
०१-५२५४०५७, ५२५३१६२

**मुद्दती खातामा लगानी गर्ने बारेको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८२/०८/०७)

यस बोर्डको मिति २०८२/०६/०२ मा प्रकाशित सूचना बमोजिम लगानी सम्बन्धी सम्पूर्ण प्रक्रिया रद्द भएको व्यहोरा जानकारी गराइन्छ ।
साथै यस बोर्डको अक्षय कोषको रकम र लगानी योग्य रकमलाई "नेपाल धितोपत्र बोर्ड लगानी सम्बन्धी नीति २०६७" को अधिनमा रही मुद्दती खातामा लगानी गर्नुपर्ने भएकोले आफूले दिन सक्ने १ वर्षे ब्याज दर सहित इच्छुक "क" वर्गको बैंकले यो सुचना प्रकाशित भएको मितिले पाँच कार्य दिन (मिति २०८२/०८/११) का दिने कार्यालय समय भन्दा एक घण्टा अगाडि "नेपाल धितोपत्र बोर्ड लगानी सम्बन्धी नीति २०६७" बमोजिम योग्यता खुल्ने आवश्यक कागजात सहित सिलवन्दी प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ । प्राप्त सिलबन्दी प्रस्तावहरु सिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम दिनको अपरान्ह ४:०५ बजे बोर्डको कार्यालय, खुमलटार, ललितपुरमा खोलिने छ । लगानी सम्बन्धी अन्तिम निर्णय बोर्डमा निहित रहनेछ । बोर्डको लगानी सम्बन्धी नीति तथा सिलवन्दी फाराम बोर्डको वेभसाइट www.sebon.gov.np मा राखिएको छ । थप जानकारीको लागि बोर्डको लेखा तथा वित्त शाखामा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

**नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल**

**सुरक्षागार्ड आपूर्ति सम्बन्धी कार्यको शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना प्रकाशन मितिः २०८२।०८।०७**

१) नेप्सेको युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाण्डौमा रहेको **भवन तथा सम्पत्तिको सूरक्षा सम्वन्धी कार्यको** लागि सम्बन्धित कार्यको अनुभव प्राप्त नेपाल सरकारको सम्वन्धित निकायवाट इजाजत लिई सामाजिक सुरक्षा कोषमा सूचीकृत भई अद्यावधिक भएका सेवा प्रदायकबाट सुरक्षागार्ड आपूर्ति सम्बन्धी कार्य खरिद गर्न यो योग्य सिलबन्दी दरभाउपत्र सूचना आव्हान गरिएको छ ।
२) ईच्छुक फर्म वा संस्थाले मिति २०८२/०८/२२ गते कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र कागजात नेप्सेको ग्लोबल आइएमइ बैंक लि., कमलादीमा रहेको नेप्से अपरेटिङ्ग एकाउन्ट खाता नं ०७५०१०१००००७७५ मा रु. १,०००।- (फिर्ता नहुने) जम्मा गरेको सक्कल बैंक भौचर, निवेदन, कम्पनी/फर्म, दर्ता प्रमाणपत्रको प्रतिलिपी पेस गरी खरिद गर्न सकिने छ ।
३) मिति २०८२/०८/२३ गते मध्यान्ह १२:०० बजे भित्र रीतपूर्वक दरभाउपत्र पेश गर्न हुन सम्वन्धित सबैको जानकारी गराइन्छ । ढिलो गरी प्राप्त दरभाउपत्र स्वीकार गरिने छैन । रीतपूर्वक प्राप्त दरभाउपत्र मिति २०८२/०८/२३ गते १३:०० बजे उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा नेप्सेमा खोलिनेछ ।
४) वाणिज्य बैंक वा वित्तीय संस्था बाट जारी गरिएको कम्तिमा रु ३५,०००।- बराबरको दरभाउपत्र जमानत (Bid Security) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । यस्तो जमानत दरभाउपत्र खोलेको मितिबाट कम्तिमा ७५ दिन मान्य अवधि भएको हुनु पर्नेछ । नगद रकम जम्मा गर्न चाहने दरभाउपत्रदाताले नेप्सेको ग्लोबल आइएमइ बैंक लि., कमलादीमा रहेको **नेप्से अपरेटिङ्ग एकाउन्ट** खाता नं ०७५०१०१००००७७५ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।
५) दरभाउपत्र पेश गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन अन्तिम मिति कायम हुनेछ ।

## नेपाल फाइनलमा

**काठमाडौँ** (गोरखापत्र), मङ्सिर ६ गते । नेपाल शनिबार पाकिस्तानलाई सात विकेटले हराएर प्रथम दृष्टिविहीन महिला टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

श्रीलङ्कमा भएको खेलमा पहिले ब्याटिङ गरेको पाकिस्तानले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १६९ रन बनाएको थियो। पाकिस्तानका एम जहाँगिरले सर्वाधिक ५५ रन बनाउनुभयो। नेपालले १७ ओभरमा तीन विकेटको क्षतिमा १७१ रन बनाएर लक्ष्य हासिल गर्‍यो। नेपालका लाग विनित पुनले ४६ तथा सुषमा तामाङले अविजित ३६ रन बनाउनुभयो। नेपालले आइतबार भारतविरुद्ध उपाधि भिडन्त गर्ने छ।

## महिला विश्वकप कबड्डीमा नेपाल निराश

काठमाडौँ (गोरखापत्र), मङ्सिर ६ गते। नेपाल समूह चरणको अन्तिम खेलमा इरानसँग ३९–११ ले पराजित भएपछि महिला कबड्डी विश्वकपको सेमिफाइनलमा पुग्न असफल भएको छ।

नेपाललाई अन्तिम चारमा पुग्न इरानलाई हराउनुपर्ने समीकरण बनेको थियो। समूह 'बी' मा नेपाल तेस्रो स्थानमा रह्यो। यस समूहको शीर्ष दुई स्थानमा रहेर इरान र चाइनिज ताइपेई सेमिफाइनलमा पुगे। समूह 'ए' बाट आयोजक बङ्गलादेश र गत विजेता भारतले अन्तिम चारमा स्थान बनाए।

नेपालले पाँचमध्ये तीनमा जित र दुईमा हार बेहोर्‍यो। इरान र चाइनिज ताइपेईसँग हार बेहोरेको नेपालले केन्या, पोल्यान्ड र जन्जीबारलाई पराजित गरेको थियो।

## खडक र पूर्णलक्ष्मी म्याराथनमा विजेता

**नेपालगन्ज** (गोरखापत्र), मङ्सिर ६ गते । नेपाली सेनाका खडकबहादुर खड्काले शनिबार ११ औँ धारा नेपालगन्ज म्याराथनको उपाधि जित्नु भएको छ। यसै गरी महिला हाफ म्याराथनको उपाधि नेपाली सेनाकै पूर्णलक्ष्मी न्यौपानेले हात पार्नुभयो । हाफ म्याराथनमा सशस्त्र प्रहरीकी फुलमती राना दोस्रो हुँदा तेस्रो आस्मा विश्वकर्मा हुनुभयो। खडकबहादुरले दुई लाख तथा पूर्णलक्ष्मीले ७५ हजार रुपियाँ पुरस्कार पाउनुभयो। खडकबहादुरले २ घण्टा १५ मिनेट ८ सेकेन्डमा ४२ किलोमिटरको दुरी पार गर्नुभएको थियो।

यसै गरी २ घण्टा १६ मिनेट ४८ सेकेन्डमा ४२ किलोमिटरको दुरी पार गर्दै नेपाल आर्मीकै सुशीलकुमार शाही दोस्रो तथा २ घण्टा १९ मिनेट १८ सेकेन्डमा उक्त दुरी पार गर्दै सशस्त्र प्रहरीका गोपीचन्द्र पार्की तेस्रो हुनुभएको छ। उपविजेता सुशील र तेस्रो हुने गोपीले क्रमशः एक लाख र ५० हजार रुपियाँ पुरस्कार जित्नुभयो।

# वाटको कीर्तिमान शतकमा कर्णालीको जित




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

स्कटल्यान्डका ब्याट्सम्यान मार्क वाटको कीर्तिमान शतकको सहयोगमा कर्णाली याक्सले शनिबार लुम्बिनी लायन्सलाई सजिलै नौ विकेटले हराएको छ। चालु प्रतियोगितामा कर्णालीको यो पहिलो जित हो। लुम्बिनीको यो पहिलो हार भएको छ। त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा टस हारेपछि पहिले ब्याटिङ गर्न बाध्य लुम्बिनी लायन्सले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा १५६ रन बनाएको थियो। प्रारम्भिक ब्याट्सम्यान वाटले ४४ बलमा छ चौका र १२ छक्कासहित अविजित ११४ रन बनाएपछि कर्णालीले १२.२ ओभरमा एक विकेटको क्षतिमा १६१ रन बनाएर एकपक्षीय जित हात पार्‍यो।

### एनपिएल इतिहासकै सर्वाधिक व्यक्तिगत रन

प्रियान्क पान्चाल १२ रनमा शेर मल्लको बलिङमा आउट भएपछि वाटले अस्ट्रेलियाली ब्याट्सम्यान विलियम बेरिस्टोसँग मिलेर दोस्रो विकेटका लागि अविजित १२३ रनको साझेदारी निर्वाह गर्नुभएको थियो। यस क्रममा वाटले २९ बलमा अर्धशतक र ४१ बलमा शतक छुनुभयो। चालु एनपिएलमा शतक बनेको यो पहिलो पटक हो। यसै गरी एनपिएलको इतिहासमा यो मात्र दोस्रो शतकीय पालि हो। पहिलो एनपिएलमा पोखरा एभेन्जर्सका लागि एन्ड्रयुज गसले लुम्बिनी लायन्सविरुद्ध अविजित १०४ रन बनाउनुभएको थियो। बोरिस्टो २० बलमा दुई चौका र एक छक्कासहित २९ रन बनाएर आउट हुनुभएन।

### क्रिकेट जीवनकै विशेष क्षण– वाट

कीर्तिमान शतक बनाएपछि वाट प्लेअर अफ दी म्याच चुनिनुभयो। उहाँले शतक बनाएपछि टिमप्रति कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "कर्णाली याक्सले मलाई आज सुरुमै ब्याटिङ गर्ने अवसर दियो। मेरो सोचाइ आक्रामक ब्याटिङ गरेर राम्रो सुरुवात दिलाउने थियो तर ब्याटिङ पिचमा म अलि भाग्यशाली साबित भएँ र शतक बनाउन सकेँ। यो मेरो व्यावसायिक क्रिकेटमा पहिलो शतक हो। अझ यति धेरै दर्शकमाझ गौरवशाली पालि खेल्न सकेकोमा म निकै खुसी छु। यसका लागि कर्णाली याक्सलाई धन्यवाद दिन चाहन्छु।" वाटले यो खेलपछि टिमको मनोबल उच्च हुने र बाँकी खेलका लागि फाइदा पुग्ने छ, पनि भन्नुभयो।

### कमजोर सुरुवात लुम्बिनीको हारको कारण

यसअघि लुम्बिनीको पालि सुरुदेखि नै समस्यामा परेको थियो। दोस्रो ओभरमै प्रारम्भिक ब्याट्सम्यान सन्दीप जोरा (१ रन) लाई गुमाएपछि लुम्बिनीले निकै सुस्त सुरुवात गरेको थियो। पहिलो पावर प्लेमा थप विकेट नगुमाए पनि लुम्बिनीले मात्र ३६ रन बनाएको थियो। त्यसपछि अस्ट्रेलियाली ब्याट्स म्यान डार्सी सर्ट १९, दिलप नाथ ६, अफगानिस्तानका गुलबद्दिन नैब ७ र सुमित महर्जन ४ रनमा आउट भएपछि लुम्बिनीले १४ औँ ओभरमा ७८ रन बन्दा पाँच विकेट गुमायो।

कप्तान रोहित पौडेल र नामिबियाका जोनाथन स्मिटबिच छैटौँ विकेटका लागि ४५ रनको साझेदारी बनेपछि लुम्बिनीको पालि ठिकठाक देखिएको हो। रोहित एक रनमा अर्धशतक बनाउनबाट चुक्नुभयो। उहाँले ४३ बलमा चार चौका र दुई छक्कासहित ४९ रन बनाउनुभयो। त्यसपछि स्मिटले १४ बलमा २३ र रुवेन ट्रम्पल म्यानले १४ बलमा २९ रन बनाएपछि लुम्बिनीले सम्मानजनक स्कोर तयार पारेको हो।

कर्णालीका लागि नन्दन यादवले दुई तथा सोमपाल कामी, गुल्सन झा, वाट, विपिन शर्मा र युवराज खत्रीले एक/एक विकेट लिनुभयो।

### विराटनगर किङ्ग्सको लगातार जित

दोस्रो एनपिएलमा शनिबार भएको दोस्रो खेलमा सन्दीप लामिछानेको नेतृत्वमा रहेको विराटनगर किङ्ग्सले काठमाडौँ गोर्खाजलाई पाँच विकेटले हराएको छ। विराटनगरको यो दोस्रो जित हो। काठमाडौँले भने उद्घाटन खेल जितेपछि लगातार दुई खेलमा पराजय बेहोरिसकेको छ।

पहिले ब्याटिङ गरेको काठमाडौँले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १३४ रनको सामान्य स्कोर तयार पारेको थियो। विराटनगरले १७ बल बाँकी छँदा पाँच विकेटको क्षतिमा १३५ रन बनाएर लक्ष्य हासिल गर्‍यो।

काठमाडौँले पहिलो पावर प्लेमा तीन विकेटको क्षतिमा मात्र २२ रन बनाएको थियो। त्यसपछि पनि नियमित अन्तरालमा विकेट गुमाउँदा काठमाडौँले रन गति बढाउन सकेन। आठौँ क्रमका ब्याट्स म्यान आदिल आलमले २५ बलमा चार चौका र दुई छक्कासहित अविजित ४८ रन बनाएपछि मात्र काठमाडौँ गोर्खाजको पालि ठिकठाक बनेको हो। आदिलबाहेक प्रारम्भिक ब्याट्सम्यान बेन चाल्स वथ (३२ रन) र सन्तोष यादव (२६ रन) को पालि मात्र उल्लेखलायक रह्यो। विराटनगर किङ्ग्सका लागि मार्चेन्ट डी लाङ्गेले दुई तथा शुभम रन्जने, सूर्य तामाङ र सन्दीप लामिछानेले एक/एक विकेट लिनुभयो।

विराटनगर किङ्ग्सले लक्ष्य पछ्याउने क्रममा खासै समस्याको सामना गर्नु परेन। विराटनगर किङ्ग्सका शीर्ष पाँच ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाएपछि काठमाडौँ खेलमा फर्कन सकेन। प्रारम्भिक ब्याट्सम्यान जर्ज मुनसेले ३६, मार्टिन गप्टिलले २५, नरेन भट्टले २४, बसिर अहमदले १९ र लोकेश बमले १४ रन बनाउनुभयो। काठमाडौँका लागि स्पिनर शाहब आलमले दुई तथा करण केसी, जेरार्ड इरासमस र सन्तोष यादवले एक/एक विकेट हासिल गर्नुभयो।

# यु–१७ मा सिरियासँग नेपाल पराजित




*तस्बिर सौजन्य : राजेन्द्र चित्रकार*

**नेपालका समीरकुमार र सिरियाका इमाद बाकोर शनिबार प्रतिस्पर्धा गर्दै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

एएफसी यु–१७ एसियन कप छनोटको सुरुवात नेपालले हारबाट गरेको छ। समूह 'जी' को पहिलो खेलमा सिरियाले १० खेलाडीमा सीमित बनेको नेपाललाई ४–२ गोलले हरायो।

म्यान्मारको योङ्नस्थित थुवाना रङ्गशालामा भएको खेलको सातौँ मिनेटमा अब्दुलहादी अल हारिरीले आफ्नो गोलपोस्ट छोडेर अगाडि बढेका नेपाली गोलरक्षक रामबहादुर बोहोराको टाउकोमाथिबाट बल गोलपोस्टमा छिराएर पहिलो गोल गर्नुभएको थियो। तीन मिनेटपछि सिरियाका फरवार्ड मोहम्मद अलाली अलजासमले गोलरक्षक रामबहादुरसँगको वन भर्सेज वनमा गोल गरी सिरियाको अग्रता दोब्बर पार्नुभयो। खेलको १४ औँ मिनेटमा अलजासमको पासमा ओडी अलफास्टाकीले गोल गरी स्कोर ३–० पार्नुभयो।

दोस्रो हाफमा नेपालले सानदार पुनरागमन गर्‍यो। खेलको ५३ औँ मिनेटमा समीर कुमारले मैदानको दायाँ भागबाट क्रस गरेको बललाई निसकुमार श्रेष्ठले गोलपोस्टमा छिराएपछि नेपालमा आशा जागेको थियो। खेलको ६९ औँ मिनेटमा प्रतिश थापाले हेड गरेको बललाई सिरियाका गोलरक्षक आसाद हसनले फुत्काएपछि निसकुमारले सहजै गोल गरी स्कोर ३–२ पारेपछि खेल रोमाञ्चक बन्यो तर खेलको ८७ औँ मिनेटमा नेपालका अनमोल कार्कीले रातो कार्ड मात्र बेहोर्नु भएन पेनाल्टी पनि बेहोर्नुभयो। मोहम्मद अलहाजीले हेड गरेको बललाई गोलपोस्टको लाइनमा रहेका अनमोल कार्कीले हातले रोक्नुभएको थियो। त्यसपछि रेफ्रीले अनमोललाई रातो कार्ड देखाउँदै पेनाल्टीतर्फ सङ्केत गरे। सो पेनाल्टीलाई अहमद अलफराजले सदुपयोग गर्नुभयो।

समूह 'जी' मा म्यान्मार, ओमान र अफगानिस्तान पनि रहेका छन्। यसअघि शनिबार नै भएको पहिलो खेलमा घरेलु टिम म्यान्मारले अफगानिस्तानलाई ३–१ ले हराएको थियो।

नेपालले अर्को खेल सोमबार घरेलु टिम म्यान्मारविरुद्ध खेल्ने छ। त्यसपछि नेपालले नोभेम्बर २६ मा ओमान र नोभेम्बर २८ मा अफगानिस्तानको सामना गर्ने छ।

## कला/साहित्य

## वज्रगुरु दुङ्डुप पूजा सम्पन्न



**हुम्ला,** (गोरखापत्र) मङ्सिर ६ गते। हिमाली लामा समुदायको वज्रगुरु दुङ्डुप पूजा आयोजना गरिएको छ। प्राणी जाति र समाजमा शान्ति कायम गर्नका लागि उक्त पूजा गर्ने गरिने सिमकोट गाउँपालिका–३ का छिरिङ लामाले बताउनुभयो। पूजाका क्रममा लामाले भक्तजनलाई प्रवचन दिनुहुँदै मारकाट, गलत कार्य, धर्मप्रति प्रतिबद्ध हुनुपर्ने उपदेश दिनुभयो। हुम्ला जिल्लाका लामा समुदायको विभिन्न बस्तीका ४० जना पुजारी लामाको उपस्थितिमा उक्त पूजा आयोजना गरिएको हो। पाँच दिनसम्म चल्ने उक्त पूजा समापनको दिन विशेष पूजा गरिएको थियो।

उक्त पूजामा एक हजारभन्दा बढी भक्तजनले सहभागिता जनाउनुभएको लामाले बताउनुभयो। प्रत्येक दिन भक्तजनले स्वैच्छिक रूपमा दुई लाखदेखि साढे दुई लाखसम्म रुपियाँ चढाएर बाह्र लाख रुपियाँ सङ्कलन भएको जनाइएको छ। पूजामा सङ्कलन गरिएको रुपियाँबाट मञ्च वा गुम्बाको मूर्ति निर्माण गर्ने लामाले बताउनुभयो।

# गोरखापत्र साहित्य सम्मेलन सम्पन्न

**दोलखा समाचारदाता**
*दोलखा, मङ्सिर ६ गते*

गोरखापत्र संस्थानद्वारा आयोजित दुईदिने 'पर्यटनका लागि साहित्य : गोरखापत्र साहित्य सम्मेलन सम्पन्न' भएको छ। शुक्रबार र शनिबार पर्यटन प्रवर्धनका लागि समुद्र सतहदेखि तीन हजार पाँच सय मिटर उचाइको धार्मिक एवं पर्यटकीय स्थल शैलुङमा कविता वाचनसहित सम्मेलन सम्पन्न भएको हो।

सो सम्मेलनमा गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले स्थानीय सर्जकसमेतलाई लेखनमार्फत अभिलेखीकरण गर्न र शैलुङमा बत्ती बाल्न खोजिएको बताउनुभयो। "अबको पत्रकारिताले समयसापेक्ष जनजीवनलाई जोड्नु पर्छ," उहाँले भन्नुभयो, "साहित्य विकासमा ऐतिहासिक महत्त्वका स्थललाई विकसित हुने वातावरण सिर्जना हुनु पर्छ। यो धार्मिक एवं पर्यटकीय स्थललाई यो कार्यक्रमले विश्वसामु पुर्‍याउने अपेक्षा छ। सञ्चार माध्यमले अब सिर्जनात्मक पत्रकारिता पनि गर्नु पर्छ।" महाप्रबन्धक ऐरीले समाज र पत्रकारिता प्रत्यक्ष जोडिनु पर्छ र पत्रपत्रिकाप्रति विश्वास घट्दै गइरहेकाले यस्ता कार्यले सङ्कुचन कम हुने पनि बताउनुभयो।



*तस्बिर : मनोजरत्न शाही*

सो सम्मेलनमा सुवासचन्द्र पौडेल, लक्ष्मी ढकाल, रञ्जना निरौला, अमरदीप सुनुवा, विमुख पौडेल, राजुकुमार महत, किशोरी पहाडी, लक्की चौधरी, बालकृष्ण थपलिया, अमर बान्तुक, तारा बिएम, रञ्जना थपलिया, दीपशङ्कर चौलागाईं, सुशीला शर्मा, विष्णुबहादुर बस्नेत, सुशीला खडका, जानुका राई, नन्दु उप्रेती, तीर्थ अधिकारी, अमृता विक, दीपिका केसी, जानकी श्रेष्ठलगायतले कविता वाचन गर्नुभएको थियो। गोरखापत्र संस्थानका प्रधान सम्पादक जुनारबाबु बस्नेतको सभापतित्वमा भएको सम्मेलनमा दोलखाका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसाल, शैलुङ गाउँपालिका–८ का वडाध्यक्ष धनबहादुर तामाङले शुभकामना मन्तव्य राख्नुभएको थियो।

यसबिच गोरखापत्र संस्थानका प्रकाशनहरू शैलुङकै वडा नम्बर ४ मा रहेको दुर्गा माध्यमिक विद्यालयलाई हस्तान्तरण गर्दै संस्थानका महाप्रबन्धक ऐरीले भन्नुभयो, "अब संस्थान शैक्षिक रूपान्तरणमा पनि अग्रसर भएको छ।" विद्यार्थी तथा शिक्षकका लागि अध्ययन गर्न संस्थानका प्रकाशनहरू पुस्तकालयमा राख्न निरन्तर पठाइदिने र अन्य दातासँग पनि समन्वय गरिदिने भएको छ।

## 'साहित्यमा एआईको प्रयोग' परिचर्चा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

साहित्य सन्ध्याको ४७० औँ नियमित मासिक विशेष शृङ्खलामा 'नेपाली प्रगतिशील साहित्यमा ज्येष्ठ नागरिकको योगदान' र 'साहित्यमा एआईको प्रयोग' विषयमा परिचर्चा तथा विशेष कवि गोष्ठी आयोजना गरिएको छ। शनिबार गुगलमिटका माध्यमबाट आयोजना गरिएको विशेष समारोहमा प्रमुख अतिथिमा प्राडा मुकेश चालिसे, अतिथिहरूमा सञ्चारकर्मी अजय शर्मा, कवि यशोदा अधिकारी, प्राडा लेखप्रसाद निरौला, डा. रामहरि लम्साल, डा. राजेन्द्रप्रसाद अधिकारीलगायतको उपस्थिति रहेको थियो।

प्राडा मुकेश चालिसेले पाका नागरिकलाई बुढाबुढी भन्ने, हेलाहोचो गर्ने र हिजोका मान्यतालाई निस्तेज गर्ने जस्ता कुरा अहिले पनि भएको धारणा राख्नुहुँदै भन्नुभयो, "कतिपयले स्वान्तसुखायका लागि साहित्य सिर्जना गर्ने र विशेष गरी प्रगतिशील विचार राख्नेहरू भने कथनी र करनी एउटै गर्ने र जनसेवामा जुट्ने कार्यमा सक्रिय रहेका छन्।"

सञ्चारकर्मी अजय शर्माले नेपालमा एआईसम्बन्धी कानुन २०८१ मा आयो र एआई नीति पनि विसं २०८१ मै धारणा व्यक्त गर्नुभयो। उहाँले एआई मानिसको निर्देशन अनुसार नै काम गर्ने प्रविधि भएको र। सन् १९५० देखि ८० कम्प्युटरको युग आएको जानकारी दिनुभयो। उहाँले गुगलमिटमार्फत भन्नुभयो, सन १९५२ मा पहिलो पटक दिइएका शब्दको प्रयोग गरेर एआईले शब्द लभ लेटर बनाएको पाइन्छ। सन् १९८४ मा पहिलो एआई पुस्तक तयार भएको छ।

समारोहमा डम्बर पहाडी, विन्दु अधिकारी ढकाल, डा. कृष्ण सुवेदी, महेशराज खरेल, डा. राजेन्द्रप्रसाद अधिकारी, कृष्ण बाउसे, जयन्ती स्पन्दन, रामचन्द्र दाहाललगायतले कविता, गीत, गजल वाचन गर्नुभएको थियो।

### नेपाल राष्ट्र बैङ्क

**केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग**

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

**२०८२ साल मङ्सिर ७ गते (नोभेम्बर २३, २०२५) आइतबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १४२।८८ | १४३।४८ |
| युरो | १ को रु. | १६४।६१ | १६५।३० |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १८६।६१ | १८७।३९ |
| स्विस फ्रैङ्क | १ को रु. | १७७।२२ | १७७।९६ |
| अस्ट्रेलियन डलर | १ को रु. | ९१।९९ | ९२।३८ |
| क्यानेडियन डलर | १ को रु. | १०१।४० | १०१।८२ |
| सिङ्गापुर डलर | १ को रु. | १०९।२२ | १०९।६८ |
| जापानी येन | १० को रु. | ९।११ | ९।१५ |
| चिनियाँ युआन | १ को रु. | २०।०९ | २०।१८ |
| साउदी अरब रियाल | १ को रु. | ३८।१० | ३८।२६ |
| कतारी रियाल | १ को रु. | ३९।२० | ३९।३६ |
| थाई भाट | १ को रु. | ४।३९ | ४।४१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३८।९० | ३९।०६ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३४।४४ | ३४।५८ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।६९ | ९।७३ |
| स्विडिस क्रोनर | १ को रु. | १४।९१ | १४।९८ |
| डेनिस क्रोनर | १ को रु. | २२।०४ | २२।१३ |
| हङ्कङ डलर | १ को रु. | १८।३५ | १८।४३ |
| कुवेती दिनार | १ को रु. | ४६५।०१ | ४६६।९७ |
| बहराइन दिनार | १ को रु. | ३७८।९९ | ३८०।५८ |
| ओमानी रियाल | १ को रु. | ३७१।१२ | ३७२।६८ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।


# उत्तर पूर्वको पृष्ठभूमिको कथा 'दी फ्यामिली म्यान ३'

**सुकृत नेपाल**
*काठमाडौँ, मङ्सिर ६ गते*

पछिल्ला समय बलिउडमा चलचित्रले भन्दा वेभ सिरिजहरूले प्रभुत्व जमाएका छन्। वेभ सिरिज हेर्ने दर्शक दिनप्रतिदिन बढ्दै जानु यसको ज्वलन्त उदाहरण हो। चलचित्र 'दी फ्यामिली म्यान ३' ले वेभ सिरिजको लोकप्रियता अझ बढाउने अपेक्षा गरिएको छ।

चलचित्र 'दी फ्यामिली म्यान ३' को कथा उत्तर पूर्वको संवेदनशील पृष्ठभूमिमा आधारित छ। पछिल्ला शृङ्खला १ र २ को सफलतापछि यसको तेस्रो अध्यायले राजनीतिक उतारचढावलाई मात्र समेटेको छैन। सो सिरिजले श्रीकान्त तिवारी (मनोज बाजपेयी) को पारिवारिक सम्बन्धमा आएका बाधा अडचनलाई पनि कोट्याउन खोजेको छ। सिरिजमा एक्सन, प्रेम भावनाका कुरा र राजनीतिक उतारचढावलाई बिलकुलै फरक ढङ्गबाट देखाइएको छ।

तेस्रो शृङ्खलाको कथाभित्र श्रीकान्तले सूची (प्रियामणि) सँगको डगमगाएको वैवाहिक सम्बन्ध समाल्ने मात्र होइन आफ्ना चुलबुल स्वभाव भएका छोराछोरी (अश्लेषा ठाकुर र वेदान्त सिन्हा) सँग तालमेल पनि मिलाउनु पर्छ। चलचित्रको अर्को पाटो भनेको उत्तर पूर्वमा भएको एक दुर्घटना हो। सो दुर्घघटनाले उहाँको जीवनलाई खतरामा पार्छ भने उहाँको इमानदारितामा पनि प्रश्न उठाउँछ।



श्रीकान्त अब वान्टेड मान्छे बन्नुभएको छ। परिवार र उहाँका सहयोगी जेके (शारिब हासमी) सँगै श्रीकान्त भाग्नुपर्ने स्थितिमा पुग्नुहुन्छ। यद्यपि उहाँलाई थाहा छ कि यी सबै कुराबाट बाहिर निस्किने एक मात्र उपाय कुख्यात तस्कर र 'हिटम्यान' रुक्मा (जैदीप अहलावत) लाई रोक्नु हो। रुक्माले आफ्ना साथी मीरा (निम्रता कौर) सँग मिलेर ठुलो योजना बनाइरहेका हुन्छन्।

चलचित्रको तेस्रो सिजनमा श्रीकान्तको जीवनमा आउने आपत्विपत्लाई पहिलाको भन्दा फरक तरिकाले प्रस्तुत गरिएको छ। यस पटक खतरा उत्तर पूर्वमा केन्द्रित छ, जहाँ एक ठुलो लागुऔषधको फैलिँदो जाल देशका लागि गम्भीर सङ्कट बनेको छ। यही जालको पछाडि लुकेको छ रुक्माका अनेकन योजना। रुक्माको हरेक कामलाई पर्दा पछाडि बसेर मीराले नियन्त्रण गरेकी हुन्छिन्। श्रीकान्तलाई केवल देशलाई मात्रै होइन, आफ्नै परिवारलाई पनि मृत्युको छायाँबाट जोगाउनु छ। उहाँको अनुसन्धानले घरपरिवारलाई धेरै जोखिम उठाउनु परेको छ। रुक्मा र मीरा केवल देशका लागि मात्र नभएर परिवारको पछि लागेको थाहा पाएपछि श्रीकान्त आफ्नो परिवारलाई लिएर भाग्न बाध्य हुन्छन्। श्रीकान्त कसरी रुक्माको जालबाट निस्कन्छन् ? के उनी देश र आफ्नो परिवार दुवैलाई बचाउन सफल हुन्छ ?

मनोज बाजपेयी फेरि एक पटक सिरिजको सम्पूर्ण आकर्षण बन्नुभएको छ। पिता, श्रीमान् र एजेन्टको बिचमा परेका सङ्घर्षलाई उहाँले अत्यन्तै तारिफयोग्य तरिकाले आफ्नो अभिनय पस्कनु भएको छ। प्रत्येक फ्रेममा उहाँको उपस्थितिले नै शृङ्खलालाई उचाइमा लैजान पर्याप्त छ। शारिब हासमी र उहाँको साथित्वको केमिस्ट्रीले चलचित्रलाई अझ माथि उठाउने काम गरेको छ। दुवैका हास्यपूर्ण क्षण अत्यन्त मनमोहक लाग्छ।

रुक्माको भूमिकामा जयदीपले एक फरक शैलीको खलनायकको भूमिकामा देखिनुभएको छ। शान्त, डर लाग्ने हेराइ, चिसो व्यवहार, अनि सोच्नै नसकिने स्वभाव। खलनायकको भूमिकामा उहाँलाई एकदमै सुहाएको छ। निम्रता कौरको भूमिका रहस्यमय छ। उहाँले कथामा नयाँ स्वाद थप्ने काम गर्नुभएको छ। सूची जो प्रियामणिको छोटो भूमिका हुँदाहुँदै पनि प्रत्येक दृश्यमा उहाँको अभिनय अत्यन्त प्रभावशाली छ। यससँगै श्रेया धन्वन्तरी, गुल पनाग, विपिन शर्मा, सीमा विश्वास, जुगल हंसराजलगायतका कलाकारले पनि आआफ्ना भूमिकामा न्याय गर्नुभएको छ। विजय सेतुपतिको छोटो तर प्रभावशाली क्यामियोले अवश्य दर्शकको ध्यान तान्छ।

गोरखापत्र संस्थानका लागि महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। नि. प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

राष्ट्को गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।
gorkhapatraonline.com




विराटनगर संस्करण | विवेचना | ताजा जनादेश उपयुक्त मौका | अलैँची निर्यातमा राजस्व ठगी १४

वर्ष १२५ | अङ्क १९२ | २०८२ साल मङ्सिर ७ गते आइतबार | मार्ग शुक्ल तृतीया | नेपाल संवत् ११४६ थिंलाथ्व ३ | 2025 November 23 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ



तस्बिर : रासस

**नेपाल र चीनबिचको सीमानाका रसुवागढीस्थित मितेरी पुल पुनर्निर्माण गरिँदै । गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले मितेरी पुल बगाएपछि चीन सरकारको सहयोगमा बेलीब्रिज निर्माण कार्य भइरहेको छ ।**

# आठ लाख मतदाता थपिए

- आठ लाख ३७ हजार ९४ जना थप मतदाताले नामावली दर्ता गराएका छन् ।
- मतदाताको सङ्ख्या एक करोड ९० लाख पाँच हजार ३२४ पुगेका छन् ।
- मतदाता नामावली अद्यावधिक भएपछि वास्तविक तथ्याङ्क आउने छ ।




**इश्वरचन्द्र झा**
*काठमाडौँ, मङ्सिर ६ गते*

प्रतिनिधि सभा सदस्य निर्वाचनको घोषणा भएपछि सुरु भएको मतदाता नामावली दर्ता प्रक्रियामा उत्साह देखिएको छ । निर्वाचन आयोगका अनुसार आठ लाख ३७ हजार ९४ जना मतदाताले नामावली दर्ताका लागि निवेदन दिएका छन् ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले सरकारले अध्यादेशबाट नामावली दर्ता प्रक्रिया सुरु गर्ने घोषणा गरेयता आठ लाख ३७ हजार ९४ जना मतदाताले नामावली दर्ता गराएका छन् ।

भदौ २७ गते निर्वाचन घोषणा भएलगत्तै गृह मन्त्रालयले मतदाता नामावली दर्ता खुलाउन निर्वाचन आयोगसँग आग्रह गर्दै कानुन संशोधनको तयारी गर्‍यो । आयोगको सुझावमा सरकारले अध्यादेशमार्फत कानुन संशोधन गर्‍यो । अध्यादेशले 'प्रतिनिधि सभाको कार्यकाल पुरा हुनुअगावै प्रतिनिधि सभा विघटन भई निर्वाचनको मिति घोषणा भएको अवस्थामा त्यस्तो निर्वाचनको प्रयोजनका लागि अवधि तोकी मतदाता नामावली सङ्कलन, दर्ता तथा त्यसको अद्यावधिक गर्न सक्ने व्यवस्था गरेको थियो । सुरुमा कात्तिक ३० गतेसम्म नामावली दर्ता गर्ने समयसीमा राखेको आयोगले सरकारको आग्रहमा सो म्याद मङ्सिर ५ गतेसम्म थप गरेको थियो ।

आयोगको वेबपोर्टलमार्फत अनलाइन प्रविधिबाट तीन लाख ४४ हजार ९१४ जनाले नामावली दर्ता गराएका छन्, जसमध्ये एक लाख ९२ हजार ८९० जना पुरुष, एक लाख ५१ हजार ९८० जना महिला तथा ४४ जना अन्य मतदाताले नामावली दर्ता गराएका छन् ।

आयोगका अनुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट चार लाख ९२ हजार १८० जनाले नामावली दर्ता गराएका छन्, जसमध्ये दुई लाख ८० हजार ३६५ पुरुष, दुई लाख ११ हजार ७९८ महिला र १७ अन्य छन् ।

आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले प्रविधिको उपयोगले मतदाता नामावली दर्ता प्रक्रिया थप सहज र सरल बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "आयोग र पञ्जीकरण विभागसँगको समन्वयमा नाम दर्ताका लागि प्राप्त भएको छुट्टाछुट्टै निवेदनले नागरिकको निर्वाचनप्रतिको उत्साहलाई दर्साएको छ ।"

राष्ट्रिय परिचयपत्र वाहक नागरिकले राष्ट्रिय पञ्जीकरण विभागबाट दर्ता गराउँदा बायोमेट्रिक दिन नपर्ने हुँदा नामावली दर्तामा थप उत्साह देखियो । आयोगको पोर्टलबाट करिब ५५ दिनमा दर्ता भएको सङ्ख्याभन्दा करिब एक लाख ५० हजारभन्दा बढी नागरिकले पञ्जीकरण विभागबाट सुरु भएको एक सातामै नामावली दर्ता गराएका छन् ।

आयोगको कात्तिक १८ गतेसम्म अद्यावधिक विवरण अनुसार मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३० जना रहेकोमा मङ्सिर ५ गतेसम्म आयोगको प्रणालीमा प्रविष्ट भएको आधारमा मतदाताको सङ्ख्या एक करोड ९० लाख पाँच हजार ३२४ पुगेका छन् । अन्यतर्फ यसअघि १८७ मतदाता रहेकोमा सो सङ्ख्या २४८ पुगेको छ ।

आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले हाल दर्ता भएका नामावलीमा दोहोरिएका नामसमेत पर्ने सम्भावना रहेकाले मतदाता नामावली अद्यावधिक भएपछि वास्तविक तथ्याङ्क आउने बताउनुभयो । उहाँले भन्नुभयो, "दोहोरिएको नाम थुप्रै हुन सक्छन् । आयोगले अद्यावधिक गरेपछि वास्तविक मतदाताको सङ्ख्या यकिन हुन्छ ।"

आयोगले मङ्सिर २१ गतेदेखि २७ गतेभित्र अद्यावधिकका लागि निवेदन दिन आग्रह गरेको छ । सो अवधिभित्र परेको दाबीविरोध, दोहोरिएको नाम हटाउने, मृत्यु भएका, नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन निवेदन परेपछि आयोगले सोमाथि छानबिन गरी पुस १५ गते अन्तिम मतदाता नामावली प्रकाशन गर्ने छ ।

## अन्तर्राष्ट्रिय

# अमेरिकाले गर्‍यो जी–२० शिखर सम्मेलन बहिष्कार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

अफ्रिकी भूमिमा पहिलो पटक आयोजना भएको समूह–२० (जी–२०) शिखर सम्मेलन शनिबार अत्यन्तै महत्त्वाकाङ्क्षी र दीर्घकालीन चुनौतीहरूमा केन्द्रित एजेन्डासहित आरम्भ भएको छ ।

विश्वका धनी राष्ट्रहरू र प्रमुख उदीयमान अर्थतन्त्रका शीर्ष नेताहरू दक्षिण अफ्रिकाको ऐतिहासिक सेबेटो टाउनसिपनजिकको प्रदर्शनी केन्द्रमा भेला हुँदै गरिब तथा संवेदनशील राष्ट्रहरूलाई दसौँ वर्षदेखि पिरोलिरहेका समस्यामा ठोस प्रगति गर्ने

» बाँकी पृष्ठ २ मा

## अग्रलेख



### निर्वाचन सफल पार्न गोलमेच

विसं २०३१ देखिको राजनीतिक आन्दोलनलाई नियालेर हेर्दा २०८२ को आन्दोलन एक प्रकारको विद्रोह जस्तो देखिन्छ । हुन त विद्रोह एक्लैले पनि गर्न सकिन्छ । विद्रोही एक्लै पनि हुन्छन् । सङ्गठित विद्रोह पनि हुन्छ ।

• **रामनारायण विडारी**

» विचार पृष्ठ ४

# निर्वाचनमा कांग्रेस सहभागी हुने

**अशोक अधिकारी**
*ललितपुर, मङ्सिर ६ गते*

नेपाली कांग्रेसले फागुन २१ गतेका लागि सरकारले तय गरेको प्रतिनिधि सभा निर्वाचनमा सहभागी हुने निर्णय गरेको छ । केन्द्रीय कार्यालय सानेपामा असोज २८ गतेदेखि जारी बैठकले माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचन र फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णय गरेको हो ।

शनिबारको बैठकपछि महामन्त्री गगनकुमार थापाले राजनीतिक निकास निर्वाचन नै हो भन्ने निष्कर्षसहित नेपाली कांग्रेसले निर्वाचनमा भाग लिने निर्णय गरेको बताउनुभयो । उहाँले निर्वाचनमार्फत संविधानको रक्षा तथा जेनजी पुस्ताको प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिने र देशलाई अघि बढाउन सकिने पार्टीको निष्कर्ष रहेको बताउनुभयो ।

कांग्रेस बैठकले निर्वाचन आयोगमा दल दर्ता गर्नेसहित कानुनी प्रक्रिया पूरा गर्न कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेललाई जिम्मेवारी दिएको छ । महामन्त्री थापाले भन्नुभयो, "फागुन २१ गतेको निर्वाचनभन्दा अर्को कुनै पनि निकास संवैधानिक जटिलताले पाउन सक्दैन भन्ने हाम्रो निष्कर्ष हो ।"

कांग्रेसले सङ्घीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण तथा संस्थागत विकास साझा जिम्मेवारी रहेको बताउँदै यसका लागि फागुन २१ गते हुने प्रतिनिधि सभा

> निर्वाचनमार्फत संविधानको रक्षा तथा जेनजी पुस्ताको प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिने र देशलाई अघि बढाउन सकिने कांग्रेसको निष्कर्ष रहेको छ ।

निर्वाचनमा सबै राजनीतिक दलले उत्साहपूर्वक सहभागिता जनाउन आवश्यक रहेको प्रस्ट पारेको छ । कांग्रेसले निर्वाचनलाई निष्पक्ष, विश्वसनीय र भयरहित बनाउनका लागि निर्वाचन आयोग, सरकार एवं सम्बद्ध पक्षलाई आवश्यक वातावरण निर्माण गर्न माग गरेको छ ।

कांग्रेस बैठकले हजारौँ कैदीबन्दी फरार रहनु, ठुलो परिमाणमा हातहतियार हराइरहनु, राजनीतिक दलहरूले निर्बाध रूपमा आफ्ना कार्यक्रम सञ्चालन गर्न नपाउनु र निर्वाचनका लागि आवश्यक न्यूनतम अवस्था पनि स्थापित हुन नसक्नु अत्यन्त गम्भीर रहेको प्रस्ट पारेको छ ।

### उत्तेजक गतिविधिप्रति चिन्ता

कांग्रेसले शान्ति सुरक्षाको अवस्था र पछिल्ला दिनमा बढिरहेका उत्तेजक तथा अराजक गतिविधिप्रति चिन्ता व्यक्त गरेको छ । महामन्त्री थापाले संवेदनशील अवस्थामा कुनै पनि राजनीतिक दल, समूह वा पक्षबाट कुनै पनि नाममा हिंसा भड्काउने, सद्भाव खलबल्याउने, उत्तेजना वा घृणा फैलाउने कार्य वाञ्छनीय हुन नसक्ने बताउनुभयो ।

उहाँले लोकतान्त्रिक व्यवस्था र विधिको शासनमा लहड वा आवेगमा कसैलाई निषेध गर्नु, शान्तिपूर्ण प्रदर्शन तथा विचार अभिव्यक्तिमा बन्देज लगाउने प्रयास गर्नु स्वाभाविक वा स्वीकार्य मान्न नसकिने निर्णय भएको बताउनुभयो । बैठकले विश्वास र समझदारी आवश्यक भएकाले कुनै पनि हिंसा वा उत्तेजनाको बाटो नअपनाउन, निषेधको राजनीति नगर्न तथा संयमता अपनाएर संवादमार्फत समाधान खोज्न आह्वान गरेको छ ।

### माग सम्बोधन र दोषीलाई कारबाही

महामन्त्री थापाले जेनजी पुस्ताले प्रदर्शनमार्फत उठाएका 'भ्रष्टाचारको अन्त्य, सुशासन, पारदर्शिता र सूचनाको हक सुनिश्चितता' जस्ता प्रमुख विषय स्वाभाविक, वैध र आमनागरिकको आवाज भएको बताउनुभयो । उहाँका अनुसार बैठकले प्रदर्शनमार्फत उठाइएका सुशासनका मागलाई सदैव सकारात्मक ढङ्गले लिने गरेको स्मरण गराउँदै माग पूरा गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

कांग्रेसले भदौ २४ गतेको आक्रमण, लुटपाट र आगजनीसहितका विध्वंशकारी घटनाको सत्य–तथ्य र निष्पक्ष छानबिन गरी कानुनबमोजिम कारबाही गर्न तथा पीडितलाई उचित क्षतिपूर्तिसहित न्याय उपलब्ध गराउन पुनः सरकारसँग माग गरेको छ । कांग्रेसले सुरक्षाकर्मीका लुटिएका हातहतियार र कैदीबन्दीलाई पुनः नियन्त्रणमा ल्याउन र सबै सरकारी संरचनाको पुनर्निर्माण गरी समाजमा

» बाँकी पृष्ठ २ मा

# पहिरो छल्न राजमार्गमा छानो



**राजमार्गमा निर्माण गरिएको 'रक सेड' नमुना ।**

**भउचप्रसाद यादव**
*काठमाडौँ, मङ्सिर ६ गते*

मुलुकको सडक पूर्वाधारको इतिहासमा पहिलो पटक सिद्धार्थ राजमार्ग अन्तर्गत 'रक सेड' निर्माण गर्न लागिएको छ । सिद्धार्थ राजमार्ग अन्तर्गतको बुटवल–तानसेन सडक खण्डको सिद्धबाबामा निर्माणाधीन सुरुङमार्गको दुवै 'पोर्टल' सँगै निर्माण हुन लागेको 'रक सेड' को डिजाइन तयार भइसकेको छ ।

सवारी र सडकलाई पहिरोबाट सुरक्षित गर्ने प्रविधि हो 'रक सेड' । पहिरो जाने स्थानमा सडकमाथि आरसिसी ढलान वा स्टिलको भिरालो आकारको बलियो छाना बनाएर 'रक सेड' निर्माण गरिन्छ । यसरी निर्माण गरिएको 'रक सेड' मा खसेका पहिरो छाना हुँदै खोला वा भिरमा पुग्छन् । सडकलाई कुनै असर पर्दैन । छानामुनिबाट निर्बाध रूपमा सवारीसाधन आवागमन भइरहन्छ । सिद्धार्थ राजमार्गको सो खण्डमा प्रायः गइरहने पहिरोबाट सवारीसाधन र राजमार्गलाई बचाउन 'रक सेड' निर्माण गर्न लागिएको सिद्धबाबा सुरुङमार्ग योजनाका प्रमुख ई. नवराज बाँस्तोलाले जानकारी दिनुभयो ।

उहाँले सुरुङमार्गको दुवै पोर्टलसँग नै धेरै पहिरो जाने भएकाले सुरुमा पोर्टलसँगै 'रक सेड' निर्माण गर्न लागिएको स्पष्ट पार्नुभयो । उहाँका अनुसार ७८० मिटर लामो 'रक सेड' निर्माण हुन लागेको हो । धेरै पहिरो गई बर्सेनि मानवीय क्षति हुँदै आएकाले राजमार्गको यस खण्डलाई 'मृत्यु मार्ग' को रूपमा समेत चिनिन्छ । गएको एक दशकमा सिद्धबाबा खण्डमा पहिरो खस्दा ७० जनाको ज्यान गएको तथ्याङ्क छ । सुरुङमार्ग योजना अन्तर्गत नै 'रक सेड' हुन लागेको बताउँदै योजना प्रमुख बाँस्तोलाले भन्नुभयो, "रक सेडको डिजाइन तयार भई स्वीकृत समेत भइसकेको छ । सुरुङमार्गको काम सम्पन्न भएसँगै 'रक सेड' को निर्माण सुरु हुन्छ ।

» बाँकी पृष्ठ २ मा

# जलवायु परिवर्तनको असर भान्सासम्मै

> बाढीले कुलो बगाइदियो । धान उत्पादन हुनै छाड्यो, जसले चुलो बाल्नै कठिन भयो । आजकल त पहिलेको जस्तो पानी पर्दैन । परिहाले पनि ठुलो बाढी आएर बस्ती नै बगाउला झैँ हुन्छ । कहिले त खडेरी नै पर्छ ।

**राधा लुइटेल**
*फिदिम, मङ्सिर ६ गते*

जलवायु परिवर्तनको असर हेवाँ खोला र तमोर नदी सङ्गमस्थल वारिपारि बसोबास गर्ने माझी समुदायका भान्सासम्म नै परेको छ ।

पाँचथरको फिदिम नगरपालिका र हिलिहाङ गाउँपालिकामा यी माझी समुदायका बस्ती छन् । केही वर्षयता यहाँका बालीनाली, बस्तुभाउ र मानिसमा फरक फरक समस्या देखिएको स्थानीयवासीले बताएका छन् । छत्तिस घरधुरी रहेको माझी बस्तीमा बाढी, पहिरो, अनियमित वर्षा र खडेरीले जीवनयापन नै प्रभावित भएको छ ।

माझीटारकी मिना माझी पहिले धान, मकै, गहुँ, आलु राम्रै फल्ने यो ठाउँमा अहिले बालीनालीमा रोग लाग्ने गरेको बताउनुहुन्छ । खोलामा पनि माछा देखिनै छाडेको उहाँले सुनाउनुभयो । स्थानीयवासी ममिता माझीले भन्नुभयो, "पहिले पुरुषहरू डुङ्गा खियाएर माछा मार्थे । पुल बनेपछि यो पेसा हरायो ।



तस्बिर : राधा लुइटेल

**तमोर नदी (बायाँ) र हेवाँ खोलाको सङ्गमस्थल र आसपासका माझी बस्ती ।**

बाढीले कुलो बगाइदियो । धान उत्पादन हुनै छाड्यो, जसले चुलो बाल्नै कठिन भयो ।" उहाँले थप्नुभयो, "आजकल त पहिलेको जस्तो पानी पर्दैन । परिहाले पनि ठुलो बाढी आएर बस्ती नै बगाउला झैँ हुन्छ । कहिले त खडेरी नै पर्छ ।"

माझी उत्थान सङ्घ पाँचथरका अध्यक्ष राम माझी खोलामा माछा मासिँदै जाँदा माझी समुदायको रोजीरोटी नै सङ्कटमा परेको सुनाउनुहुन्छ । 'पन्ध्र वर्षअघिसम्म तमोर र हेवाँ खोला माछाका खानी जस्तै थिए, जाल बोकेर एक डेढ घण्टा निस्कँदा चार/पाँच किलोसम्म माछा मारेर ल्याइन्थ्यो । पछिल्ला वर्ष दिनभरि खोलामा जाल हान्दा पनि एक किलो माछा मार्न मुस्किल पर्छ', अध्यक्ष माझीले भन्नुभयो ।

हिलिहाङ–७ का ७१ वर्षीय जसबहादुर माझीका अनुसार करिब १५ वर्षअघि जेठ महिनामा एकै रात ताप्लेजुङका विभिन्न स्थानमा पहिरो गयो । उक्त पहिरोपछि बगेको लेदो तमोरमा मिसिँदा आएको बाढीले ठुलो परिमाणमा त्यहाँका माछा बगायो । त्यो बेला बाढीले बगाउँदै ल्याएका माछा स्थानीयले टिपेर बेचे पनि । त्यसपछि झन्डै १० वर्ष माछाको सङ्ख्यामा ह्रास आयो । २०८० असार २ गते अचानक हेवाँ खोलामा आएको बाढीले हेवाँ खोलासँगै तमोर नदीका माछा सत्यानाश गर्‍यो । २०८१ असोज १२ गते पुनः बाढी आएर रहलपहल माछा सबै बगाइदियो । यसरी आकस्मिक रूपमा आएका बाढीबाट मानिस र जनावरसहित जलचरको पनि अस्तित्व सङ्कटमा परेको जसबहादुरले भन्नुभयो । यस स्थानमा पहिलेको तुलनामा ढेडु–बाँदर जस्ता जङ्गली जनावरको सङ्ख्या पनि वृद्धि भएको छ । तिनले बालीनाली पाक्न दिँदैनन् । उत्पादन नभएपछि बजारबाट किन्नुपर्ने बाध्यता छ । बजारका खाद्य पदार्थले स्वास्थ्यमा पनि असर पर्न थाल्यो," अर्की स्थानीयवासी कुमारी माझीले भन्नुभयो ।

जागृति आधारभूत विद्यालयकी शिक्षिका शोभा माझी वर्षा हुने र हिमालमा हिउँ पर्ने 'सिजन' गडबढ भएकाले स्थानीयको दैनिकी नराम्ररी प्रभावित हुन थालेको बताउनुहुन्छ । पशुचौपायामा ज्वरो, खुर फाट्ने, गिर्खा आउने समस्या बढेपछि दुध उत्पादन घटेको छ । पहिले लामखुट्टे वैशाखदेखि भदौसम्म मात्र देखिन्थे, अहिले त जाडोमा पनि देखिन्छन् । अनि हैजा, झाडाबान्ता, डेङ्गुले बर्सेभरि सताउँछन् ।

रैथाने बिउ किराले खाइदिन थालेपछि परनिर्भरता बढेको स्थानीयवासीको अनुभव छ । "खर्च बढ्दै छ, आम्दानी झन् घट्दै छ," ६० वर्षीय मिना माझी गुनासो गर्नुहुन्छ । जलवायु परिवर्तनको

» बाँकी पृष्ठ २ मा

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com




कोहलपुर संस्करण | विवेचना | ताजा जनादेश उपयुक्त मौका | अलैंची निर्यातमा राजस्व ठगी १४

वर्ष १२५ | अङ्क १९२ | २०८२ साल मङ्सिर ७ गते आइतबार | मार्ग शुक्ल तृतीया | नेपाल संवत् ११४६ थिंलाथ्व ३ | 2025 November 23 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ



तस्बिर : रासस

**नेपाल र चीनबिचको सीमानाका रसुवागढीस्थित मितेरी पुल पुनर्निर्माण गरिँदै । गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले मितेरी पुल बगाएपछि चीन सरकारको सहयोगमा बेलीब्रिज निर्माण कार्य भइरहेको छ ।**

# आठ लाख मतदाता थपिए

- आठ लाख ३७ हजार ९४ जना थप मतदाताले नामावली दर्ता गराएका छन् ।
- मतदाताको सङ्ख्या एक करोड ९० लाख पाँच हजार ३२४ पुगेका छन् ।
- मतदाता नामावली अद्यावधिक भएपछि वास्तविक तथ्याङ्क आउने छ ।




**इश्वरचन्द्र झा**
*काठमाडौँ, मङ्सिर ६ गते*

प्रतिनिधि सभा सदस्य निर्वाचनको घोषणा भएपछि सुरु भएको मतदाता नामावली दर्ता प्रक्रियामा उत्साह देखिएको छ । निर्वाचन आयोगका अनुसार आठ लाख ३७ हजार ९४ जना मतदाताले नामावली दर्ताका लागि निवेदन दिएका छन् ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले सरकारले अध्यादेशबाट नामावली दर्ता प्रक्रिया सुरु गर्ने घोषणा गरेयता आठ लाख ३७ हजार ९४ जना मतदाताले नामावली दर्ता गराएका छन् ।

भदौ २७ गते निर्वाचन घोषणा भएलगत्तै गृह मन्त्रालयले मतदाता नामावली दर्ता खुलाउन निर्वाचन आयोगसँग आग्रह गर्दै कानुन संशोधनको तयारी गर्‍यो । आयोगको सुझावमा सरकारले अध्यादेशमार्फत कानुन संशोधन गर्‍यो । अध्यादेशले 'प्रतिनिधि सभाको कार्यकाल पुरा हुनुअगावै प्रतिनिधि सभा विघटन भई निर्वाचनको मिति घोषणा भएको अवस्थामा त्यस्तो निर्वाचनको प्रयोजनका लागि अवधि तोकी मतदाता नामावली सङ्कलन, दर्ता तथा त्यसको अद्यावधिक गर्न सक्ने व्यवस्था गरेको थियो । सुरुमा कात्तिक ३० गतेसम्म नामावली दर्ता गर्ने समयसीमा राखेको आयोगले सरकारको आग्रहमा सो म्याद मङ्सिर ५ गतेसम्म थप गरेको थियो ।

आयोगको वेबपोर्टलमार्फत अनलाइन प्रविधिबाट तीन लाख ४४ हजार ९१४ जनाले नामावली दर्ता गराएका छन्, जसमध्ये एक लाख ९२ हजार ८९० जना पुरुष, एक लाख ५१ हजार ९८० जना महिला तथा ४४ जना अन्य मतदाताले नामावली दर्ता गराएका छन् ।

आयोगका अनुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट चार लाख ९२ हजार १८० जनाले नामावली दर्ता गराएका छन्, जसमध्ये दुई लाख ८० हजार ३६५ पुरुष, दुई लाख ११ हजार ७९८ महिला र १७ अन्य छन् ।

आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले प्रविधिको उपयोगले मतदाता नामावली दर्ता प्रक्रिया थप सहज र सरल बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "आयोग र पञ्जीकरण विभागसँगको समन्वयमा नाम दर्ताका लागि प्राप्त भएको छुट्टाछुट्टै निवेदनले नागरिकको निर्वाचनप्रतिको उत्साहलाई दर्साएको छ ।"

राष्ट्रिय परिचयपत्र वाहक नागरिकले राष्ट्रिय पञ्जीकरण विभागबाट दर्ता गराउँदा बायोमेट्रिक दिन नपर्ने हुँदा नामावली दर्तामा थप उत्साह देखियो । आयोगको पोर्टलबाट करिब ५५ दिनमा दर्ता भएको सङ्ख्याभन्दा करिब एक लाख ५० हजारभन्दा बढी नागरिकले पञ्जीकरण विभागबाट सुरु भएको एक सातामै नामावली दर्ता गराएका छन् ।

आयोगको कात्तिक १८ गतेसम्म अद्यावधिक विवरण अनुसार मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३० जना रहेकोमा मङ्सिर ५ गतेसम्म आयोगको प्रणालीमा प्रविष्ट भएको आधारमा मतदाताको सङ्ख्या एक करोड ९० लाख पाँच हजार ३२४ पुगेका छन् । अन्यतर्फ यसअघि १८७ मतदाता रहेकोमा सो सङ्ख्या २४८ पुगेको छ ।

आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले हाल दर्ता भएका नामावलीमा दोहोरिएका नामसमेत पर्ने सम्भावना रहेकाले मतदाता नामावली अद्यावधिक भएपछि वास्तविक तथ्याङ्क आउने बताउनुभयो । उहाँले भन्नुभयो, "दोहोरिएको नाम थुप्रै हुन सक्छन् । आयोगले अद्यावधिक गरेपछि वास्तविक मतदाताको सङ्ख्या यकिन हुन्छ ।"

आयोगले मङ्सिर २१ गतेदेखि २७ गतेभित्र अद्यावधिकका लागि निवेदन दिन आग्रह गरेको छ । सो अवधिभित्र परेको दाबीविरोध, दोहोरिएको नाम हटाउने, मृत्यु भएका, नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन निवेदन परेपछि आयोगले सोमाथि छानबिन गरी पुस १५ गते अन्तिम मतदाता नामावली प्रकाशन गर्ने छ ।

अन्तर्राष्ट्रिय

## अमेरिकाले गर्‍यो जी–२० शिखर सम्मेलन बहिष्कार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, मङ्सिर ६ गते*

अफ्रिकी भूमिमा पहिलो पटक आयोजना भएको समूह–२० (जी–२०) शिखर सम्मेलन शनिबार अत्यन्तै महत्त्वाकाङ्क्षी र दीर्घकालीन चुनौतीहरूमा केन्द्रित एजेन्डासहित आरम्भ भएको छ ।

विश्वका धनी राष्ट्रहरू र प्रमुख उदीयमान अर्थतन्त्रका शीर्ष नेताहरू दक्षिण अफ्रिकाको ऐतिहासिक सेबेटो टाउनसिपनजिकको प्रदर्शनी केन्द्रमा भेला हुँदै गरिब तथा संवेदनशील राष्ट्रहरूलाई दसौँ वर्षदेखि पिरोलिरहेका समस्यामा ठोस प्रगति गर्ने

» बाँकी पृष्ठ २ मा

अग्रलेख



### निर्वाचन सफल पार्न गोलमेच

विसं २०३१ देखिको राजनीतिक आन्दोलनलाई नियालेर हेर्दा २०८२ को आन्दोलन एक प्रकारको विद्रोह जस्तो देखिन्छ । हुन त विद्रोह एक्लैले पनि गर्न सकिन्छ । विद्रोही एक्लै पनि हुन्छन् । सङ्गठित विद्रोह पनि हुन्छ ।

● **रामनारायण विडारी**

» विचार पृष्ठ ४

# निर्वाचनमा कांग्रेस सहभागी हुने

**अशोक अधिकारी**
*ललितपुर, मङ्सिर ६ गते*

नेपाली कांग्रेसले फागुन २१ गतेका लागि सरकारले तय गरेको प्रतिनिधि सभा निर्वाचनमा सहभागी हुने निर्णय गरेको छ । केन्द्रीय कार्यालय सानेपामा असोज २८ गतेदेखि जारी बैठकले माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचन र फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णय गरेको हो ।

शनिबारको बैठकपछि महामन्त्री गगनकुमार थापाले राजनीतिक निकास निर्वाचन नै हो भन्ने निष्कर्षसहित नेपाली कांग्रेसले निर्वाचनमा भाग लिने निर्णय गरेको बताउनुभयो । उहाँले निर्वाचनमार्फत संविधानको रक्षा तथा जेनजी पुस्ताको प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिने र देशलाई अघि बढाउन सकिने पार्टीको निष्कर्ष रहेको बताउनुभयो ।

कांग्रेस बैठकले निर्वाचन आयोगमा दल दर्ता गर्नेसहित कानुनी प्रक्रिया पूरा गर्न कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेललाई जिम्मेवारी दिएको छ । महामन्त्री थापाले भन्नुभयो, "फागुन २१ गतेको निर्वाचनभन्दा अर्को कुनै पनि निकास संवैधानिक जटिलताले पाउन सक्दैन भन्ने हाम्रो निष्कर्ष हो ।"

कांग्रेसले सङ्घीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण तथा संस्थागत विकास साझा जिम्मेवारी रहेको बताउँदै यसका लागि फागुन २१ गते हुने प्रतिनिधि सभा

> निर्वाचनमार्फत संविधानको रक्षा तथा जेनजी पुस्ताको प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिने र देशलाई अघि बढाउन सकिने कांग्रेसको निष्कर्ष रहेको छ ।

निर्वाचनमा सबै राजनीतिक दलले उत्साहपूर्वक सहभागिता जनाउन आवश्यक रहेको प्रस्ट पारेको छ । कांग्रेसले निर्वाचनलाई निष्पक्ष, विश्वसनीय र भयरहित बनाउनका लागि निर्वाचन आयोग, सरकार एवं सम्बद्ध पक्षलाई आवश्यक वातावरण निर्माण गर्न माग गरेको छ ।

कांग्रेस बैठकले हजारौँ कैदीबन्दी फरार रहनु, ठुलो परिमाणमा हातहतियार हराइरहनु, राजनीतिक दलहरूले निर्बाध रूपमा आफ्ना कार्यक्रम सञ्चालन गर्न नपाउनु र निर्वाचनका लागि आवश्यक न्यूनतम अवस्था पनि स्थापित हुन नसक्नु अत्यन्त गम्भीर रहेको प्रस्ट पारेको छ ।

### उत्तेजक गतिविधिप्रति चिन्ता

कांग्रेसले शान्ति सुरक्षाको अवस्था र पछिल्ला दिनमा बढिरहेका उत्तेजक तथा अराजक गतिविधिप्रति चिन्ता व्यक्त गरेको छ । महामन्त्री थापाले संवेदनशील अवस्थामा कुनै पनि राजनीतिक दल, समूह वा पक्षबाट कुनै पनि नाममा हिंसा भड्काउने, सद्भाव खलबल्याउने, उत्तेजना वा घृणा फैलाउने कार्य वाञ्छनीय हुन नसक्ने बताउनुभयो ।

उहाँले लोकतान्त्रिक व्यवस्था र विधिको शासनमा लहड वा आवेगमा कसैलाई निषेध गर्नु, शान्तिपूर्ण प्रदर्शन तथा विचार अभिव्यक्तिमा बन्देज लगाउने प्रयास गर्नु स्वाभाविक वा स्वीकार्य मान्न नसकिने निर्णय भएको बताउनुभयो । बैठकले विश्वास र समझदारी आवश्यक भएकाले कुनै पनि हिंसा वा उत्तेजनाको बाटो नअपनाउन, निषेधको राजनीति नगर्न तथा संयमता अपनाएर संवादमार्फत समाधान खोज्न आह्वान गरेको छ ।

### माग सम्बोधन र दोषीलाई कारबाही

महामन्त्री थापाले जेनजी पुस्ताले प्रदर्शनमार्फत उठाएका 'भ्रष्टाचारको अन्त्य, सुशासन, पारदर्शिता र सूचनाको हक सुनिश्चितता' जस्ता प्रमुख विषय स्वाभाविक, वैध र आमनागरिकको आवाज भएको बताउनुभयो । उहाँका अनुसार बैठकले प्रदर्शनमार्फत उठाइएका सुशासनका मागलाई सदैव सकारात्मक ढङ्गले लिने गरेको स्मरण गराउँदै माग पूरा गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

कांग्रेसले भदौ २४ गतेको आक्रमण, लुटपाट र आगजनीसहितका विध्वंशकारी घटनाको सत्य–तथ्य र निष्पक्ष छानबिन गरी कानुनबमोजिम कारबाही गर्न तथा पीडितलाई उचित क्षतिपूर्तिसहित न्याय उपलब्ध गराउन पुनः सरकारसँग माग गरेको छ । कांग्रेसले सुरक्षाकर्मीका लुटिएका हातहतियार र कैदीबन्दीलाई पुनः नियन्त्रणमा ल्याउन र सबै सरकारी संरचनाको पुनर्निर्माण गरी समाजमा

» बाँकी पृष्ठ २ मा

# पहिरो छल्न राजमार्गमा छानो



**राजमार्गमा निर्माण गरिएको 'रक सेड' नमुना ।**

**भउचप्रसाद यादव**
*काठमाडौँ, मङ्सिर ६ गते*

मुलुकको सडक पूर्वाधारको इतिहासमा पहिलो पटक सिद्धार्थ राजमार्ग अन्तर्गत 'रक सेड' निर्माण गर्न लागिएको छ । सिद्धार्थ राजमार्ग अन्तर्गतको बुटवल–तानसेन सडक खण्डको सिद्धबाबामा निर्माणाधीन सुरुङमार्गको दुवै 'पोर्टल' सँगै निर्माण हुन लागेको 'रक सेड' को डिजाइन तयार भइसकेको छ ।

सवारी र सडकलाई पहिरोबाट सुरक्षित गर्ने प्रविधि हो 'रक सेड' । पहिरो जाने स्थानमा सडकमाथि आरसिसी ढलान वा स्टिलको भिरालो आकारको बलियो छाना बनाएर 'रक सेड' निर्माण गरिन्छ । यसरी निर्माण गरिएको 'रक सेड' मा खसेका पहिरो छाना हुँदै खोला वा भिरमा पुग्छन् । सडकलाई कुनै असर पर्दैन । छानामुनिबाट निर्बाध रूपमा सवारीसाधन आवागमन भइरहन्छ । सिद्धार्थ राजमार्गको सो खण्डमा प्रायः गइरहने पहिरोबाट सवारीसाधन र राजमार्गलाई बचाउन 'रक सेड' निर्माण गर्न लागिएको सिद्धबाबा सुरुङमार्ग योजनाका प्रमुख ई. नवराज बाँस्तोलाले जानकारी दिनुभयो ।

उहाँले सुरुङमार्गको दुवै पोर्टलसँग नै धेरै पहिरो जाने भएकाले सुरुमा पोर्टलसँगै 'रक सेड' निर्माण गर्न लागिएको स्पष्ट पार्नुभयो । उहाँका अनुसार ७८० मिटर लामो 'रक सेड' निर्माण हुन लागेको हो । धेरै पहिरो गई बर्सेनि मानवीय क्षति हुँदै आएकाले राजमार्गको यस खण्डलाई 'मृत्यु मार्ग' को रूपमा समेत चिनिन्छ । गएको एक दशकमा सिद्धबाबा खण्डमा पहिरो खस्दा ७० जनाको ज्यान गएको तथ्याङ्क छ । सुरुङमार्ग योजना अन्तर्गत नै 'रक सेड' हुन लागेको बताउँदै योजना प्रमुख बाँस्तोलाले भन्नुभयो, "रक सेडको डिजाइन तयार भई स्वीकृत समेत भइसकेको छ । सुरुङमार्गको काम सम्पन्न भएसँगै 'रक सेड' को निर्माण सुरु हुन्छ ।

» बाँकी पृष्ठ २ मा

# जलवायु परिवर्तनको असर भान्सासम्मै

> बाढीले कुलो बगाइदियो । धान उत्पादन हुनै छाड्यो, जसले चुलो बाल्नै कठिन भयो । आजकल त पहिलेको जस्तो पानी पर्दैन । परिहाले पनि ठुलो बाढी आएर बस्ती नै बगाउला झैँ हुन्छ । कहिले त खडेरी नै पर्छ ।

**राधा लुइटेल**
*फिदिम, मङ्सिर ६ गते*

जलवायु परिवर्तनको असर हेवाँ खोला र तमोर नदी सङ्गमस्थल वारिपारि बसोबास गर्ने माझी समुदायका भान्सासम्म नै परेको छ ।

पाँचथरको फिदिम नगरपालिका र हिलिहाङ गाउँपालिकामा यी माझी समुदायका बस्ती छन् । केही वर्षयता यहाँका बालीनाली, बस्तुभाउ र मानिसमा फरक फरक समस्या देखिएको स्थानीयवासीले बताएका छन् । छत्तिस घरधुरी रहेको माझी बस्तीमा बाढी, पहिरो, अनियमित वर्षा र खडेरीले जीवनयापन नै प्रभावित भएको छ ।

माझीटारकी मिना माझी पहिले धान, मकै, गहुँ, आलु राम्रै फल्ने यो ठाउँमा अहिले बालीनालीमा रोग लाग्ने गरेको बताउनुहुन्छ । खोलामा पनि माछा देखिनै छाडेको उहाँले सुनाउनुभयो । स्थानीयवासी ममिता माझीले भन्नुभयो, "पहिले पुरुषहरू डुङ्गा खियाएर माछा मार्थे । पुल बनेपछि यो पेसा हरायो ।



तस्बिर : राधा लुइटेल

**तमोर नदी (बायाँ) र हेवाँ खोलाको सङ्गमस्थल र आसपासका माझी बस्ती ।**

बाढीले कुलो बगाइदियो । धान उत्पादन हुनै छाड्यो, जसले चुलो बाल्नै कठिन भयो ।" उहाँले थप्नुभयो, "आजकल त पहिलेको जस्तो पानी पर्दैन । परिहाले पनि ठुलो बाढी आएर बस्ती नै बगाउला झैँ हुन्छ । कहिले त खडेरी नै पर्छ ।"

माझी उत्थान सङ्घ पाँचथरका अध्यक्ष राम माझी खोलामा माछा मार्सिँदै जाँदा माझी समुदायको रोजीरोटी नै सङ्कटमा परेको सुनाउनुहुन्छ । 'पन्ध्र वर्षअघिसम्म तमोर र हेवाँ खोला माछाका खानी जस्तै थिए, जाल बोकेर एक डेढ घण्टा निस्कँदा चार/पाँच किलोसम्म माछा मारेर ल्याइन्थ्यो । पछिल्ला वर्ष दिनभरि खोलामा जाल हान्दा पनि एक किलो माछा मार्न मुस्किल पर्छ', अध्यक्ष माझीले भन्नुभयो ।

हिलिहाङ–७ का ७१ वर्षीय जसबहादुर माझीका अनुसार करिब १५ वर्षअघि जेठ महिनामा एकै रात ताप्लेजुङका विभिन्न स्थानमा पहिरो गयो । उक्त पहिरोपछि बगेको लेदो तमोरमा मिसिँदा आएको बाढीले ठुलो परिमाणमा त्यहाँका माछा बगायो । त्यो बेला बाढीले बगाउँदै ल्याएका माछा स्थानीयले टिपेर बेचे पनि । त्यसपछि झन्डै १० वर्ष माछाको सङ्ख्यामा ह्रास आयो । २०८० असार २ गते अचानक हेवाँ खोलामा आएको बाढीले हेवाँ खोलासँगै तमोर नदीका माछा सत्यानाश गर्‍यो । २०८१ असोज १२ गते पुनः बाढी आएर रहलपहल माछा सबै बगाइदियो । यसरी आकस्मिक रूपमा आएका बाढीबाट मानिस र जनावरसहित जलचरको पनि अस्तित्व सङ्कटमा परेको जसबहादुरले भन्नुभयो । यस स्थानमा पहिलेको तुलनामा ढेडु–बाँदर जस्ता जङ्गली जनावरको सङ्ख्या पनि वृद्धि भएको छ । तिनले बालीनाली पाक्न दिँदैनन् । उत्पादन नभएपछि बजारबाट किन्नुपर्ने बाध्यता छ । बजारका खाद्य पदार्थले स्वास्थ्यमा पनि असर पर्न थाल्यो," अर्की स्थानीयवासी कुमारी माझीले भन्नुभयो ।

जागृति आधारभूत विद्यालयकी शिक्षिका शोभा माझी वर्षा हुने र हिमालमा हिउँ पर्ने 'सिजन' गडबढ भएकाले स्थानीयको दैनिकी नराम्ररी प्रभावित हुन थालेको बताउनुहुन्छ । पशुचौपायामा ज्वरो, खुर फाट्ने, गिर्खा आउने समस्या बढेपछि दुध उत्पादन घटेको छ । पहिले लामखुट्टे वैशाखदेखि भदौसम्म मात्र देखिन्थे, अहिले त जाडोमा पनि देखिन्छन् । अनि हैजा, झाडाबान्ता, डेङ्गुले बर्सैभरि सताउँछन् ।

रैथाने बिउ किराले खाइदिन थालेपछि परनिर्भरता बढेको स्थानीयवासीको अनुभव छ । "खर्च बढ्दै छ, आम्दानी झन् घट्दै छ," ६० वर्षीय मिना माझी गुनासो गर्नुहुन्छ । जलवायु परिवर्तनको

» बाँकी पृष्ठ २ मा